नेकाप २०७४ मङ्सिर अङ्क ८

नेपाल कानून पत्रिका

भाग-५९ | २०७४ मङ्सिर | अङ्क-८

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	- अध्यक्ष
मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदी	- सदस्य
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
कायम मुकायम रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय	- सदस्य
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	- सदस्य
वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री रामप्रसाद बस्याल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : सहप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०७४... ... ... , नि.नं. ...., पृष्ठ ...

...... साल .... महिना ....

उदाहरणार्थ : *नेकाप* २०७४, मङ्सिर, नि.नं.९८५०, पृष्ठ १३१५

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

सअ बुलेटिन २०७४ ... ... १ वा २, पृष्ठ ...

...... साल .... महिना ....

उदाहरणार्थ : सअ बुलेटिन, २०७४, मङ्सिर – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन** मा क्लिक गर्नुहोस्।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल नि:शुल्क डाउनलोड गर्न सकिनेछ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू नि:शुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ।

ठेगाना

www.lawcommission.gov.np

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र.स.	नि.नं./इजलास/ विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	९८५० पूर्ण अपुताली हक कायम	गुलजरिया देवी यादवनी विरूद्ध गुन्जेश्वरी देवी यादव	▪ मुलुकी ऐन, अपुतालीको महलको २ नं. को कानूनी व्यवस्थाअनुसार मर्ने ननुवती देवी यादवको मृत्युपश्चात् निजकी छोरी पुनरावलोकनकर्ता / वादी गुल्जरिया देवी यादवनीको उक्त सम्पत्तिमा स्वतः हक स्थापित भएको अवस्थामा उक्त जग्गाको नामसारी नभएकै आधारमा आफ्नो नाममा नामसारी गर्ने हक प्रतिवादीलाई जुन कानूनले प्रदान गरेको छ, सोही कानूनी व्यवस्थाबमोजिम वादीको हकमा समेत समानरूपले नामसारी गर्न नपाउने भन्ने अर्थ गर्न नमिल्ने।	१३१५
२.	९८५१ संयुक्त उत्प्रेषण / परमादेश	डा. गोविन्द टण्डन विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	▪ कुनै पनि व्यक्तिलाई तोकिएको समयअगावै अवकाश दिनुपूर्व सुनुवाइको मौका दिइनु पर्छ भन्ने प्राकृतिक न्यायको साश्वत सिद्धान्त रहिआएको छ । प्रस्तुत सन्दर्भमा पशुपति क्षेत्र विकास कोष ऐनले सुनुवाइको मौका दिनुपर्ने किटानी व्यवस्था नगरेको भन्ने आधारमा त्यस्तो निर्णयले वैधानिकता पाउने भन्न नमिल्ने।	१३२१
३.	९८५२ संयुक्त उत्प्रेषण / परमादेश	रइस अहमद शेष विरूद्ध बाँके जिल्ला अदालत, नेपालगञ्ज	▪ काम गरी जीवन निर्वाह गर्न सक्षम भइसकेका व्यक्तिले पिताले खाएको ऋण पिताको नामको सम्पत्तिबाट भरी भराउ गर्नबाट रोक्न पाउने हो भने घरको मुख्य व्यक्ति परिवारको भरण पोषण गर्नसमेतका लागि व्यवहार गर्न असक्षम हुन पुग्ने।	१३३०

४.	९८५३ संयुक्त उत्प्रेषण	महेशकुमार सिंह विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत	▪ आयोजनाको आशातीत कार्य प्रगति बिना अनुमतिपत्रको नवीकरणको प्रक्रिया अनुमति पत्रको सर्त र निर्देशिकाबमोजिम अगाडि बढेर अनुमति पत्रको नवीकरण हुनै नसक्ने ।	१३३७
५.	९८५४ संयुक्त जबरजस्ती करणी	देवेन्द्र गिरी विरूद्ध नेपाल सरकार	▪ आफूलाई जबर्जस्ती करणी भएको भनी महिलाले तथ्यसहित उजुर गरिरहेको परिप्रेक्ष्यमा नेपाली समाजको वर्तमान अवस्था, एउटी महिलाको इज्जत प्रतिष्ठाप्रतिको सामाजिक दृष्टिकोण र साँघुरो यौन स्वतन्त्रताको नेपाली परिवेशमा अन्यथा स्थापित हुने अवस्था नदेखिएसम्म एउटी महिलाले रातको समयमा दुई जना व्यक्तिहरूलाई एकसाथ बोलाई पालै पालो करणी गर्न मन्जुरी दिइन् होला भनेर विश्वास गर्न सकिने अवस्था नरहने ।	१३५२
६.	९८५५ संयुक्त उत्प्रेषण / परमादेश	रन्जित बोहोरा विरूद्ध काठमाडौं उपत्यका खानेपानी लिमिटेड, मुख्य कार्यलय, काठमाडौंसमेत	▪ वैकल्पिक उम्मेदवारको सूची राखिनुको औचित्य र सन्दर्भ भन्ने नै योग्यता क्रमको सिफारिसमा परेका अघिल्ला उम्मेदवार निश्चित समयभित्र सम्बन्धित पदमा नरहेमा वा सो पद रिक्त भएमा सोही पदमा अर्को परीक्षा लिइरहनु नपर्ने र वैकल्पिक उम्मेदवारलाई क्रमैसँग सिफारिस गर्नुपर्दछ भन्ने नै हुने ।	१३५९
७.	९८५६ संयुक्त जबरजस्ती करणी	विजय सुन्दास विरूद्ध नेपाल सरकार	▪ प्रतिवादीले मौकामा गरेको बयानमा जबरजस्ती करणीको उद्योगमा साबितै रहेको देखिएकोमा ततिम्बा बयान गराई जबरजस्ती करणीको कसुरमा साबिती गराएको देखिन्छ जबकि ततिम्बा बयान गराउँदा अगाडि स्पष्ट नभएका कुरामा मात्र सोधी प्रष्ट गराउनुपर्दछ भन्ने कानूनी	१३६५

			व्यवस्था भएकोमा प्रतिवादीलाई अघि नै स्पष्टसँग उल्लेख गरेको कसुरसँग असम्बन्धित कसुरमा साबित गराएको देखिन्छ जुन कुरा कानून र न्यायसम्मत हुन आउँदैन। तसर्थ उपर्युक्त विवेचनाबाट प्रतिवादीले जबरजस्ती कगणी गरेको नभई जबरजस्ती करणीको उद्योगसम्म गरेको तथ्य समर्थित भएको देखिने।	
८.	९८५७ संयुक्त निषेधाज्ञा	देवेन्द्र साहसमेत विरूद्ध जगदेव साह हलुवाई	▪ सम्पत्तिको आफ्नो हक निहित रहेको तथ्यपूर्ण एवम् सारभूत प्रमाण देखाउन सकेको अवस्थामा निषेधाज्ञा जारी हुन्छ। ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशंका व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूत रूपमा **(Substantially)** स्थापित गर्न सक्नु पर्ने।	१३७५
९.	९८५८ संयुक्त कर्तव्य ज्यान	नेपाल सरकार विरूद्ध हिक्मत सिंहसमेत	▪ प्रतिवादीहरू उपरको कसुर प्रमाणित हुन यो यो प्रतिवादीहरूको यस्तो यस्तो संलग्नतामा यसरी वारदात हुन गएको हो भनी स्पष्ट रूपले देखिनुपर्ने हुन्छ । संकलित प्रमाणहरू एक आपसमा समर्थित रही शंकारहित देखिनु पर्दछ । यस्तो नदेखिई संकलित प्रमाणहरू परस्पर विरोधाभाषपूर्ण देखिई प्रतिवादीहरूले कसुर गरेको हो भन्ने ठोस प्रमाणको अभाव भएमा कसुरदार ठहऱ्याउन नमिल्ने।	१३७८
१०.	९८५९ संयुक्त जालसाजी	मेनसु कुमारी चौधरीसमेत विरूद्ध सबुरलाल चौधरीसमेत	▪ साक्षी हुनु र कारणी हुनुमा तात्त्विक अन्तर पर्दछ । साक्षीको हैसियत अर्काले गरेको व्यवहारको प्रमाणित गर्छ भने कारणीको हैसियत व्यवहारको कर्ता बन्नु हो। तसर्थ घरको मुख्य व्यक्ति साक्षीसम्म बसी गरेको व्यवहारलाई लेनदेन व्यवहारको ८ नं.अन्तर्गत कारणीले गरेको मान्न नमिल्ने।	१३८७

११.	९८६० संयुक्त उत्प्रेषण	विष्णुलाल लामिछाने विरूद्ध नेपाल सरकार	▪ सट्टा भर्नामा पाएको जग्गा भोग चलन गर्न नपाए त्यसको कुनै महत्त्व रहँदैन । सट्टा भर्ना वा क्षतिपूर्तिबापत दिने भनेको जग्गा काल्पनिक नभई वास्तविक हुनुपर्ने र त्यस्तो जग्गा सम्बन्धित व्यक्तिको भोग वा नियन्त्रणमा आएको अवस्थामा मात्र वास्तविकरूपमा हक प्राप्त गरेको मान्न सकिने।	१३९१
१२.	९८६१ संयुक्त कर्तव्य ज्यान	सञ्जु महतोसमेत विरूद्ध नेपाल सरकार	▪ धामी झाँक्रीले सामाजिक सेवा नभई समाजमा अन्धविश्वास फैलाउने र त्यसैको आडमा शोषण गरिरहेका छन् भन्ने पुरूष, महिला, बाल, युवा, प्रौढ सबैलाई बुझाउन जरूरी छ । बोक्सी प्रथाका विरूद्ध मात्र होइन त्यसको कारकको रूपमा रहेको धामी झाँक्री प्रथाको विरूद्ध नै हाम्रो राज्य, कानूनी प्रणाली र न्याय व्यवस्था उभिन सक्नुपर्ने।	१३९९
१३.	९८६२ संयुक्त गैंडालाई गोली हानी घाइते बनाएको	रणबहादुर कुमाल विरूद्ध नेपाल सरकार	▪ कैद र जरिवानाको तजबिजी सजाय गर्दा न्यायकर्ताले सदैव कसुरदारको कसुरको मात्रालाई ध्यान दिनुपर्ने हुन्छ। तजबिजी सजाय गर्दा अपराधमा संलग्न व्यक्तिको पूर्व आपराधिक क्रियाकलापलाई पनि विचार गर्नुपर्ने हुन्छ । विश्वबाट नै लोपोन्मुख हुने सम्भावना भएको गैंडा प्रजातिको शिकार गरी खागको व्यापार गर्ने समूहको नेटवर्क नै हुने गरेको छ। सबै कसुरदारले गरेको कार्यको समष्टिगत परिमाणबाट नै अपराधले पूर्णता पाउने हुँदा हरेक अपराधीको भूमिका गम्भिर प्रकृतिको मान्नुपर्ने।	१४२१

१४.	९८६३ संयुक्त जबरजस्ती करणी	नेपाल सरकार विरूद्ध प्रेम चौधरीसमेत	▪ कुनै पनि फौजदारी मुद्दामा जुन कसुर ठहर हुन्छ, कानून मुताबिक फरक फरक सजायको व्यवस्था भएकोमा तदनुकूलको कानून मुताबिक कसुरदारलाई सजाय गर्नुपर्ने हुन्छ । ऐनले नै पीडितको उमेरको आधारमा कसुर कायम गरी सकेपछि मिसिलसंलग्न प्रमाणबाट कायम भएको उमेरको आधारमा नै कसुर कायम गरी सजाय गर्नुपर्ने भएको र पीडितको उमेर १४ वर्षभन्दा माथि १६ वर्ष मुनिको भनी उल्लेख गरेको प्रमाणको आधारमा प्रतिवादीलाई वादी पक्षले प्रस्ताव गरेको सजायको दाबीमा ३(२) उल्लेख गरेपनि मिसिलबाट जबरजस्ती करणीको ३(३) को कसुर स्थापित भएपछि ऐ. को ३(३) अनुसार नै प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने भएबाट यस्तो अवस्थामा दाबीभन्दा बाहिर गई सजाय भएको भनी सम्झन नमिल्ने ।	१४३६
१५.	९८६४ संयुक्त बन्दीप्रत्यक्षीकरण	ल्यामू तामाङ विरूद्ध उच्च अदालत, पाटनसमेत	▪ कानून अनुसार अदालतबाट भएको फैसला अनुरूपको जरिवाना सजाय तिर्न नसकेबापत कैदमा बस्नुपर्ने अवधि भुक्तान भइसकेपश्चात्को थुनालाई कानूनी थुना मान्न नसकिने ।	१४४७
१६.	९८६५ संयुक्त निषेधाज्ञा	प्रेमशोभा तुलाधर विरूद्ध महेश महर्जन	▪ करारद्वारा सिर्जित करारीय हक र दायित्वले कानूनी हक र दायित्वलाई समाप्त गर्न अनि कानूनी हक र दायित्व समाप्त गरी छुट्टै हक र अधिकार सिर्जना गर्न नसक्ने ।	१४५३

१७.	९८६६ संयुक्त उत्प्रेषण	कृष्णराम विजयानन्दसमेत विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत	▪ सरकारी वा सार्वजनिक सम्पत्ति व्यक्तिको नाउँमा दर्ता हुन हुँदैन । सार्वजनिक सम्पत्ति सार्वजनिक नै कायम रहनु पर्दछ । कुनै सन्दर्भमा कुनै अमुक स्रेस्ता खडा हुन पुगेको कुराको आडमा कानूनको छिद्राण्वेषण गरी सार्वजनिक सम्पत्तिलाई निजी सम्पत्तिमा परिणत हुन दिनु आपत्तिजनक कुरा हुने ।	१४५९
१८.	९८६७ संयुक्त उत्प्रेषण / परमादेश	बाबुराम सिग्द्यालसमेत विरूद्ध लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत	▪ निश्चित समूह वा वर्गका कर्मचारीहरूका बीच हुने (आन्तरिक) प्रतिस्पर्धा र खुल्ला प्रतिस्पर्धाका बीच आधारभूतरूपमा नै भिन्नता रहन्छ । यस प्रकारको भिन्नतातर्फ विचार नगरी सबैको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २२ (घ) र दफा २६ को व्यवस्था लागू हुन्छ भन्नु उचित नहुने ।	१४६७
१९.	९८६८ संयुक्त मानव बेचबिखन तथा ओसारपसार	नेपाल सरकार विरूद्ध शान्ति वि.क.	▪ न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाई समेत फरक गरी हेर्न आवश्यक छ । जरिवाना पीडकबाट भराइने र सजायको एउटा रूप हो । जरिवाना राज्यको कोषमा जान्छ । अभियुक्तले जरिवाना तिर्न नसकेको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति पीडितलाई न्यायको अनुभूति गराउने पुनर्स्थापना र परिपूरणको एउटा माध्यम हो । क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नुपर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो । क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हुने ।	१४७७

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

– सम्पादक

निर्णय नं. ९८५०

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
फैसला मिति : २०७३।०९।०७
०७०-NF-०००६

मुद्दा : अपुताली हक कायम

पुनरावलोकनकर्ता वादी : सप्तरी जिल्ला मानराजा गा.वि.स. वडा नं. ५ बस्ने कुसुमलाल यादवकी छोरी गुलजरिया देवी यादवनी

विरूद्ध

प्रत्यर्थी प्रतिवादी : ऐ.ऐ. वडा नं. ७ बस्ने वौवालाल यादवको मु.स. गर्ने गुन्जेश्वरी देवी यादव

- **ननुवतीको मृत्यु भइसकेपश्चात् निजको नाममा रहेको सम्पत्तिमा निजकी छोरी वादी गुल्जरिया देवी यादवनीको स्वतः हक स्थापित भएको अवस्थामा निजले अपुतालीको महलको २० नं. ले तोकेको ३ वर्षभित्र नालिस नदिएकै आधारमा निजको हक समाप्त भई अन्य हकवालामा जाने भन्ने अवस्था नरहने ।**
- **मुलुकी ऐन, अपुतालीको महलको २ नं. को कानूनी व्यवस्थाअनुसार मर्ने ननुवती देवी यादवको मृत्युपश्चात् निजकी छोरी पुनरावलोकनकर्ता / वादी गुल्जरिया देवी यादवनीको उक्त सम्पत्तिमा स्वतः हक स्थापित भएको अवस्थामा उक्त जग्गाको नामसारी नभएकै आधारमा आफ्नो नाममा नामसारी गर्ने हक प्रतिवादीलाई जुन कानूनले प्रदान गरेको छ, सोही कानूनी व्यवस्थाबमोजिम वादीको हकमा समेत समानरूपले नामसारी गर्न नपाउने भन्ने अर्थ गर्न नमिल्ने ।**

(प्रकरण नं. ३)

पुनरावलोकनकर्ता वादीको तर्फबाट :
प्रत्यर्थी प्रतिवादीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू फैसला गर्नेः-
मा.न्यायाधीश श्री अवधविहारी प्रसाद सिन्हा
पुनरावेदन तहमा फैसला गर्नेः
मा.मुख्य न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री कोमलनाथ शर्मा
यस अदालतमा फैसला गर्नेः
मा.न्यायाधीश श्री बलराम के.सी.
मा.न्यायाधीश श्री ताहिर अली अन्सारी

फैसला

न्या. गोपाल पराजुली : यस अदालतको मिति २०६६/११/१२ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्ने अनुमति प्रदान भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः

म फिरादीकी आमा ननुवतिले प्रतिवादी वौवालाल यादवसमेतसँग मिति २०२१/१२/२४ मा अंशबन्डा छुट्याई भोग चलन गरिआएको सप्तरी जिल्ला, मानराजा गा.वि.स. वडा नं. ९(ख) कि.नं. २३ को ०-२-४१/२ र ऐ.ऐ. कि.नं. १४ को ०-२-१५ समेत ०-४-१९१/२ जगा मोल रू. १४,१३२ ।– पर्ने

वौवलाल यादवले आफ्ना नाउँमा दर्ता गराई लिएकोले आमा ननुवतिको शेषपछि अपुताली पाउने म एक मात्र छोरी हुँ। आमा स्वर्गीय हुँदा हिन्दू विधिअनुसार आमाको सदगत गर्ने म वादी भएकोले अपुतालीको महलको २ नं. जग्गा पजनी महलको २(क) नं. बमोजिम वादीको नाउँमा हक कायम गरी सर्जमिन सिफारिस बदर, टिप्पणी आदेश बदर, दर्ता बदर गरी मेरा नाउँमा दर्तासमेत कायम गरिपाउँ भन्ने वादीको मिति २०५७/९/२५ को फिराद पत्र।

मिति २०२१/१२/२४ मा र.नं. ३०४९ को पारित बन्डापत्रमा ननुवतिको अंशमा परेका जग्गा प्रतिवादीमध्येको वौवालाल यादवको मन्जुरी लिएर मात्र बेचबिखन गर्न पाउने सर्त अनुसार स्व. ननुवति वौवालाल यादवको नजिक रहेको पाइन्छ । वादीको फिराद अपुतालीको २० नं. को हदम्याद ३ वर्षभित्रको छैन। साथै वादीको फिराद लेखबाट ननुवति २०२१ सालमै भिन्न भएको हुँदा मउपरको दाबी खारेजयोग्य छ । वादीलाई टिप्पणी आदेश बदर गराउने हक छैन भन्नेसमेत व्यहोराको ६ जनाको संयुक्त प्रतिउत्तर पत्र।

यसमा प्रतिवादीहरू झवर विश्वकर्मा, डोमी सदा, अनरूद्ध ठाकुर, मकसुदन ठाकुर, मो. इद्रिस, मो. बदरूल, श्रीलाल सदा, गा.वि.स. मानराजाले प्रतिउत्तर नफिराई सुरू म्यादै गुजारी बसेको पाइयो।

सर्जमिनबाट ननुवति २०५५ सालमा मरेको हो भनी उल्लेख भएपनि वादीले कागज गर्दा उल्लेख गरेको मृत्यु मिति २०५५/११/१५ कसैले उल्लेख गर्न सकेको पाइँदैन भने २०५५ सालमा मृत्यु भएको पुष्टि हुने मृत्यु दर्ता प्रमाण पत्रसमेत वादीले पेस गर्न नसकेको अवस्थामा धेरै वर्ष अगाडी लिखतबाट स्थापित तथ्यलाई सर्जमिनका व्यक्तिको भनाइका आधारमा मात्र अन्यथा गर्न नमिली वादीको आमा ननुवति २०२६ सालमै मरेको देखिन आएको साथै दाबीको कि.नं. २३ र १४ को जग्गा दर्ता विहीन अवस्थामा नभई मालपोत कार्यालयको मिति २०५२/१०/१८ को निर्णयले प्रतिवादीका नाममा दर्तासमेत भइसकेको फिराद लेखबाट देखिएकाले अपुतालीको २० नं. को हदम्यादभित्र प्रस्तुत फिराद परेको देखिन आएन । अतः हदम्याद नघाई परेको फिरादबाट इन्साफ गर्न नमिली प्रस्तुत फिराद अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहर्छ भन्ने सप्तरी जिल्ला अदालतको फैसला।

हदम्यादको कुरो उठाई नालेस खारेज गरेको इन्साफ कानूनसम्मत छैन। हदम्यादको कुरालाई सुरू दर्तांकै अवस्थामा हेरिनु पर्दछ। सर्जमिनबाट ननुवति २०५५ सालमा मरेको हो भनी एकमतको सर्जमिन छ। मृत्यु दर्ता माग पनि भएको छैन। गा.वि.स. बाट बुझ्ने प्रयत्न पनि गरिएको छैन। २०२६ सालको फैसला र तारेख पर्चा प्रतिवादीबाट पेस भएकोमा पुष्टिको लागि अदालतले प्रमाण मिसिल नै नझिकाई सामेल नै नगरी पक्षकै विश्वासकै भरमा न्याय गर्नु कानूनी त्रुटिपूर्ण भएकोले सुरूको इन्साफ मिलेको छैन बदर गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन पत्र।

यसमा प्रतिवादी र वादीको आमाबीच मिति २०२१/१२/२४ मै रजिष्ट्रेशन पारित गरी अंशबन्डा छुट्टयाई सकेको अवस्थामा आमाको अंश भोगको जग्गामा अपुतालीको २ नं. आकर्षित हुने भई इन्साफ नै गर्नुपर्नेमा खारेज गरेको सुरूको फैसला फरक पर्न सक्ने देखिएकोले छलफलको लागि अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालतको मिति २०६०/८/२९ को आदेश।

यसमा पुनरावेदक गुलजरिया देवी स्व. ननुवती यादवको छोरी भएको कुरामा विवाद छैन । ननुवती र प्रत्यर्थी वौवालाल यादवबीच अंशबन्डा भएको कुरा मिसिल संलग्न २०२१/१२/१२ को बन्डापत्रबाट देखिन्छ । ननुवती यादवका नाममा रहेको उल्लिखित जग्गा २०५२/१०/२८ को मालपोत कार्यालयको निर्णयअनुसार वौवालालको नाममा दर्ता भएको देखिन्छ । ननुवतीको नामबाट हस्तान्तरित नभएसम्मको अवस्थामा तत्काल कायम

रहेको कानूनबमोजिम नै जग्गाको स्वामित्व निर्धारण हुने भएकोले २०५२ सालमा ननुवतीको नाममा रहेको जग्गा, आमाको अपुताली स्वतः छोरीमा सर्ने भएकोले छोरीको निमित्त अपुतालीको २० नं. ले गरेको हदम्यादको व्यवस्था आकर्षित हुने स्थिति रहँदैन । अतः ननुवतीको नाउँमा रहेको कि.नं. २३ र १४ का जग्गा आमाको सम्पत्तिमा स्वभावत हक रहने पुनरावेदक छोरीले दर्ता नगराएकै कारणबाट प्रत्यर्थी वौवालालको नाममा दर्ता नामसारी हुन नसक्ने हुँदा अपुतालीको २० नं. को हदम्यादभित्र दायर हुन नआएको भनी फिराद खारेज गर्ने गरेको सप्तरी जिल्ला अदालतको फैसला नमिली उल्टी भई दाबीबमोजिम दर्ता बदर भई दाबीबमोजिम दर्तासमेत हुने ठहर्छ भन्नेसमेत पुनरावेदन अदालत, राजविराजको मिति २०६१/१०/७ को फैसला।

पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा चित्त बुझेन । ननुवतीको मृत्यु २०२६ सालमा भएको तथ्यमा विवाद छैन र तत्काल छोरीले अपुताली पाउने प्रावधान रहेको देखिँदैन । २०३२ सालमा मात्र अध्यादेशद्वारा छोरीले अपुताली पाउने व्यवस्था भएकोमा जग्गा हस्तान्तरण भएको मितिबाट अपुतालीको विवाद परेको र छोरीलाई अपुतालीको २० नं. को हदम्याद लाग्दैन भनी गरिएको फैसला त्रुटिपूर्ण छ । अपुताली कसले खाने भन्ने विवाद उत्पन्न भएपछि अपुताली परेको अवस्थामा रहेको कानून प्रभावकारी हुने सर्वमान्य सिद्धान्त हो। २०२६ सालमा ननुवली स्वर्गीय भई परेको अपुतालीको सम्बन्धमा मेरा स्वर्गीय पति वौवालालले स्व. ननुवतीले ऋण लिई राजीनामा लिखत गरिदिएकोमा ननुवती उपर परेको २०२५ सालको दे.नं. ३५६५ को लिखत पारित मुद्दामा मिति २०२६/८/२९ मा लिखत पारित हुने गरी भएको फैसलाउपर वौवालालले मुद्दा सकार गरी पुनरावेदनसमेत गरी मिति २०२७/८/२३ मा सगरमाथा अञ्चल अदालत राजविराज बेन्चबाट भएको फैसलासमेतबाट अपुताली परेको समयमा ननुवतीको अपुताली मेरा स्वर्गीय पतिबाहेक अरूले खान पाउने अवस्था देखिँदैन।

अपुताली स्वतः पाउने होइन । अपुताली पाउनेले समयमा खोज्नु पर्छ । ननुवतीको नाम दर्ताको जग्गा मेरा पति वौवालालको नाममा २०५२/१०/२८ मा नामसारी भई दर्ता भइसकेपछि करिब ४ वर्ष १० महिनापछि परेको फिराद अपुतालीको २० नं. जग्गा पजनीको १७ नं. जग्गा मिच्नेको १८ नं. को हदम्यादभित्र नपरेकै कारणले सुरू अदालतले खारेजी फैसला गरेको छ । अपुतालीको २० नं. को हदम्याद नघाई दिएको फिरादमा छोरीलाई हदम्याद लाग्दैन भनी गरेको फैसला त्रुटिपूर्ण भएकाले उक्त फैसला उल्टी गरी सुरू जिल्ला अदालतको फैसला सदर हुने गरी फैसला गरिपाउँ भन्ने प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन पत्र।

प्रस्तुत फिरादबाट वादीले अपुताली हक कायम गराउन खोजेको हो भने निजले अपुतालीको २० नं. ले निर्धारित गरेको हदम्याद अर्थात् "अपुताली परेको तीन वर्षभित्र" नालिस दिनुपर्ने नै हुन्छ। उक्त म्याद नाघी आएको नालिस लाग्न नसक्ने भनी सोही दफाले स्पष्ट व्यवस्था गरेको छ । आमाको अपुतालीसम्बन्धी विवादमा छोरीको हकमा उक्त अपुतालीको २० नं. को हदम्याद नलाग्ने भनी ऐनको व्याख्या गर्नु ऐनले गरेको व्यवस्था र ऐनको उद्देश्यविपरीत हुन्छ। उक्त २० नं. को हदम्याद अपुतालीमा दाबी गर्ने सबै हकवालाको हकमा लागू हुने व्यवस्था हो । यसको विपरीत गएर हदम्याद विहीन दाबीको तथ्यभित्र प्रवेश गरी अदालतले इन्साफ गर्न मिल्दैन । त्यसकारण आमाको नाममा पहिला दर्ता रहेको जग्गामा छोरीको हक लाग्नु स्वाभाविक भएको भन्दै छोरीको अपुताली हक कायम सम्बन्धमा उक्त २० नं. को हदम्यादको समय सीमा लाग्न नसक्ने भनी पुनरावेदन अदालतबाट गरिएको व्याख्या र लिइएको निर्णयाधार कानूनसम्मत देखिन आएन।

अतः उल्लिखित आधार र कारणबाट अपुतालीको २० नं. को हदम्याद नाघी परेको प्रस्तुत फिराद खारेज गर्नुपर्नेमा सप्तरी जिल्ला अदालतको मिति २०५९/२/५ को खारेजी फैसला उल्टी हुने ठहराएको पुनरावेदन अदालत, राजविराजको फैसला त्रुटिपूर्ण भई नमिलेकोले उल्टी भई फिराद खारेज हुने ठहर्‍याएको सुरू सप्तरी जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने यस अदालतको संयुक्त इजलासबाट मिति २०६६/११/१२ मा भएको फैसला।

आमा ननुवतीको हकवाला सन्तान एक मात्र छोरी म वादी हुँदाहुँदै आमाको स्वर्गवासपश्चात् आमाको नाममा रहेका जग्गाहरू आफ्नो नाममा गराउन जग्गा पजनीको २क नं. ले जहिलेसुकै पाउने कानूनी व्यवस्था रहेको छ। मेरी आमासँग छुट्टिएर अलग भएका वौवालालले ननुवतीको हकवाला हुँ भनी जग्गा दर्ता गराएका हुन्। यस्तो कानूनी व्यवस्था र अवस्थासमेतको मूल्याङ्कन गरी पुनरावेदन अदालतले मेरो नाममा मागबमोजिम हुने गरी भएको फैसला कानूनसम्मत छ । पुनरावेदन अदालतबाट भएको फैसला फरक पर्ने अवस्थामा मुद्दाका दुवै पक्षलाई झिकाई फैसला गर्नुपर्नेमा मलाई नझिकाई पुनरावेदन अदालतको फैसला उल्टी गरी भएको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको त्रुटिपूर्ण भएकाले सो फैसला बदर गरी पुनरावेदन अदालतको फैसला सदर गरिपाउँ भन्ने वादी गुलजरिया देवी यादवनीको मिति २०६८/७/२९ को पुनरावलोकन गरिपाउँ भन्ने निवेदन पत्र।

यसमा निवेदिका वादीका बाबु कुसुमलाल यादव माइला र प्रतिवादी वौवालाल यादव कान्छा भई वादी प्रतिवादी काका भतिजी नाताको रहेको देखियो। वादीका बाबुको मृत्युपश्चात् निजकी आमा ननुवती र यी प्रतिवादीबीच मिति २०२१/१२/२४ मा रीतपूर्वकको बन्डापत्र पारित गरी अलग अलग भएका र ननुवतीको एक मात्र सन्तान यी निवेदिका वादी भएकोमा विवाद छैन। अपुतालीको २ नं. अनुसार मर्नेको कोही नभएमा मात्र सँग बसेका हकवाला वा त्यस्ता सँग बसेका हकवाला नभए अरू हकवालाले अपुताली पाउने हो। तर प्रस्तुत विवादमा मर्नेको छोरी रहेकी अवस्थामा त्यस्तो सम्पत्तिको हक अरू हकवालामा सर्न नसक्ने अवस्थामा ननुवतीको अपुताली खाने आफू हकवाला भएको भनी यी प्रतिवादीले भाउज्यू ननुवतीको नामको जग्गा आफ्नो नाममा मिति २०५२/१०/१८ मा नामसारी गराएको देखिन्छ। प्रतिवादीले सुरू जिल्ला अदालतसमक्ष मिति २०५८/११/१४ मा अ.बं. १३३ नं. अनुसार कागज गर्दा ननुवतीको मृत्यु २०२६ असोजमा भएको भनी उल्लेख गरेको भई हदम्याद ३ वर्षभित्र यी प्रतिवादीले उक्त जग्गा नामसारी नगराई २०५२/१०/१८ मा मात्र नामसारी गराएको अवस्था छ । मुलुकी ऐन छैठौं संशोधन २०३३/४/२८ ले यी प्रतिवादीको हक समाप्त गरी मर्नेको छोरीमा हक स्वतः भएकोमा यी प्रतिवादीले उक्त सम्पत्ति अपुताली परेको भनी नामसारी गराएको क्रियालाई कानूनी मान्यता दिई वादीको दाबी हदम्याद विहीन भनी फिराद खारेज हुने भनी ठहर गरेको देखिन्छ । अपुतालीको २० नं. को म्यादभित्रमा प्रतिवादीलाई नलागेको हदम्याद वादीलाई मात्र लाग्दछ भन्न मिल्दैन। मुलुकी ऐन छैठौं संशोधनले अपुतालीको हक मर्नेको छोरीले पाउने गरी व्यवस्था भई सम्पत्तिको हक स्वतः यी वादीमा हस्तान्तरण हुन सक्ने अवस्थामा पनि वादीका हकमा अपुतालीको २० नं. को हदम्याद आकर्षित हुने तर स्वतः हक सर्न नसक्ने अवस्थाको व्यक्तिको हकमा उक्त हदम्याद नलाग्ने अर्थ गरी फिराद दाबी खारेज हुने ठहर गरेको फैसलामा ने.का.प. २०५६, नि.नं. ६७३३ पृष्ठ ४१४ मा प्रतिपादित सिद्धान्तप्रतिकूल निर्णय भएको देखियो।

साथै यी वादीले सो सम्पत्ति पाउने ठहर गरी पुनरावेदन अदालत, राजविराजको मिति २०६१/१०/७ मा भएको फैसलाउपर प्रतिवादीको यस अदालतमा पुनरावेदन परेकोमा पुनरावेदन अदालतको फैसला उल्टी गरी फिराद दाबी खारेज हुने ठहर गरी मिति २०६६/११/१२ मा फैसला भएको देखियो । पुनरावेदन अदालतको फैसलामा तात्त्विक भिन्नता हुने गरी फैसला गर्दा त्यस्तो फैसलाबाट प्रत्यक्ष असर पर्ने पक्षलाई अ.बं. २०२ नं. बमोजिम झिकाई उचित सुनुवाइको मौका प्रदान गरी कानून, न्यायका मान्य सिद्धान्त तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको अनुशरण गरी स्वच्छ सुनुवाइको प्रत्याभूतिका साथ प्रमाणबाट ठहरेबमोजिम निर्णयमा पुग्नुपर्नेमा अ.बं. २०२ नं. समेतको प्रयोग नै नगरी पुनरावेदन अदालतको फैसला उल्टी गरी वादी दाबी खारेज हुने ठहर गरेको यस अदालतको मिति २०६६/११/१२ को फैसला ने.का.प. २०५६, नि.नं. ६७३२ पृष्ठ ४०९ मा प्रतिपादित सिद्धान्तविपरीत भई न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) को अवस्था विद्यमान देखिँदा प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिदिएको छ । दुवै पक्षलाई सूचना जारी गरी तारेखमा राखी निर्णयार्थ पेस गर्नु भन्ने यस अदालत पूर्ण इजलासबाट मिति २०७०/४/६ मा भएको आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पेस हुन आएका मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, राजविराजको मिति २०६१।१०।७ को फैसला उल्टी गरी फिराद खारेज हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट मिति २०६६/११/१२ मा भएको फैसला मिलेको छ छैन ? पुनरावलोकनकर्ता / वादी गुल्जरिया देवी यादवनीको पुनरावलोकन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने विषयमा निर्णय गर्नुपर्ने देखियो ।

यसमा आमा ननुवतिले प्रतिवादी वौवालाल यादवसँग मिति २०२१/१२/२४ मा अंशबन्डा गरी भोगचलन गरी आएको कि.नं. २३ र १४ का जग्गाहरू प्रतिवादी वौवालाल यादवले मिति २०५२।१०।१८ को मालपोत कार्यालय सप्तरीको निर्णयले आफ्ना नाममा नामसारी गराई लिएकोले आमाको शेषपछि अपुताली पाउने म एक मात्र छोरी भएकाले अपुतालीको २ नं. तथा जग्गा पजनीको २क नं. बमोजिम म वादीका नाममा हक कायम गरिपाउँ भन्ने फिराद रहेको देखियो । वादीको फिराद अपुतालीको महलको २० नं. को हदम्याद ३ वर्ष नाघी दायर भएको हुँदा फिराद खारेज गरिपाउँ भन्ने प्रतिउत्तर व्यहोरा रहेकोमा सुरू सप्तरी जिल्ला अदालतले अपुतालीको २० नं. को हदम्यादभित्र फिराद नपरेको हुँदा हदम्यादको आधारमा फिराद खारेज हुने ठहर गरी फैसला गरेको र आमाको नाउँमा रहेको सम्पत्तिमा स्वभावतः हक रहने छोरीले दर्ता नगराएकै कारणबाट वौवालालको नाममा दर्ता नामसारी हुन नसक्ने हुँदा हदम्यादका आधारमा फिराद खारेज गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी भई फिराद दाबीअनुसार हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला उल्टी गरी सुरू फैसला सदर हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट मिति २०६६/११/१२ मा भएको फैसला उपर प्रस्तुत पुनरावलोकन दायर भई निस्सा प्रदान भई पेस हुन आएको देखियो ।

२. निर्णयतर्फ विचार गर्दा वादी गुल्जरिया देवी यादवनीकी आमा ननुवति र प्रतिवादीमध्येका वौवालाल यादव देवर भाउजू भई मिति २०२१/१२/२४ मा अंशबन्डा गरी छुट्टिभिन्न भई बसेको देखिन्छ । ननुवतीदेवी यादवको २०२६ सालमा मृत्यु भएको र निजकी एक मात्र सन्तान वादी गुल्जरियादेवी यादवनी भएको कुरामा विवाद रहेको देखिँदैन । वादीकी आमा

ननुवती यादव र प्रतिवादीमध्येका वौवालाल यादवका बीचमा मिति २०२१/१२/२४ मा भएको बन्डापत्रमा ननुवतीका बन्डामा परेका कि.नं. १४ र २३ का जग्गाहरू ननुवतीको २०२६ सालमा मृत्यु भएपछि वौवालाल यादवले २०५२/१०/१८ मा मालपोत कार्यालयबाट आफ्नो नाममा दर्ता गराएको देखिन्छ। मुलुकी ऐन, अपुतालीको महलको २ नं. मा यस महलको अन्य नम्बरहरूको अधीनमा रही अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरूले अपुताली पाउँदैन। मर्नेको छोरा नभई विधवा बुहारी भएमा निजले छोरासरह अपुताली पाउँछे। त्यस्ता कोही नभएमा विवाहिता छोरी विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी र निजहरू पनि नभए त्यस्तो अपुताली ऐनबमोजिमको हकवालाले पाउँछन् भन्ने व्यवस्था रहेको छ। साथै सोही महलको २० नं. मा यस महलमा अन्यत्र हदम्याद लेखिएको कुरामा बाहेक अपुताली परेको तीन वर्षभित्र नालिस नदिए लाग्न सक्तैन भन्ने व्यवस्था रहेको देखियो।

३. यसरी अपुतालीको महलको २ नं. को उक्त कानूनी व्यवस्था हेर्दा मर्नेको हक खाने नजिकको कोही नभएमा मात्र अन्य हकवालाले पाउने अवस्था देखिन्छ। प्रस्तुत विवादमा मर्नेको छोरी यी वादी गुल्जरिया देवी यादवनी रहेको कुरामा विवाद छैन। मर्नेको छोरी रहेको अवस्थामा निजको नाममा रहेको सम्पत्तिको हक अरू हकवालामा सर्न सक्ने अवस्था नरहेकोमा मृतक ननुवतिको अपुताली खाने आफू हकवाला भएको भनी प्रतिवादी वौवालालले भाउज्यू ननुवतीका नामको जग्गा आफ्नो नाममा मिति २०५२/१०/१८ नामसारी गराई लिएको देखिन्छ। प्रतिवादीले अपुताली परेको सम्पत्तिको हकवाला आफू भएको भनी उक्त मितिमा नामसारी गराएकोमा सुरू जिल्ला अदालतबाट वादीको दाबी अपुतालीको २० नं. को हदम्याद नाघी दायर हुन आएको भन्ने आधारमा फिराद खारेज हुने ठहर गरी फैसला गरेको देखियो। उक्त २० नं. को कानूनी व्यवस्था हेर्दा नजिकको हकवालालाई ३ वर्षभित्रमा नालेस दिनुपर्ने र अन्य हकवालाको लागि सो हदम्याद नलाग्ने भन्ने अवस्था देखिँदैन। ननुवतीको मृत्यु भइसकेपश्चात् निजको नाममा रहेको सम्पत्तिमा निजकी छोरी वादी गुल्जरिया देवी यादवनीको स्वतः हक स्थापित भएको अवस्थामा निजले अपुतालीको महलको २० नं. ले तोकेको ३ वर्षभित्र नालिस नदिएकै आधारमा निजको हक समाप्त भई अन्य हकवालामा जाने भन्ने अवस्था रहँदैन। मर्नेको छोरीले हदम्यादको आधारमा जग्गा नामसारी गराउन नपाउने हो भने प्रतिवादीले २०५२ सालमा आएर गराएको नामसारीले कानूनी मान्यता पाउने भनी व्याख्या गर्न सकिने अवस्था देखिँदैन। अपुतालीको महलको २ नं. को कानूनी व्यवस्थाअनुसार मर्ने ननुवती देवी यादवको मृत्युपश्चात् निजकी छोरी यी पुनरावलोकनकर्ता / वादी गुल्जरिया देवी यादवनीको उक्त सम्पत्तिमा स्वतः हक स्थापित भएको अवस्थामा उक्त जग्गाको नामसारी नभएकै आधारमा आफ्नो नाममा नामसारी गर्ने हक प्रतिवादीलाई जुन कानूनले प्रदान गरेको छ, सोही कानूनी व्यवस्थाबमोजिम वादीको हकमा समेत समान रूपले नामसारी गर्न नपाउने भन्ने अर्थ गर्न मिल्दैन।

४. अतः उल्लिखित आधार र कारणबाट आमाको मृत्युपश्चात् आमाको नाममा रहेको सम्पत्तिमा छोरीको स्वतः हक स्थापित भएको अवस्थामा हदम्यादको आधारमा फिराद खारेज हुने ठहर गरी सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम प्रतिवादीका नामको दर्ता बदर भई वादीको नाममा उक्त कि.नं. १४ र २३ को जग्गा दर्ता हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला उल्टी हुने ठहर गरी अपुतालीको २०

नं. को हदम्याद नाघी फिराद परेको भनी हदम्यादको आधारमा फिराद खारेज गर्ने गरी सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६६/११/१२ मा भएको फैसला उल्टी भई पुनरावेदन अदालत, राजविराजको मिति २०६१/१०/७ को फैसला सदर हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६६/११/१२ मा भएको फैसला उल्टी भई पुनरावेदन अदालत, राजविराजको फैसला सदर हुने ठहरी फैसला भएकाले पुनरावेदन अदालत, राजविराजको फैसलाको तपसिल खण्डबमोजिम प्रतिवादी वौवालाल यादवका नाममा कायम रहेका सप्तरी जिल्ला मानराजा गा.वि.स. वडा नं. ९(ख) का कि.नं. १४ र २३ का जग्गाहरूको दर्ता बदर गरी उक्त जग्गाहरू वादी गुल्जरिया देवी यादवनीका नाममा दर्ता कायम गरिदिनु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु भनी सुरू सप्तरी जिल्ला अदालत तहसिल शाखामा लेखी पठाउनू १

वादीले फिराद दर्ता गर्दा राखेको कोर्ट फी रू.९८५।२८ तथा पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन दायर गर्दा राखेको कोर्ट फी रू.१४८।०५ र यस अदालतमा पुनरावलोकन गर्दा दाखिल गरेको पुनरावलोकन दस्तुर रू.१००।- समेत जम्मा रू.१२३३।३३ वादीले प्रतिवादीबाट भराई पाउने हुँदा उक्त रकम भराइ पाउँ भनी प्रतिवादीको यसै सरहदको जेथा देखाई म्यादभित्र वादीको दरखास्त पर्न आए कुनै दस्तुर नलिई प्रतिवादीबाट वादीलाई भराई दिनु भनी सुरू सप्तरी जिल्ला अदालत तहसिल शाखामा लेखी पठाइ दिनू २

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गरे नियमानुसार गरी नक्कल दिनू ३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ४

उक्त रायमा हामी सहमत छौं।

न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

न्या. सारदाप्रसाद घिमिरे

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल पौष ७ गते रोज ५ शुभम्।

निर्णय नं. ९८५१

सर्वोच्च अदालत,संयुक्त इजलास

सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ

माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.

आदेश मिति :२०७२।११।०९

०७२-WO-०३०७

विषयः- उत्प्रेषण / परमादेश।

निवेदक : पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को सदस्यसचिव पदबाट गैरकानूनीरूपले अवकास दिइएका काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.९ बस्ने डा. गोविन्द टण्डन

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **विधायिकाद्वारा निर्मित ऐनमा पदावधि किटान गरिनुको अर्थ नियुक्तिकर्ताको इच्छाअनुसार जहिलेसुकै नहटायोस् भनी नियुक्ति हुने पदाधिकारीको पदिय सुरक्षाको प्रत्याभुति गर्नु हो । यसरी कानूनले नै निश्चित पदावधि किटानगरी नियुक्त भएका पदाधिकारीको तोकिएको अवधिसम्म बहाल रहन पाउने कानूनी हक श्रृजना भएको मान्नु पर्छ । त्यस्तो पदाधिकारीको नियुक्ति विधिसम्मत तरिकाले बदर नभएसम्म तोकिएको अवधिसम्म कामकाज गर्न नपाउने भन्न नमिल्ने ।**
- **पशुपतिक्षेत्र विकास कोषको सदस्य–सचिव पद राजनीतिक नियुक्तिको पद नभई विधायिकाद्वारा निर्मित ऐनमा नै पदावधि किटान गरिएको कानूनद्वारा सृजित गैर राजनीतिक पद रहेको पाइँदा कार्यकारिणीले कानूनी प्रावधानविपरीत आफ्नो तजबिजी अधिकार ठानी बीचैमा हटाउन सक्ने देखिँदैन । साथै यस्तो विषयमा नियुक्तिकर्ताको इच्छा अनुकूलताको सिद्धान्त (Doctrine of Pleasure) क्रियाशील हुन नसक्ने ।**

(प्रकरण नं.३)

- **कुनै पनि व्यक्तिलाई तोकिएको समयअगावै अवकाश दिनुपूर्व सुनुवाइको मौका दिइनु पर्छ भन्ने प्राकृतिक न्यायको साश्वत सिद्धान्त रहिआएको छ । प्रस्तुत सन्दर्भमा पशुपति क्षेत्र विकास कोष ऐनले सुनुवाइको मौका दिनुपर्ने किटानी व्यवस्था नगरेको भन्ने आधारमा त्यस्तो निर्णयले वैधानिकता पाउने भन्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **कुनै खास गैरकानूनी कार्य भएगरेको भन्ने आधार नबनाई पदाधिकार रहेको अवधिसम्म काम गर्न अयोग्य हुने कुनै धारणा बनाउन मिल्दैन । "अपेक्षाकृत" काम गर्न नसकेको भनेको के हो ? यो तुलनायोग्य र कुनै वैध आधारमा मूल्याङ्कनयोग्य हुनुपर्छ । अमुर्त आधारमा कसैको मूल्याङ्कन गर्न र कारवाहीको आधार बनाउन मिल्दैन । अत्यन्त मनोगत आधार बनाई कानूनबमोजिम नियुक्त भएको व्यक्तिलाई अयोग्यता सिर्जना गर्न नसकिने ।**

(प्रकरण नं.५)

निवेदकको तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता सुशिल कुमार पन्त, अधिवक्ता रमणकुमार श्रेष्ठ
विपक्षीको तर्फबाट : सहन्यायाधिवक्ता संजिवराज रेग्मी, विद्वान् अधिवक्ताद्वय हरि फुयाँल, केदार दाहाल
अवलम्बित नजिर :

- स.अ.बुलेटिन, वर्ष २०, अंक २४, पूर्णाङ्क ४७४

सम्बद्ध कानून :

- पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८

आदेश

स.प्र.न्या.कल्याण श्रेष्ठ : नेपालको संविधान, २०७२ को धारा ४६ तथा १३३(२) (३) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :-

म निवेदकले पशुपति क्षेत्रको धार्मिक सांस्कृतिक एवम् पुरातात्त्विक विषयमा विद्यावारिधि गरी यसै क्षेत्रमा निश्वार्थ भावले कार्यरत रहेको

छु । मेरो योग्यता र क्षमताको आधारमा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्ष माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको मिति २०७०/०३/२५ को मन्त्रीस्तर निर्णयअनुसार मलाई कोषको सदस्य–सचिव पदमा चार वर्षको लागि मनोनयन गरिएको थियो । मैले सोही मितिबाट राज्यले दिएको जिम्मेवारी आफ्नो योग्यता र क्षमताले भ्याएसम्म इमान्दारीपूर्वक गर्दै आइरहेको थिएँ । पशुपति क्षेत्रको बृहत्तर हितमा सक्रिय भई कोषबाट पारिश्रमिक एवम् कुनै भत्ता सुविधासमेत नलिई कोषको हितमा काम गरिरहेको अवस्थामा माननीय मन्त्रीज्यूले कोषको हितविपरीत काम गर्न मलाई दबाब दिन खोजे पनि कोषको हितविपरीत आफ्नू तर्फबाट कुनै काम नहुने भन्दै आएको थिएँ । मेरो यही अडानलाई विपक्षी मन्त्रीज्यूले पूर्वाग्रह राखी जसरी भएपनि मलाई पदबाट हटाउन लागी रहनु भएको थियो ।

यसैबीच संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७२/०६/१३ को पत्रबाट कोषको साधन स्रोतको उचित व्यवस्थापन गर्न नसकेको, कोषको गुरूयोजना व्यवस्थितरूपमा लागू गर्न नसकेको आदि विषयमा के भएको हो, तीन दिनभित्र विवरण पेस गर्नु भनी मलाई भनिएको थियो । उक्त पत्रअनुसार सोधिएका सत्य तथ्य विवरणहरू मिति २०७२/०६/१५ मा विपक्षी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेस गरेको थिएँ । यसैबीचमा मन्त्रीज्यूको अनुमति लिई बिदा स्वीकृत गराई नेपाल सरहद बाहिर गएको अवस्थामा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको मिति २०७२/०६/२० को निर्णयानुसार मलाई अपमानपूर्वक अवकाश दिइएको व्यहोरा मिति २०७२/०६/२४ मा अवकाश पत्र बुझेपछि जानकारी हुन आयो । मलाई सुनुवाइको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी र प्रचलित कानूनको त्रुटि गरी प्रत्यर्थी नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट भएको निर्णयले मेरो नेपालको संविधानको धारा १६, धारा १७(२)(च), धारा २७ द्वारा प्रदत्त संवैधानिक हकबाट वञ्चित हुन पुगेको हुँदा मेरो हक अधिकारको पुनर्स्थापनाको लागि तथा माननीय मन्त्रीज्यूको मलाई अवकाश दिने निर्णय, सोअनुसारको अवकाश पत्र, प्रत्यर्थी सुरेश नेपाललाई नियुक्ति गर्ने निर्णय बदर गराउने अन्य वैकल्पिक कानूनी उपचारको मार्ग नभएकोले संविधानको धारा ४६, १३३(२)(३) बमोजिम सम्मानित अदालतसमक्ष प्रस्तुत रिट निवेदनसाथ उपस्थित भएको छु ।

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८ को उपदफा ८.२.१३ बमोजिम म निवेदकलाई चार वर्षको लागि कोषको सदस्य–सचिव पदमा नियुक्त गर्ने गरी मिति २०७०/०३/२५ मा निर्णय भई स्पष्टरूपमा अवधि तोकिएको छ । पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८ को उपदफा ८.६ बमोजिम सदस्य–सचिवको पदावधि चार वर्षको हुने प्रावधान छ । नेपाल सरकारले एकपटक ऐनबमोजिम नियुक्ति गरेपछि विनाकारण अवकाश दिने प्रावधान उक्त ऐनमा छैन । मेरो पदावधि बाँकी छँदै मलाई के कति कारणले प्रत्यर्थीले अवकाश दिएको हो, मलाई अवकाश दिने गरी निर्णय गर्दा मलाई सुनुवाइको मौका दिनु नपर्ने के कारणले हो भन्ने सम्बन्धमा मलाई दिइएको अवकाश पत्रमा उल्लेख छैन । मैले प्रत्यर्थी कोषमा चार वर्षसम्म काम गर्न पाउने मेरो कानूनी अधिकार उक्त ऐनले दिएको प्रष्ट छ । मेरो सदस्य–सचिव पद राजनीतिक नियुक्तिको पद नभई विधायिकाद्वारा निर्मित ऐनमा नै चार वर्षको पदावधि किटान गरिएको कानूनद्वारा सृजित गैरराजनीतिक पद हो । यस प्रकारको पदमा विभागीय मन्त्रीको फेरबदल भएको कारणबाट सदस्य–सचिवसमेत विभागीय मन्त्रीको इच्छाअनुसार फेरबदल हुन सक्ने होइन । मलाई पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८.३ बमोजिम अवकाश दिइएको भनिएको छ । उक्त दफा ८.३ मा अध्यक्षबाट परिषद्का

सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर हुन सक्ने र यसरी थपघट वा हेरफेर भएको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्ने भन्ने व्यवस्था छ । ऐनको दफा ८.२ मा तोकिएका सदस्यहरूमा थपघट र हेरफेर गर्नेसम्म हो, तर तोकिएको अवधि अगावै एउटालाई गैरकानूनी ढंगले हटाई वा अवकाश दिई सोको सट्टामा अर्को व्यक्तिलाई नियुक्त गर्न पाउने अख्तियार उक्त ऐनले दिएको छैन । प्रत्यर्थीहरूबाट उक्त दफाको आत्मनिष्ठ व्याख्या र गलत प्रयोग गरी म निवेदकलाई अवकाश दिने कार्य भएको छ ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १६ र १७ बमोजिम निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने र निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने प्रष्ट कानूनी व्यवस्था रहेको देखिन्छ । प्रत्यर्थी मन्त्रीले मलाई अवकाश दिने गरी भएको निर्णयअनुसारको अवकाश पत्रमा अवकाश दिनुपर्ने कुनै आधार र कारण खुलाइएको पाइँदैन । मलाई अवकाश दिँदा सुनुवाइको मौका नदिइएको, अवकाश दिनुपर्ने आधार र कारण उल्लेख नगर्नु भएकोले स्वेच्छाचारी रूपमा निर्णय भएको स्पष्ट छ । साथै ऐन, नियम सूचित आदेश तथा निर्णयसमेतबाट कुनै अवधि तोकिदिइएको नियुक्ति पत्रमा तोकिएको अवधिसम्म काम गर्न पाउने वैध अपेक्षा राख्न पाउने हक भएको व्यक्तिका हकमा विना कानूनी प्रक्रिया नियुक्तिकर्ताको इच्छा अनुकूलताको सिद्धान्त (Doctrine of Pleasure) क्रियाशील हुन सक्दैन । सरकार वा सार्वजनिक पदाधिकारीका इच्छा पनि कानून र न्यायका मान्य सिद्धान्तअनुरूप नै परिचालित हुनुपर्छ ।

तसर्थ माथिका प्रकरणहरूमा उल्लेख भएबमोजिम प्रत्यर्थीहरूबाट म रिट निवेदकलाई पशुपति क्षेत्र विकास कोषको सदस्य–सचिव पदबाट अवकाश दिनेगरी भएको भनिएको प्रत्यर्थी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको मिति २०७२/०६/२० को निर्णय, सोही मितिमा मेरो सट्टामा सदस्य–सचिव नियुक्त गरिएका प्रत्यर्थी सुरेश नेपाललाई नियुक्त गर्ने निर्णय र नियुक्ति पत्र, मलाई अवकाश दिइएको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं.३५१ मिति २०७२/०६/२२ को पत्रलगायत सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर गरी यस सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशन भएको भए त्योसमेतका सम्पूर्ण कामकारवाहीहरू उत्प्रेषणको आदेशले बदर गरी रिट निवेदकलाई कानूनबमोजिमको अवधिसम्म सदस्य–सचिवको हैसियतमा काम गर्न बाधा अवरोध नगरी काम गर्न दिनु दिलाउनु र गैरकानूनीरूपमा रिट निवेदकलाई अवकाश दिने जस्ता काम कारवाही नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेशलगायत उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरिपाऊँ । म रिट निवेदकलाई अवकाश दिने गरी भएको प्रत्यर्थीको उक्त त्रुटिपूर्ण निर्णय र पत्र कार्यान्वयन भएको अवस्थामा मलाई अपूरणीय क्षति हुने अवस्था विद्यमान भएकोले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म पशुपति क्षेत्र विकास कोषको सदस्य–सचिव पदबाट अवकाश दिने गरी सोही पदमा प्रत्यर्थी सुरेश नेपाललाई मनोनयन गरिएको निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, भनी प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुत प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र सो बाहेकका अन्य विपक्षीहरूले आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधीमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार

गरी पेस गर्नू ।

अन्तरिम आदेशको माग भएको सन्दर्भमा हेर्दा यी निवेदक डा. गोविन्द टण्डन पशुपति क्षेत्र विकास कोषको सञ्चालक परिषद्को सदस्य सचिव पदमा २०७०।३।२५ को निर्णयले चार (४) वर्षको लागि मनोनयन भएकोमा विवाद छैन । निज निवेदकलाई २०७०।६।२० को निर्णयले सो पदबाट अवकाश दिने सोही निर्णयबाट उक्त पदमा विपक्षी श्री सुरेश नेपाललाई नेपाल सरकारबाट मनोनयन गरिएको तथ्य निवेदनसाथ प्रस्तुत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको क्रमश: च.नं. ३५१ र ३५२ को पत्रहरूबाट देखिन आएको छ । रिट निवेदकको नियुक्ति पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अनुसार भएकोमा सो ऐनको दफा ८ को उपदफा ८.६ मा मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुने व्यवस्था भएकोमा रिट निवेदकलाई सोभन्दा अगावै पदबाट हटाउने गरी भएको विपक्षीहरूको कार्य पदावधि सम्बन्धमा व्यवस्था भएको उपर्युक्त दफा ८ को उपदफा ८.६ तथा यस अदालतको पाँच जना न्यायाधीशको पूर्ण इजलासबाट सुरेशप्रसाद यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा प्रतिपादित सिद्धान्तसमेत अनुकूल नभएको हुँदा सुविधा र सन्तुलनको दृष्टिकोणबाट अन्तरिम आदेश नगर्दा निवेदकलाई अपूरणीय क्षतिसमेत पुग्ने अवस्था विद्यमान रहेकोले निवेदनको अन्तिम टुंगो नलागेसम्म रिट निवेदकलाई पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदबाट अवकाश दिने गरी जारी भएको च.नं. ३५१ मिति २०७२।६।२२ को पत्र र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७२।६।२० को निर्णय रिट निवेदकको हकमा कार्यान्वयन नगरी यथास्थितिमा राखी निवेदकलाई साबिक पदबमोजिम पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदमा कामकाज गर्न दिनु दिलाउनु तथा प्रत्यर्थी सुरेश नेपाललाई पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा मनोनयन गरिएको बारेको प्रत्यर्थी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको २०७२।६।२० को (माननीय मन्त्रिस्तरीय) निर्णय र २०७२।६।२२ को च.नं. ३५२ को पत्र कार्यान्वन नगरी नगराई यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतको एक न्यायाधीशको इजलासको आदेश ।

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८ मा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को गठनसम्बन्धी व्यवस्था गरिएको छ । सोही दफाको उपदफा ८.१ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्य मन्त्री कोषको अध्यक्ष रहने उपदफा८.२.१३ मा अध्यक्षबाट मनोनित व्यक्ति सदस्य-सचिव रहने व्यवस्था रहेको छ । जहाँसम्म रिट निवेदकलाई पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवबाट अवकास दिइएको विषय छ, तत्सम्बन्धी निर्णय तथा काम कारवाहीमा यस कार्यालयको कुनै संलग्नता नरहेको हुँदा निवेदन मागबमोजिम यस कार्यालयका नाममा कुनै आदेश जारी हुन नपर्ने भएबाट असम्बन्धित निकाय यस कार्यालयलाई प्रत्यर्थी कायम गरी दायर गरिएको रिट निवेदन निरर्थक छ । अत: माथि उल्लिखित बुँदा प्रमाणको आधारमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ ।

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८.२.१३ ले कोषका अध्यक्षलाई परिषदको सदस्य सचिव मनोनित गर्न सक्ने अधिकार दिएको देखिन्छ। पशुपति क्षेत्रको सर्वाङ्गीण विकासमा पशुपति क्षेत्र विकास कोषको महत्त्वपूर्ण भूमिका हुने गर्दछ र त्यसमा विशेष गरी सदस्य सचिवको भूमिका बढी हुने देखिन्छ । विपक्षीले सदस्य सचिवको पदमा रही

अपेक्षाकृत रूपले कोषको काम कारवाही प्रभावकारी रूपले गर्न सकेको नदेखिएको हुँदा सोही ऐनको दफा ८ को उपदफा ८.२.१३ बमोजिम सदस्य सचिवको पदमा पशुपति क्षेत्र विकास कोषका अध्यक्षका हैसियतले माननीय मन्त्रीस्तरबाट निवेदकलाई अवकाश दिने निर्णय भई निजको स्थानमा सुरेश नेपाललाई नियुक्ति गर्नुपरेको हो । अतः विपक्षीको निवेदक जिकिर औचित्यहीन हुँदा खारेज गरिपाउँ भन्नेसमेत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

मलाई गरिएको मनोनयन प्रचलित कानूनबमोजिम छ । कोषको सदस्य सचिव पदमा गरिएको मनोनयनमा के कुन कानूनी त्रुटि भएकोले बदर गर्नुपर्ने हो विपक्षीले खुलाउन सक्नुभएको छैन। पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८.३ ले कोषको सदस्यमा आवश्यक थपघट वा हेरफेर गर्ने अधिकार कोषको अध्यक्षलाई दिएको कुरालाई रिट निवेदकले अन्यथा दाबी गर्न सकेको छैन। ऐनको दफा ८.२.१३ बमोजिम कोषको अध्यक्षबाट मनोनयन हुने सदस्य सचिवलाई ऐनको दफा ८.३ बमोजिम अधिकार प्रयोग गरी कोषको अध्यक्षले नै हटाउनु वा अवकाश दिनु तथा रिक्त पदमा नयाँ मनोनयन गरिनु गैरकानूनी हुन सक्दैन । कोषको सदस्य सचिव सार्वजनिक पदाधिकारी भएको कुरामा विवाद छैन । कुनै पनि सार्वजनिक पदाधिकारीको नियुक्ति र तोकिएको पदावधि असिमित हुँदैन भनी सर्वोच्च अदालतबाट समेत सिद्धान्त प्रतिपादन भएको छ । पशुपति क्षेत्र विकास कोषसम्बन्धी कानूनी व्यवस्थाबाट सदस्य सचिव पदको पदपूर्तिको लागि विज्ञापन गरी आवेदन माग गरी प्रतिस्पर्धा गराई नियुक्ति गरिने पद नभई परिषद्को अध्यक्षले उपयुक्त ठहराएको व्यक्तिलाई सदस्य सचिव मनोनयन गर्न पाउने प्रष्ट कानूनी व्यवस्था हुँदा उक्त कानूनी प्रावधानअनुसार नै मेरो मनोनयन भएको हो । तसर्थ प्रचलित कानूनबमोजिम मेरो नियुक्ति भएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत विपक्षी सुरेश नेपालको तर्फबाट पेस भएको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजसालसमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सुशिल कुमार पन्त, अधिवक्ता श्री रमणकुमार श्रेष्ठले निवेदकले सेवाभावले कुनै पारिश्रमिक नलिई नि:शुल्क पशुपति क्षेत्र विकास कोषमा सेवा गरेको छ । निजले कोषको काम कारवाही राम्ररी सम्पादन गर्न नसकेको भन्न विपक्षीले सकेको छैन। सार्वजनिक पदमा नियुक्त पदाधिकारीलाई अवकाश दिनुपूर्व सुनुवाइको मौका दिनुपर्छ भन्ने प्राकृतिक न्यायको शाश्वत नियम हो । यो कुनै कानूनमा लेखिएको हुनुपर्दैन । निवेदकलाई अवकाश दिनुपूर्व सुनुवाइको मौका दिएको छैन । अध्यक्षले नियुक्त गर्ने भन्दैमा तोकिएको अवधिभन्दा अगाडि हटाउन मिल्दैन। तसर्थ निवेदकलाई अवकाश दिने मन्त्रिस्तरीय निर्णय बदर गरी यथावत् पदमा रही कामकाग गर्न पाउनुपर्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी र विपक्षी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री सन्जिवराज रेग्मी, विपक्षी सुरेश नेपालका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री हरि फुयाँल, श्री केदार दाहालले निवेदकले कोषको सदस्य सचिवको हैसियतमा रही चित्त बुझ्दो ढंगबाट पदिय जिम्मेवारी बहन गर्न सक्नुभएको छैन। निजले सम्पादन गरेको कामको विवरण मागी हेर्दा चित्त बुझ्दो र सन्तोषजनक काम भएको देखिएको छैन। पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८(३) ले पशुपति क्षेत्र विकास कोषको सदस्यहरूमा हेरफेर थपघट गर्न सक्ने अधिकार दिएको छ। ऐनमा नै सदस्य सचिवलाई हटाउनु पूर्व सुनुवाइको मौका प्रदान गर्नुपर्छ भनी उल्लेख गरेको छैन। तसर्थ निवेदकलाई अवकाश दिने गरी भएको निर्णय कानूनसङ्गत हुँदा मागबमोजिमको

आदेश जारी हुनु पर्ने होइन । रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

विद्वान् कानून व्यवसायीको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो।

२. निर्णयतर्फ विचार गर्दा मिति २०७०/०३/२५ मा भएको निर्णयानुसार निवेदकलाई पशुपति क्षेत्र विकास कोषको सदस्य–सचिव पदमा चार वर्षको लागि नियुक्त गरिएकोमा पदावधि भुक्तान नहुँदै सदस्य सचिव पदबाट अवकाश दिने र विपक्षी सुरेश नेपाललाई नियुक्ति गर्ने गरी मिति २०७०।६।२० मा भएको संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयको मन्त्रिस्तरीय निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी रिट निवेदकलाई कानूनबमोजिमको अवधिसम्म सदस्य सचिवको हैसियतमा काम गर्न कुनै अवरोध नगर्नु भनी परमादेशसमेतको आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी रहेको देखिन्छ । विपक्षीको तर्फबाट पेस भएको लिखित जवाफमा पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८.२.१३ ले सो कोषका अध्यक्षलाई परिषद्को सदस्य सचिव मनोनित गर्न सक्ने अधिकार दिएको छ । विपक्षीले सदस्य सचिवको पदमा रही अपेक्षाकृत रूपले सो कोषको काम कारवाही प्रभावकारीरूपले गर्न नसकेको हुँदा पशुपति क्षेत्र विकास कोषका अध्यक्षका हैसियतले माननीय मन्त्रीस्तरबाट निवेदकलाई अवकाश दिने निर्णय भई निजको स्थानमा सुरेश नेपाललाई नियुक्ति गर्नु परेको हो भन्ने उल्लेख भएको पाइन्छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७०।३।२५ को निर्णयानुसार रिट निवेदक डा. गोविन्द टण्डन लाई पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदमा चार (४) वर्षको लागि मनोनयन गरिएको देखिन्छ। निजलाई तोकिएको पदावधि पूरा नहुँदै मिति २०७२।६।२० को निर्णयले पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदबाट अवकाश दिने निर्णय गरी सोही मितिको निर्णयबाट उक्त पदमा विपक्षी श्री सुरेश नेपाललाई मनोनयन गरिएको तथ्य निवेदनसाथ प्रस्तुत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७२।६।२० को पत्रबाट देखिन आएको छ।

३. पशुपतिक्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८ को उपदफा ८.१ मा कोषको सम्पूर्ण काम कारवाहीको सञ्चालन तथा रेखदेख गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा एक पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् गठन गरिने व्यवस्था रहेको देखिन्छ । उक्त कोषमा रहने पदाधिकारीहरू मध्ये अध्यक्षबाट कोषाध्यक्ष र सदस्य सचिवको मनोनयन हुने व्यवस्था रहेको पाइन्छ । यसरी मनोनित सदस्यहरूको पदावधि ऐ. ऐनको दफा ८ को उपदफा ८.६ बमोजिम चार वर्षको हुने र निजको पदावधि सकिएपछि पुनः मनोनित हुन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। यसरी नेपाल सरकारद्वारा मनोनयन हुने कोषको सदस्य सचिवको पदावधि चार वर्षको हुने भनी ऐनमा नै निश्चित पदावधि किटान गरिएको देखिन आयो। विधायिकाद्वारा निर्मित ऐनमा पदावधि किटान गरिनुको अर्थ नियुक्तिकर्ताको इच्छाअनुसार जहिलेसुकै नहटायोस् भनी नियुक्ति हुने पदाधिकारीको पदीय सुरक्षाको प्रत्याभुति गर्नु हो। यसरी कानूनले नै निश्चित पदावधि किटानगरी नियुक्त भएका पदाधिकारीको तोकिएको अवधिसम्म बहाल रहन पाउने कानूनी हक श्रृजना भएको मान्नुपर्छ। त्यस्तो पदाधिकारीको नियुक्ति विधिसम्मत तरिकाले बदर नभएसम्म तोकिएको अवधिसम्म कामकाज गर्न नपाउने भन्न मिल्दैन। पशुपतिक्षेत्र विकास कोषको सदस्य–सचिव पद राजनीतिक नियुक्तिको पद नभई विधायिकाद्वारा निर्मित ऐनमा नै पदावधि किटान गरिएको कानूनद्वारा सृजित गैरराजनीतिक पद रहेको पाइँदा कार्यकारिणीले

कानूनी प्रावधान विपरीत आफ्नो तजबिजी अधिकार ठानी बीचैमा हटाउन सक्ने देखिँदैन । साथै यस्तो विषयमा नियुक्तिकर्ताको इच्छा अनुकूलताको सिद्धान्त (Doctrine of Pleasure) क्रियाशील हुन सक्दैन ।

४. निवेदकलाई नियुक्ति गरिएको अवधि भन्दा अगावै के कति कारणबाट हटाउनु परेको हो, विपक्षीबाट त्यसको स्पष्टआधार कारण खुलाउन सकेको देखिँदैन । निवेदकलाई के कुन आरोपमा हटाउनुपरेको हो सो सम्बन्धमा हटाउनु पूर्व स्पष्टीकरण माग गरिएको पनि देखिँदैन । पशुपति क्षेत्र विकास कोषको काम कारवाही सम्बन्धमा मन्त्रीस्तरीय निर्णयअनुसार विवरण पेस गर्न भनी निवेदकलाई पत्राचार गरिएकोमा निवेदकले आफ्नो भएको सत्यतथ्य व्यहोरा खुलाई विवरण पेस गरेको देखिन्छ । तथापि निश्चित आरोपबेगर निवेदकले सम्पादन गरेको काम कारवाहीको सम्बन्धमा विवरणसम्म मागिएको कुरालाई स्पष्टीकरणको दर्जा दिई सुनुवाइको मदका प्रदान गरिएको भन्न मिल्दैन । कुनै पनि व्यक्तिलाई तोकिएको समयअगावै अवकाश दिनु पूर्व सुनुवाइको मौका दिइनु पर्छ भन्ने प्राकृतिक न्यायको साश्वत सिद्धान्त रहिआएको छ । प्रस्तुत सन्दर्भमा पशुपति क्षेत्र विकास कोष ऐनले सुनुवाइको मौका दिनु पर्ने किटानी व्यवस्था नगरेको भन्ने आधारमा त्यस्तो निर्णयले वैधानिकता पाउने भन्न मिल्दैन । सुनुवाइको मौकाप्रदान नगर्ने हो भने त्यो कानूनले स्पष्टसँग भनेको हुनुपर्छ । यसै सन्दर्भमा "कसैलाई अवकाशसमेतका माध्यमबाट निजको सेवाको अन्त्य गर्नुपूर्व निजलाई सो बारेका आरोपको कारण खोली स्पष्टीकरण सोधिनुपर्ने हुन्छ । निजले प्रस्तुत गरेको स्पष्टीकरणको बस्तुगत मुल्याङकन गरी चित्त बुझ्दो नपाइएमा कारण र आधार खोली अवकाश वा बर्खास्तसमेतका माध्यमले सेवाको अन्त्य गरिएको निर्णय गर्नुपर्ने हुन्छ । अन्यथा त्यस्तो निर्णयलाई स्वेच्छाचारी मान्नुपर्ने हुन्छ भनी सुरेश यादव विरूद्ध नेपाल सरकार भएको रिट निवेदनमा (सर्वोच्च अदालत बुलेटिन वर्ष २०, अंक २४, पुर्णाङ्क ४७४) यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । निवेदकलाई स्पष्टीकरण नसोधी तोकिएको पदावधि अगावै अवकाश दिएको, अवकाश दिनुपर्ने आधार र कारण उल्लेख भएको नदेखिएको हुँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत स्वेच्छाचारी रूपमा निर्णय भएको देखियो ।

५. निवेदकले सदस्यसचिव पदमा रही अपेक्षाकृत रूपले कोषको काम कारवाही प्रभावकारी रूपले गर्न सकेको नदेखिएको हुँदा पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदबाट अवकाश दिइएको भन्ने संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लिखित जवाफबाट देखिएको छ । निवेदकलाई कुनै खास कार्य योजना कार्यान्वयन गर्ने सर्त तोकी नियुक्ति गरिएको पनि देखिँदैन । त्यस्तोमा कानूनबमोजिम र संस्थाको उद्देश्य अनुरूप काम गर्नुपर्ने अपेक्षा गरिन्छ । कुनै खास गैरकानूनी कार्य भएगरेको भन्ने आधार नबनाई पदाधिकार रहेको अवधिसम्म काम गर्न अयोग्य हुने कुनै धारणा बनाउन मिल्दैन । "अपेक्षाकृत" काम गर्न नसकेको भनेको के हो? यो तुलनायोग्य हुनुपर्छ । अमुर्त आधारमा कसैको मूल्याङ्कन गर्न र कारवाहीको आधार बनाउन मिल्दैन । अत्यन्त मनोगत आधार बनाई कानूनबमोजिम नियुक्त भएको व्यक्तिलाई अयोग्यता सिर्जना गर्न सकिँदैन । साथै निवेदकलाई हटाउँदा लिइएका आधार हेर्दा कुनै गैरकानूनी कार्य गरे गराएको भन्ने नभई कोषको स्रोत साधनको व्यवस्थापन गर्न नसकेको वा गुरूयोजना लागू गर्न नसकेको भन्ने जस्ता गोश्वारा प्रकृतिको आरोप लगाएको देखिन्छ । त्यस्ता सर्त र त्यसको लागि समय र सीमा नियुक्त गर्दा नै तोकेको वा नियुक्ति पश्चात् पनि निवेदकलाई स्पष्ट र किटानी निर्देश गरेको देखिँदैन र सोको पालना नगरेको भन्न सकेको पनि देखिँदैन । गुरूयोजना कार्यान्वयनका लागि निश्चित समय, योजना र वातावरण निर्माण गर्नुपर्ने हुन्छ । गुरूयोजना लागू गर्ने लगायतका कोषको

विकाससँग सम्बन्धित गतिविधिमा कोषका सबै सदस्यहरूको सामुहिक उत्तरदायित्चको विषय हो । यसरी सामुहिक उत्तरदायित्वको विषयमा निवेदकको कारणले मात्र नभएको नगरेको भन्ने जस्तो आरोप लगाई नितान्त निजी उत्तरदायित्वको विषय हो भनी भन्दा निवेदकलाई पदबाट हटाउनको लागि निहुँमात्र खोज्ने हिसाबले आरोप लगाएको देखिन्छ। निवेदकले के कस्तो उत्तरदायित्व पूरा नगरेको भन्ने कुरा वस्तुगत तथ्यमा आधारित रहेको देखिँदैन । त्यस्तो अस्पष्ट र गोश्वारा आरोप लगाई हटाउने आधार बनाउने हो भने स्वयम् निर्णयकर्ताको पद र सेवाको औचित्यमा जतिखेर पनि प्रश्न उठाउन नसकिने भन्ने हुँदैन । निवेदकलाई तोकिएको अवधि अगावै हटाउने उद्देश्यले अमुक गैरकानूनी कार्य वा आचरणको दाग लगाउन नसक्दा नसक्दै पनि फगत सेवाबाट हटाउने एक मात्रै उद्देश्यले कल्पित आधार लिई गरिएको निर्णय स्वच्छ, कानूनसङ्गत र विवेकसङ्गत हुन सक्दैन।

६. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८ को उपदफा ८.३ अनुसार अध्यक्षलाई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्का सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्ने अधिकार दिएको देखिन्छ। तर यसको अर्थ विभागीय मन्त्रीको फेरबदल भएको कारणबाट नियुक्त भएका पदाधिकारीसमेत विभागीय मन्त्रीको इच्छाअनुसार फेरबदल हुने भन्ने होइन। साथै यसरी सदस्यहरूमा थपघट वा हेरफेर भएको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ भन्ने ऐनको व्यवस्थाअनुसार निवेदकलाई हटाई विपक्षी सुरेश नेपाललाई नियुक्ति गरिएको सम्बन्धमा ऐनको प्रावधानबमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित भएको छ भनी विपक्षीद्वारा आफ्नो निर्णयको बचाउ गर्न सकेको पाइँदैन। कानूनले नै पदाधिकारीको थपघट भएमा नेपाल राजपत्रमा सूचना प्रकाशित हुनपर्ने अनिवार्यता गरेबमोजिमको सूचना प्रकाशित नगरी निवेदकलाई अवकाश दिएको भन्ने देखिँदा यसप्रकारको अवकाशले वैधता पाउने देखिएन।

७. तसर्थ माथिका प्रकरणहरूमा विवेचित कानून र प्रतिपादित सिद्धान्तसमेतका आधार कारणबाट प्रत्यर्थी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको मिति २०७२/०६/२० को रिट निवेदकलाई पशुपति क्षेत्र विकास कोषको सदस्य–सचिवबाट अवकाश दिने गरी भएको निर्णय, सो निर्णयबमोजिम निवेदकलाई अवकाश दिइएको च.नं.३५१ मिति २०७२/०६/२२ को पत्र, निवेदकको सट्टामा प्रत्यर्थी सुरेश नेपाललाई सदस्य–सचिव पदमा नियुक्त गर्ने गरी भएको मिति २०७२/०६/२० को निर्णय र नियुक्ति पत्रसमेत कानूनविपरीत रहेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब निवेदकलाई कानूनबमोजिम तोकिएको पदावधिसम्म पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवको पदमा रहि कामकाज गर्न दिनु भनी विपक्षीको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत (उपसचिव): सुरेशराज खनाल
इति संवत् २०७२ साल फागुन ९ गते रोज १ शुभम्।

निर्णय नं. ९८५२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७४।०१।२८
०७१-WO-०४७८

विषयः- उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला बाँके साबिक नेपालगञ्ज नगरपालिका वडा नं. ४ हाल नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ४ बस्ने नफिस अहमद शेष-१, ऐ.ऐ. बस्ने तरून्नुम बानो शेष-१, ऐ.ऐ. बस्ने को रइस अहमद शेष

विरूद्ध

विपक्षी : बाँके जिल्ला अदालत, नेपालगञ्ज

- **मुलुकी ऐन, अंशबन्डाको १९ नं. को देहाय १ नं. ले २१ वर्ष नपुगेका छोरा छोरीको पूर्ण संरक्षकत्व पितालाई सुम्पी पिताले गर्ने व्यवहार सदैव निजका सन्तती नाबालकहरूको पक्षमा हुन्छ भनी भरोसा गरेको पाइन्छ । उक्त कानूनी व्यवस्थाले अन्यथा पुष्टि भएमा बाहेक घरको मूलीले आफ्ना नाममा भएका घर जग्गा सुक्री, बिक्री, लेनदेनसमेत गरेका सम्पूर्ण व्यवहारहरू त्यस्ता नाबालकको हितमा हुन्छन भनी मानेको छ । घर मूलीको व्यवहारबाट सम्पूर्ण अचल सम्पत्ति समाप्त भई १२ वर्ष नपुगेका नाबालकको बीचल्ली नहोस् भन्ने उद्देश्यले दण्ड सजायको २६ नं. ले त्यस्ता नाबालकको भागमा पर्ने सम्पत्ति पर सारी व्यक्ति र सरकारी बिगो भराउनु पर्ने भनी नाबालकको हितको लागि विशेष व्यवस्था गरेको हो । बिगोको भरिभराउ गर्ने प्रयोजनका लागि तायदात जायजात तथा लिलामसमेतको कारवाही गर्दा १२ वर्षमुनिका नाबालक देखिएमा मात्र यो कानूनी व्यवस्था आकर्षित हुने ।**
- **कपाली तमसुक हुँदा, मुद्दा दर्ता हुँदा र उक्त मुद्दामा अदालतबाट फैसला हुँदा ऋणीका सगोलका सन्ततीहरू १२ वर्षमुनिको नाबालक देखिए पनि त्यस अवस्थामा मुलुकी ऐन, अंशबन्डाको १९ नं. को देहाय १ नं. आकर्षित हुन्छ । सो समयमा पिताले गरेको व्यवहारमा साबालक भइसकेपछि बिगोको कारवाही हुँदा अंश हकको प्रश्न उठाउने अधिकार त्यस्ता साबालक छोरा छोरीलाई हुन्छ भनी अर्थ गर्न नमिल्ने ।**

(प्रकरण नं. ५)

- **काम गरी जीवन निर्वाह गर्न सक्षम भइसकेका व्यक्तिले पिताले खाएको ऋण पिताको नामको सम्पत्तिबाट भरी भराउ गर्नबाट रोक्न पाउने हो भने घरको मुख्य व्यक्ति परिवारको भरण पोषण गर्नसमेतका लागि व्यवहार गर्न असक्षम हुन पुग्ने ।**

(प्रकरण नं. ६)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल र विद्वान अधिवक्ता राकेशकुमार शर्मा
विपक्षीको तर्फबाट : विद्वान् अधिवक्ता कृष्णप्रसाद सुवेदी
अवलम्बित नजिर :

- नेकाप २०६८, अंक ६, नि.नं.८६३२, पृ.९९७

सम्बद्ध कानून :

- मुलुकी ऐन, दण्ड सजायको २६ नं.

आदेश

न्या.गोपाल पराजुली : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः-

निवेदकको निवेदन व्यहोरा

वादी मोहम्मद अय्युब हलवाइ प्रतिवादी स्व. हबिबुल रहमान शेष भएको लेनदेन मुद्दामा श्री बाँके जिल्ला अदालतबाट वादी दाबीबमोजिमको साँवा ब्याज प्रतिवादीबाट वादीले भराई लिन पाउने ठहरी मिति २०५४/३/२४ गते भएको फैसलाउपर प्रतिवादीले पुनरावेदन नगरी अन्तिम रहेको छ । सो फैसलाउपर वादी मोहम्मद अय्युब हलवाईले साँवा ब्याज कोर्ट फीसमेत भराई पाउन प्रतिवादी स्व. हबिबुल रहमान शेषको नाउँको ने.ग.न.पा. तालु उत्तरलाइन बिस्कोरियनटोल दक्षिण मुखा नं. १३८ को (क) श्रेणीको ज.वि. ०-१-१४ जग्गा र सो मा बनेको भुइँतल्ले घर देखाई श्री बाँके जिल्ला अदालतमा मिति २०५४/६/१४ मा दरखास्त गर्नुभयो । ने.ग.न.पा. तालुक उत्तरलाइन बिस्कोरियनटोल दक्षिण मुखा नं. १३८ को (क) श्रेणीको ज.वि. ०-१-१४ जग्गा र सो मा बनेको भुइँतल्ले घरसमेत नाबालकको हकमा दण्ड सजायको २६ नं. बमोजिम पर सारी लिलाम गरिपाउँ भनी हामीले श्री बाँके जिल्ला अदालतमा २०७०/४/१८ गते निवेदन दर्ता गरेका थियौं।

निवेदक नफिस अहमद शेष, तरून्नम बानो शेष, र रहिस अहमद शेषसमेत ऋण खादाका अवस्थामा १२ वर्षमुनिका देखिँदा दण्ड सजायको २६ नं. बमोजिम हविबुल रहमान शेषको नाममा दर्ता रहेको उक्त घर जग्गासमेतबाट निजहरूको अंश हक र विवाह खर्चसमेत सारी नियमानुसार फैसला कार्यान्वय गर्नु र वादी मो हुसेन अहमद हलवाई, जगत नारायण चौधरीले दिएको निवेदनको सम्बन्धमा अघि परेको दरखास्तलाई पहिलो प्राथमिकता दिने गरी नियमानुसार फैसला कार्यान्वयन गर्नु भनी तहसिलदारबाट मिति २०७०।१०।१३ मा आदेश भयो । उक्त निवेदनउपर विपक्षी मोहम्मद अयुब हलवाइले दण्ड सजायको ६१ नं. बमोजिम गरेको निवेदनमा श्री बाँके जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशज्यूबाट तहसिलदारको आदेश बदर गर्ने गरी मिति २०७१/२/२ मा आदेश भयो । उक्त आदेशउपर पुनरावेदन अदालत, नेपालगञ्जमा निवेदन गरेकोमा बाँके जिल्ला अदालतको मिति २०७१/२/२ आदेश मिलेको देखिँदा परिवर्तन गर्नु परेन भनी मिति २०७१/६/२ मा आदेश भयो।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७४ को उपनियम ४(३), नियम ७५, दण्ड सजायको २६ नं. को प्रावधानको गम्भीर त्रुटि भएकोले लिलामी मुचुल्कासमेतको कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ।

मिति २०५४/११/१३ मा जायजात मुचुल्का हुँदा म निवेदक रहिस अहमद शेष वर्ष ४ को, नफिस अहमद वर्ष १० र तरन्नुम बानो वर्ष ८ को रही हामी नाबालक थियौं । माननीय जिल्ला न्यायाधीशज्यूले आदेश गर्दा सो जायजात मुचुल्का बदर नभएको तथ्य उल्लेख गर्नु भएको छ। बदर नभएको जायजात मुचुल्कालाई आधार मानी भएको लिलामी कार्यमा दण्ड सजायको २६ नं. बमोजिम हामी निवेदक (नाबालक) हरूको अंश हक पर सारी लिलाम गर्नुपर्नेमा सो नगरी ने.का.प. २०६८ अंक ६ नि.नं. ८६३२ को आधारमा हामी निवेदकहरूको अंश हक लिलाम गर्ने आदेश गरिएको छ। ने.का.प. २०६८ अंश ६ नि.नं. ८६३२ मा प्रतिपादित सिद्धान्तअनुसार समेत जायजात गर्दा १२ वर्ष मुनिकाको अंश हक पर सार्नुपर्ने हो। प्रस्तुत मुद्दामा २०५४/११/१३ मा जायजात हुँदा नाबालकको

अंश पर सार्ने कार्य भएको छैन। अतः दण्ड सजायको २६ नं. को प्रक्रियाविपरीत हाम्रो अंशहक र विवाह खर्च पर नसारी भएको लिलामी मुचुल्का तथा सो आधारमा भएका सम्पूर्ण काम कारवाही हामीहरूको हितविपरीतका छन्।

अतः हामी निवेदकहरू नाबालक रहेको तथ्य निर्विवाद रहेकोमा हामीहरूको पक्षमा तहसिलदारबाट मिति २०७०।१०।१३ मा भएको आदेश बदर गर्ने गरी बाँके जिल्ला अदालतबाट मिति ०७१/२/२ मा भएको आदेश र सो आदेशलाई कानूनबमोजिमको भनी पुनरावेदन अदालत नेपालगञ्जबाट मिति ०७१/५/२ मा भएको आदेश र लिलामी कार्य तथा सो आधारमा भए गरेका सम्पूर्ण काम कारवाही निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकहरूको विवाह खर्च एवम् अंशसमेत पर सारी कानूनबमोजिम लिलामी कार्य गर्नु गराउनु भनी उपयुक्त आदेश जारी गरिपाऊँ। साथै निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि विपक्षी मोहमद अयुब हलुवाईको नाममा लिलाम गरिएको घर जग्गा र अन्य कुनै व्यक्तिको नाममा हकहस्तान्तरण नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा श्री सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाऊँ।

यस अदालतको कारण देखाउ आदेश

यसमा के कसो भएको हो निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो आधार र कारण खुलाई यो आदेश प्राप्त भएको मितिले बाटोका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २ र ३ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीका हकमा आफैँ वा आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी रिट निवेदनको नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु साथै अन्तरिम आदेश जारी नहुँदैमा निवेदकहरूलाई अपूरणीय क्षति हुने अवस्था नदेखिनुका साथै प्रस्तुत विषयवस्तुको व्याख्या पूर्ण सुनुवाइको दौरानमा हुनु उपयुक्त देखिँदा अन्तरिम आदेश जारी गर्न मिलेन।

विपक्षी बाँके जिल्ला अदालत नेपालगञ्जको लिखित जवाफ व्यहोरा

यस अदालतको तहसिल शाखाबाट सम्मानित सर्वोच्च अदालतको फैसलालगायत यस अदालत र पुनरावेदन अदालतसमेतबाट भएको आदेशानुसार प्रचलित कानूनबमोजिम काम कारवाही सम्पन्न गरिएको, यस अदालतबाट भएका काम कारवाहीबाट विपक्षी रिट निवेदकहरूको कुनै हकमा असर परेको छैन। साधारण क्षेत्राधिकारअन्तर्गत कानूनबमोजिम भएको कामकारवाही बदर गर्न रिट क्षेत्रमा प्रवेश गरेको देखिएको हुँदा, निज रिट निवेदकहरूको रिट निवेदन खारेज भागी छ। खारेज गरिपाऊँ।

विपक्षी मालपोत कार्यालय बाँकेको लिखित जवाफ

निवेदनमा खुलाइएको जिल्ला बाँके नेपालगञ्ज नगरपालिका तालुक उत्तरलाईन विस्कोरियन टोल दक्षिण मुखा नं. १३८ को (क) श्रेणीको ज.वि. ०-१-१४ जग्गा र सो मा बनेको भुइँतले घर बहाल विठौरी भएको र सो जग्गाको मोठ स्रेस्ता यस कार्यालयमा नहुने प्रष्ट छ। उक्त जग्गा यस कार्यालयको नेपालगञ्ज न.पा. अन्तर्गतको रोक्का किताबमा क्र. सं. १० मा मिति २०४९/१२/१६ र.नं. ४१६० को दृष्टिबन्धकको लिखत र बाँके जिल्ला अदालतको च. नं. १४७६ मिति २०५३।६।८ को पत्रले हबिबुल रहमानको नामबाट रोक्कासम्म रहेको देखिएको हुँदा यस कार्यालयलाई समेत विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाऊँ।

विपक्षी मोहम्मद अय्युव हलवाइको लिखित जवाफ

दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाका सम्बन्धमा सर्वोच्च अदालतबाट संवत् २०६६ सालको रिट नं. ०६६-WO-०१०१ निवेदक टेकबहादुर मिथुन प्रतिवादी युवराज भट्टराईसमेत भएको उत्प्रेषण मुद्दामा (ने.का.प. २०६८ नि.नं. ८६३२ पृष्ठ ९९७) मा जायजात लिलाम डाक गर्दा नै व्यक्तिको उमेर कति छ भनी हेर्नुपर्ने र जायजात लिलाम गर्दाको दिनमा १२ वर्ष उमेर पुगेको वा सोभन्दा माथिको रहेछ भने त्यस्तो व्यक्तिको अंशलगायत सम्पत्ति जायजात लिलाम गर्नुपर्छ। जायजात लिलाम गर्दाको दिनमा १२ वर्ष पुगेको वा सोभन्दा माथिको उमेर रहेछ भने त्यस्तो व्यक्तिले उक्त ऐनबमोजिम सुविधा पाउँछ भन्न नमिल्ने भनी सिद्धान्त प्रतिपादित भएको छ । यी विपक्षी निवदकहरूमध्ये नफिसको उमेर वर्ष २७, तरून्नम बानोको उमेर वर्ष २५ र रइस अहमदको उमेर वर्ष २१ रहेको निवेदनबाट देखिएको हुँदा दण्ड सजायको २६ नं. को सुविधा पाउन सक्ने अवस्था छैन । निवेदक विवाहित, अविवाहित भनी प्रस्तुत निवेदनबाट प्रमाण बुझी निर्णय गर्ने अवस्थासमेत हुँदैन । उल्लिखित दक्षिण मुखा नं. १३८ "क" श्रेणीको ज.वि. ०-१-१४ मा बनेको घर जग्गा लिलाम भई २०७१/७/२६ गते जिल्ला बाँके नेपालगञ्ज उम.न.पा. वडा नं. ४ बस्ने मो. आजम हलवाईले सकार गरेको कानूनसम्मत नै छ। लिलाम सकार भएको जानकारी हुँदाहुँदै निजलाई विपक्षी कायम नगरिएबाट निवेदन नै तथ्यपरक रहेको छैन।

विपक्षी निवेदकहरूले दण्ड सजायको २६ नं. को सुविधा पाउने गरी तहसिलदारबाट भएको आदेश जिल्ला न्यायाधीशज्यूबाट २०७१/२/२ गते बदर गरेको र उक्त आदेश पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७१/६/२ मा परिवर्तन गर्नु नपर्ने गरी आदेश भई लिलामीसमेतको काम सम्पन्न भइसकेको हुँदा जिल्ला न्यायाधीश र पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको आदेशमा कुनै कानूनी त्रुटि नहुँदा विपक्षीहरूको निवेदन खारेज गरिपाऊँ।

विपक्षी श्री पुनरावेदन अदालत, नेपालगञ्जको लिखित जवाफ

लेनदेनको बिगो भराई पाउँ मुद्दामा मिति २०७१/२/२ गतेको बाँके जिल्ला अदालतबाट भएको बेरीतको आदेश बदर गरिपाउँ भनी नफिस अहमद शेषसमेतको निवेदन परी आदेशानुसार बाँके जिल्ला अदालतबाट प्राप्त हुन आएको कैफियत प्रतिवेदन यस अदालतको इजलाससमक्ष पेस हुँदा यसमा त्यस बाँके जिल्ला अदालतको मिति २०७१/२/२ को आदेश मिलेकै देखिँदा परिवर्तन गर्नु परेन । कानूनबमोजिम गर्नु भन्ने मिति २०७१/६/२ मा आदेश भएको हो । यस अदालतबाट भए गरेका कार्यहरू कानूनसम्मत र न्यायोचित नै रहे भएको हुँदा प्रस्तुत निवेदनको रोहबाट यस अदालतको नाममा कुनै किसिमको आदेश जारी हुनुपर्ने होइन। निवेदन खारेज गरिपाऊँ।

यस अदालतको अन्तिम आदेश

नियमबमोजिम पेसी सूचीमा चढी सुनुवाइका लागि पेस भएको प्रस्तुत निवेदन एवम् संलग्न प्रमाण मिसिलहरू अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् अधिवक्ता श्री राकेश कुमार शर्माले दाबीको घर जग्गा बिगो भराउने कारवाही स्वरूप जायजात तायदात गर्दा निवेदकहरू १२ वर्षभन्दा मुनिका रहेका छन्। लिलाम हुँदा १२ वर्ष नाघेको कारणबाट नाबालकको अंश पर सार्न नपर्ने भन्न मिल्दैन । बालबालिकाको सर्वोत्तम हितअनुकूल व्याख्या गरी नाबालकको अंश हकको संरक्षण गर्नुपर्नेमा नगरी जिल्ला अदालत र पुनरावेदन अदालतबाट भएका आदेश गैरकानूनी हुँदा उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी बहस गर्नुभयो।

यसै गरी प्रत्यर्थी मोहम्मद अय्युब हलवाइको

तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद सुवेदीले तायदाती मुचुल्का मिति २०५४/११/१३ मा भएको हो। उक्त मुचुल्का सम्बन्धमा निवेदकहरूले प्रश्न उठाएका छैनन्। तायदात हुँदा ऋणी निवेदकहरूका पिता जीवितै छन्। नाबालक छोराछोरीको लालन पालन गर्ने कानूनी दायित्व र अधिकार पिताकै हो। यस तथ्यलाई निवेदकहरूले तायदातउपर उजुर नगरी स्वीकार नै गरेका छन। साधारण क्षेत्राधिकारअन्तर्गत तहतह निर्णय भई पुनरावेदन अदालतको आदेशानुसार दाबीको घर जग्गा मिति २०७१/७/२६ मा लिलाम भई तेस्रो पक्ष मो. आजम हलवाइले सकार गरी लिलामको कार्य सम्पन्न भइसकेको छ। लिलाम भएपछि मिति २०७१/९/१३ मा प्रस्तुत निवेदन दर्ता गर्दा सकार गर्ने व्यक्तिलाई विपक्षी बनाएको नहुँदा मागबमोजिम आदेश जारी हुन सक्दैन। निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

पक्ष विपक्षीबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता र विद्वान् अधिवक्ताहरूले गर्नुभएको उपर्युक्त बहस बुँदा र निवेदकको निवेदन दाबी एवम् विपक्षीहरूको लिखित जवाफ जिकिरलाई दृष्टिगत गरी निवेदकहरूको मागबमोजिम फैसला कार्यान्वयनका सिलसिलामा बाँके जिल्ला अदालत एवम् पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको आदेश बदर हुने वा हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ हेर्दा निवेदकहरूका स्व. पिता प्रतिवादी हबिबुल रहमान शेषले प्रत्यर्थीमध्येको मोहम्मद अय्युब हलवाईबाट लिएको ऋण सम्बन्धमा लेनदेन मुद्दा परी साँवा र सोको कानूनबमोजिमको ब्याजसमेत धनी प्रत्यर्थी मोहम्मद अय्युब हलवाईले लिन पाउने ठहरी मिति २०५४/३/२४ मा बाँके जिल्ला अदालतबाट भएको फैसला अन्तिम रहेको भन्नेमा विवाद छैन। उक्त फैसलाबमोजिमको साँवा र ब्याजसमेत भरिभराउको लागि निवेदकहरूका पिता ऋणीका नाउँको ज.वि. ०-१-१४ जग्गा र सोमा बनेको घरसमेत देखाई मिति २०५४/६/१४ मा फैसला कार्यान्वयनका लागि दरखास्त परेको देखिन्छ। दाबीको घर जग्गा लिलाम गर्ने प्रयोजनार्थ बाँके जिल्ला अदालतबाट मिति २०५४/११/१३ मा तायदाती र मिति २०५८/९/९ मा पञ्चकृते मूल्याङ्कन भएको निवेदन संलग्न बिगोको मिसिलबाट देखिन आउँछ। उक्त बिगोसम्बन्धी दरखास्तको कारवाही हुँदै जाँदा मिति २०७०/४/१८ मा यी निवेदकहरू दण्ड सजायको २६ नं. अनुसार हाम्रो सम्पत्ति पर सारी बिगो भराई पाउँ भनी बाँके जिल्ला अदालतका तहसिलदारसमक्ष निवेदन गर्न गएको देखियो। तहसिलदारबाट निवेदन मागबमोजिम हुने गरी भएको मिति २०७०/१०/१३ को आदेश मुलुकी ऐन, दण्ड सजायको ६१ नं. को रोहमा बाँके जिल्ला अदालतबाट मिति २०७१/२/२ मा बदर भई उक्त आदेश पुनरावेदन अदालत, नेपालगञ्जसमेतबाट अ.बं. १७ नं. को रोहमा जाँच गर्दा मिति २०७१/६/२ मा सदर भएको पाइयो। दण्ड सजायको २६ नं. अनुसार लिलाम गर्दा निवेदकहरूको अंश पर सार्नु नपर्ने भनी पुनरावेदन अदालत, नेपालगञ्जसमेतबाट भएका उपर्युक्त आदेशहरू बदर गरिपाउँ भनी निवेदकहरूले निवेदनमा दाबी लिएको पाइयो।

३. मुलुकी ऐन, दण्ड सजायको २६ नं. अनुसार नाबालकको हैसियतले आफ्नो भागको अंश पर सार्न निवेदकहरूले माग गरिएको दाबीको ज.वि. ०-१-१४ घर जग्गा पुनरावेदन अदालतको आदेश पश्चात् मिति २०७१/७/२६ मा लिलाम भई तेस्रो व्यक्ति मो. आजम हलवाइले सकार गरी बिगोको कारवाही नै मिति २०७१/१२/२६ मा तामेलीमा गइसकेको बिगोसम्बन्धी कारवाहीको सक्कल मिसिलबाट देखिन्छ। लिलाम भइसकेपछि दर्ता भएको प्रस्तुत निवेदनमा निवेदकहरूले दाबीको घर जग्गा लिलाम सकार गर्ने व्यक्तिलाई विपक्षी कायम गर्न सकेको अवस्था छैन। जुन जग्गाबाट हक सुरक्षित गर्न

माग गरिएको हो सो जग्गाको हालको कानूनअनुरूपको स्वामित्वकर्तालाई नै विपक्षी नबनाएको अवस्थामा त्यस्तो जग्गाको सम्बन्धमा अदालतबाट जारी हुने आदेश कार्यान्वयन हुन सक्ने स्थिति नहुँदा प्रारम्भमा नै निवेदन दाबी औचित्यपूर्ण रहेको देखिँदैन।

४. तथापि निवेदकहरूले नाबालक हौं, हामी नाबालकहरूको कानूनी हक हित संरक्षण गरिपाउँ भनी दाबी लिएका र हाम्रो कानूनी प्रणाली र यस अदालतसमेतले नाबालकको सर्वोत्तम हितलाई सदैव ख्याल गरी काम कारवाही गर्दै आइरहेको परिप्रेक्ष्यमा विपक्षीहरूद्वारा भएको बिगो भरिभराउको कार्य मुलुकी ऐन, दण्ड सजायको २६ नं. प्रतिकूल छ वा छैन भन्ने सम्बन्धमा विश्लेषण गर्नुपर्ने देखिन आयो। मुलुकी ऐन, द.स. को २६ नं. मा "दुनियाको बिगोबापतमा जायजात गर्दा त्यो धन खाने १२ वर्षदेखि माथिका ऐनबमोजिम मानु छुट्टीसँग बसेका वा त्यो धन खाँदा सँगै बसेका पछि भिन्न हुनेको अंशसमेत र सरकारी बिगोमा जायजात गर्दा सो धन खाँदासँग बस्ने सबै अंशियारको अंश जायजात गर्नुपर्छ ... भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाको समग्र अध्ययन गर्दा जायजात लिलाम गर्ने समयमा नाबालक १२ वर्ष नाघेका छन् छैनन्? प्रतिवादी ऋणीका अंशियारबीचमा अंशबन्डा भए नभएको के अवस्था छ? समग्र परिवारमा बन्डा लाग्ने सम्पत्ति के कति छ? बिगो भरिभराउको क्रममा लिलाम हुन लागेको सम्पत्तिभन्दा अरू सम्पत्ति छ, छैन? परिवारको मुख्य व्यक्तिले गरेको कारोबार हो वा अन्य सदस्यले गरेको हो जस्ता प्रश्नहरूको सम्बन्धमा यथोचित ध्यान दिँदै ऋणीका नामको सम्पत्तिको लिलाम भएमा उक्त सम्पत्तिमा आश्रित १२ वर्ष नपुगेका नाबालकको बाँच्न पाउने र शिक्षा दिक्षा गर्न पाउने सर्वोत्तम हितमा आघात पुग्न जाने देखिएमा उक्त लिलाम हुन लागेको सम्पत्तिबाट त्यस्ता बालबालिकाको अंश हक बाहेक गरी लिलामको कारवाही गर्न निर्देश गरेको देखिन्छ।

५. प्रस्तुत निवेदनमा निवेदकहरूका पिताले राजीनामा बिक्री नै गर्ने प्रयोजनका लागि मिति २०५२।६।१५ गते दाबीको घर जग्गाको प्रचलित मूल्य रू.१३,००,०००/- बुझी लिएको तर लिखत पारित हुन नसकी थैली कपालीमा परिणत भई अदालतको अन्तिम फैसलाले साँवा र ब्याज भरी पाउने ठहरेको बिगो भराउने सम्बन्धमा २०५४ सालबाट कारवाही सुरू भई १७ वर्षपछि २०७१ सालमा मात्र फैसला कार्यान्वयन भएको देखिन्छ। पिताले कारोबार गर्दा र बिगोको कारवाही सुरू हुँदा निवेदकहरू नाबालक रहे पनि प्रस्तुत निवेदन दर्ता गर्दा निवेदकहरू क्रमशः २७, २५ र २१ वर्षका रही पूर्णरूपमा सक्षम र साबालक रहेको अवस्था छ। मुलुकी ऐन, अंशबन्डाको १९ नं. को देहाय १ नं. ले २१ वर्ष नपुगेका छोरा छोरीको पूर्ण संरक्षकत्व पितालाई सुम्पी पिताले गर्ने व्यवहार सदैव निजका सन्तति नाबालकहरूको पक्षमा हुन्छ भनी भरोसा गरेको पाइन्छ। उक्त कानूनी व्यवस्थाले अन्यथा पुष्टि भएमा बाहेक घरको मूलीले आफ्ना नाममा भएका घर जग्गा सुक्री, बिक्री, लेनदेनसमेत गरेका सम्पूर्ण व्यवहारहरू त्यस्ता नाबालकको हितमा हुन्छन् भनी मानेको छ। घर मूलीको व्यवहारबाट सम्पूर्ण अचल सम्पत्ति समाप्त भई १२ वर्ष नपुगेका नाबालकको बीचल्ली नहोस् भन्ने उद्देश्यले दण्ड सजायको २६ नं. ले त्यस्ता नाबालकको भागमा पर्ने सम्पत्ति पर सारी व्यक्ति र सरकारी बिगो भराउनु पर्ने भनी नाबालकको हितको लागि विशेष व्यवस्था गरेको हो। बिगोको भरिभराउ गर्ने प्रयोजनका लागि तायदात जायजात तथा लिलामसमेतको कारवाही गर्दा १२ वर्षमुनिका नाबालक देखिएमा मात्र यो कानूनी व्यवस्था आकर्षित हुने हो। तर कपाली तमसुक हुँदा, मुद्दा दर्ता हुँदा र उक्त मुद्दामा अदालतबाट फैसला हुँदा ऋणीका सगोलका सन्ततिहरू १२ वर्ष मुनिको नाबालक देखिए पनि त्यस अवस्थामा मुलुकी ऐन, अंशबन्डाको १९ नं. को देहाय १ नं. आकर्षित हुन्छ। सो समयमा पिताले

गरेको व्यवहारमा साबालक भइसकेपछि बिगोको कारवाही हुँदा अंश हकको प्रश्न उठाउने अधिकार त्यस्ता साबालक छोरा छोरीलाई हुन्छ भनी अर्थ गर्न मिल्दैन।

६. प्रस्तुत विवादमा निवेदकहरूका स्व. पिताले प्रत्यर्थीमध्येको मोहम्मद अय्युब हलुवाईसँग लेनदेन कारोबार गर्दा, फैसला हुँदा र बिगो भरिभराउका लागि कारवाही सुरू गर्दा निजहरू १२ वर्षमुनिका नाबालक देखिए पनि दण्ड सजायको २६ नं. को उपचार माग गरी प्रस्तुत निवेदन लिई यस अदालतमा प्रवेश गर्दा निजहरू पूर्ण वयस्क हुनु भनेको पेसा रोजगार व्यवसाय वा काम गरी जीवन निर्वाह गर्न सक्षम हुनु हो। काम गरी जीवन निर्वाह गर्न सक्षम भइसकेका व्यक्तिले पिताले खाएको ऋण पिताको नामको सम्पत्तिबाट भरिभराउ गर्नबाट रोक्न पाउने हो भने घरको मुख्य व्यक्ति परिवारको भरण पोषण गर्नसमेतका लागि व्यवहार गर्न असक्षम हुन पुग्छ। निवेदकहरूले आफ्नो भागको अंश पर सार्न दाबी गरेको घर जग्गा लिलाम नहुँदै निजहरू पूर्ण वयस्क भइसकेको हुँदा निवेदकहरूको हकमा मुलुकी ऐन, दण्ड सजायको २६ नं. आकर्षित गरी सुरू जिल्ला अदालत एवम् पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको आदेश बदर गर्न मिल्ने देखिएन।

७. यसै विषयसँग सम्बन्धित कानूनी प्रश्न समावेश भएको निवेदक टेकबहादुर मिथुन विरूद्ध युवराज भट्टराईसमेत भएको ने.का.प. २०६८, अंक ६, नि.नं. ८६३२ पृष्ठ ९९७ मा प्रकाशित उत्प्रेषणको निवेदनमा "जायजात लिलाम डाक गर्दा नै व्यक्तिको उमेर कति छ भनी हेर्नुपर्ने र जायजात लिलाम गर्दाको दिनमा १२ वर्ष उमेर पुगेको वा सोभन्दा माथिको रहेछ भने त्यस्तो व्यक्तिको अंशलगायत सम्पत्ति जायजात लिलाम गर्नुपर्छ। जायजात लिलाम गर्दाको दिनमा १२ वर्ष उमेर पुगेको वा सोभन्दा माथिको उमेर रहेछ भने त्यस्तो व्यक्तिले उक्त ऐनबमोजिम सुविधा पाउँछ भन्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। निवेदकहरूले दाबीको घरजग्गा जायजात तायदात हुँदा हामी १२ वर्षमुनिका रहेको हुँदा उक्त सिद्धान्त हामीहरूको हकमा आकर्षित हुन सक्दैन भनी जिकिर लिए पनि बिगो भराउनेसम्बन्धी कारवाहीको अन्तिम बिन्दु भनेको लिलाम सम्पन्न हुनु हो। लिलामको कारवाही सम्पन्न नहुँदासम्म दण्ड सजायको २६ नं. को अवस्थाको विद्यमानता रहिरहने हुन्छ। उक्त सिद्धान्तमा जायजात लिलाम गर्दाको दिनमा १२ वर्षको उमेर पुगेको भन्ने उल्लेख भएको हुँदा लिलाम हुँदा १२ वर्ष नाघिसकेका निवेदकहरूका हकमा उक्त सिद्धान्त आकर्षित हुन सक्ने नै देखिन्छ।

८. यसैगरी प्रस्तुत विवादमा नाबलकको हित छ छैन भन्ने सन्दर्भमा हेर्दा विवादित घर जगाको जायजात र तायदात हुँदै मिति २०५८/९/९ मा पञ्चकिर्ते मूल्याङ्कन कायम हुँदा १३ लाख मूल्य कायम भएकोमा मिति २०७१/७/२६ मा डाँक लिलाम हुँदा रू.४०,५१,०००/- (चालीस लाख एकाउन्न हजार) मा लिलाम भएको अवस्था छ। लिलाम बदरसम्बन्धी कारवाहीमा पूर्ण प्रतिस्पर्धा भई उच्च मूल्यमा लिलाम भएको कारवाहीसमेतबाट निवेदकहरूले दाबी गरेजस्तो निजहरूको सम्पत्तिसम्बन्धी हकमा असर परेको देखिँदैन। जहाँ नाबालकउपर अहित हुन्छ वा नाबालकलाई अन्याय पर्ने गरी बिगो भराउने काम गरिएको हुन्छ त्यस्तो अवस्थामा नाबालकको सर्वोत्तम हितको लागि मुलुकी ऐन, दण्ड सजायको २६ नं. को व्याख्या गरी नाबालकको हितको संरक्षण गर्नुपर्छ। तर ऋण दिँदा र लिँदाका अवस्थामा १३ लाखको मूल्य कायम भएको सम्पत्ति ऋण भुक्तानीका लागि लिलाम हुँदा चालीस लाख एकाउन्न हजार कायम भई सकार गरेको अवस्थासमेत हुँदा त्यस्तो लिलाम कारवाही निवेदकहरूको हितविपरीत रहेछ भन्नसमेत मिलेन।

९. तसर्थ माथि उल्लिखित कानून र तथ्यको विवेचनाबाट बाँके जिल्ला अदालतका तहसिलदारबाट

निवेदकहरूको अंश हक र विवाह खर्चसमेत पर सारी फैसला कार्यान्वयन गर्नु भनी मिति २०७०/१०/१३ मा भएको आदेश बदर गर्ने गरी सोही अदालतको इजलासबाट मिति २०७१/२/२ मा भएको आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहनु परेन भनी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७१/६/२ मा भएको आदेश कानूनअनुरूपकै रही मिलेको देखिँदा उक्त आदेशहरू उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदकहरूको निवेदन दाबी पुग्न सक्दैन । निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत: कपिलमणी गौतम
इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम् ।

निर्णय नं. ९८५३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
फैसला मिति : २०७४।०७।२१
०७२-WO-००७५

मुद्दाः उत्प्रेषण

रिट निवेदक : ललितपुर जिल्ला ललितपुर ललितपुर उ.म.न.पा. वडा नं. १३ स्थित आन बलेफी हाइड्रो पावर प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त प्रबन्ध निर्देशक तथा आफ्ना हकमा समेत ऐ. वडा नं. १३ बस्ने वर्ष ५९ को महेशकुमार सिंह

विरूद्ध

विपक्षी : अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौसमेत

- **नवीकरणको निवेदन सँगसँगै नवीकरण दस्तुर सामेल नगरी अनुमति पत्रको अवधि समाप्त भएको दुई दिनपछि दस्तुर समावेश गरेको प्रक्रियालाई कानूनसम्मत मान्न नमिल्ने ।**

(प्रकरण नं. ६)

- **राज्य र आयोजनाको अनुमति पत्र प्राप्त गर्ने कम्पनी बीच अनुमति पत्र प्राप्त गर्दाको समयमा उल्लिखित सर्तहरू दुवै पक्षबीच लागू हुने एक प्रकारको कानून नै हो । ती सर्तहरू र तत्सम्बन्धी ऐन, कानून र निर्देशिकाका प्रावधानहरू दुरूस्त समयमा जस्ताको तस्तै दुवै पक्षहरूले नै पालना**

सर्वोच्च अदालत

गर्नुपर्ने ।

- **तोकिएको अवधिमा आयोजनाको प्रगति जे जस्तो भए पनि त्यसको कार्य प्रगति प्रतिवेदन लिनेतर्फ अग्रसर नहुने र जे जस्तो जति प्रगति भए पनि त्यसतर्फ पूर्णतः अनदेखा गरी केवल अनुमति पत्रलाई नवीकरण गरी दिनेतर्फ मात्र अग्रसर भइरहनु हुँदैन । आयोजनाको अनुमति पत्र नवीकरण गर्नुपूर्व सो अवधिसम्म गर्नुपर्ने कार्य प्रगति सम्पन्न गर्नेतर्फ आशा एवम् उत्साहजनक रूपमा प्रगति भए नभएको हेरेर मात्र अनुमति पत्रको नवीकरण गर्ने नगर्ने तर्फ नै निर्णय गर्नुपर्ने ।**

(प्रकरण नं. १३)

- **आयोजनाको आशातीत कार्य प्रगति बिना अनुमतिपत्रको नवीकरणको प्रक्रिया अनुमति पत्रको सर्त र निर्देशिकाबमोजिम अगाडि बढेर अनुमति पत्रको नवीकरण हुनै नसक्ने ।**

(प्रकरण नं. १३)

रिट निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल, बद्रीबहादुर कार्की, विद्वान् अधिवक्ताहरू तिलक शमशेर ज.ब.रा., माधवकुमार बस्नेत, ललितबहादुर बस्नेत, सेमन्त दाहाल

विपक्षीको तर्फबाट : नायब महान्यायाधिवक्ता किरण पौडेल

अवलम्बित नजिर :

- नेकाप २०३६, अंक १, नि.नं.४८३४
- नेकाप २०३६, अंक १०, नि.नं.८२३५

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३, १९
- विद्युत् ऐन, २०४९
- विद्युत् उत्पादन सर्वेक्षण नियमावली, २०५०
- जलविद्युत् आयोजना अनुमति पत्रसम्बन्धी निर्देशिका, २०६८

आदेश

न्या.तेजबहादुर के.सी.: नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :-

निवेदक आन बलेफी हाइड्रो प्रा.ली. ले बलेफी बी जलविद्युत् आयोजनाको सर्वेक्षण, अनुमतिपत्र मिति २०६९/२/१२ मा विद्युत् विभागबाट (क्षमता ४.५३३ मे. वाट) प्राप्त गरी काम सुरू गरेको हो । अनुमति पत्रको म्याद मिति २०७१/१/२६ सम्म तोकिएकोमा मिति २०६९/१०/४ मा विद्युत् विकासबाट क्षेत्र थप भई तोकिएकै समयावधिसम्मका लागि अनुमति पत्र प्राप्त भएकोमा क्षेत्र थप पश्चात् आयोजनाको सम्भावित क्षमता २० मेगावाट अनुमान गरिएको हो । परिणामतः निवेदकले मिति २०६९/१०/४ देखि मिति २०७१/१/२६ सम्म जम्माजम्मी १ वर्ष ४ महिना मात्र कार्य सम्पादन गर्ने अवसर पाएको तथ्यमा विवाद हुन सक्दैन । जबकि नियमानुसार सुरूको सर्वेक्षण अनुमति पत्रको म्याद कम्तीमा २ वर्ष हुनुपर्ने र जम्मा समयावधि ५ वर्षसम्म हुने किटानी कानूनी व्यवस्था विधिकर्ताले तोकेको पाइन्छ । यसै अवधिमा सर्वेक्षणलगायत अन्य भौगर्भिक, हाइड्रोलजीक कार्यहरू सम्पन्न गरी विपक्षी विभागसमक्ष पेस गरिएको थियो । स्थानीय / वातावरणीय समस्याले गर्दा ERT र Drill कार्य हुन नसकेबाट सम्भाव्यता अध्ययन प्रतिवेदन पेस गर्न समय अपुग भएको व्यहोरासमेत जाहेर गरिएको थियो ।

हामीले पाएको बलेफी बी जलविद्युत् आयोजना सर्वेक्षण अनुमति पत्रको नवीकरण गर्न विपक्षी विद्युत् विभागमार्फत श्रीमान् सचिवज्यू समक्ष

पुनरावेदकका तर्फबाट सम्पादन गरेका कार्यप्रगतिको यथार्थ विवरण संलग्न राखी मिति २०७१/१/२२ मा निवेदन / दरखास्त पेस गरेका छौं । पुनः मिति २०७१/२/१४ मा प्राप्त सर्वेक्षण अनुमतिपत्रको म्याद मिति २०७१/१/२६ मा समाप्त हुने भएकोले १ वर्षको मात्र म्याद थपका लागि अनुरोध गरेका थियौं । हाम्रो म्याद थपको निवेदनउपर कारवाही भए नभएको जानकारी प्राप्त हुन नसेकपछि मिति २०७१/७/२८ मा अर्को पत्र लेखी म्याद थप सम्बन्धमा शीघ्र निर्णय हुन अनुरोध गरेका हौं । यसैबीचमा ऊर्जा मन्त्रीज्यू समक्ष समेत म्याद थपसम्बन्धी विषयमा शीघ्र कारवाही हुन अनुरोध गर्दै पत्राचार गरेका छौं । हालसम्म आयोजनाको सर्वेक्षणलगायतको कार्यमा करिब रू.३ करोड निवेदकले लगानी गरिसकेको छ ।

२०७१/३/१० मा हामीलाई पठाएको पत्रको जवाफमा पुनरावेदकको तर्फबाट तोकिएको म्यादभित्र जो जे भएको सत्य तथ्य व्यहोराको प्रतिक्रिया मिति २०७१/३/१७ मा द.नं. ४६४८ बाट पेस गरेका थियौं । निवेदक कम्पनीको तर्फबाट प्रस्तुत प्रतिक्रियामा खास गरी आफूले पेस गरेको Inception Report अनुसार आयोजनाको क्षमता २० मेगावाट भएकोले यसको ठोस निर्क्यौल आर्थिक सम्भाव्यता अध्ययनपश्चात् मात्र यकिन गर्न मिल्ने भएकोले हाललाई ४.५३३ मेगावाट क्षमतामा नै नवीकरण गर्नुपर्ने बाध्यता रहेको व्यहोरा अनुरोध छ भन्दै पछि सम्भावित (Feasible) हुन आएमा सोबापत नियमानुसार तिर्नुपर्ने थप राजश्व समयमा चुक्ता गरी कार्य सञ्चालन यथावत गरिने भनी यथार्थ व्यहोरा प्रस्तुत गरेको थियो । स्वीकृत क्षमता ४.५३३ मेगावाट नवीकरणबापत तिर्नुपर्ने रू.१० लाख राजश्वसमेत दाखिला गरी अनुमति नवीकरण हुने विश्वासमा प्रतिरक्षारत थियौं । विपक्षीले नवीकरण गर्ने वा नगर्ने निर्णय गर्न लगाएको समय अनुमतिको अवधिमा जोड्न कानूनले नमिल्ने हुँदा सो समयलाई कटाई अनुमतिको म्याद थप गरिपाऊँ ।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तर्फबाट निवेदक कम्पनीसमेतको विद्युत् उत्पादन सर्वेक्षण अनुमति तत्काले रद्द गर्नु भनी निर्णय गरी विपक्षी ऊर्जा मन्त्रालयलगायतलाई कडा-निर्देशन पठाएको भन्ने व्यहोराको सार्वजनिक समाचार प्रकाशित भएको थियो । सो सम्बन्धमा व्यवस्थापिका संसद्को सम्बन्धित समितिमा समेत व्यापक छलफल भएको थियो । विपक्षी ऊर्जा सचिवले विद्युत् ऐन, २०४९ को दफा ८ को कुनै पनि प्रक्रिया अवलम्बन नगरी मिति २०७१/९/११ मा नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयको आधारमा बलेफी बी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन अनुमति पत्र खारेज भएको तथा उक्त आयोजना नेपाल सरकारको बास्केटमा राखिएको भनी हतारहतार निर्णय गरेको बुझिन आयो । सो निर्णयबारे आयोगलाई बोधार्थ पत्रमार्फत जानकारी दिनु भएको तथ्यबाट आयोगको निर्णय कार्यान्वयन गरेको पुष्टि भएको छ । सो निर्णय बारे हामीलाई जानकारी नदिई निर्णय गोप्य राखी म्याद थपबारे कारवाहीमा मन्त्रीज्यू स्तरमा हुँदैछ भनी मौखिकरूपमा हामीलाई अलमलमा पारी प्रतिरक्षा गर्न बाध्य पारियो । जलविद्युत् जस्तो समय, श्रम र ठूलो धनराशी लगानी हुने आयोजनाको म्याद थप गर्ने विषयमा विपक्षीहरूको अन्यौल एवम् अनिश्चित काम कारवाहीले गर्दा आयोजनाको कार्य सञ्चालनमा गम्भीर बाधा पुग्न गएको व्यहोरा बारम्बारमा मन्त्रीस्तरमा समेत लिखितरूपमा अनुरोध गर्दै आएका थियौं । विपक्षी विद्युत् विभागले मिति २०७१/९/२१ को पत्रको प्रतिलिपि निवेदकको कम्पनीका कर्मचारी श्री अच्युतप्रसाद पौडेललाई अचानक मिति २०७२/३/११ मा बुझ्न बाध्य पारेपछि मात्र अनुमतिपत्रको म्याद थप गरिपाउँ भन्ने हाम्रो निवेदनउपर कुनै कारवाही नगरी अनुमति पत्र खारेज गरेको भन्नेबारे जानकारी हुन आयो विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अन्तरिम संविधान,

२०६३ को धारा १२० ले निर्दिष्ट गरेको अधिकार क्षेत्रबाहेक अन्य पदाधिकारी वा निकायको अधिकार क्षेत्रमाथि हस्तक्षेप गर्ने अधिकार प्राप्त छैन। विपक्षी ऊर्जा मन्त्रालयका सचिवसमक्ष निवेदक कम्पनीले समयमा नै नियमानुसार म्याद थप गरिपाउँ भनी रू. १० लाख राजश्वसहित दिएको निवेदकको निवेदनमाथि कुनै कारवाही नगरी राख्न कानूनले मिल्ने हुँदैन । लाग्ने राजश्वसहित पेस भएको निवेदनउपर कानूनबमोजिम कारवाही तथा निर्णय गर्न विपक्षी कानूनतः बाध्य हुनुहुन्छ। तर आफ्नो अधिकारक्षेत्रभित्रको विषवस्तुमा स्वतन्त्र, निष्पक्ष एवम् न्यायोचितरूपमा बिना भेदभाव कारवाही तथा निर्णय गर्नुपर्नेमा कसैको म्याद थप गर्ने कसैको नथप्ने गरेको, निवेदकको म्याद थपको कारवाही अनिर्णित राखी वा अन्यथा निर्णय गरेको भएपनि विद्युत् ऐन, २०४९ एवम् विद्युत् नियमावली, २०५० विपरीतको तत्सम्बन्धी गैरकानूनी कारवाही निर्णय बदर गरिपाऊँ । अनिर्णित राखेको भए म्याद थप सम्बन्धमा कानूनबमोजिम कारवाही तथा निर्णय गर्नु भनी परमादेशसमेत विपक्षीहरूका नाममा जारी गरी न्याय पाऊँ। रू. १० लाखको राजश्व म्याद थपको प्रयोजनको लागि दाखिला गरेको हुँदा सो रकमलाई प्रयोजनहीन बनाउन मिल्नेसमेत होइन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३, १९ द्वारा प्रदत्त मौलिक हक एवम् विद्युत् ऐन, २०४९ समेतद्वारा प्रत्याभूति प्राप्त हक बिना कानूनी आधार, प्रमाण अपहरण हुने गरी कुनै पनि कारवाही तथा निर्णय गर्न मिल्दैन। विपक्षीको गैरकानूनी अधिकारक्षेत्र विहीन निर्णय बदर गरी निवेदकको मौलिक एवम् कानूनी हकको संरक्षण गरिपाऊँ।

विपक्षी ऊर्जा सचिवले मिति २०७१/९/११ मा उत्पादन सर्भे अनुमति पत्र खारेज गरिएको भनी विद्युत् विभागले जारी गरेको मिति २०७१/९/२१ को पत्रमा कुन कानूनको के कस्तो प्रक्रिया अनुशरण गरी निवेदकको अनुमतिपत्रको खारेजीको निर्णय गरेको हो उक्त पत्रमा केही पनि खुलाएको पाइएन। विद्युत् ऐन, २०४९ को दफा ८ एवम् विद्युत् नियमावली, २०५० को नियम ८९ अन्तर्गतको कारवाही गर्नुपर्ने अवस्थामा समेत निवेदक कम्पनीले विद्युत् ऐन, २०४९ तथा ऐ. नियमावली, २०५० को के कस्तो कसुर वा कार्य निवेदकबाट हुन गएको हो सोको प्रष्ट आरोप खुलाई निवेदकलाई सफाई पेस गर्ने मनासिब मौका प्रदान गर्नुपर्ने हुन्छ । उल्लिखित दफा ८ बमोजिम बाहेक निवेदकले प्राप्त गरेको अनुमति पत्र खारेज गर्न र निवेदकले प्रवर्द्धन गरेको विद्युत् आयोजना नेपाल सरकारको बास्केटमा राख्ने र अरू कसैलाई प्रदान गर्ने अधिकारसमेत विपक्षीलाई प्राप्त छैन। सो आधारमा समेत विपक्षीको गैरकानूनी कारवाही एवम् निर्णय बदरभागी हुँदा उत्प्रेषणको आदेश जारी गरी बदर गरिपाऊँ । उल्लिखित कानूनी आधार, प्रमाण एवम् कारणबाट विपक्षी ऊर्जा सचिवस्तरबाट भएको भनिएको मिति २०७१/९/२१ को अनुमति खारेज गर्ने निर्णयसमेत गैरकानूनी एवम् अधिकार क्षेत्रविहीन हुँदा सम्पूर्ण निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकले म्याद थपका लागि पेस गरेको म्याद थपसम्बन्धी निवेदनउपर स्वतन्त्र एवम् न्यायोचित छानबिन गरी कानूनसम्मत निर्णय गरी निवेदकलाई बलेफी बी जलविद्युत् आयोजनाको सर्वेक्षणलगायतका कार्य सम्पन्न गर्न दिनु भन्ने परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूको हकमा महान्यायाधिवक्ताको कार्यालयलाई दिई विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेस गर्नू।

निवेदकले अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा दुवै पक्षको कुरा सुनी आदेश गर्नु उपयुक्त हुने हुँदा अन्तरिम आदेशको छलफलको लागि मिति २०७२/५/६ गतेको पेसी तोकी विपक्षीलाई म्याद सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२/४/२७ को आदेश।

यसमा निवेदकले प्राप्त गरेको इजाजत पत्रको म्यादभित्र हुनुपर्ने काम सम्पन्न नगरी नवीकरणको माग गरेकोसम्म देखिए पनि सो नवीकरण पनि हुन नसेकको मौजुदा अवस्थामा मागबमोजिम अन्तरिम आदेश जारी हुने स्थिति नदेखिएकोले अन्तरिम आदेश जारी गर्नु परेन भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७२/५/१५ को आदेश।

नेपाल सरकार ऊर्जा मन्त्रालयबाट विद्युत् ऐन, नियमविपरीत विद्युत् विकास विभाग र ऊर्जा मन्त्रालयका पदाधिकारीसँग मिलोमतो गरी सर्वेक्षण अनुमति पत्रमा उल्लेख भएको जडित क्षमता वृद्धि, क्षेत्र संशोधन आदि बहानामा सर्वेक्षणको अवधि लम्ब्याउने, एउटै प्रबर्द्धकका नाममा पटकपटक अनुमति पत्र जारी गर्ने, नेपाल विद्युत् प्राधिकरणसँग भएको विद्युत् खरिद बिक्री सम्झौताबमोजिम व्यापारिकरूपमा विद्युत् उत्पादन गर्नुपर्ने अवधिसम्म निर्माण कार्य नै सुरू नगर्ने प्रवर्द्धकहरू समेतलाई कारवाही गरिपाउँ भनी यस आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सिन्धुपाल्चोक जिल्लाको बतासे र जलबीर गा.वि.स. हरूमा पर्ने बलेफी खोलामा पहिचान भएको ४.५३३ मे. वा. क्षमताको बलेफी बी जलविद्युत् आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति पत्र मिति २०६९/१/२७ मा आन बलेफी हाइड्रो प्रा.लि. को नाममा जारी भई जलविद्युत् आयोजना अनुमति पत्रसम्बन्धी निर्देशिका २०६८ को नं. ५ (१) बमोजिम अनुमति पत्रको म्याद समाप्त हुनु अघि नै प्रवर्द्धकले नवीकरणको लागि दरखास्त पेस गरेको भए तापनि सोही निर्देशिकाको नं. ५(२) बमोजिम दरखास्तसाथ नवीकरण दस्तुर दाखिला गरेको देखिँदैन । यसरी थप भएको क्षेत्रबाट क्षमता वृद्धि भएकोमा वृद्ध भएको क्षमताअनुसार राजश्व दाखिला नगरेको, जलविद्युत् आयोजनाको अनुमति पत्रसम्बन्धी निर्देशिकाको नं.५(२) अनुसार नवीकरणको लागि दिइने दरखास्तसाथ नवीकरण दस्तुर दाखिला नगरेको, अनुमति पत्रको प्रकरण ७(ढ) मा २ वर्षको अवधिभित्र गर्नुपर्ने कार्यहरू उल्लेख भएकोमा प्रवर्द्धकबाट सो कार्य भएको नपाइएको, कार्य प्रगतिका सम्बन्धमा प्रवर्द्धकलाई मिति २०७१/३/१० मा स्पष्टीकरण पेस गर्न लगाइएकोमा सो स्पष्टीकरणसमेत चित्त बुझ्दो नभएको भनी विभागका महानिर्देशकले मिति २०७१/५/२६ मा टिप्पणीमा उल्लेख गर्नुभएको समेत देखिँदा निर्देशिकाको नं. ५(४) समेतका आधारमा आवश्यक कारवाही गर्न ऊर्जा मन्त्रालयमा लेखी पठाउने भन्ने यस आयोगको मिति २०७१/७/९ को निर्णयअनुसार आवश्यक कारवाहीका लागि ऊर्जा मन्त्रालयमा लेखी पठाइएकोसम्म हो । यस आयोगबाट कानूनसम्मत भएको निर्णयबाट विपक्षी रिट निवेदकको हक अधिकार हनन नभएको र विपक्षी / रिट निवेदकले आफूले पालना गर्नुपर्ने सर्त पालना नगरेको तथ्यलाई लुकाई रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा निज सफा हात नलिई सम्मानित अदालतमा प्रवेश गर्नुभएको हुँदा उक्त रिट निवेदन प्रथमदृष्टिमा नै खारेजभागी छ, खारेज गरिपाऊँ। वैकल्पिक उपचार (Alternative remedy) प्राप्त नहुने अवस्थामा मात्र रिट क्षेत्रबाट उपचार खोज्न पाउने रिटसम्बन्धी अवधारणाको मान्य सिद्धान्त हो। आयोगबाट कानूनबमोजिम भएको निर्णय / आदेशउपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिने कानूनी व्यवस्था अख्तियार दुरुपयोग आयोग ऐन, २०४८ को दफा ३५ मा रहेको छ। तर विपक्षीले सो पुनरावेदकीय कानूनी उपचारको मार्ग अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको हुँदा निज सफा हात नलिई सम्मानित अदालतमा प्रवेश गरेको प्रष्ट देखिएकोले पनि उक्त रिट

निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट परेको लिखित जवाफ।

जलविद्युत् आयोजना अनुमति पत्रसम्बन्धी निर्देशिका, २०६८ को दफा ५(२) अनुसार सर्वेक्षण अनुमति पत्र नवीकरणको लागि दरखास्त दिँदा नै दरखास्तसाथ विद्युत् नियमावली, २०५० को नियमावली, २०५० को अनुसूची ११ बमोजिमको दस्तुर बुझाउनुपर्नेमा प्रवर्द्धकले अनुमतिपत्रको म्याद समाप्त भएपछि दस्तुर बुझाएको अवस्था छ। साथै ऐ. निर्देशिकाको दफा ५ को उपदफा ३ अनुसार अनुमति पत्र नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई मुख्य आधार मानिने व्यवस्था छ । आयोजनाको कार्य प्रगति ज्यादै न्यून देखिएको र विपक्षी प्रवर्द्धकबाट प्रस्तुत Inception Report मा आयोजना २० मे.वाट को लागि सम्भाव्य छ भनी उल्लेख हुँदाहुँदै ४.५३३ क्षमतामा नै नवीकरणको लागि माग गर्नुको कारणसहित प्रतिक्रिया पेस गर्न १५ दिनको समय दिइएकोमा मिति २०७१/३/१७ मा विपक्षीबाट स्पष्टीकरण दिइएको तर स्पष्टीकरण चित्त बुझ्दो नभएको अवस्था र रिट निवेदकले नवीकरणको लागि पेस गरेका कागजात तथा प्रगति विवरणहरू जाँचबुझ गरी कार्यप्रगति ज्यादै न्यून देखिएकोले अख्तियार प्राप्त अधिकारीबाट उक्त अनुमति खारेज गरिएको हो । तसर्थ रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ। कानूनले स्पष्टरूपमा नवीकरण गर्न नमिल्ने व्यवस्था गरेकोमा नवीकरण गर्दै जाने हो भने कानूनको पालना नभई उल्लङ्घन हुन जान्छ। अतः प्रचलित कानूनको दायर बाहिर गई कानून पालना नगर्ने सुविधा माग गर्ने अधिकार विपक्षीलाई छैन। आयोजनाको कार्यान्वयन प्रक्रियालाई नवीकरणले अनिश्चितता सृजना गर्ने र सर्वेक्षणको कार्य नगरी आयोजना ओगट्ने प्रवृत्तिलाई निरूत्साहित नगर्ने हो भने योग्य प्रवर्द्धकसमेत सम्भाव्य मौकाबाट वञ्चित हुने अवस्था न्यायोचित नहुँदा रिट निवेदन खारेजभागी छ । खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विद्युत् विकास विभागको तर्फबाट परेको लिखित जवाफ।

जलविद्युत् आयोजना अनुमति पत्रसम्बन्धी निर्देशिका, २०६८ को दफा ५ को उपदफा (१) मा अनुमतिपत्रको नवीकरणको लागि अनुमतिपत्रको म्याद समाप्त हुनु अगावै विभागमा दरखास्त दिनुपर्नेछ । त्यसैगरी सोही दफाको उपदफा (२) मा नवीकरणको लागि दरखास्त दिँदा नियमावलीको अनूसूची ११ बमोजिमको दस्तुर यस निर्देशिकाको अनुसूचीबमोजिम भरिएको फारामहरू तथा विगतमा पेस गरेको कार्य तालिकाअनुसारको कार्य प्रगति प्रतिवेदन पेस गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा निज प्रवर्द्धकले नवीकरणको लागि मिति २०७१/१/२२ मा दरखास्त दिएको, सो दरखास्तसाथ बुझाउनु पर्ने नवीकरण दस्तुर दाखिला नगरी अनुमतिपत्रको बहाल अवधि गुज्री सकेपश्चात् मिति २०७१/१/२८ मा मात्र नवीकरण दस्तुर दाखिला गरेको हुँदा रिट निवेदन खारेज भागी छ, खारेज गरिपाऊँ । जलविद्युत् आयोजना अनुमति पत्रसम्बन्धी निर्देशिका, २०६८ को दफा ५ को उपदफा (३) मा अनुमतिपत्र नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिने छ। प्रवर्द्धकले पेस गरेको कार्य प्रगति प्रतिवेदन सन्तोषजनक नभएको देखिएमा वा विभागले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट प्रस्तुतीकरण गर्न लगाउने वा विभागले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्नेछ। यसैगरी सोही दफाको उपदफा (४) मा माथि उल्लिखित कुनै प्रक्रियाबाट आयोजनाको स्थलगत निरीक्षण गराउन सक्नेछ । यसैगरी सोही दफाको उपदफा (४) मा माथि उल्लिखित कुनै प्रक्रियाबाट आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्र

नवीकरण गरिने छैन । तर अनुमतिपत्र नवीकरण गर्ने वा नगर्ने निर्णय गर्नुअघि सम्बन्धित प्रवर्द्धकलाई सफाई पेस गर्न १५ दिनको समयावधि उपलब्ध गराइनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । रिट निवेदकले रिट निवेदनको प्रकरण नं. ३ मा सफाईको म्याद दिएको कुरा स्वीकारसमेत गर्नुभएको र निजको स्पष्टीकरण चित्त बुझ्दो नदेखिएकोले नेपाल सरकार (सचिवस्तर) को मिति २०७१/९/११ को निर्णयअनुसार प्रवर्द्धकको नाममा जारी भएको विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्र खारेज गरी सोही निर्देशिकाको दफा ८ अनुसार सरकार आफैँले वा अनय उपयुक्त प्रक्रियाबाट विकास गराइने आयोजनाहरूको सूचीमा राखिएको हो।

प्रवर्द्धकको नाममा जारी भएको विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्रको प्रकरण ७(ढ) मा अनुमतिपत्र प्रदान भएको मितिबाट दुई वर्षको अवधिभित्र प्रवर्द्धकले कम्तीमा Guidelines for study of Hydro power project December, २००३ बमोजिम आयोजनाको Topographical mapping, surface Geological mapping, Geophysical survey, Construction material survey, Hydrological studies, sediment sampling and Analysis सम्बन्धी कार्यहरू सम्पन्न गरी Geotechnical investigation तर्फ उल्लेखनीय प्रगति गर्नुपर्नेछ भन्ने सर्त राखी अनुमतिपत्र प्रदान गरिएकोमा प्रवर्द्धकबाट विद्युत् उत्पादनको सर्वेक्षण गरेको कार्य प्रगति ज्यादै न्यून भएकोले अनुमतिपत्र खारेज गरिएको हो । Inception report अनुसार आयोजनाको क्षमता २० मे.वा. भएकोमा हाललाई ४.५३३ पमे.वा. क्षमता नै नवीकरण गर्नुपर्ने बाध्यता रहेको भन्ने कुरा स्वीकार गर्नु भएकोमा जलविद्युत् विकास नीति, २०५८ को ५.१ मा विद्युत्को ग्राहस्थ आवश्यकता पूर्ति गर्न देशको जलविद्युत् क्षमताको अधिकतम उपयोग गरिनेछ भन्ने नीतिगत व्यवस्था रहेकोले २० मे.वा. क्षमता उत्पादन हुने क्षेत्रमा ४.५३३ मे.वा. क्षमताको सर्वेक्षण अनुमतिपत्र नवीकरण गर्दा सो नीतिगत व्यवस्थाको विपरीत हुन गई विद्युत् क्षमताको अधिकतम उपयोग नहुने भएकोले रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको ऊर्जा मन्त्रालय तथा सोको सचिवको तर्फबाट परेको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री बद्रीबहादुर कार्की, विद्वान् अधिवक्ताहरू श्री तिलक शमशेर ज.ब.रा., श्री माधवकुमार बस्नेत, श्री ललितबहादुर बस्नेत, श्री सेमन्त दाहालसमेतले निवेदकले म्याद थपको माग समयमै गरेको तथा ऐन नियमअन्तर्गत ५ वर्षसम्मको म्याद पटक-पटक वा एकैपटक थप सुविधा पाउन सक्ने कानूनी संरक्षणको प्रत्याभूतिबाट वञ्चित गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनबाट निर्देशित भई गरेको निर्णय अन्यायपूर्ण भएकोले अनुमतिपत्रको म्याद थप गरी अनुमतिपत्र प्रदान गर्नु भन्ने परमादेशको आदेश जारी गरिपाउँ भनी तथा नेपाल सरकारको तर्फबाट उपस्थित नायब महान्यायाधिवक्ता श्री किरण पौडेलले कार्यप्रगतिका सम्बन्धमा प्रवर्द्धकलाई स्पष्टीकरण पेस गर्न लगाएकोमा सो स्पष्टीकरण चित्त बुझ्दो नभएको भनी विभागका महानिर्देशकले मिति २०७१/५/२६ मा टिप्पणीमा उल्लेख गरेको देखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१/७/९ को निर्णयअनुसार आयोगको निर्देशनबमोजिम भएको भन्नेसमेत देखिँदैन । उल्लिखित आधारहरूबाट रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनी तथा दुवै पक्षबाट पेस भएको बहसनोटसमेत अध्ययन गरी विचार गर्दा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भनी निर्णय दिनुपर्ने देखिन आयो।

निवेदक आन बलेफी हाइड्रोपावर (प्रा.लि. नं. ६७२६१) प्रा.लि. का प्रो. रहेका र निजले बलेफी बी जल विद्युत् आयोजना, ४.५३३ मेगावाट क्षमताको सर्वेक्षण अनुमति पत्र मिति ०६९/१/२७ गतेदेखि लागू हुने गरी मिति २०६९/२/१२ मा दुई वर्षको लागि प्राप्त गरेकोमा सोको म्याद मिति २०७१/१/२६ सम्म रहेको थियो। २०६९/१०/४ मा विद्युत् विकास विभागबाट आयोजनाको क्षेत्र एवम् मेगावाट क्षमता पुन थप गरिदियो। सो कारणले १ वर्ष ४ महिना मात्र काम गर्न पाए । आफूले सम्पादन गरेको कार्य प्रगतिको विवरणसहित १ (एक) वर्ष म्याद थप्नको लागि २०७१/१/२२ मा निवेदन पेस गरेको थिएँ। त्यसबारे केही निर्णय भए नभएको जानकारी नपाएपछि मिति २०७१/७/२८ मा पत्रद्वारा म्याद थपको निर्णय हुन पुनः अनुरोध गरेको थिए, त्यसबारे कुनै निर्णय नै नगरी एक्कासी विद्युत् ऐन, २०४९ को दफा ८ को कुनै प्रक्रिया नै अवलम्बन नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदक कम्पनीसमेतको विद्युत् सर्वेक्षण अनुमति पत्र रद्द गर्नेतर्फ आवश्यक कारवाही गर्नु भनी गैरकानूनी निर्णय गरी ऊर्जा मन्त्रालयसमेतलाई पठाएको पत्रबमोजिम मेरो अनुमति पत्र खारेज गर्ने गरेको सचिव स्तरको मिति ०७१/९/११ को निर्णयबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३ र १९ द्वारा प्रत्याभूत गरिएको निवेदकको मौलिक एवम् कानूनी हक बिना कानूनी आधार एवम् प्रमाण हनन् हुन गएको हुँदा मैले प्राप्त गरेको जल विद्युत् आयोजनाको अनुमति पत्र खारेज गर्ने गरी ऊर्जा सचिव स्तरबाट भएको निर्णय २०७१/९/११ को निर्णय बदर गरी निवेदकको मौलिक एवम् कानूनी हकको संरक्षण गरी आयोजनाले म्याद थपको निर्णय न्यायसम्मत रूपमा पूरा गरी आयोजना सञ्चालन गर्न दिनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी रहेको छ।

विपक्षीहरूमध्ये नेपाल सरकार ऊर्जा मन्त्रालय र विद्युत् विकास विभागको तर्फबाट पेस हुन आएको लिखित जवाफमा निवेदकले प्राप्त गरेको आयोजनाको अनुमति पत्रको म्याद मिति २०७१/१/२६ मा समाप्त हुने भएको हुँदा ऐ. २२ गते नै नवीकरणको लागि निवेदन दिएका र ऐनको दस्तुर ऐ. २८ गते मात्र दाखिल गरेका छन्। निवेदन अनुमति पत्र खारेज गर्नु अघि निवेदकलाई ऐनको दफा ८ बमोजिम स्पष्टीकरण पेस गर्न मौका दिइएको छ। निवेदकले दुई वर्षको अवधिमा गर्न पर्ने कार्य प्रगति अनुमति पत्रको सर्तबमोजिम नभई अति नै न्यून रही जलविद्युत् आयोजना अनुमति पत्रसम्बन्धी निर्देशिका, २०६८ को (दोस्रो संशोधन, २०६९) दफा ५ को उपदफा ४ बमोजिम आयोजनाको प्रगति सन्तोषजनक नभएकोले निवेदकको अनुमति पत्र खारेज गरिएको हो भन्ने व्यहोरा उल्लेख रहेको छ।

२. निर्णयतर्फ विचार गर्दा, निवेदकले आफ्नो अनुमति पत्र खारेज गर्ने निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकको अनुमति पत्र खारेज गर्ने सम्बन्धमा आवश्यक कारवाही गर्नु भनी मिति २०७१।७।९ मा निर्णय गरी ऊर्जा मन्त्रालयसमेतलाई जानकारी पठाएको पत्रमा आधारित रहेको छ भनी निवेदकले आफ्नो निवेदनमा जिकिर लिएका छन्। मिसिल संलग्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उपर्युक्त मितिको निर्णयप्रति हेर्दा, अनुमति पत्र प्रदान भएको मितिले दुई वर्षभित्र प्रवर्द्धकले गर्नुपर्ने कार्यको प्रगति न्यून रहेको, नवीकरण दस्तुरसमेत दाखिल नगरेको र पेस गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएकोले निर्देशिकाको दफा ५(४) बमोजिमसमेतका आधारमा आवश्यक कारवाही गर्न ऊर्जा मन्त्रालयमा लेखी पठाउने भन्ने व्यहोरा उल्लेख छ। उक्त व्यहोरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१/५/२४ र २०७१/७/११ को पत्रबाट ऊर्जा मन्त्रालयमा लेखी गएपछि मन्त्रालयले निवेदकको सर्वेक्षणको अनुमति पत्र खारेज गर्ने गरी मिति

२०७१/९/११ मा भएको निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उपर्युक्त पत्रको निर्देशनबाट प्रभावित भएको हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारविहीनको उक्त कार्यले ऊर्जा मन्त्रालयको उक्त निर्णय दूषित भई बदरभागी छ भन्ने निवेदकको जिकिर रहेको छ। उक्त जिकिरतर्फ विचार गर्दा, अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई विद्युत् ऐन, २०४९ र विद्युत् उत्पादन सर्वेक्षण नियमावली, २०५० अन्तर्गत निवेदकको विद्युत् उत्पादन सर्वेक्षण अनुमति पत्र रद्द वा खारेज गर्ने विषयमा कुनै पनि कारवाही र निर्णय गर्ने अधिकार भएको देखिँदैन। आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर ऊर्जा मन्त्रालय एवम् विभागलाई निवेदकको उक्त सर्वेक्षण अनुमति पत्र नवीकरण गर्ने / नगर्ने सम्बन्धमा आवश्यक कारवाही गर्न भनी लेखी पठाएको पत्र आफैँमा दूषित रहेको भन्ने कुरा संविधानको दृष्टिमा र साथै पुनरावेदक अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रत्यर्थी गोरखापत्र संस्थान भएको उत्प्रेषण मुद्दा (ने.का.प.२०३६, अंक १, नि.नं.४८३४) र निवेदक नेपाल स्टक एक्स्चेन्ज विरूद्ध अख्तियार दुरुपयोग आयोग भएको उत्प्रेषण (ने.का.प.२०३६, अंक १०, नि.नं.८२३५) मुद्दामा प्रतिपादित सिद्धान्तको आधारमा कुनै द्विविधा मानी रहन पर्ने आवश्यकता देखिन आउँदैन।

३. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उपर्युक्त निर्णय एवम् सोबमोजिमको पत्रानुसार नै निवेदकले प्राप्त गरेको सर्वेक्षण अनुमति पत्र खारेज भएको हो भन्ने एक मात्र आधारलाई हेर्नुभन्दा पनि मुख्यतः निवेदकले बलेफी बी जलविद्युत् आयोजनाको सर्वेक्षण अनुमति पत्र प्राप्त गरेपछि निवेदकले सोको सर्तबमोजिम कार्य गरेका छन्, छैनन्? निजले अनुमति पत्रको अवधि थप गर्न दिएको निवेदन कारवाही योग्य छ, छैन ? एवम् निवेदकको अनुमति पत्र खारेज गर्ने गरी ऊर्जा विभागबाट मिति २०७१।९।१ मा भएको निर्णय ऐन, कानून एवम् निर्देशिका २०६८ ले तोकेको प्रक्रियासम्मत छ, छैन ? त्यस सम्बन्धमा नै मुलभूतरूपमा हेर्नुपर्ने हुन जान्छ।

४. विद्युत् ऐन, २०४८ को दफा ४ को उपदफा (१) मा विद्युत्‌को सर्वेक्षण, उत्पादन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएबमोजिमको विवरण खुलाई तोकिएको अधिकारीसमक्ष अनुमतिको लागि दरखास्त दिनुपर्ने भन्ने व्यवस्था रहेको छ। ऐ. उपदफा (२) मा उपदफा (१) बमोजिम दरखास्त परेको मितिले विद्युत्‌को सर्वेक्षण अनुमति पत्रको हकमा तीस दिनभित्र तोकिएबमोजिमको ढाँचामा सरोकारवालालाई अनुमति पत्र दिनुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। विद्युत् नियमावली, २०५० को नियम ८ मा नियम ४, ५ वा ६ बमोजिम पर्न आएको दरखास्तउपर नियम ७ बमोजिम आवश्यक जाँचबुझ गरेपछि सचिवले दरखास्तवालाको मागअनुसार वा आवश्यक भए संशोधनसमेत गरी क्रमश: अनुसूची ५(क), ५(ख), ५(ग) बमोजिको ढाँचामा दरखास्तवालालाई विद्युत् उत्पादन, प्रशारण वा वितरणको सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्था सर्वेक्षण अनुमति पत्र पाई पुनः नवीकरण गर्ने सम्झौता नभई नयाँ सर्वेक्षण अनुमतिसम्बन्धी व्यवस्था रहेको देखिन आउँछ। नेपाल सरकार ऊर्जा मन्त्रालयले आफ्नो स्वामित्वमा रहेको आयोजनाको सर्वेक्षणको लागि निवेदक कम्पनीको दरखास्त परेर विद्युत् ऐन, २०४९ को दफा ४ को उपदफा (२) मा भएको कानूनी व्यवस्थाबमोजिम सर्वेक्षण अनुमति पत्र प्रदान भएको र निवेदकले मिति २०६९।१।२७ देखि लागू हुने गरी दुई वर्षको लागि ४.५३३ मेगावाटको बलेफी बी जलविद्युत् सर्वेक्षण अनुमति पत्र विद्युत् ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत् नियमावली, २०५० को नियम ८ बमोजिम प्राप्त गरेको देखिन्छ।

५. निवेदकले आफूले प्राप्त गरेको अनुमति पत्रको आधारमा सोको अवधि थप गर्न दिएको

निवेदनको सम्बन्धमा विद्युत् ऐन, २०४९, ऐ. को नियमावली, २०५० र निर्देशिका, २०६८ र सम्झौताका सर्तहरू समेत हेर्नुपर्ने हुन्छ। निवेदकले प्राप्त गरेको अनुमति पत्रको सर्त (क) मा नेपाल सरकारबाट जलविद्युत् आयोजनाहरूको अध्ययन कार्य गर्दा अपनाउनु पर्ने प्रक्रियाबारे तयार गरिएको "जलविद्युत् आयोजना अनुमति पत्रसम्बन्धी निर्देशिका, २०६८ एवम् सम्झौता पत्रमा उल्लिखित "Guidelines for study of Hydropower project, December २००३" बमोजिम आयोजनाको अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन पेस गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। यो बुँदाले आयोजनाको प्रवर्द्धकले अनुमति पत्रको आधारमा कार्य गर्दा निर्देशिकासमेतका प्रावधानहरूलाई पूर्णरूपमा अपनाउनुपर्ने हुन्छ।

६. अनुमतिपत्रको नवीकरण सम्बन्धमा जलविद्युत् आयोजना अनुमति पत्रसम्बन्धी निर्देशिका, २०६८ को दफा ५ मा उल्लेख गरिएको छ। उक्त दफाको उपदफा (१) बमोजिम अनुमति पत्रको नवीकरणको लागि म्याद समाप्त हुनु अगावै दरखास्त दिँदा ऐ. को उपदफा (२) बमोजिम दस्तुर एवम् विगतमा पेस गरेको कार्यतालिका अनुसारको कार्य प्रगति पेस गर्नुपर्ने छ। कार्य तालिकाबमोजिम निर्धारित कार्यहरू तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्यसमेत उल्लेख गर्नुपर्ने छ। ऐ. दफा ५ को उपदफा (३) ले अनुमति पत्र नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानेको छ। प्रवर्द्धकले पेस गरेको कार्य प्रगति प्रतिवेदन सन्तोषजनक नभएको देखिएमा वा विभागले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट प्रस्तुतीकरण गर्न लगाउने व्यवस्था रहेको छ। त्यसैगरी अनुमति पत्रको सर्त (च) मा "त्यस संस्थाले पेस गरेको आयोजनासम्बन्धी कार्य तालिका (Work Schedule) अनुसार अनुमति पत्रको प्रकरण ६ मा उल्लिखित अवधिभित्र सम्पन्न गर्नुपर्ने आवश्यक अध्ययन कार्यहरू पूरा गरी विद्युत् विकास विभागमा उल्लिखित प्रगतिसहितको गुणात्मक प्रतिवेदन तथा कार्य प्रगति विवरणहरू सन्तोषजनक रूपमा पेस गरी बाँकी रहेका अध्ययन कार्यहरू सम्पन्न गर्न विद्युत् ऐन, २०४९ तथा विद्युत् नियमावली, २०५० बमोजिम नवीकरणको लागि दरखास्त पेस गरिएको अवस्थामा मात्र अनुमति पत्रको नवीकरण गर्न सकिने छ, अन्यथा अनुमति पत्र स्वतः रद्द हुनेछ" भन्ने व्यवस्था रहेको छ। उपर्युक्तानुसार अनुमति पत्रको सर्त (च) को व्यवस्थाबमोजिम आयोजना प्राप्त व्यक्ति वा कम्पनीले आफूले प्राप्त गरेको आयोजनाको कार्य तोकिएको अवधिभित्र पूरा गरी सोको गुणात्मक प्रगति तथा कार्य प्रगतिहरू सन्तोषजनक रूपमा पेस गर्नुपर्ने हुन्छ। निर्देशिका २०६८ को दफा ५ को उपदफा (२) ले नवीकरणको निवेदन दिँदा आयोजनाको कार्यतालिका अनुसारको कार्य प्रगति पेस गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ। कार्य तालिकाबमोजिम नियमित कार्यहरू तोकिएको म्यादभित्र सम्पन्न हुन नगएकोमा सोको कारण र औचित्यसमेत उल्लेख गर्नुपर्ने हुन्छ। ऐ. को उपदफा (३) ले अनुमति पत्र नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानेको छ। निवेदकले सर्वेक्षण अनुमति पत्रको निवेदन सोको म्याद समाप्त हुने मिति २०७१/१/२६ गते अगावै २०७१/१/२२ गते नै दिएपनि सोको दस्तुर भने निवेदनसँग संलग्न नराखी म्याद समाप्त भएको मितिको दुई दिनपछि अर्थात् ऐ. २८ गते रू. दश लाख दाखिल गरेको देखिन्छ। नवीकरणको निवेदन सँगसँगै नवीकरण दस्तुर सामेल नगरी अनुमति पत्रको अवधि समाप्त भएको दुई दिनपछि दस्तुर समावेश गरेको प्रक्रियालाई कानूनसम्मत मान्न मिल्दैन। निवेदकले आफ्नो अनुमति पत्र नवीकरणको लागि निवेदन दिँदा निर्देशिकाको दफा ४ को उपदफा (२) ले तोकेबमोजिम कुनै पनि कार्य प्रगति पेस गरेको देखिन आउँदैन। त्यसरी नै निवेदकलाई अनुमतिपत्र

प्रदान गर्दा उल्लित सर्तअनुसार कार्य नभएको कारणले निजसँग माग गरेको प्रतिक्रियामा निवेदकले पेस गरेको Inception Report मा आयोजनाको क्षेत्र थप गरी क्षमता २० मेगावाट भएको हुँदा आयोजनाको ठोस निक्यौंल आर्थिक सम्भाव्यता अध्ययन पश्चात् मात्र यकिन गर्न मिल्ने भनी उल्लिखित ४.५३३ मेगावाट क्षमता नै नवीकरणको लागि अनुरोध गरिएको छ । निवेदकले मिति २०६९/१/२७ गते प्राप्त गरेको अनुमतिपत्र ४.५३३ मेगावाटको भएपनि निवेदकलाई मिति २०६९/१०/४ मा बलेफी जल विद्युत्को २० मेगावाटको क्षमता रहेकोले उक्त मेगावाटसम्मको क्षेत्रसमेत थपिएकोमा निवेदकले त्यसरी थप गरेको मेगावाटको राजश्व दस्तुर एकातर्फ प्रारम्भमा नै दाखिल गरेका छैनन् भने अर्कोतर्फ अनुमति पत्रको नवीकरणमा थप मेगावाटको समेत नवीकरण हुने माग गरेका पनि छैनन् र साथै उक्त थप मेगावाटको क्षमताको कार्य आफूले गर्ने नगर्ने वा गर्न सक्ने नसक्ने बारेमा ऊर्जा मन्त्रालयलाई त्यस सम्बन्धमा समयमै कुनै जानकारी गराइएको समेत पाइँदैन । थप गरेको क्षेत्र २० मेगावाटको राजश्व दस्तुरसमेत दाखिल नगरेको देखिएबाट निवेदकले थप क्षेत्र मेगावाटको पनि अनुमति पत्र प्राप्त गरेको मान्नुपर्ने हुँदा उक्त २० मेगावाट क्षमताको सर्वेक्षण कार्यको प्रगति झनै न्यून हुन गएको पुष्टि हुन्छ । यसप्रकार निवेदकले अनुमति पत्रको नवीकरणको लागि निवेदन पेस गर्दा उक्त आयोजनाको कार्य प्रगति र साथै निवेदन दस्तुरसमेत म्यादभित्रै निवेदनसाथ पेस नगरेको देखिँदा उक्त कार्यको प्रक्रियासमेत त्रुटिपूर्ण रहेको देखिन आयो ।

७. निवेदकले प्राप्त गरेको सर्वेक्षण अनुमति पत्रको सर्तको प्रकरण (ढ) मा अनुमति पत्र प्रदान भएको मितिबाट दुई वर्षको अवधिभित्र प्रवर्द्धकले कम्तीमा Guidelines for study of hydro power project December २००३ बमोजिम आयोजनाको Topographical mapping, surface Geological mapping, Geophysical survey, construction material survey, Hydrological studies, sediment sampling and Analysis सम्बन्धी कार्यहरू सम्पन्न गरी Geotechnical Investigation कार्यको उल्लिखित प्रगति गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । निवेदकले पेस गरेको Inception report अनुसार उक्त अवधिमा निवेदक कम्पनीले सम्पन्न गरेको कार्य प्रगति देहायबमोजिम रहेको देखिन्छ ।

क्र. सं.	कार्य तथा गतिविधि	संक्षिप्त विवरण	सम्पन्न प्रतिशत
१	Topographical survey and mapping	Completed	१००%
२	Hydrological studies	In Progress	७५%
३	Sediment Sampling Analysis	In Progress	२५%
४	Surface Geoligical Mapping (Including discontinuity surveys and rock mass classification)	Almost Completed	९०%
५	Geotechnical Investigations (Test pits/audits: refraction/resistivity surveys, drillings etc.	Partially completed	५%
६	Construction Materials Survey	In Progress	३०%
७	Seismological Studies	To be Started	-
८	Design and Optimization	In Progress	१५%
९	Project Evaluation	In Progress	२०%

८. माथि उल्लिखित सम्झौतामा उल्लिखित सर्तहरूका कार्य प्रगति हेर्दा ९ वटा कार्यमा केबल survey mapping, studies र rock mass classification जस्ता आयोजनास्तरका तीन वटा कार्यहरू मात्रको प्रगति रहेको देखिएको छ । बाँकी छ वटा महत्त्वपूर्ण कार्यहरूको कार्य प्रगतिहरू ५ देखि ३० प्रतिशतसम्म रहेको छ । दुई वर्षको अवधिभित्र पूरा गर्नुपर्ने कार्यहरूको प्रगति प्रतिशतसम्म हुनुलाई मूल्याङ्कनको दृष्टिकोणबाट प्रगति उन्मुख नभई अति न्यून प्रगति रहेको मान्नुपर्ने हुन जान्छ ।

९. प्रवर्द्धकले बलेफी बी जल विद्युत् आयोजनाको अनुमतिपत्र नवीरकणको निवेदन पेस गर्दा पछिल्लो अवधिको कार्य प्रगति नै पेस गरेको स्थिति छैन । नवीकरण दस्तुर पनि अनुमति पत्रको अवधि समाप्त भएको दुई दिनपछि दाखिल गरेको स्थिति रहेको छ । ऊर्जा मन्त्रालयले प्रवर्द्धकसँग प्रतिक्रिया माग गरेकोमा प्रवर्द्धकले त्यस सम्बन्धमा पेस गरेको Inception report बाट पनि कार्यको प्रगति अति न्यून र सन्तोषजनक नरहेको अवस्था छ । दुई वर्षको आयोजना अवधिमा प्रवर्द्धकले गरेको कार्य प्रगति सन्तोषजनक नदेखिएको अवस्थामा पनि विद्युत् विभागले निर्देशिका २०६८ को दफा ५(३) बमोजिम कर्मचारी खटाएर आयोजनाको स्थलगत निरीक्षण गराउन सकेको देखिँदैन । विभागले आयोजनाको कार्यप्रगतिको स्थलगत रूपमा निरीक्षण नगराएपनि आयोजनाको कार्य प्रगति नै अति न्यून रहेको तथ्यलाई प्रवर्द्धक स्वयम्ले स्वीकारेका छन् । कार्यप्रगति अति न्यून हुनुको प्रमुख कारण युक्तियुक्त रूपमा प्रवर्द्धकले दिन सकेको पाइँदैन । साथै आयोजनाको कार्य प्रगति हुन नसकेको प्रमुख कारणमा सुरू अनुमति पत्र प्राप्त भएको मितिले करिब ८ महिनापछि पुनः क्षेत्र थप गरी भएको जम्मा २० मेगावाटको कार्य गर्न १६ महिना समय मात्र प्राप्त हुन गएकोले समयको कमीको कारणले नै कार्य प्रगति हुन नसकेको भन्ने भनाई रहे पनि प्रवर्द्धकले थप क्षेत्रको पनि प्रारम्भमै राजश्व दस्तुर नतिरेको र नवीकरण गर्दा दिएको निवेदनमा थप क्षेत्रसमेत बारे नवीकरणको माग नगरेको सोको राजश्व दस्तुरसमेत नतिरेको हुँदा सोको जिकिरलाई युक्तियुक्त रूपमा मान्न मिल्ने देखिन आएन ।

१०. निवेदकको अनुमति पत्र नवीकरण नगरी खारेज गर्ने गरेको ऊर्जा मन्त्रालय, सचिव स्तरको निर्णय कानूनसम्मत छ, छैन ? भन्ने सम्बन्धमा हेर्दा, निवेदकले आफ्नो अनुमति पत्र खारेज गर्नु अघि विद्युत् ऐन, २०४९ को दफा ८(१) मा "प्रथमतः अनुमति पत्र प्राप्त व्यक्तिले नियमविपरीत कार्य गरेमा अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्ने छ" भन्ने व्यवस्था रहेकोमा आफूलाई त्यस्तो आदेश पनि प्राप्त नभएको र साथै अनुमति पत्र खारेज गर्नु अघि ऐ. दफाको उपदफा (३) बमोजिम सफाईको मौकासमेत नदिएकोले अनुमति पत्र खारेजीको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको छ भन्ने जिकिर रहेको छ । निवेदकले अनुमतिपत्र नवीकरणको लागि निवेदन दिएपछि मिति २०७१/३/१० मा विद्युत् विकास विभागबाट निवेदकले दुई वर्षको अवधिमा गरेको कार्य प्रगति एवम् त्यस सम्बन्धमा आफ्नो प्रतिक्रिया पेस गर्न भनेबमोजिम पेस भएको Inception रिपोर्टबाट पनि कार्य प्रगति ज्यादै न्यून रहेको देखिन्छ । निवेदकसँग आयोजनाको प्रगति विवरण माग गरेको प्रतिक्रियालाई ऐनको दफा ८(३) बमोजिमको मकसद पूरा हुने गरी नै सफाइको मौका प्रदान गरिएको अवस्था छ । यसरी निवेदकको अनुमति पत्र खारेज हुनुपूर्व निवेदकले आयोजनाको सम्बन्धमा निवेदकलाई सफाई पेस गर्ने पर्याप्त मौका दिएको देखिन्छ । निवेदकले पेस गरेको आयोजनाको कार्य प्रगति प्रतिवेदनबाट कार्य प्रगति ज्यादै नै न्यून भएको हुँदा केवल बहानाको रूपमा सफाईको मौकाको अवस्था नै दिइएन भनेर जिकिर मात्र उठाएको पाइन्छ । निवेदकको आयोजनाको कार्य

प्रगति ज्यादै नै न्यून रहेकोले सो सम्बन्धमा निजसँग ऐनको दफा ८(३) को प्रक्रिया अवलम्बन गरी सफाई पेस गर्ने मौका स्वरूप निवेदकसँग प्रतिक्रिया माग गरी आफ्नो भनाई पेस गर्ने मौका दिई निजको अनुमति पत्र खारेज गर्ने निर्णय भएको देखिन आउँछ ।

११. निवेदकले आयोजनाको अनुमति पत्रको अवधि विद्युत् ऐन, २०४९ को दफा ५ बमोजिम म्याद थप्दै ५ वर्षसम्म प्राप्त गर्न सकिन्छ भन्ने जिकिर लिइएको पाइन्छ । विद्युत् ऐन, २०४९ को दफा ५(१) मा "विद्युत्को सर्वेक्षणको लागि दिइने अनुमति पत्रको अवधि बढीमा ५ वर्षसम्मको हुनेछ" भन्ने व्यवस्था रहेको छ । ऐनको उक्त प्रावधानले आयोजनाको अनुमति पत्रको आधारमा ५ वर्षसम्म थप्न सकिने भएपनि त्यसलाई निरपेक्षरूपमा हेर्न मिल्दैन । प्रवर्द्धकले आयोजनाको अनुमति पत्रको सर्त र नियममा उल्लिखित प्रावधानहरू पूर्णरूपमा पालना गरी सोअनुसार कार्य प्रगति नभएको अवस्थामा अनुमति पत्रको म्याद थपको नवीकरण हुन सक्ने अवस्था बिलकुलै रहँदैन । अनुमति पत्रको नवीकरण हुनको लागि सोही अनुमति पत्रको सर्त (च) र निर्देशिकाको दफा ५ को उपदफा (२)(३) र (४) मा उल्लेख भएको व्यवस्थालाई प्रवर्द्धकले पूर्णरूपमा पालना गर्नुपर्ने हुन्छ । निर्देशिकाको दफा ५ को उपदफा ४ (दोस्रो संशोधन, २०६९) मा "कुनै पनि प्रक्रियाबाट आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्र नवीकरण गरिने छैन" भन्ने प्रावधान रहेको हुँदा निवेदकले पेस गरेको Inception Report एकातर्फ सन्तोषजनक नभएको अवस्था छ भने अर्कोतर्फ निवेदकलाई ऐनको दफा ८ र निर्देशिका २०६८ (दोस्रो संशोधन, २०६९) को दफा ५(४) बमोजिम आफ्नो प्रतिक्रिया दिन वा सफाई पेस गर्न भनेकोमा सोसमेत सन्तोषजनक नदेखिएको अवस्था रहेको छ ।

१२. निवेदकतर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता एवम् अधिवक्ताको बहस एवम् बहस नोटमा समेत ऐनको दफा ५ बमोजिम अनुमति पत्रको अवधि नवीकरणद्वारा ५ वर्षसम्म थप गर्न सकिने भन्ने श्री सर्वोच्च अदालतबाट दुई वटा मुद्दामा सिद्धान्तहरू प्रतिपादित भएका छन् भनी नजिर पेस हुन आएका छन् । नजिरका रूपमा पेस भएका ती मुद्दाहरू मध्ये निवेदक कास्की जिल्ला पोखरा उ.म.न.पा.११ रानीपौवा स्थित रजिष्टर्ड कार्यालय रहेको झ्यामोलोङमा हाइड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि. को तर्फबाट अ.प्रा. सञ्चालक अध्यक्ष पोखरा उ.म.न.पा. ७ बस्ने सूर्य बहादुर के.सी. र प्रत्यर्थी मं.प. को कार्यालय एवम् ऊर्जा मन्त्रालय भएको ०७१-WO-०९१४ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा "कारण र आधार नखुलाई एवम् निवेदकको दरखास्तको सम्बन्धमा विषयवस्तुको औचित्यभित्र प्रवेश गरी निवेदकको हकमा ऊर्जा मन्त्रालयले विवेकसम्मत तथा कानूनी निर्णयको आधारमा रद्द गरेको नदेखिएको" भन्ने निर्णयाधार रहेको छ भने, निवेदक का.जि. का.म.न.पा.-१५ स्थित नेपाल आर्थिक सांस्कृतिक तथा व्यापारिक केन्द्र प्रा.लि. (नेक्ट) र हिम कन्सर्ट वाइन्ट भेन्चरको तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ. वडा. नं. ३ बस्ने कुमार पाण्डे र विपक्षी नेपाल सरकार ऊर्जा मन्त्रालयसमेत भएको ०७०-WO-०२२६ को उत्प्रेषण परमादेशसमेतको मुद्दामा निवेदकले मिति २०६७/५/२ मा मिति २०६७/९/२३ देखि २०६८/३/२२ सम्म सर्वेक्षण अनुमतिपत्र / नवीकरणको लागि निवेदन दिएकोमा अनुमति पत्रको ५ वर्षको अवधि पुग्ने उक्त मितिसम्म म्याद थपिदिने भनी ५ वर्षको अवधि व्यतीत भइसकेको १ वर्षपछि २०६९/१०/८ गतेमा २०६८/८/२२ गतेसम्मको १ वर्ष अवधिको नवीकरण गरेको कारणले निवेदकले काम गर्न नपाएको भन्ने औचित्यको आधारमा रिट जारी भएको अवस्था देखिँदा प्रस्तुत उत्प्रेषण परमादेश मुद्दामा उक्त दुवै मुद्दामा उल्लिखित विवाद र जिकिरभन्दा भिन्न विवादको

तथ्य रहेको र निवेदकले २ वर्ष अनुमति पत्रको म्याद समाप्त हुनु केही दिन अगावै निवदेन दिए पनि दस्तुर अनुमति पत्रको म्याद समाप्त पछि दाखिल गरेको, कार्य प्रगति अति न्यून रहेको र सो बारेमा प्रवर्द्धकलाई आफ्नो सफाई पेस गर्ने मौका दिएको अवस्था हुँदा उक्त मुद्दाहरूमा अपनाइएका निर्णय आधारहरू प्रस्तुत मुद्दामा ग्रहणयोग्य रहे भएको देखिन आउँदैन।

१३. साना जलविद्युत् आयोजनाको कार्यहरू पछिल्लो समयमा राज्यले निजी क्षेत्रबाट पनि गराउँदै आएको छ। राज्यले निजी क्षेत्रलाई यसरी जलविद्युत् आयोजनाहरूको सर्वेक्षणको अनुमति पत्र जारी गरेपछि सोको निर्माण सम्बन्धमा पनि तोकिएका सर्तबमोजिमका कार्य प्रगतिहरू समयमा भए नभएको बारे राज्यले पनि त्यससम्बन्धी ऐन, नियम र निर्देशिकाहरूको प्रावधानलाई कडाइका रूपमा आफ्नो कानूनी कर्तव्य (legal duty) सम्झेर कार्यान्वयन गराउन सक्नुपर्दछ, भने आयोजनाको अनुमति प्राप्त व्यक्ति, संस्था वा कम्पनीले पनि सोको निर्माण कार्य सकभर तोकिएको समय अगावै नै सम्पन्न गर्ने आफ्नो जिम्मेवारीतर्फ सजग रहनुपर्दछ। राज्य र आयोजनाको अनुमति पत्र प्राप्त गर्ने कम्पनीबीच अनुमति पत्र प्राप्त गर्दाको समयमा उल्लिखित सर्तहरू दुवै पक्षबीच लागू हुने एक प्रकारको कानून नै हो। ती सर्तहरू र तत्सम्बन्धी ऐन, कानून र निर्देशिकाका प्रावधानहरू दुरूस्त समयमा जस्ताको तस्तै दुवै पक्षहरूले नै पालना गर्नुपर्दछ। अनुमति पत्र प्राप्त कम्पनीले निर्देशिका २०६८ को दफा ५ को उपदफा (२) र अनुमति पत्रको सर्त (च) बमोजिम कार्यतालिका अनुसार (Work Schedule) कार्य प्रगति विवरण पेस गर्नुपर्ने र निर्देशिकाको दफा ५ को उपदफा (३) ले अनुमति पत्र नवीकरणको लागि पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिने भनेको छ। अनुमति पत्रको सर्त (ढ) मा अनुमति पत्र प्राप्त गरेको दुई वर्षको अवधिभित्र सम्पन्न गर्नुपर्ने कार्यको प्रकृति उल्लेख छ तर ती मध्ये अधिकांश कार्यको प्रगति अती न्यून रहेको छ। यसरी अनुमति पत्र प्राप्त कम्पनीले आफूले प्राप्त गरेको अनुमति पत्रमा उल्लिखित सर्त र निर्देशिकामा उल्लिखित कार्य प्रगति सम्पन्न गर्नुपर्ने सम्बन्धी व्यवस्थाहरू अनुमति पत्रको अवधिको नवीकरणको प्रयोजनको लागि माने वा नमाने पनि कार्य प्रगति गरे वा नगरे पनि हुने स्वेच्छारिता रहेको भन्ने हुँदैन। यी सर्तहरू र निर्देशिकाको उपर्युक्त व्यवस्थाबमोजिम अवधिगत कार्य प्रगति नभए पनि अनुमति पत्र ५ वर्षको अवधि वा आयोजना सम्पन्न नभएको र सम्पन्न हुनेतर्फ प्रगति अगाडी बढेको नभएपनि अझ सोभन्दा पनि बढी अवधिसम्म अनुमति पत्रको नवीकरण हुनैपर्ने भन्ने कम्पनीको कानूनी अधिकार र त्यस्तो अवस्थामा पनि राज्यले त्यस्ता अनुमति पत्रहरूको नवीकरण गरिदिनै पर्ने बाध्यात्मक कानूनी कर्तव्य हो भन्नै मिल्दैन। ऊर्जा मन्त्रालय / विभागलाई नै अनुमति पत्र नवीकरण गर्ने वा नगर्ने प्रयोजनको लागि निर्देशिका २०६८ ले केही कानूनी कर्तव्य तोकेको छ। निर्देशिकाको दफा ५ को उपदफा (३) ले प्रवर्द्धकले पेस गरेको कार्य प्रगति सन्तोषजनक नदेखिएमा वा विभागले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट प्रस्तुतिकरण गर्न लगाउने वा विभागले आफ्नो मातहतको कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्ने भनी कानूनी कर्तव्य (legal duty) तोकिए पनि ऊर्जा मन्त्रालय र विभाग आफैँले समय समयमा आयोजनाको सुपरिवेक्षण र कर्मचारीहरूबाट स्थलगत निरीक्षण गराएर प्रतिवेदनहरू लिने गरेको पाइँदैन। तोकिएको अवधिमा आयोजनाको प्रगति जे जस्तो भए पनि त्यसको कार्य प्रगति प्रतिवेदन लिनेतर्फ अग्रसर नहुने र जे जस्तो जति प्रगति भए पनि त्यसतर्फ पूर्णतः अनदेखा गरी केवल अनुमति पत्रलाई नवीकरण गरी दिनेतर्फ मात्र अग्रसर भई रहनु हुँदैन। आयोजनाको अनुमति पत्र नवीकरण गर्नुपूर्व सो अवधिसम्म गर्नुपर्ने कार्य प्रगति सम्पन्न गर्नेतर्फ

आशा एवम् उत्साहजनक रूपमा प्रगति भए नभएको हेरेर मात्र अनुमति पत्रको नवीकरण गर्ने नगर्नेतर्फ नै निर्णय गर्नुपर्ने हुन्छ । एकातर्फ समयमा तोकिएको कार्य प्रगति पूरा नगर्ने अर्कोतर्फ बिना कार्य प्रगति आयोजनाको अनुमति पत्रको नवीकरण गरिदिनुपर्ने भन्ने निवेदकको भनाई परस्पर एवम् अन्तरविरोधको रूपमा देखिन जान्छन् । आयोजनाको आशातीत कार्य प्रगति बिना अनुमतिपत्रको नवीकरणको प्रक्रिया अनुमति पत्रको सर्त र निर्देशिकाबमोजिम अगाडि बढेर अनुमति पत्रको नवीकरण हुनै सक्दैन । अनुमति पत्रको नवीकरण गर्ने नगर्ने विषय कार्यपालिकाको Wisdom र क्षेत्राधिकारभित्रको विषय हो भनी मान्ने हो भने पनि सम्बन्धित ऐन, नियम, निर्देशिकाको व्यवस्था र अनुमति पत्रले तोकेको सर्तको सिमाभित्र नै रहेर सरकारले जल विद्युत् आयोजनाहरूको अनुमतिपत्रको नवीकरण गर्ने नगर्ने सम्बन्धमा आफ्नो निर्णयको क्षेत्राधिकारको सीमालाई ग्रहण र ठिकरूपमा (Rightly) प्रयोगसमेत गर्नुपर्ने हुन्छ । ऐन, नियम, निर्देशिका र अनुमति पत्रका सर्तले अनुमति पत्रको नवीकरणको पूर्व सर्तको रूपमा केही वस्तुगत आधारहरू तोकिदिएको छ भने नवीकरण गर्ने वा नगर्ने निर्णयको क्षेत्राधिकार राज्यले प्रयोग गर्नुपूर्व सर्तका रूपमा तोकिएका ती वस्तुगत आधारहरू पूरा भए नभएतर्फ पनि अनिवार्यरूपमा हेर्नैपर्ने र मूल्याङ्कनसमेत गर्नुपर्ने हुन्छ ।

१४. कार्यपालिका र सोअन्तर्गतका निकायका प्रशासकीय निर्णयहरू पनि स्वेच्छाचारी, निर्देशित र अन्य निकायको दबाब र निर्देशनमा हुन हुँदैन । ऊर्जा मन्त्रालय एवम् विभागले पनि विद्युत् ऐन र नियमबमोजिम आफूलाई प्राप्त अधिकारको स्वतन्त्र र विवेकसम्मत ढंगले नै प्रयोग गर्नुपर्दछ । प्रस्तुत विवादमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१/७/९ को निर्णयबमोजिम प्रेषित मिति २०७१/७/११ को पत्रमा निवेदकले प्राप्त गरेको बलेफी बी जलविद्युत् आयोजनाको सर्वेक्षणको अनुमति पत्रको खारेजी गर्ने सम्बन्धमा कारवाही गर्नु भनिएको निर्देशन पालना गरी अनुमति पत्र रद्द गरेकोले ऊर्जा मन्त्रालय, सचिव स्तरको मिति २०७१/९/११ को निर्णय स्वतन्त्र एवम् सक्षम छैन भन्ने निवेदन जिकिरलाई हेर्दा, एकातर्फ निवेदकले प्राप्त गरेको आयोजनाको प्रगति सम्बन्धमा दुई वर्ष अवधिमा अनुमतिपत्रमा उल्लिखित सर्तबमोजिम प्रगति नभएको अवस्था छ भने अर्कोतर्फ निवेदकलाई आफ्नो भनाई राख्ने पर्याप्त मौका दिएर कारण र आधार खुलाएर निवेदकको अनुमति पत्र नवीकरण नगरी रद्द गर्ने गरी भएको निर्णय स्वतन्त्र र निष्पक्ष एवम् कानूनको प्रक्रिया नै पुगेको छैन भन्न मिल्दैन । निवेदकको सर्वेक्षण अनुमति पत्रको सर्त (च) र (ढ) एवम् विद्युत् ऐन, २०४९ को दफा ८(१)(३) र निर्देशिका २०६८ को (२०६९ मा भएको दोस्रो संशोधन) दफा ५ को उपदफा (२)(३) र (४) का आधारमा हेर्दा ऊर्जा मन्त्रालय, सचिवस्तरको निवेदकको अनुमतिपत्र रद्द गर्ने गरी मिति २०७१/९/११ मा भएको निर्णय पूर्णत: तथ्यपरक स्वतन्त्र, विवेक र कानूनसम्मत नै रहेको पुष्टि हुन आउँछ ।

१५. अतः माथि विवेचित आधार र कारणबाट निवेदकले आफूले प्राप्त गरेको जलविद्युत् आयोजनाको अनुमति पत्रमा उल्लिखित सर्त (च) र (ढ) मा उल्लेख भएबमोजिम दुई वर्षको अवधिभित्र सम्पन्न गरी सक्नु पर्ने कार्यको प्रगति अति न्यून रहेको र निजलाई सोबारेको प्रतिक्रिया पेस गर्न दिइएको मौकामा निजले पेस गरेको Inception Report र प्रतिक्रिया एवम् सफाई नै सन्तोषजनक नभएको र अनुमति पत्रको समयावधि व्यतित भएको दुई दिनपछि नै नवीकरणको राजश्व दस्तुर दाखिल गरेको आधारमा निवेदकको अनुमति पत्र नवीकरण नगरी दरखास्त एवम् अनुमति पत्र नै रद्द गर्ने गरी ऊर्जा मन्त्रालय सचिव स्तरको मिति २०७१/९/११ को निर्णय ऐन, नियम र निर्देशिकासम्मत नै रहे भएको देखिँदा उक्त निर्णय

उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज भएको अवस्थामा बलेफी बी जलविद्युत् आयोजना राष्ट्रिय बास्केटमा गएको हुँदा सोको नयाँ अनुमति पत्र प्रदान गर्ने सम्बन्धमा अगाडि आवश्यक कारवाही गर्नु गराउनुहोला। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनु। प्रस्तुत रिट निवेदनको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

इजलास अधिकृत: सुमन कुमार न्यौपाने
इति संवत् २०७४ साल कार्तिक २१ गते रोज ३ शुभम्।

निर्णय नं. ९८५४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
फैसला मिति : २०७४।०१।२९
०७१-CR-१३८९

मुद्दाः जबरजस्ती करणी।

पुनरावेदक / प्रतिवादी : जिल्ला दाङ, हापुर गा.वि.स. वडा नं. २ घर भई हाल कारागार कार्यालय तुलसीपुरमा कैदमा रहेको देवेन्द्र गिरी

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नामथर जिल्ला प्रहरी कार्यालय दाङ (ञ) को जाहेरीले नेपाल सरकार

- **मोबाइलमा सम्पर्क भएको वा मिसकल (miss call) गरेको भन्ने आधारमा मात्र करणीकै लागि प्रतिवादीहरूलाई आमन्त्रण भएको थियो भनी अनुमान गर्न नमिल्ने।**
(प्रकरण नं. ४)
- **आफूलाई जबर्जस्ती करणी भएको भनी महिलाले तथ्यसहित उजुर गरिरहेको परिप्रेक्ष्यमा नेपाली समाजको वर्तमान अवस्था, एउटी महिलाको इज्जत प्रतिष्ठाप्रतिको सामाजिक दृष्टिकोण र साँघुरो यौन स्वतन्त्रताको नेपाली परिवेशमा अन्यथा स्थापित हुने अवस्था नदेखिएसम्म एउटी महिलाले रातको समयमा दुई जना व्यक्तिहरूलाई एकसाथ बोलाई पालै पालो करणी गर्न मन्जुरी दिइन्**

सर्वोच्च अदालत

होला भनेर विश्वास गर्न सकिने अवस्था नरहने ।

(प्रकरण नं. ५)

पुनरावेदक प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ताहरू नारायणप्रसाद देवकोटा र महानिधी सेढाइ

प्रत्यर्थी वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता दुर्गा खड्का

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू फैसला गर्नेः-

माननीय न्यायाधीश श्री विश्वमंगल आत्रेय

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री शम्भुबहादुर खड्का

माननीय न्यायाधीश श्री पदमराज भट्ट

फैसला

न्या.दीपकराज जोशी : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१/९/२० को फैसलाउपर पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :-

मिति २०६९/१०/१३ गते राति अ. २१:०० बजेको समयमा मामाका छोराछोरी वर्ष ११/१२ का भाई बहिनीहरूसँग सुतिरहेको अवस्थामा माधव गिरी र देवेन्द्र गिरी म सुतिरहेको घरको झ्यालबाट भित्र प्रवेश गरी मेरो मुख रूमालले थुनी मलाई कोठाबाट लतार्दै घिसारेर दुवै जनाले घरदेखि दक्षिणतर्फ रहेको खरकट्टीमा लगी मेरो घाँटी र मुखमा गलबन्दी रूमालले बाँधी दुवै जनाले जबरजस्ती करणी गरेको हुँदा निज अन्यायीहरूलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको परिवर्तिति नाम थर जिल्ला प्रहरी कार्यालय दाङ (ञ) को जाहेरी दरखास्त ।

जिल्ला दाङ, हापुर गा.वि.स. वडा नं. ४ स्थित पूर्व भन्मै सोता, पश्चिम दुर्घ बहादुर न्यौपानेको खेतबारी, दक्षिण बाँझो खेतबारी र उत्तर दुर्घबहादुर न्यौपानेको खेतबारी यति चार किल्लाभित्र रहेको खरको झाडीमा मिति २०६९/१०/१३ गते राति अ. २१:०० बजेको समयमा परिवर्तित नाम थर जिल्ला प्रहरी कार्यालय दाङ (ञ) लाई देवेन्द्र गिरीसमेतका व्यक्तिले जबरजस्ती करणी गरेको भनिएको ठाउँमा माटो खोस्रिएको, खर उखेलिएको, कुल्चिएको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

परिवर्तित नाम थर जिल्ला प्रहरी कार्यालय, दाङ (ञ) को स्वास्थ्य परीक्षण गर्दा निजको शरीरमा कुने बाहिरी चोटपटक नदेखिएको, निजको योनिको पछाडी भागमा सामान्य चोट देखिएको, कन्या जाली च्यातिएको, घस्रिएको चिह्न देखिन्छ भन्ने स्वास्थ्य परीक्षण रिपोर्ट ।

प्रतिवादीहरू माधव गिरी र देवेन्द्र गिरीको स्वास्थ्य परीक्षण गर्दा निजहरूको शरीरमा कुनै चोटपटक नदेखिएको, लिङ्गको अवस्था सामान्य रहेको कपडाहरूको अवस्था सामान्य रहेको निजहरूले करणी गरेको स्वीकार गरेको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन ।

मिति २०६९/१०/१३ गतेको राति अं. २१:०० बजेको समयमा जाहेरवाली परिवर्तित नाम जिल्ला प्रहरी कार्यालय दाङ (ञ) ले देवेन्द्र गिरीलाई फोनबाट माधव गिरीलाई पनि घरको दक्षिणतिरको खरबारीमा लिएर आउनु भनेपछि देवेन्द्र गिरीले मलाई जाउँ जाहेरवालीले बोलाएकी छ भनेपछि देवेन्द्र गिरी र म सो ठाउँमा जाँदा हामी पुग्नुभन्दा पहिला जाहेरवाली पुगिसकेकी थिइन् । हामी सबैको सल्लाह अनुसार म अलि पर गएर बसेँ, देवेन्द्र गिरीले जाहेरवालीलाई यौन सम्पर्क गरिसकेपछि जाहेरवालीले मलाई बोलाई मैले हुन्छ की हुँदैन भनी सोधेपछि हुन्छ भनिन् र दुवैको सल्लाहले मैले पनि एक पटक यौनसम्पर्क

गरेको हुँ । जाहेरवालीलाई मैले जबरजस्तीसँग नभई निजकै सल्लाह अनुसार यौन सम्पर्क गरेको हुँ । यस अघि २०६९ साल पौष महिनाको २५/२६ गते तिर पनि जाहेरवालीले सोही ठाउँमा देवेन्द्र गिरी र मलाई बोलाएको अवस्थामा देवेन्द्र र मैले निजलाई एक / एक पटक यौन सम्पर्क गरेका हौं । सो कुरा जाहेरवालीको घर परिवारले थाहा पाएको कारणले जाहेरवालीले मसमेतको नाममा किटानी जाहेरी दरखास्त दिएको हुनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी माधव गिरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६९/१०/१३ गतेको राति अं. २१:०० बजेको समयमा जाहेरवालीले आफ्नो मोबाइल नं. ९८०९७८३१७० बाट मेरो मोबाइल नं. ९८४७९६४१०६ मा मिसकल गरेपछि मैले निजलाई कल गरेको हुँ । फोनमा कुरा हुँदा जाहेरवालीले माधव गिरी र तिमी मेरो घरको दक्षिणपट्टि रहेको झाडीमा आउनु भनेपछि म र माधव गिरी जाहेरवालीले बोलाएको स्थानमा जाँदा हामीभन्दा अगाडी जाहेरवाली पुगिसकेकी थिइन । केहिछिन कुराकानी भएपछि जाहेरवालीकै सहमतिमा माधव गिरी र मैले जाहेरवालीलाई एक / एक पटक यौन सम्पर्क गरेपछि आ-आफ्नो घर गएका हौं । २०६९ साल पौष महिनाको २५/२६ गतेतिर पनि सोही स्थानमा जाहेरवालीको सहमतिमा माधव गिरी र मैले यौन सम्पर्क गरेका थियौं । सो कुरा जाहेरवालीको घर परिवारले थाहा पाएको कारणले जाहेरवालीले मसमेतको नाममा किटानी जाहेरी दरखास्त दिएको हुनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी देवेन्द्र गिरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६९/१०/१३ गतेको राति जाहेरवाली परिवर्तित नामथर जिल्ला प्रहरी कार्यालय दाङ (ञ) लाई प्रतिवादी देवेन्द्र गिरी र माधव गिरीले घरको दक्षिणतर्फ रहेको झाडीमा लगी पालैपालोसँग जबरजस्ती करणी गरिसकेपछि जाहेरवालीलाई सोही ठाउँमा लगी छोडी गएका हुन् भन्ने कुरा सुनी थाहा पाएपछि जाहेरवालीको घरमा आउँदा जाहेरवालीको कुर्ता च्यातिएको, कपाललगायत लगाएको कपडाहरूमा धुलो लागेको र शरीरका विभिन्न भागमा कोतरिएको दाग देखेको हुँ । यसरी सामुहिकरूपमा जबरजस्ती करणी गर्ने माधव गिरी र देवेन्द्र गिरीलाई कानूनबमोजिम कारवाही हुनुपर्छ भन्ने तिला बस्नेत, बसन्ती बुढाथोकी र मीना विष्टसमेतले गरेको घटना विवरण कागज ।

मिति २०६९/१०/१३ गतेको राति हेमराज सिजवाल, लक्ष्मी बुढाथोकी, घनश्याम बुढाथोकी, बसन्ता सिजवाल र परिवर्तित नाम थर जिल्ला प्रहरी कार्यालय, दाङ (ञ) एउटै कोठामा सुतिराखेका थियौं । प्रतिवादीहरूले जाहेरवालीलाई कोठाबाट के कसरी लगे थाहा भएन । एक्कासी रातिको समयमा जाहेरवाली रुँदै आएपछि मलाई देवेन्द्र गिरी र माधव गिरीले जबरजस्ती करणी गरे भनेपछि थाहा पाएका हौं । यसरी जबरजस्ती करणी गर्ने प्रतिवादीहरूलाई कानूनबमोजिम कारवाही हुनुपर्छ भन्ने व्यहोराको लक्ष्मी बुढाथोकी, बसन्ता सिजवाल र हेमराज सिजवालसमेतले गरेको घटना विवरण कागज ।

प्रतिवादीहरू देवेन्द्र गिरी र माधव गिरीले मिति २०६९/१०/१३ गते राति पीडित परिवर्तित नामथर जिल्ला प्रहरी कार्यालय, दाङ (ञ) लाई सामुहिकरूपमा जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत ऐ. ३(क) नं. बमोजिमको कसुर गरेको हुँदा प्रतिवादीहरू देवेन्द्र गिरी र माधव गिरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (४) बमोजिमको सजायका साथै सोही महलको ३(क) नं. बमोजिम थप सजाय हुन तथा सोही महलको १० नं. बमोजिम निज प्रतिवादीहरूबाट पीडित जाहेरवालीलाई मनासिब क्षतिपूर्तिसमेत भराई पाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको अभियोग पत्र ।

पीडित जाहेरवालीले ९८०९७८३१७० नं.

को मोबाइलबाट मेरो मोबाइल नं. ९८४७९६४१०६ मा मिसकल गरेपछि मैले उसको मोबाइलमा फोन गरेको हुँ। फोनबाटै उसको घरदेखि केही पर झाडीमा बस्ने ठेगान भई माधव गिरीलाई समेत लिएर आउनु भनेकाले हामी दुवै जना रातको अं. ८:३० तिर घटनास्थल खरबारीमा जाँदा जाहेरवाली पहिला नै गएर बसेकी थिइन। त्यहाँ हाम्रो कुराकानी भई सल्लाह र सहमतिले पहिला मैले र पछि माधवले पालैपालो करणी गरेका हौं । जबरजस्ती करणी गरेको हैन । शायद उसको घरका मानिसहरूले थाहा पाएको हुनाले हामीउपर जाहेरी दरखास्त दिएकी होलिन् भन्नेसमेत व्यहोराको प्रतिवादी देवेन्द्र गिरीले अदालतसमक्ष गरेको बयान।

मिति २०६९/१०/१३ गते अं. ५ बजेतिर जाहेरवालीले देवेन्द्र गिरीको मोबाइलमा मिसकल गरेपछि देवेन्द्रले जाहेरवालीको ९८०९७८३१७० नं. को मोबाइलमा फोन गर्दा जाहेरवालीले हामी दुवैजनालाई उसको घरदेखि दक्षिणतिर रहेको घटनास्थल खरबारीमा बोलाएपछि हामी दुवैजना बेलुकी अं. ८:३० बजेतिर पुग्दा जाहेरवाली पहिले नै पुगिसकेकी थिइन् । त्यसपछि हामी एकछिन बसी कुराकानी गरेपछि जाहेरवालीकै इच्छाअनुसार पहिला देवेन्द्रले र पछि मैले यौनसम्पर्क गरेका हौं । कुनै करकाप जोर जुलुम गरी करणी गरेको हैन । जाहेरी व्यहोरा झुठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी माधव गिरीले अदालतसमक्ष गरेको बयान।

पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल अ.बं. ११८ को देहाय २ बमोजिम प्रतिवादीहरू देवेन्द्र गिरी र माधव गिरीलाई पुर्पक्षका लागि थुनामा राख्नु र प्रतिवादी चुक्ता भइसकेकाले पीडित, घटनास्थल मुचुल्का गर्ने व्यक्तिहरू, मौकामा बुझिएका मानिसहरू र प्रतिवादीका साक्षी बुझी नियमानुसार पेस गर्नु र परीक्षणका लागि पठाएको भन्ने रिपोर्ट प्रतिवेदन झिकाई मिसिल सामेल राख्नु भन्नेसमेत व्यहोराको मिति २०६९/११/९ गतेको जिल्ला अदालतको आदेश।

मिति २०६९/१०/१३ गते राति अं. ९:०० बजेतिर म सबैको मामाको घरमा माधव गिरी र देवेन्द्र गिरी भन्ने मानिसहरू आई झ्यालबाट भित्र पसी मलाई बोकी जबरजस्ती घरदेखि पश्चिमतिर खरबारीमा लगी पहिले माधव गिरी र त्यसपछि देवेन्द्र गिरीले पालैपालो जबरजस्ती करणी गरेका हुन् भन्ने व्यहोराको पीडित जाहेरवाली परिवर्तित नामथर जिल्ला प्रहरी कार्यालय, दाङ (ञ) ले अदालतसमक्ष गरेको बकपत्र।

प्रतिवादीहरू र जाहेरवाला बीचमा पटक पटक भेटघाट र फोनमा कुराकानीसमेत हुने गर्दथ्यो। मिति २०६९/१०/१३ गतेको दिन पनि जाहेरवालीले प्रतिवादी देवेन्द्रको मोबाइलमा फोन गरेकी थिइन्। जाहेरवाली र प्रतिवादीहरू बीच उक्त मितिमा जबरजस्ती करणी नभई निजहरूको सहमतिबाटै करणी लिनु दिनु भएको हो भन्ने व्यहोराको प्रतिवादीका साक्षी सीता गिरीले अदालतमा गरेको बकपत्र।

जाहेरवाली पीडितलाई मिति २०६९/१०/१३ गतेको साँझतिर माधव गिरी र देवेन्द्र गिरीले जबरजस्ती करणी गरेकाले प्रतिवादीहरूलाई सजाय हुनुपर्ने हो भन्नेसमेत व्यहोराको वादी पक्षका साक्षी तिला बस्नेतले अदालतमा गरेको बकपत्र।

मिति २०६९/१०/१३ गतेको बेलुकी अं. ९:०० बजेको समयमा पीडित जिल्ला प्रहरी कार्यालय दाङ (ञ) र प्रतिवादीहरू बीच करणी लिनुदिनु भएकै हो तर जबरजस्ती करणी भएको होइन । पीडित र प्रतिवादीहरू बीच आपसी सल्लाह र सहमतिबाटै करणी लिनुदिनु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी चुडामणी गिरीले अदालतमा गरेको बकपत्र।

मिति २०६९/१०/१३ गते राति दुईजना मानिस हामी सुतेको कोठामा आई दिदीलाई उठाएर लग्न लागे। हामीलाई बोले, हल्ला गरेपछि मारिदिन्छौं

भनेकाले डरले हामीहरूले केही गर्न सकेनौँ । दिदीलाई कोठाबाट उठाई घर बाहिर लगेका थिए । मिति २०६९/१०/१३ गतेको घटना विवरण कागजको व्यहोरा र सोमा भएको सहीछाप मेरै हो भन्नेसमेत व्यहोराको वादीका साक्षी हेमराज सिजवालले अदालतमा गरेको बकपत्र ।

हामी सुतेको ठाउँ कोठामा राति दुईजना मैले नचिनेका मानिस आएका थिए । ती मानिसहरूले दिदी पीडितलाई लगी गएका थिए । डरले हामीले केही गर्न सकेनौं भन्नेसमेत व्यहोराको वादीका साक्षी लक्ष्मी बुढाथोकीले अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरू उपर किटानी जाहेरी, पीडितको स्वास्थ्य जाँच रिपोर्ट, पीडित सँगसँगै सुतेका हेमराज सिजवाल र लक्ष्मी बुढाथोकीको मौकाको कागज र अदालतसमक्षको बकपत्र, मौकामा कागज गर्ने मानिसहरूको कथन, माटो खोस्रिएको र खर उखेलिएको भन्ने घटनास्थल प्रकृति मुचुल्का, करणी गरेका हौं भन्ने प्रतिवादीहरूको साबिती बयानसमेतबाट जाहेरवाली पीडितलाई प्रतिवादीहरूले सामुहिकरूपमा जबरजस्ती करणी गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरू देवेन्द्र गिरी र माधव गिरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय ४ बमोजिम ५(पाँच) वर्ष कैद र ऐ. को ३(क) नं. बमोजिम थप ५(पाँच) वर्ष गरी जम्मा १०(दश) वर्ष कैदको सजाय हुने ठहर्छ । क्षतिपूर्तिको हकमा पीडितले प्रतिवादीहरूबाट जनही रू.२५,०००/- (पच्चीस हजार) क्षतिपूर्तिबापत भरी पाउने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०७०/१२/०१० को दाङ देउखुरी जिल्ला अदालतको फैसला ।

हामी प्रतिवादीहरूले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा पीडित भनिएकी जिल्ला प्रहरी कार्यालय दाङ (ञ) लाई जबरजस्ती करणी गरेका होइनौँ । पीडितसँग हाम्रो पहिलेदेखि नै चिनजान र प्रेम सम्बन्ध रहेकोले जाहेरवालीको सहमतिबाटै निजसँग यौन सम्बन्ध भएको हो । निजसँग उक्त मितिभन्दा अघि पनि सहमतिमा करणी भएको र वारदात मितिका दिन पीडितले आफ्नो मोबाइलबाट देवेन्द्र गिरीको मोबाइलमा माधवलाई समेत लिई आउनु भनी फोन गरी बोलाएकी हुन् । सो फोन संवादको रेकर्ड बुझ्ने भनी आदेश भई नेपाल दूरसञ्चार कम्पनीलाई समेत कल डिटेल उपलब्ध गराउन पत्राचार भएकोमा दूरसञ्चार कम्पनीबाट संवाद रेकर्ड राख्ने प्रविधि नभएको भन्ने जवाफसमेत प्राप्त भएको अवस्था छ । यसरी सुरू अदालतबाट फैसला हुँदा आफूले गरेको आदेश पूर्णरूपमा कार्यान्वयन नै नगरी हामीहरूलाई कैद सजाय हुने गरी फैसला गरिदिएको छ । पीडितले आफ्नो जाहेरी व्यहोरालाई अदालतसमक्ष आई पुष्टि गरिदिएको भन्ने आधार लिइएको छ । पीडितले घटनाको बारेमा तत्काल कोही कसैसँग नभनी कुनै किसिमको प्रतिकार पनि नगरी चूप लागी बसेबाट पनि करणी हुनमा निजको सहमति रहेको प्रष्ट हुन्छ । वारदातको बारेमा अरूले थाहा पाएपछि आफ्नो इज्जत जोगाउनका लागि पनि निजले आफन्तहरूको बहकाउमा लागि हाम्रो विरूद्ध झुट्ठा उजुरी दिएकी हुन् । हामीहरूले पीडितको इच्छा विरूद्ध जबरजस्ती करणी गरेको नभई सहमतिले नै करणी गरेको हुँदा सुरू अदालतबाट हामीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादीहरू देवेन्द्र गिरी र माधव गिरीको पुनरावेदन अदालतमा परेको पुनरावेदन पत्र ।

जाहेरवालीको मोबाइल नं. ९८०९७८३१७० बाट प्रतिवादी देवेन्द्र गिरीको मोबाइल नं. ९८४७९६४१०६ मा विभिन्न मितिमा ९ पटकसम्म फोन गरी कुरा भएको र प्रतिवादी माधव गिरीको मोबाइल नं. ९८१९५३३४६० बाट जाहेरवालीको मोबाइल नं. मा २ पटक कुरा भएको मिसिल संलग्न दूरसञ्चारको Call Detail Statement बाट देखिएको तथा जाहेरवाली र

निजका भाइबहिनीहरूसँगै सुतेको कोठाको झ्यालबाट प्रतिवादीहरू भित्र पसेको जाहेरवाली र निजका भाइबहिनीहरूले देखेको भन्ने बकपत्र भए पनि बचाउको लागि जाहेरवाली वा अन्य कसैले विरोध नगरेको अवस्था रहेको देखिँदा प्रमाण मूल्याङ्कनको सन्दर्भमा सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०७०/१२/१० को फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, तुलसीपुरलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालतको मिति २०७१/७/२३ को आदेश।

पीडित परिवर्तित नामथर जिल्ला प्रहरी कार्यालय दाङ (ञ) को योनिको पछाडिको भागमा सामान्य चोट देखिएको, कन्याजाली च्यातिएको, योनिमा घस्रिएको चिह्न देखिन्छ भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख हुनु, पीडित जाहेरवालीले प्रतिवादीहरूले आफूलाई कोठबाट जबरजस्ती उठाई खरबारीमा लगी जबरजस्ती करणी गरेका हुन् भनी आफ्नो जाहेरीलाई पुष्टि हुने गरी अदालत आई बकपत्र गर्नु, वारदात मितिमा पीडितसँग सँगै सुतेका हेमराज सिजवाल र लक्ष्मी बुढाथोकिले २ जना मानिस हामी सुतेको कोठामा आई दिदीलाई जबरजस्ती उठाएर लगेका हुन्। हल्ला गरेपछि मारिदिने धम्की दिएकोले डरले केही गर्न सकेनौँ भनी मौकामा लेखाइदिएको कागजलाई पुष्टि गर्दै अदालतमा बकपत्र गरिदिनु, प्रतिवादीहरू अदालतमा कसुर गरेतर्फ इन्कार भई बयान गरे पनि अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित भई बयान गर्नु, तथा सहमतिबाट करणी लिनु दिनु भएको हो भन्ने प्रतिवादीहरूको अदालतको बयानलाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम पुष्टि गर्न सकेकोसमेत नदेखिएबाट प्रतिवादीहरूले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको तथ्य शंकारहित रूपबाट प्रमाणित हुन आएको छ। अतः प्रतिवादीहरू देवेन्द्र गिरी र माधव गिरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय ४ बमोजिम ५(पाँच) वर्ष कैद गरी जम्मा दश वर्ष कैद सजाय हुने र प्रतिवादीहरूबाट क्षतिपूर्तिबापत पीडितलाई जनही रू.२५,०००/- (पच्चीस हजार) भराई दिने ठहऱ्याई गरेको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०७०/१२/१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०७१/९/२० को पुनरावेदन अदालत, तुल्सीपुरको फैसला।

हामीलाई दोषी ठहर गर्दा जाहेरीलाई मूल आधार बनाइएको छ। तर जाहेरी स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको छैन। हामीले करणी गरेको होइन भनेको छैन। करणी त भएको हो तर जाहेरवालीको सहमतिले भएको हो। घरबाट घिसार्दै खरबारीमा लगेको भए जाहेरवालीको शरीरमा घाउचोट हुनुपर्ने सोसमेत शारीरिक परीक्षण प्रतिवेदनबाट देखिएको छैन। कन्याजाली च्यातिनु मात्र जबरजस्ती करणीको चिह्न होइन। सहमतिमा नै हामीले करणी गरका छौं। जाहेरवालीको उमेर पुगेको छ त्यस अवस्थामा कन्याजाली नहुनु स्वाभाविक हो। सुरू र पुनरावेदनका फैसलाहरूले त्यस्ता कुराहरूलाई आधार लिई भएको फैसला त्रुटिपूर्ण हुँदा बदर उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भनी प्रतिवादीहरूको यस अदालतमा परेको पुनरावेदन पत्र।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री नारायणप्रसाद देवकोटा र महानिधी सेढाइले जाहेरवाला र प्रतिवादीहरूका बीच सहमतिमा करणी लिनु दिनु भएको तथ्य जाहेरवालीले प्रतिवादीको मोबाइलमा गरेको फोनबाट पनि प्रष्ट छ। घरमा मानिसहरूको बीचमा सुतेकी जाहेरवालीलाई प्रतिवादीहरूले बोकी घिसारी लगेको भए निजले कराउनु चिच्याउनु पर्ने, शरीरमा चोटपटक आदि देखिनुपर्नेमा

सो पनि देखिएको छैन । घर परिवारले थाहा पाएको कारण मात्र जाहेरी परेको हो भन्ने कुरा उक्त तथ्यहरूले स्थापित भएको अवस्थामा प्रतिवादीहरूलाई सजाय गर्ने गरी भएको फैसला मिलेको छैन सफाई हुनुपर्छ भनी गर्नुभएको बहस तथा नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दुर्गा खड्काले फोन गर्दैमा करणी सहमतिमा भएको भन्न सकिन्न, घरबाट जबरजस्ती लैजाँदा डरधाक धम्की दिएर लगेको भन्ने कुरा जाहेरवालीको बकपत्र तथा बुझिएका व्यक्तिहरूको बकपत्रसमेतबाट देखिएको अवस्थामा प्रतिवादीहरूले करणी गरेको स्वीकार गरेको देखिएको स्थितिमा निजहरूलाई सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला सदर हुनुपर्छ भनी गर्नु भएको बहस सुनी मिसिलसमेत अध्ययन गरी विचार गर्दा पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेको छ छैन भनी निर्णय दिनुपर्ने देखिन आयो ।

२. यसमा निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरूले जाहेरवाली प्रहरी कार्यालय दाङ (ञ) लाई घरबाट जबरजस्ती खरबारीमा लगी जबरजस्ती करणी गरेकोले जबरजस्ती करणीको १ नं. विपरीत ३(क) बमोजिमको कसुर गरेकोले ३(४) नं. बमोजिम सजाय गरी ३(क) नं. बमोजिमको थप सजायसमेत गरी, पीडितलाई क्षतिपूर्तिसमेत दिलाउन माग गरी अभियोग पत्र दायर भएकोमा प्रतिवादीहरूलाई जनही १० वर्ष कैद तथा रू.२५,०००/- क्षतिपूर्ति भराई दिने गरी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट फैसला भएकोमा सोमा चित्त नबुझाई प्रतिवादीहरूले पुनरावेदन गरेको देखियो ।

३. पीडितलाई घरमा सुतिरहेको अवस्थामा प्रतिवादीहरूले रूमालले मुख थुनी, लतार्दै बाहिर लगेको भन्ने जाहेरी दरखास्तबाट देखिन्छ । पीडितसँगै सुतेका निजका भाइ, बहिनी हेमराज सिजवाल र लक्ष्मी बुढाथोकीले अदालतमा आई बकपत्र गर्दा दुईजना मानिसहरूले दिदीलाई उठाई लान लागेको र आफूहरूले हल्ला गर्न खोज्दा मारिदिने धम्की दिएकोले चुप लागी बसेका हौं भनी खुलाई दिएको देखिन्छ । पीडितले अदालतमा आई बकपत्र गर्दासमेत प्रतिवादीहरूले आफूलाई जबरजस्ती घरबाट बाहिर लगी जबरजस्ती करणी गरेका हुन् भनी बकपत्र गरिदिएको अवस्था छ । बुझिएका तिला बस्नेतले यिनै प्रतिवादीहरूले पीडितलाई जबर्जस्ती करणी गरेका हुन् भनी बकपत्रसमते गरिदिएको अवस्था छ । यसरी बुझिएका व्यक्ति, पीडितसमेतले अदालतमा आई आफ्नो जाहेरी, कागज व्यहोरालाई समर्थन गरी प्रतिवादीहरूले जबर्जस्ती करणी गरेका हुन् भनी बकपत्र गरिदिएको देखिएको छ । घटनास्थलको खर माडिएको, माटो उक्किएकोसमेतको अवस्था देखिएको र पीडितको शारीरिक परीक्षण प्रतिवेदनले योनिमा चोट देखिएको अवस्था छ । यी सम्पूर्ण तथ्य प्रमाणले पीडितलाई जबर्जस्ती करणी भएको भन्ने जबर्जस्ती करणीको आपराधिक तथ्य (corpus delicti) स्थापित भएको देखियो ।

४. प्रतिवादीहरूले बयान गर्दा जबरजस्ती करणी गरेको नभई सहमतिले करणी लिनुदिनु भएको हो भनी भने तापनि पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा योनिको पछाडी भागमा सामान्य चोट तथा घस्रिएको चिह्न देखिएको छ, पीडितको कथन प्रतिवादीहरू विरूद्ध छ । प्रतिवादीहरूले आफ्नो कथन स्थापित / पुष्टि गर्ने ठोस प्रमाण पेस गर्न सकेको छैन । मोबाइलमा सम्पर्क भएको वा मिसकल (miss call) गरेको भन्ने आधारमा मात्र करणीकै लागि प्रतिवादीहरूलाई आमन्त्रण भएको थियो भनी अनुमान गर्न पनि मिल्दैन ।

५. आफूलाई जबर्जस्ती करणी भएको भनी महिलाले तथ्यसहित उजुर गरिरहेको परिप्रेक्ष्यमा नेपाली समाजको वर्तमान अवस्था, एउटी महिलाको इज्जत प्रतिष्ठाप्रतिको सामाजिक दृष्टिकोण र साँघुरो यौन स्वतन्त्रताको नेपाली परिवेशमा अन्यथा स्थापित

हुने अवस्था नदेखिएसम्म एउटी महिलाले रातको समयमा दुई जना व्यक्तिहरूलाई एकसाथ बोलाई पालै पालो करणी गर्न मन्जुरी दिइन् होला भनेर विश्वास गर्न सकिने अवस्था रहँदैन । त्यसमाथि प्रस्तुत वारदातमा प्रतिवादीहरूले पीडितलाई घरबाटै जबरजस्ती उठाई लगेको भन्ने कुरा हेमराज र लक्ष्मीले प्रत्यक्ष देखेका छन् । निजहरूले सो कुरा अदालतमा आई बकपत्र गर्दासमेत खुलाई दिएको अवस्था छ । पीडितको सहमतिले करणी लिनुदिनु गरेको भए प्रतिवादीहरू उपर जाहेरी दिनुपर्ने तथा अदालतमा समेत आई बकपत्र गर्नुपर्ने अवस्था नै रहने थिएन । उल्लिखित अवस्थाहरूले गर्दा सहमतिमा करणी लिनु दिनुभएको हो भन्ने प्रतिवादीहरूको कथनलाई मान्न सकिने अवस्था रहेन ।

६. अतः माथि उल्लिखित तथ्य एवम् प्रमाणको आधारमा प्रतिवादीहरू देवेन्द्र गिरी र माधव गिरीले पीडितलाई जबरजस्ती करणी गरेको ठहर्‍याई निजहरूलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ को देहाय ४ नं. बमोजिम जनही ५ वर्ष कैद र ऐ. को ३(क) नं. बमोजिम थप ५ वर्ष कैद गरी जम्मा जनही १० वर्ष कैद गरी पीडितलाई जनही २५,०००/- (पच्चीस हजार रूपैयाँ) क्षतिपूर्ति प्रतिवादीहरूबाट भराई दिने ठहर्‍याई भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१/९/२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. तेजबहादुर के.सी.

इजलास अधिकृत : सुमनकुमार न्यौपाने
इति संवत् २०७४ साल वैशाख २९ गते रोज ६ शुभम् ।

निर्णय नं. ९८५५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
आदेश मिति : २०७४।०५।०४
०७२-WO-०००७

विषय : उत्प्रेषण / परमादेश

निवेदक : तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. ४ बस्ने रन्जित बोहोरा

विरूद्ध

विपक्षी : काठमाडौं उपत्यका खानेपानी लिमिटेड, मुख्य कार्यालय, त्रिपुरेश्वर मार्ग, काठमाडौंसमेत

- **वैकल्पिक उम्मेदवारको सूची राखिनुको औचित्य र सन्दर्भ भन्ने नै योग्यता क्रमको सिफारिसमा परेका अधिल्ला उम्मेदवार निश्चित समयभित्र सम्बन्धित पदमा नरहेमा वा सो पद रिक्त भएमा सोही पदमा अर्को परीक्षा लिइरहनु नपर्ने र वैकल्पिक उम्मेदवारलाई क्रमैसँग सिफारिस गर्नुपर्दछ भन्ने नै हुने ।**
- **सुरू नियुक्त हुने कर्मचारीलाई परीक्षणकालमा राखिनुको अर्थ सो अवधिभित्र उक्त उम्मेदवार कतिपय कारणले अयोग्य ठहरिन सक्छ वा अन्य कतिपय कारणले नियुक्ति सिफारिस भएको पद सो अवधिभित्र रिक्त हुन सक्छ । यसरी सो अवधिभित्र उम्मेदवार अयोग्य ठहरिएको अवस्थामा वा पद रिक्त भएको अवस्थामा प्रतिक्षा सूचीमा रहेका**

वैकल्पिक उम्मेदवारलाई नै सिफारिस गर्नुपर्ने ।

(प्रकरण नं. ४)

- **काठमाडौं उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६४ को १७(२) ले नियुक्ति पत्र लिन नआएमा वा नियुक्ति लिएको पन्ध्र दिनभित्र कार्यालयमा कुनै सम्पर्क नराखी हाजिर नभएमा भन्ने प्रावधान तथा विनियमावलीको विनियम १८(१) को परीक्षणकालको व्यवस्थालाई सान्दर्भिक तथा स्वर्णीम व्याख्या गर्नुपर्ने हुन्छ, जसले गर्दा एउटै पदमा तत्कालै पटक पटक परीक्षा लिई रहनु नपरोस् भनी वैकल्पिक उम्मेदवारको सिफारिस गर्ने कानूनी व्यवस्था र पद्धतिलाई समेत परिपोषित गर्ने ।**

(प्रकरण नं. ५)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता बच्चु सिंह खड्का
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- काठमाडौं उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६४ को विनियम १७(२)

आदेश

न्या.दीपकराज जोशी : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :-

विपक्षी काठमाडौं उपत्यका खानेपानी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापित भएको नेपाल सरकारको पूर्ण स्वामित्व भएको लिमिटेड कम्पनी हो । विपक्षी लिमिटेडको पदपूर्ति समितिले "खुल्ला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सूचना" भनी मिति २०६९।११।१९ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गरेकोमा सो सूचनाको विज्ञापन नं. ३९।०६९।०७० को "ओभरसियर" पद (पद संख्या २) मा म निवेदकको योग्यता पुगेको हुँदा खुल्ला प्रतियोगितामा सहभागी हुनको लागि मैले सो सूचनाको अधिनमा रही दरखास्त फारम भरी परीक्षामा सहभागी भई लिखित परीक्षा उत्तीर्ण भएको र अन्तर्वार्तासमेत दिई मिति २०७१।०५।१० को गोरखापत्रमा त्यसको परिणाम प्रकाशित भएको र सो परिणामअनुसार निवास गुरागाई र गणेशकुमार मल्ल योग्यताक्रम १ र २ मा छनौट हुनु भएको र म निवेदक वैकल्पिक सूचीको पहिलो नम्बरमा परेको अवस्था थियो ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६४ (छैटौं संशोधनसहित) को विनियम १७(२) मा "रिक्त पदमा नियुक्तिको लागि सिफारिस भएको व्यक्तिलाई सिफारिस भएको मितिले एक महिनाभित्र नियुक्ति गर्ने अधिकारीले पदको कार्य विवरणसहित नियुक्ति पत्र दिई सक्नुपर्नेछ तर सिफारिस भएको सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र पनि उम्मेदवारले नियुक्ति पत्र लिन नआएमा वा नियुक्ति पत्र लिएको पन्ध्र दिनभित्र कार्यालयमा कुनै सम्पर्क नराखी हाजिर नभएमा यस्ता उम्मेदवारको नाम योग्यताक्रमबाट हटाइएको सूचना प्रकाशित गरी निजको सट्टा प्रतिक्षा सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्ति दिन सक्नेछ" भन्ने व्यवस्था छ । त्यस्तै गरी काठमाडौं उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६४ (छैटौं संशोधनसहित) को विनियम १८(१) मा "कम्पनीको स्थायी पदमा पहिलो पटक नियुक्ति गर्दा सबै तहमा एक वर्षसम्म

परीक्षणकालमा राखिनेछ, तर महिला कर्मचारीको हकमा ६ महिनासम्म परीक्षणकालमा राखिनेछ" र विनियम १८(२) मा "परीक्षणकालमा रहेका कुनै कर्मचारीको सेवा सन्तोषजनक नभएमा त्यस्तो कर्मचारीलाई कुनै पनि बखत कम्पनीको सेवाबाट हटाउन सकिनेछ र त्यसरी हटाउन यस विनियमावलीबमोजिम कुनै कार्यविधि पूरा गर्नु आवश्यक पर्ने छैन" भन्ने व्यवस्था भएबाट परीक्षणकाल एक वर्षसम्म वैकल्पिक उम्मेद्वार (प्रतिक्षा सूचीमा रहे भएको व्यक्ति) नियुक्तिको लागि योग्य रहने हुन्छ।

यसरी मिति २०७१।०५।१२ मा ओभरसियर पदमा छनौट भएका दुई जना उम्मेद्वार निवास गुरागाई र गणेशकुमार मल्लमध्ये गणेशकुमार मल्लले नियुक्ति पत्र बुझेको ४/५ दिनपछि नै ओभरसियर पदवाट राजीनामा दिएको हुँदा म निवेदक वैकल्पिक सूचीको पहिलो उम्मेदवार रहे भएको कारण स्वतः उक्त रिक्त पदमा नियुक्ति पाउने पहिलो हकदार हुँ। लोक सेवा नियमावली, २०६७ को नियम ३४ख मा "नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारको सिफारिस भएको मितिले एक वर्षभित्र मृत्यु भई वा निजले नियुक्ति लिएको पदबाट राजीनामा दिई वा निजको अन्य पदमा नियुक्ति भई निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमअनुसार नियुक्तिको लागि सिफारिस गर्नेछ" भन्ने व्यवस्थासमेत छ। म निवेदक २०७१।०५।१२ को गोरखापत्रमा नतिजा प्रकाशित गरिएको सूचनाको योग्यताक्रम अनुसार वैकल्पिक सूचीको पहिलो नम्बरमा परेको हुँदा म निवेदकले नियुक्ति पाउनु पर्ने कुरामा कुनै विवाद हुन सक्दैन।

यसरी विपक्षी काठमाडौं उपत्यका खानेपानी लिमिटेड कम्पनीले खुल्ला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धमा मिति २०६९।११।१९ मा सार्वजनिक सूचना प्रकाशित गरी सो सूचनाको विज्ञापन नं. ३९।०६९।०७० को ओभरसियर पदको खुल्ला प्रतियोगितामा २०७१।०५।१२ को गोरखापत्रमा नतिजा प्रकाशित भएको र सो नतिजाअनुसार निवास गुरागाई र गणेशकुमार मल्ल योग्यताक्रम अनुसार छनौट हुनुभएको र म वैकल्पिक सूचीको पहिलो नम्बरमा भएको आधार र कारणबाट गणेशकुमार मल्लले राजीनामा दिएपछि मैले स्वतः उक्त रिक्त पदमा नियुक्ति पाउनु पर्ने भनी विपक्षीहरूसँग अनुरोध निवेदन गरेकोमा आजभोलि आजभोलि भनी आलटाल गरी राजीनामा दिएको प्रमाण पत्र नदिई एक वर्षको समय व्यतित गर्न खोजेकोले बाध्य भई सम्मानित अदालतको शरणमा आएको छु।

माथिका प्रकरणहरूमा उल्लिखित तथ्य र कानूनको आधारमा विपक्षीहरूको उक्त काम कारवाहीबाट मलाई नेपालको अन्तरिम संविधानको धारा १२(३) (च),१३ द्वारा प्रद्धत्त मौलिक हक, कानूनद्वारा प्रदत्त कानूनी हकसमेत हनन हुन गएको र ती हकहरू प्रचलन गराउने अन्य कुनै वैकल्पिक एवम् प्रभावकारी उपचारको बाटोसमेत केही नभएको हुनाले बाध्य भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतको शरणमा उपस्थित भएको छु। अतः सम्मानित अदालतबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम असाधारण अधिकार क्षेत्र ग्रहण गरी विपक्षीहरूले म निवेदक (वैकल्पिक उम्मेदवार) लाई नियुक्ति नदिने किसिमले मेरो विरूद्धमा संविधान र कानून प्रद्धत्त हकहितको प्रतिकूल हुने गरी कुनै निर्णय गरेको भए सो निर्णय एवम् पत्रचारहरू लगायतका सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर गरी म वैकल्पिक उम्मेदवार (प्रतिक्षा सूचीमा) रहे भएको व्यक्तिलाई उल्लिखित तवरबाट खाली भएको ओभरसियर पदमा नियुक्ति पत्र दिनु भन्नेसमेत व्यहोराको परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ।

प्रस्तुत मुद्दाको अन्तिम किनारा लाग्न समय लाग्ने भएको कारण उक्त खाली भएको ओभरसियर पदमा मिति २०७२।०५।११ पछि खुल्ला तथा समावेशी प्रतियोगिताबाट पदपूर्ति गर्ने सम्भावना रहेको, यसरी पदपूर्ति गरेमा म रिट निवेदक (वैकल्पिक उम्मेदवार) ले नियुक्ति पाउने सम्भावना टर्न गई अन्यायपूर्ण र गैरकानूनी कार्यले प्रश्रय पाई म रिट निवेदकलाई अपूरणीय क्षति हुन जाने हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम विपक्षीहरूको नाउँमा प्रस्तुत मुद्दाको अन्तिम किनारा नलाग्दासम्म उक्त तवरबाट खाली भएको ओभरसियर पदपूर्ति गर्ने कार्य नगर्नु नगराउनु, सो पद खाली राख्नु भन्नेसमेत व्यहोराको अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए यो आदेशको सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको एकप्रति प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ प्राप्त भएपछि नियमबमोजिम पेस गर्नू।

निवेदकले अन्तरिम आदेशको समेत माग गरेको सम्बन्धमा विचार गर्दा तत्काल अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था निवेदन व्यहोराबाट नदेखिएको र निवेदकको माग दाबी रिट निवेदनमा पूर्ण सुनुवाइ गर्दा सम्बोधन हुने विषय हुँदा निवेदन मागअनुसार अन्तरिम आदेश जारी गर्न परेन भन्ने व्यहोराको यस अदालतको मिति २०७२।४।१५ को आदेश।

काठमाडौँ उपत्यका खानेपानी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको दर्ता नं. ९८४।०६३।०९।०९ को स्वायत्त लिमिटेड कम्पनी हो। यस कम्पनीको आफ्नै प्रबन्धपत्र, नियमावली र कर्मचारी प्रशासन विनियमावली, २०६४ (छैठौं संशोधनसहित) छ। यस कम्पनी नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्था नभई नेपाल सरकार, स्थानीय निकाय र निजी क्षेत्रका संघ संस्थाहरूको शेयर लगानीको Public Private Partnership मा बनेको PPP मोडलको लिमिटेड कम्पनी हो। रिट निवेदकले भने जस्तो लोक सेवा आयोग ऐन वा ऐ नियमावली यसमाथि लागू हुने होइन।

रिट निवेदकले भने जस्तै निज रिट निवेदक वैकल्पिक उम्मेदवारको पहिलो नम्बरमा रहेको उम्मेदवार हो। तर यस कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०६४ को १७(२) मा "रिक्त पदमा नियुक्तिको लागि सिफारिस भएको व्यक्तिलाई सिफारिस भएको मितिले एक महिनाभित्र नियुक्ति गर्ने अधिकारीले पदको कार्य विवरणसहित नियुक्तिपत्र दिई सक्नुपर्ने तर सिफारिस भएको सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र पनि उम्मेदवारले नियुक्ति पत्र लिन नआएमा वा नियुक्ति पत्र लिएको पन्ध्र दिनभित्र कार्यालयमा कुनै सम्पर्क नराखी हाजिर नभएमा यस्ता उम्मेदवारको नाम योग्यताक्रमबाट हटाइएको सूचना प्रकाशित गरी निजको सट्टा प्रतिक्षा सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्ति दिन सक्नेछ" भन्ने व्यवस्था छ। खुल्ला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सूचनाको मिति २०७१।५।१० मा परिणाम प्रकाशित भई सो परिणामबमोजिम निवास गुरागाईं र गणेशकुमार मल्ल योग्यताक्रम नं.१ र २ मा छनौट भई मिति २०७१।५।२० बमोजिम नियुक्ति लिई कार्य गर्न थालिएकोमा गणेशकुमार मल्लले मिति २०७१।५।३० मा आफ्नो पदबाट राजीनामा गरेकोमा सो राजीनामा मिति २०७१।५।२९ देखि लागू हुने गरी मिति २०७१।६।१२ मा स्वीकृत भएको हो। त्यसैले यसमा कम्पनीको क.प्र.वि. २०६४ को १७(२) को

अवस्था विद्यमान छैन।

नियुक्ति पाएर कार्य गरिसकेको कर्मचारीले आफ्नो पदबाट राजीनामा गरी मिति २०७१।५।२९ देखि खाली रहेको पदमा विपक्षी निवेदकले लगभग १० महिनापछि विलम्ब गरी मिति २०७२।३।२१ मा नियुक्तिका लागि निवेदन दिनुलाई कर्मचारी प्रशासन विनियमावलीको १८(१) मा "कम्पनीको स्थायी पदमा पहिलो पटक नियुक्ति गर्दा सबै तहमा एक वर्षसम्म परीक्षणकालमा राखिने छ, तर ...." र १८(२) मा "परीक्षणकालमा रहेको कुनै कर्मचारीको सेवा सन्तोषजनक नभएमा त्यस्तो कर्मचारीलाई कुनै पनि बखत कम्पनीको सेवाबाट हटाउन सकिनेछ र त्यसरी ..." भन्ने व्यवस्था भएबाट परीक्षणकाल एक वर्षसम्म वैकल्पिक उम्मेदवार नियुक्तिको लागि योग्य रहने छ भनी आफूखुशी व्याख्या गरी आफ्नो निवेदनको विलम्बलाई ढाकछोप गर्न खोजेको देखिन्छ । तर कम्पनीको क.प्र.वि.२०६४ को दफा १२ (क)(१) मा नयाँ सृजना भएको वा रिक्त दरबन्दी सामान्यता नौ महिनाभित्र पदपूर्ति गरिसक्नु पर्नेछ भन्ने व्यवस्थाबाट सो पदमा पूरानो प्रक्रियाबाट पदपूर्ति गर्ने अवस्था नै समाप्त भइसकेको छ। राजीनामा पश्चात् खाली रहेको पदमा विपक्षी निवेदकले आफू वैकल्पिक उम्मेदवार रहेकोले नियुक्ति पाउँ भनी मिति २०७२।३।२१ मा निवेदन दिएको छ। सो निवेदन माथि हामीले कुनै निर्णय गर्न नपाउँदै हतारिएर मिति २०७२।४।७ मा सम्मानित सर्वोच्चमा रिट दायर गरेको देखिन्छ । यसबाट विपक्षीको रिट हतास मनस्थितबाट सृजित भन्ने स्पष्ट झल्किएको छ । विपक्षीले आफूले निवेदन दिएपछि सोमा सम्बन्धित निकायबाट निर्णय नहुँदासम्म पर्खनु पर्ने हो र निर्णयउपर चित्त नबुझेको अवस्थामा मात्र पुनरावेदन वा रिट क्षेत्रमा प्रवेश गर्ने निज निवेदकको कानूनी अधिकार विद्यमान हुँदाहुँदै हतास मनस्थिति लिएर रिट क्षेत्रमा प्रवेश गर्नु सम्मानित अदालत, कम्पनी र स्वयम्को पनि समयको वर्वाद गर्नु हो । अतः यसरी विपक्षीले माथि प्रकरण प्रकरणमा उल्लेख गरेबमोजिम गलतरूपमा कानूनी व्यवस्थामा टेकेर, कानूनको आफूखुशी व्याख्या गर्दै हतास मनस्थितिले रिट निवेदन दिएकोले सो निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं उपत्यका खानेपानी लिमिटेडसमेतको तर्फबाट परेको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बच्चु सिंह खड्काले सिफारिसमा परेका उम्मेदवारले कम्पनीको विनियमावलीको विनियम १७(२) को म्यादमा पद छाडेको अवस्था र १ वर्षको परीक्षणकालभित्रै भएकोसमेत अवस्थामा वैकल्पिक १ नं. मा रहेको निवेदकलाई नियुक्त गर्नुपर्नेमा नगरी आलटाल गरेकोले निजलाई नियुक्त गर्नु भनी परमादेशको आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनी मिसिल अध्ययन गरी विचार गर्दा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भनी निर्णय दिनुपर्ने देखिन आयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा, मिति २०६९।११।१९ को गोरखापत्रमा प्रकाशित सूचनाको विज्ञापन नं. ३९/०६९/०७० को ओभरसियर पद संख्या २ मा लिखित परीक्षा, अन्तरवार्ता भई गोरखापत्रमा प्रकाशित सूचनाबमोजिम यी निवेदक वैकल्पिक सूचीमा पहिलो नम्बरमा परेको भन्ने कुरामा विवाद देखिँदैन। नियुक्ति पाउने सिफारिसको योग्यताक्रमको २ नं. मा रहेका गणेशकुमार मल्लले मिति २०७१।५।२० मा नियुक्ति बुझिलिई २०७१।५।३० मा राजीनामा दिएको भन्ने तथ्य लिखित जवाफबाट समेत खुलेको देखिएको छ। यसरी निज गणेश कुमार मल्लले परिणाम प्रकाशित भएको एक महिनाभित्र तथा नियुक्ति बुझेको १५ दिनभित्रै राजीनामा दिएको देखिन्छ।

३. काठमाडौं उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६४ को विनियम

१७(२) को व्यवस्था हेर्दा ".. सिफारिस भएको सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र पनि उम्मेदवारले नियुक्तिपत्र लिन नआएमा वा नियुक्तिपत्र लिएको पन्ध्र दिनभित्र कार्यालयमा कुनै सम्पर्क नराखी हाजिर नभएमा यस्ता उम्मेदवारको नाम योग्यता क्रमबाट हटाइएको सूचना प्रकाशित गरी निजको सट्टा प्रतिक्षा सूचीमा रहेको उम्मेदवारलाई योग्यता क्रमअनुसार नियुक्ति दिनसक्ने छ" भन्ने व्यवस्था गरेको देखियो । त्यस्तै गरी सोही विनियमावलीको विनियम १८(१) मा "कम्पनीको स्थायी पदमा पहिलो पटक नियुक्ति गर्दा सबै तहमा एक वर्षसम्म परीक्षण कालमा राखिने छ..." भन्ने व्यवस्थासमेत गरेको देखिन्छ । नयाँ कर्मचारीको नियुक्ति सिफारिस, परीक्षणकाल र सोही नतिजाबमोजिमका वैकल्पिक उम्मेदवारले पाउने अवसरको परिप्रेक्ष्यमा उल्लिखित विनियमावली, २०६४ को विनियम १७(२) र १८(१)(२) को व्यवस्थालाई एकैसाथ एक अर्काका पूरकको रूपमा समेत लिनुपर्ने देखिन्छ ।

४. वैकल्पिक उम्मेदवारको सूची राखिनुको औचित्य र सन्दर्भ भन्ने नै योग्यताक्रमको सिफारिसमा परेका अघिल्ला उम्मेदवार निश्चित समयभित्र सम्बन्धित पदमा नरहेमा वा सो पद रिक्त भएमा सोही पदमा अर्को परीक्षा लिइरहनु नपर्ने र वैकल्पिक उम्मेदवारलाई क्रमैसँग सिफारिस गर्नुपर्दछ भन्ने नै हो । प्रस्तुत विवादको सन्दर्भमा कुन अवधिलाई वैकल्पिक सिफारिस गरिन सक्ने अवधि मान्ने भनेर हेर्दा सर्वप्रथम सिफारिस भएको उम्मेदवार उपस्थित हुनु पर्ने म्यादलाई र परीक्षण कालको अवधिलाई नै हेर्नुपर्दछ । यहाँ पहिलो अर्थात् सिफारिस भएको उम्मेदवार हाजिर हुने म्यादमा उपस्थित भइसकेकोले सोको प्रश्न बाँकी रहेन । अब परीक्षण कालको अवधिको सम्बन्धमा हेर्नुपर्ने हुन्छ । सुरू नियुक्त हुने कर्मचारीलाई परीक्षण कालमा राखिनुको अर्थ सो अवधिभित्र उक्त उम्मेदवार कतिपय कारणले अयोग्य ठहरिन सक्छ वा अन्य कतिपय कारणले नियुक्ति सिफारिस भएको पद सो अवधिभित्र रिक्त हुन सक्छ । यसरी सो अवधिभित्र उम्मेदवार अयोग्य ठहरिएको अवस्थामा वा पद रिक्त भएको अवस्थामा प्रतिक्षा सूचीमा रहेका वैकल्पिक उम्मेदवारलाई नै सिफारिस गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादको सन्दर्भमा हेर्दा नियुक्तिका लागि सिफारिस भएका गणेशकुमार मल्लले नियुक्ति बुझिलिएको १५ दिनभित्रै राजीनामासमेत गरेकोले उक्त पद रिक्त हुन आएको अवस्था छ । यसै विषयसँग सान्दर्भिक सैद्धान्तिक आधार रहेको लोक सेवा आयोग नियमावली, २०६७ को नियम ३४ को व्यवस्थासमेतले नियुक्तिको सिफारिस भएको उम्मेदवारको पद कुनै कारणबाट १ वर्षभित्र रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार सिफारिस गर्नुपर्ने गरी व्यवस्था गरेको देखिन्छ ।

५. निवेदकलाई वैकल्पिक सूचीमा राखिएको पदमा नियुक्तिको सिफारिस भएका उम्मेदवार हाजिर भएर राजीनामा दिई १५ दिनभित्र पद रिक्त भइरहेकै अवस्था छ । संस्थाको विनियमावली, २०६४ को १७(२) ले नियुक्ति पत्र लिन नआएमा वा नियुक्ति लिएको पन्ध्र दिनभित्र कार्यालयमा कुनै सम्पर्क नराखी हाजिर नभएमा भन्ने प्रावधान तथा विनियमावलीको विनियम १८(१) को परीक्षणकालको व्यवस्थालाई सान्दर्भिक तथा स्वर्णीम व्याख्या गर्नुपर्ने हुन्छ, जसले गर्दा एउटै पदमा तत्कालै पटक पटक परीक्षा लिई रहनु नपरोस् भनी वैकल्पिक उम्मेदवारको सिफारिस गर्ने कानूनी व्यवस्था र पद्धतिलाई समेत परिपोषित गर्दछ । अतः परीक्षणकालको अवधिभित्रै तथा नियुक्ति बुझेकोसमेत १५ दिनभित्रै नियुक्ति सिफारिस भएका उम्मेदवारले नियुक्ति पाएको पद रिक्त भएको र यी रिट निवेदक रन्जित बोहरा वैकल्पिक योग्यता क्रमको पहिलो नम्बरमा रहेको देखिएकोले निजले नियमानुसार सिफारिस भएको "ओभरसियर" पदमा नियुक्ति पाउनु पर्ने देखिएको हुँदा निज निवेदकलाई नियमानुसार गरी

नियुक्ति पत्र दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनू । प्रस्तुत मुद्दाको दायरीकको लगत कट्टा गरी अभिलेख शाखामा बुझाइ दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम् ।

निर्णय नं. ९८५६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओम प्रकाश मिश्र
माननीय न्यायाधीश श्री मीरा खड्का
फैसला मिति : २०७४।०१।०५
०७१-CR-०८७५

मुद्दाः जबरजस्ती करणी ।

पुनरावेदक / प्रतिवादी : काभ्रे जिल्ला बालुवापाटी गा.वि.स. वडा नं. ५ नगरकोट घर भई हाल कारागार कार्यालय काठमाडौंअन्तर्गत केन्द्रीय कारागारमा थुनामा रहेका वर्ष २५ का विजय सुन्दास

विरूद्ध

विपक्षी / वादी : रामेछाप जिल्ला भलाजोर गा.वि.स. वडा नं. ६ घर भई हाल का.जि.म.न.पा. वडा नं. १८ मा बस्ने वर्ष ४१ की मञ्जु नेपालीको जाहेरीले नेपाल सरकार

- **जबरजस्ती करणी जस्तो अपराधमा न्यायको रोहबाट न्यायको लागि संवेदनशील हुनुपर्ने हो तर पनि अति संवेदनशील भई एकतर्फी रूपमा विचार गर्दा न्याय मर्न जाने हुँदा विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी न्यायमा पुग्नु पर्ने ।**
- **पीडितको बकपत्र कसुरमा मुख्य कडी भए पनि सो बकपत्रको पुष्ट्याईं शंकारहित रूपबाट नभएमा बकपत्रलाई यान्त्रिक रूपबाट प्रमाणको रूपमा ग्रहण गरी सजाय गर्नु विवेकयुक्त मान्न नसकिने ।**
- **प्रतिवादीले मौकामा गरेको बयानमा जबरजस्ती करणीको उद्योगमा साबितै रहेको देखिएकोमा ततिम्बा बयान गराई जबरजस्ती करणीको कसुरमा साबिती गराएको देखिन्छ जबकि ततिम्बा बयान गराउँदा अगाडि स्पष्ट नभएका कुरामा मात्र सोधी प्रष्ट गराउनुपर्दछ भन्ने कानूनी व्यवस्था भएकोमा प्रतिवादीलाई अघि नै स्पष्टसँग उल्लेख गरेको कसुरसँग असम्बन्धित कसुरमा साबित गराएको देखिन्छ जुन कुरा कानून र न्यायसम्मत हुन आउँदैन । तसर्थ उपर्युक्त विवेचनाबाट प्रतिवादीले जबरजस्ती कगणी गरेको नभई जबरजस्ती करणीको उद्योगसम्म गरेको तथ्य समर्थित भएको देखिने ।**

(प्रकरण नं. ९)

पुनरावेदक प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता चन्द्रबहादुर बस्नेत
विपक्षी वादीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्याम भट्टराई
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)
- जबरजस्ती करणीको महलको १ र ३(३) नं.

सुरू तहमा फैसला गर्नेः
मा.न्यायाधीश श्री विष्णुप्रसाद कोइराला
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश श्री हरिप्रसाद बगाले

फैसला

न्या. ओमप्रकाश मिश्र : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेछ:-

म जाहेरवालीको छोरी हाल नाम परिवर्तन परिवर्तित "परिसर-ष" लाई प्रतिवादी विजय सुन्दासले का.जि.म.न.पा. वडा नं. १८ नरदेवी स्थित मेरो कोठामा कोही नभएको मौका पारी छोरीको संवेदनशील अंगमा हात हाल्ने गरेको र मिति २०६९।१।३ गते बिहान ११:०० बजेको समयमा छोरी मात्र कोठामा भएको मौका पारी जबरजस्ती करणी गर्न खोजेको भनी निज छोरीले भनेकी र वरिपरिका मानिसहरूबाट थाहा पाएको हुँदा निज प्रतिवादी विजय सुन्दासलाई पक्राउ गरी जबरजस्ती करणी उद्योग महलअनुसार हदैसम्म कारवाही गरिपाउँ भन्ने व्यहोराको मञ्जु नेपालीको जाहेरी दरखास्त।

का.जि.म.न.पा. वडा नं. १८ नरदेवी स्थित पूर्वमा श्याम महर्जनको घर, पश्चिममा आयुर्वेदिक अस्पताल, उत्तरमा नरेन्द्रप्रसाद भुलको घर र दक्षिणमा बसन्त महर्जनको घर यति चारकिल्ला रहेको अमिरमान शाक्यको ५ तले घरको माथिल्लो तलामा पूर्व मोहडामा जाहेरवाली मञ्जु नेपालीको कोठा रहेको उक्त कोठाभित्र हेर्दा पूर्वपट्टी सुत्ने बेड रहेको, उक्त कोठाभित्र प्रतिवादी विजय सुन्दासले १३ वर्षकी "परिसर-ष" लाई जबरजस्ती करणी गर्न खोजेको भन्ने चार किल्लासहितको घटनास्थल मुचुल्का।

म का.जि.म.न.पा. वडा नं. १८ नरदेवीमा बुबा, आमा र भाइसँग बस्छु, प्रतिवादी विजय सुन्दासलाई मेरो बुबाले चिन्नु हुँदो रहेछ । निज प्रतिवादी मेरो बुबासँग अ.१ महिना अगाडि हाम्रो कोठामा आउँदा चिनजान भएको हो । म कक्षा १ को परीक्षा सकिएकोले कोठामा नै बसिरहेको अवस्थामा ३/४ दिन अगाडि निज प्रतिवादी हाम्रो कोठामा आयो । भाइ अभिषेक नेपालीलाई गाली गरी कोठा बाहिर निकाली दियो । म पनि निस्कन खोज्दा निस्कन दिएन। मसँग मेरो घर जानुपर्छ, तिमीलाई म बुढी बनाउँछु भनी फकाई त्यस दिन रू. २० पनि दियो। यसै क्रममा मिति २०६९।१।३ गते बिहान अं. ११:०० बजेको समयमा म र मेरो भाइ कोठामा बसिरहेको समयमा निज प्रतिवादी कोठामा आई भाइलाई पैसा दिई बाहिर पठाई कोठाको ढोका लगाएर मेरो संवेदनशील अंगमा हात हाली मलाई गलैंचामाथि लडाई मेरो कपडा जबरजस्ती खोली करणी गर्न खोज्दा म चिच्याएको सुनी वरपरका मानिसहरूले थाहा पाएकोले निज प्रतिवादी विजय सुन्दास कोठाबाट भागी गएका हुन् । निज प्रतिवादीले मलाई जबरजस्ती करणी उद्योग गरेको हो भन्नेसमेत व्यहोराको पीडित "परिसर-ष" ले गरेको कागज।

जाहेरवाली मञ्जु नेपालीको कोठा र मेरो पसल नजिकै भएकोले विगत ३ महिनादेखि पीडित "परिसर-ष" र मेरो चिनजान भएको हो, निजको बुबा र मेरो राम्रो चिनजान भएकोले निजहरूको कोठामा म आउने जाने गर्दथेँ । निज पीडितको भाइले मसँग

साइवर जान पैसा माग्ने गर्दथे र मैले दिने गर्दथेँ। मिति २०६९।१।३ गते बिहान मेरो पसलमा पीडित "परिसर-ष" आएकी थिइन् । निज र मसँगै होटलमा गएर खाजा खाई आ-आफ्नो कोठामा गएका हौं, पछि म फेरी पीडितको कोठामा जाँदा कोठा बन्द थियो। मैले ढोका धकेलेरभित्र पसेँ, मलाई छ्याङ लागेको हुँदा मैले निज पीडितलाई जिस्क्याउने, संवेदनशील अंगहरूमा चलाउने गर्दा निज अप्ठ्यारो मानी नचलाउनुस् भन्दै थिइन् । निजको हातमा समाई कस्सेर तान्दा निजले आत्तिएर बुबालाई भनी दिन्छु भनेपछि मैले निजलाई छाडी गएको हो । निजलाई मैले धाक धम्की दिएको छैन । तर जबरजस्ती करणी गर्ने उद्देश्यले निजको संवेदनशील अंगहरूमा छुने, किस खाने कार्य गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विजय सुन्दासले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

पीडित "परिसर-ष" को जन्म मिति २०५४ असोज रहेको भन्ने व्यहोराको कंकेश्वरी नि.मा.वि.को पत्र।

प्रतिवादी विजय सुन्दास मेरो बुबासँग कोठामा आएपछि पटकपटक बुबा आमा नभएको समयमा आइरहन्थ्यो । मलाई रू.१०।- / २०।- दिई पसलमा जाउँ भन्थ्यो र जान्न भन्दा गाली गरी मलाई निकाली ढोका लगाई बस्थ्यो। मिति २०६९।१।३ गते बुबा आमा काममा गएपछि म र दिदी कोठामा ढोका बन्द गरी बसिरहेकोमा प्रतिवादीले ढोका बेस्सरी घचेटीभित्र आई मलाई रू.१० ।- दिई बाहिर निकाली दियो। म फर्केर आउँदा ढोका लगाइएको थियो। दिदी मलाई छोडीदिनु भनी कराई रहेकी थिइन् । दिदीले धेरै बेरपछि ढोका खोल्दा दिदीको कपाल खोलेको, कपडाहरू लथालिङ्ग थियो । निजले मेरो दिदी "परिसर-ष" लाई जबरजस्ती करणी गरेकोमा विश्वास लाग्छ भन्ने व्यहोराको अभिषेक नेपालीको कागज र सोही व्यहोरासँग मेल खाने गरी युनारायण दमाई र सरिता नेपालीको कागज।

निज पीडितको स्वास्थ्य सामान्य छ । कन्याजाली पुरानो च्यातिएको छ। निजको शरीरमा कतै घाउचोट पटक छैन भन्ने व्यहोराको प्रसुती गृह थापाथलीको स्वास्थ्य परीक्षण प्रतिवेदन।

मिति २०६९।१।२ गते दिउँसो अ. १३:०० बजेको समयमा मेरो भाइ बाहिर खेल्न गएको थियो । म एक्लै कोठामा पढेर बसिरहेको अवस्थामा प्रतिवादी मेरो कोठामा आई मेरो दुवै हात समाई भुइँमा लडाई मैले लगाएको सुरूवाल र पेन्टी खोली उसले लगाएको पाइन्ट र पेन्टी खोली ममाथि चढी निजको लिङ्ग मेरो योनिमा घुसाई म चिच्याउँदा पनि जबरजस्ती करणी गरियो। मलाई धेरै बेरसम्म दुःखी रह्यो। निज प्रतिवादीले यो कुरा बुबा आमालाई भनिस् भने तेरो बुबा आमालाई मारिदिन्छु भनेकोले मैले कसैलाई पनि भनिन। निजले जबरजस्ती करणी गर्दा मेरो योनिबाट रगत पनि आएको थियो। आमाले थाहा पाउनु हुन्छ भनेर पेन्टी धोइसकेकी थिएँ । भोलिपल्ट मिति २०६९।१।३ गते पनि ११:०० बजेको समयमा निजले मलाई जबरजस्ती करणी गर्दा म चिच्याएको वरपरका मानिसले सुनेपछि निज प्रतिवादी भागी गएको हो। निज प्रतिवादी विजय सुन्दासले मलाई जबरजस्ती करणी गरेको हो । निज प्रतिवादीलाई जबरजस्ती करणीको महलअनुसार कारवाही गरिपाउँ भन्ने व्यहोराको पीडित "परिषर-ष" ले गरिदिएको कागज।

मेरो छोरी "परिसर-ष" ले मिति २०६९।१।३ गते कोठामा कोही नभएको मौकामा प्रतिवादी विजय सुन्दासले जबरजस्ती करणी गर्न खोजेको भनी बताएको हुँदा मैले सोही शिर्षकमा जाहेरी दरखास्त लेखी पेस गरेको थिएँ। तर उक्त मुद्दा दर्ता भएपछि केही दिन पछाडी छोरीले मलाई एक्लै भएको समयमा निज प्रतिवादीले मिति २०६९।१।२ र ऐ. ३ गते जबरजस्ती करणी गरेको र सोही दिनदेखि मलाई पिसाब फेर्ने ठाउँमा एकदमै पोली रहेको छ भनिन् अनि मैले यो कुरा पहिला किन नभनेको भनी सोध्दा बुबाले कुट्नु हुन्छ,

गाली गर्नुहुन्छ भनी डरले नभनेको र कागज गर्दासमेत नबताएको हुँ भनी छोरीबाट प्रष्ट खुल्न आएको र निजको स्वास्थ्य परीक्षण प्रतिवेदनमा समेत छोरीको कन्याजाली च्यातिएको छ भनी खुली आएको हुँदा तत्काल मैले दिएको जाहेरी दरखास्तको मुद्दा शिर्षक जबरजस्ती करणी उद्योग परिवर्तन गरी निज प्रतिवादी विजय सुन्दासलाई जबरजस्ती करणी मुद्दामा कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको जाहेरवाली मञ्जु नेपालीले गरिदिएको कागज।

पीडितको बुबासँग चिनजान भएपछि म निजको कोठामा जाँदा पीडितलाई चिनेको थिएँ। मिति २०६९।१।२ गते अं. १३:०० बजेको समयमा म निज पीडितको कोठामा गई निजलाई गलैंचामाथि सुताई निजले लगाएको सुरूवाल र पेन्टी खोली मैले लगाएको आफ्नो पाइन्ट र पेन्टी खोली निज पीडितमाथि चढी जबरजस्ती करणी गरैँ। निजले मलाई दुख्यो भनेपछि छाडी दिएँ। ऐ.३ गते जबरजस्ती करणी गर्ने मनसायले निजको कोठामा गई जबरजस्ती करणी गर्न लाग्दा निज पीडित कराई वरपरका मानिसहरूले थाहा पाएपछि मैले छोडी गएको हुँ, मेरो बयानको क्रममा जाहेरी दरखास्तलगायतका मिसिल संलग्न कागजातहरूबाट निज पीडितले मलाई जबरजस्ती करणी उद्योग मात्र भएको हो भन्ने व्यहोरा उल्लेख भएको थियो। त्यसैले त्यहीबमोजिम बयान गरेको भए तापनि मैले निज "परिसर-ष" लाई जबरजस्ती करणी गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विजय सुन्दासले गरेको ततिम्बा बयान।

प्रतिवादी विजय सुन्दासको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(३) नं. बमोजिमको कसुर अपराध भएको हुँदा निज प्रतिवादी विजय सुन्दासलाई सोही जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम सजाय हुन र सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउनसमेतको मागदाबी लिई सक्कल मिसिल र पक्राउ प्रतिवादी विजय सुन्दासलाई यसै अभियोग पत्र साथ प्रस्तुत गरिएको व्यहोरा सादर अनुरोध छ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी।

मिति २०६९।१।२ र ३ मा जाहेरवालीको घरमा गएको होइन। ऐ. १ गते बेलुका जाहेरवालाका श्रीमान्सँग पैसा माग्न गएको थिएँ। उनी नसामा रहेकोले काम भएन। मिति २०६९।१।८ गते र ऐ. २० मा मौकामा भएको बयानमा गरेको सहिछाप मेरै हो। म पढेलेखेको मानिस नहुँदा मेरो बयानमा लेखाएको व्यहोरा मलाई नसुनाएको हुँदा के लेखियो मलाई थाहा छैन। मैले पीडित र निजको भाइलाई पैसा दिएको होइन। मैले अभियोग बमोजिमको कसुर नगरेकोले अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी विजय सुन्दासले काठमाडौं जिल्ला अदालतमा गरेको बयान।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी यी प्रतिवादीलाई कानूनबमोजिम सिधा खान पाउने गरी अ.बं. १२१ नं. बमोजिम थुनुवा पुर्जी दिई अ.बं. ११८ को देहाय २ बमोजिम थुनामा राख्न पठाइदिनु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१।३१ गते भएको आदेशानुसार प्रतिवादी हालसम्मै थुनामा नै रहेको मिसिल संलग्न प्रमाणबाट देखिएको।

निज प्रतिवादीको आचरण राम्रो रहेको छ। सानोतिनो सिलाई कटाईको व्यवसाय गरेर परिवार चलाउँदै आएका छन्। जाहेरवालीको लोग्ने र विजय सुन्दासको बीचमा लेनदेनको विषयमा बाटोमा भनाभन हुँदा कुटपिट भएको हो। मञ्जु नेपालीको भाइले प्रहरीलाई खबर गरेपछि प्रहरीले दुवैलाई लग्यो, मञ्जुको श्रीमान्लाई प्रहरीले छोडेछ। भोलिपल्ट यस्तो झुट्टा जाहेरी गरेको रहेछन्। "परिसर-ष" ले पटक पटक गरेको कागज विल्कुल झुट्टा हो। झुट्टा जाहेरी, झुट्टा कागजसमेतबाट लगाइएको अभियोग पत्रसमेत झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी विजय सुन्दासका साक्षी उजेली परियारले गरेको बकपत्र।

मैले मिति २०६९।१।४ गते दिएको जाहेरी दरखास्त र मिति २०६९।१।२० गतेमा गरेको कागजमा भएको व्यहोरा ठीक साँचो हो । म घरमा नभएको अवस्थामा कोठाबाट छोरालाई बाहिर निकालेर प्रतिवादीले छोरीलाई जबरजस्ती करणी गरेका हुन् । प्रतिवादीले लगातार ३ दिनसम्म उक्त कसुर गर्दै आएको प्रत्यक्ष त छोराले देखेको रहेछ । छोराले भनेपछि मैले जाहेरी दिएकी हुँ । छोरीलाई सोध्दा सबै कुरा बताएपछि चेक गराउन थापाथली हस्पिटलमा लगेपछि प्रतिवादीले मेरो छोरीलाई जबरजस्ती करणी गरेको पुष्टि भएको हो भन्नेसमेत व्यहोराको जाहेरवाला मञ्जु नेपालीले गरेको बकपत्र ।

मिति २०६९।१।५ मा गरेको कागजमा भएको व्यहोरा ठीक साँचो हो । बुबाआमा काममा गएको बेलामा बिहान १० बजेतिर प्रतिवादी हाम्रो घरमा आएर भाइलाई बाहिर पठायो र मेरो टिसर्ट जबरजस्ती खोली मेरो मुख हातले थुनी मलाई गलैंचामा लडायो र मलाई खुट्टाले थिची मेरो छाती चलायो मैले पाइन्टको फस्नर खोल्न नमान्दा मारिदिन्छु भन्यो र मेरो पाइन्ट खोली मलाई आधा घण्टा जबरजस्ती करणी गर्‍यो । ममीलाई मामालाई सुनायौ भने ममीलाई पनि मामालाई पनि मारिदिन्छु भन्यो । यस्तो गर्न मानेनौ भने तिमीलाई मारेर तिम्रो सानो ममीलाई लैजान्छु भन्यो । भोलिपल्ट मलाई करणी गर्न खोज्दा खोज्दै कोठाको तलतिरको आन्टीले म कराएको सुनेर अरू सबैलाई खबर गरेपछि उ निस्केर गएको हो भन्नेसमेत व्यहोराको पीडित "परिसर-ष" ले गरेको बकपत्र ।

मिति २०६९।१।१० गते महानगरीय प्रहरी परिसर, महिला बालबालिका सेवा केन्द्र कालीमाटीमा पेस गरेको स्वास्थ्य परीक्षण प्रतिवेदनमा भएको सहिछाप र व्यहोरा मेरै हो भन्नेसमेत व्यहोराको विशेषज्ञ डाक्टर अमिला श्रेष्ठले गरेको बकपत्र ।

मिति २०६९।१।१० गते महानगरीय प्रहरी परिसर, महिला बालबालिका सेवा केन्द्र कालीमाटीमा पेस गरेको स्वास्थ्य परीक्षण प्रतिवेदनमा भएको सहिछाप र व्यहोरा मेरै हो । निजको स्वास्थ्य अवस्था सामान्य नै थियो । कन्याजाली पुरानो च्यातिएको थियो । अन्य व्यहोरा उक्त मितिको प्रतिवेदनमै उल्लेख छ भन्नेसमेत व्यहोराको विशेषज्ञ डाक्टर उषा श्रेष्ठले गरेको बकपत्र ।

यसमा प्रतिवादीको मौकाको ततिम्बा बयान, किटानी जाहेरी, पीडितको मौकाको कागज व्यहोरा, मौकामा वारदातस्थल देख्ने र थाहा पाउने पीडितको भाइ अभिषेक नेपालीले गरेको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, मौकाको व्यहोरा पुष्टि हुने गरी पीडित जाहेरवालीको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकहरूले गरेको बकपत्रसमेतबाट कसुर पुष्टि हुन आएको देखिँदा प्रतिवादी विजय सुन्दासलाई जबरजस्ती करणीको महलको ३(३) अनुसार ६।०।० (छ वर्ष) कैद र पीडितले प्रतिवादीबाट ऐ. महलको १० नं. अनुसार चालिस हजार क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ भन्ने सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।२।१६ मा भएको फैसला ।

मिति २०६९।१।४ मा जाहेरवालीले जबरजस्ती करणी उद्योग मुद्दामा जाहेरी दिएकी हुन् । मैले जाहेरवालीको छोरीलाई कुनै किसिमको यौन सम्पर्क नगरेको हुँदा मेरो विरूद्धमा जबरजस्ती करणीको झुट्टा अभियोग पत्र दायर भएको छ । जबरजस्ती करणीको जाहेरी नै नपरेको र जाहेरवाली निजको छोरी र मेरो ततिम्बा बयानलाई पुष्टि गर्न अनुसन्धान नभएको, प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादीले मलाई जबरजस्ती करणी गरेको भनी पुष्टि गर्न नसकेको, जाहेरी दरखास्त आफैँमा प्रमाण होइन, जाहेरीलाई अन्य स्वतन्त्र आधार प्रमाणबाट पुष्टि भएको हुनुपर्छ भन्ने नजिर प्रतिपादन भएको, "परिसर-ष" को स्वास्थ्य परीक्षण रिपोर्टमा निजको स्वास्थ्य सामान्य रहेको, निजको कन्याजाली पुरानो च्यातिएको र निजको शरीरमा कहीँकतै घाउ चोट

पटक लागेको नदेखिएको भन्ने रहेको, Modie's Medical Jurisprudence अनुसार पीडितको शरीरमा जबरजस्ती करणी हुने अवस्थामा बचाउनका लागि प्रतिकारात्मक चिह्नहरू स्वास्थ्य परीक्षणबाट नदेखिएको र म पुनरावेदकको स्वास्थ्य परीक्षणमा No sign of sexual abuse seen at present condition भनी उल्लेख गरिएको आधार कारणबाट सुरू अदालतको फैसला प्रमाण ऐन, २०३१ एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका विरूद्धमा भई त्रुटिपूर्ण छ । उक्त फैसला बदर गरी म पुनरावेदकलाई आरोपित कसुरबाट पूर्णरूपमा सफाई दिलाई न्याय पाउँ भन्नेसमेत पुरावेदक प्रतिवादीको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन जिकिर ।

प्रतिवादी उपरको किटानी जाहेरी, पीडित तथा जाहेरवालीले अनुसन्धानको क्रममा गरिदिएको कागजलाई पुष्टि हुने गरी अदालतमा गरेको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा स्वास्थ्य परीक्षण गर्ने चिकित्सकहरूले अदालतमा उपस्थिति भई गरिदिएको बकपत्र, मौकामा वारदातको बारेमा थाहा पाउने पीडितका भाइ अभिषेक नेपालीले गरेको कागज र प्रतिवादीले अनुसन्धानको प्रथम चरणमा जबरजस्ती करणीको उद्योग गरेको भन्ने तथ्यमा साबित भई गरेको बयान तथा निजले पीडितको स्वास्थ्य परीक्षणपश्चात् अनुसन्धानको क्रममा ततिम्बा बयान गर्दा पीडितलाई जबरजस्ती करणी गरेको तथ्यमा साबिती भई गरेको बयानसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादीले आरोपित जबरजस्ती करणीको कसुर गरेको तथ्य पुष्टि भएको देखिँदा निजलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद हुने र सोही महलको १० नं. बमोजिम निज प्रतिवादीबाट पीडितलाई रू. ४०,०००।- क्षतिपूर्ति भराई दिने समेत ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।२।१६ को फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७१।१।९ को फैसला ।

मेराउपर जाहेरवालीले जबरजस्ती करणीको उद्योगमा किटानी जाहेरी दरखास्त दिई सो अनुरूप नै जाहेरवाली र पीडितसमेतले मौकामा कागज गरेको अवस्थामा पुन: जाहेरी व्यहोरामा फरक पर्ने गरी पीडित र जाहेरवालीले जबरजस्ती करणी गरेको भन्ने व्यहोरा लेखाई पुनः मलाई ततिम्बा बयान गराई मलाई जबरजस्ती करणीको कसुरमा साबित गराई डर त्रास देखाई जबरजस्ती सहिछाप गराएका र सोहीअनुरूप गलत किसिमले अभियोग लगाई उक्त गलत अभियोगको आधारमा मेरो विरूद्धमा भएको मिति २०७०।२।१६ को काठमाडौं जिल्ला अदालतको फैसलालाई बदर गरी मलाई सफाई दिने गरी फैसला गर्नु पर्नेमा सो नगरी सुरू फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१) को (क) र (ख) को अवस्था विद्यमान भएको हुँदा मुद्दा दोहोर्‍याई हेरी उक्त पुनरावेदन अदालत, पाटनको फैसला बदर गरी सफाई पाउने गरी फैसला गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी विजय सुन्दासको यस अदालतमा पर्न आएको निवेदन पत्र ।

यसमा सुरू जाहेरी दरखास्त र पीडितको मौकाको कागज तथा प्रतिवादीले मौकामा गरेको पहिलो बयानसमेतका संकलित सबुद प्रमाणबाट जबरजस्ती करणी उद्योगमा तहकिकात भएकोमा कन्याजाली च्यातिएको भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनको आधारमा जबरजस्ती करणीतर्फ अनुसन्धान भई अभियोग पत्र दायर भएबाट वादी दाबीका आधारहरू परस्पर विरोधी तथा शंकास्पदसमेत देखिन आई प्रमाण ऐन, २०३१ को दफा २५ ले निरोपित प्रमाणको भारलाई वादीले शंकारहित तवरबाट प्रमाणित गर्न सकेको भन्न मिल्ने देखिँदैन । यस्तो अवस्थामा सुरूले यी निवेदक प्रतिवादीलाई जबरजस्ती करणीको

कसुरदार कायम गरी सजाय गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा प्रमाण ऐन, २०३१ को दफा २५ र दफा ५४ को त्रुटि देखिन आई न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) (ख) को अवस्था विद्यमान देखिँदा मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्रदान गरिदिएको छ । सम्बन्धित मिसिल र विपक्षीलाई झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालत संयुक्त इजलासबाट मिति २०७१।९।१७ मा भएको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री चन्द्रबहादुर बस्नेतले प्रतिवादीउपर सुरूमा जबरजस्ती करणीको उद्योगमा जाहेरी दरखास्त परेको र पीडितले पनि आफूलाई प्रतिवादीले करणी गर्ने प्रयास गरेको भनी मौकामा कागज लेखाएकोमा पछिबाट पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पुरानो कन्याजाली च्यातिएको भन्ने उल्लिखित भएको कारणबाट जबरजस्ती करणीतर्फ पुन: अनुसन्धान भई सोहीअनुरूप जाहेरवाली र पीडितको कागज गराई प्रतिवादीलाई समेत डरत्रासमा पारी पढेर नसुनाई जबरजस्तीसँग करणी गरेकोमा साबित गराई ततिम्बा बयान गराएको हुँदा जाहेरी दरखास्तको व्यहोरा प्रतिकूल जबरजस्ती करणीतर्फको अभियोग माग दाबी लिई अभियोग पत्र दायर गरिएको र सोअनुरूप भएको सुरू फैसला तथा सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलासमेत त्रुटिपूर्ण हुँदा उक्त पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गरी यी प्रतिवादीलाई सफाई दिनुपर्दछ भनी गर्नुभएको बहस तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्याम भट्टराईले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी मौकामा गरेको कागजमा तथा अदालतसमक्ष गरेको बकपत्रमा समेत उल्लेख गरेबाट प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको भन्ने समर्थित भएको देखिँदा जबरजस्ती करणीको अभियोगमा प्रतिवादीलाई सजाय ठहर गरेको सुरू फैसला र सो फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै हुँदा सदर हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्तानुसारको तथ्य, निवेदन जिकिर र बहस बुँदासमेत भएको प्रस्तुत मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद र सोही महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू.४०,०००।- क्षतिपूर्तिसमेत भराई दिने ठहर गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१।९ गते भएको फैसला मिले नमिलेको के छ ? र प्रतिवादीको निवेदन जिकिर पुग्न सक्ने नसक्ने के हो ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीउपर पीडित "परिसर-ष" लाई जबरजस्ती करणी गरेकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(३) नं. बमोजिमको कसुर अपराधमा सोही महलको ३(३) नं. बमोजिम सजाय गरी सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्तिसमेत भराइदिने भन्ने अभियोग माग दाबी रहेकोमा प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद र १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.४०,०००।- क्षतिपूर्तिसमेत भराई दिने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१।९ मा भएको फैसलाउपर चित्त नबुझाई प्रतिवादीका तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन परी सो निवेदनमा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदन दर्ता भएको देखिन

आयो।

३. प्रतिवादी विजय सुन्दासले मेरी छोरी वर्ष १३ की नाम परिवर्तित "परिसर-ष" लाई ०६९।१।३ गतेका दिन बिहान ११:०० बजे कोठामा एक्लै रहेको अवस्थामा जबरजस्ती करणी गर्न खोजेको भनी छोरी र वरिपरिका मानिसहरूबाट थाहा पाएकी हुँदा निजलाई जबरजस्ती करणी उद्योगमा कारवाही गरिपाउँ भनी जाहेरवाली मञ्जु नेपालीले प्रतिवादीउपर किटानी जाहेरी दिएको देखिन्छ । प्रतिवादीले मिति २०६९।१।३ गतेका दिन बिहान ११:०० बजेको समयमा भाइ र म आफ्नै कोठामा भएको अवस्थामा प्रतिवादी कोठामा आई भाइलाई बाहिर जान लगाई मलाई भुइँमा सुताई मेरो संवेदनशील अंगमा हात लगाई मेरो कपडा खोली जबरजस्ती करणी गर्न खोज्दा म चिच्याएकीले बाहिरका मानिसहरूले थाहा पाई के भयो भनी हल्ला गर्दा निज प्रतिवादी भागेका हुन् भनी पीडित "परिसर-ष" ले मौकामा कागज गरेको देखिन्छ । प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूले पीडितलाई जबरजस्ती करणी गर्ने उद्देश्यले निजको संवेदनशील अंगहरूमा छुने किस खाने कार्य गरेकोमा निजले बुबालाई भनिदिन्छु भनेकीले मैले छाडिदिएको हुँ भनी लेखाएको पाइन्छ।

४. मौकामा कागज गर्ने सरिता नेपाली, युनारायण दमाई र अभिषेक नेपालीले प्रतिवादी विजय सुन्दासले पीडित "परिसर-ष" लाई जबरजस्ती करणीको प्रयास गरेका हुन् भनी लेखाएको देखिन आयो । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको स्वास्थ्य सामान्य छ, कन्याजाली पुरानो च्यातिएको छ, शरीरमा कुनै घाउचोट छैन भनी प्रसुति गृह थापाथलीको परीक्षण प्रतिवेदनबाट देखिन आएको।

५. मिति २०६९।१।२ गते दिउँसो अं. १३:०० बजेको समयमा म एक्लै कोठामा रहेको अवस्थामा प्रतिवादी कोठामा आई मलाई समाती भुइँमा लडाई निजको लिङ्ग मेरो योनिमा घुसाई म चिच्याउँदा पनि जबरजस्ती करणी गरिरह्यो । निजले यो कुरा कसैलाई नभन्नु भनेकाले मैले दुखे पनि कसैलाई भनेकी थिइन, भोलिपल्ट २०६९।१।३ गते बिहान ११:०० बजेको समयमा पनि पुनः कोठामा आई मलाई जबरजस्ती करणी गरेकोमा म चिच्याएपछि बाहिरका मानिसहरूले थाहा पाई हो हल्ला गर्दा निज भागेका हुन् मैले प्रतिवादीले करणी गरेको भनी भनेमा सो कुरा आमाले बुबालाई पनि भन्नुहुन्छ र बुबाले गाली गर्नुहुन्छ भन्ने डरले मैले आमालाई प्रतिवादीले जबरजस्ती करणी गर्न खोजेका थिए भनी भनेकी छु भनी पीडित "परिसर-ष" ले मिति २०६९।१।२० मा पुनः कागज गरेको देखिन्छ।

६. मेरी छोरी "परिसर-ष" ले मिति २०६९।१।३ गते कोठामा कोही नभएको मौकामा प्रतिवादी विजय सुन्दासले जबरजस्ती करणी गर्न खोजेको भनी बताएकी हुँदा मैले सोही शिर्षकमा जाहेरी दरखास्त लेखी पेस गरेकी दर्ता भएकोमा केही दिनपछि छोरीले मलाई एक्लै भएको समयमा निज प्रतिवादीले मिति २०६९।१।२ र ऐ. ३ गते जबरजस्ती करणी गरेको र सोही दिनदेखि मलाई पिसाब फेर्ने ठाउँमा पोलिरहेको छ भनिन् अनी मैले यो कुरा पहिला किन नभनेको भनी सोध्दा बुबाले कुट्नु हुन्छ गाली गर्नुहुन्छ भनी डरले नभनेकी र कागज गर्दासमेत नबताएकी हुँ भनी छोरीबाट प्रष्ट खुल्न आएको र निजको स्वास्थ्य परीक्षण प्रतिवेदनमा समेत छोरीको कन्याजाली च्यातिएको छ भनी खुली आएको हुँदा तत्काल मैले दिएको जाहेरी दरखास्तको मुद्दा शीर्षक जबरजस्ती करणी उद्योग परिवर्तन गरी निज प्रतिवादी विजय सुन्दासलाई जबरजस्ती करणी मुद्दामा कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको जाहेरवाली मन्जु नेपालीको मिति २०६९।१।२० मा पुनः मौकामा कागज गरेको पाइन्छ।

७. पीडितको बुबासँग चिनजान भएकोले निजको कोठामा जाँदा पीडितलाई चिनेको थिएँ, मिति २०६९।१।२ गते अं. १३:०० बजेको समयमा म निज पीडितको कोठामा गई निजलाई गलैंचामाथि सुताई निजले लगाएको सुरूवाल र पेन्टी खोली मेरो पाइन्ट र पेन्टी खोली निज पीडितमाथि चढी जबरजस्ती करणी गरे । निजले मलाई दुख्यो भनेपछि छाडिदिएँ । ऐ. ३ गते जबरजस्ती करणी गर्ने मनसायले निजको कोठामा गई जबरजस्ती करणी गर्न लाग्दा निज पीडित कराई वरपरका मानिसहरूले थाहा पाएपछि मैले छोडी गएको हुँ, मेरो बयानको क्रममा जाहेरी दरखास्तलगायतका मिसिल संलग्न कागजातहरूबाट निज पीडितले मलाई जबरजस्ती करणी उद्योग मात्र भएको हो भन्ने व्यहोरा उल्लेख भएको थियो । त्यसैले त्यहीबमोजिम बयान गरेको भए तापनि मैले निज "परिसर-ष" लाई जबरजस्ती करणी गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विजय सुन्दासले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको ततिम्बा बयान देखिन आयो ।

८. यसप्रकार प्रतिवादीउपर सुरूमा जबरजस्ती करणीको उद्योगमा किटानी जाहेरी परी अनुसन्धानको प्रक्रिया अगाडि बढ्ने क्रममा पीडितले पनि सुरूमा उद्योगतर्फ कै व्यहोरा उल्लेख गरी कागज लेखाएकोमा स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको पुरानो कन्याजाली च्यातिएको छ भन्ने उल्लेख भएबाट जाहेरवाली र पीडितको अनुसन्धान अधिकारीले पुनः कागज गराउँदा निजहरूले प्रतिवादीले जबरजस्ती करणी गरेका भनी लेखाएकाले सोअनुरूप प्रतिवादीको पुनः ततिम्बा बयान हुँदा प्रतिवादीले समेत पीडितलाई जबरजस्ती करणी गरेको भनी साबिती बयान लेखाएको देखिन्छ । तत्पश्चात् प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. र ३(३) नं. बमोजिमको कसुर अपराधमा सोही महलको ३(३) नं. बमोजिम सजाय गरी १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट मनासिब क्षतिपूर्ति भराइ दिनेसमेतको मागदाबी लिई अभियोगपत्र दायर हुन आएको देखिन्छ । प्रतिवादीले अदालतसमक्षको बयानमा आफूले अभियोग माग दाबीबमोजिमको कसुर नगरेको भनी इन्कारी बयान गरेको देखिन्छ । प्रतिवादीउपर सुरूमा जबरजस्ती करणीको उद्योगमा किटानी जाहेरी दर्ता भई सोअनुरूप अनुसन्धान प्रक्रिया सुरू हुँदा पीडितले समेत प्रतिवादीले आफूउपर जबरजस्ती करणी गर्ने प्रयास गरेका भन्ने व्यहोरा लेखाएको देखिन्छ भने प्रतिवादीले समेत पीडितलाई करणी गर्ने प्रयास गरेको भन्ने व्यहोरा उल्लेख गरी बयान गरेको पाइन्छ । यसर्थ जबरजस्ती करणीको उद्योगतर्फ किटानी जाहेरी परी सोही व्यहोरा समर्थित हुने गरी पीडितबाट मौकामा गरेको कागज व्यहोरा तथा प्रतिवादीको मौकाको बयानसमेतबाट प्रतिवादीले सुरू तथा पुनरावेदन अदालत, पाटनको फैसला बदर गरी अभियोग दाबीबाट सफाई दिलाई पाउँ भनी लिएको जिकिरसँग सहमत हुन सकिएन ।

९. जबरजस्ती करणी जस्तो अपराधमा न्यायको रोहबाट न्यायको लागि संवेदनशील हुनुपर्ने हो तर पनि अति संवेदनशील भई एकतर्फीरूपमा विचार गर्दा न्याय मर्न जाने हुँदा विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी न्यायमा पुग्नुपर्ने हुन्छ । प्रतिवादीउपर सुरूमा करणी उद्योगतर्फ किटानी जाहेरी दर्ता भई सोही अनुरूप पीडितले मौकामा कागजसमेत गरेकोमा प्रतिवादीले समेत जबरजस्ती करणीको उद्योगमा साबितै रही बयान गरेकोमा जाहेरवाली तथा पीडितले मौकामा पुनः गरेको कागजबाट प्रतिवादीउपर जबरजस्ती करणी गरेका हुन् भन्ने व्यहोरा लेखाएबाट सोअनुरूप जबरजस्ती करणीको अभियोग प्रतिवादीउपर लगाइएकोमा अदालतसमक्षको बकपत्रमा समेत पीडितले जबरजस्ती करणीको अभियोग समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ । पीडितको बकपत्र प्रस्तुत कसुरमा मुख्य कडी भएपनि सो बकपत्रको पुष्ट्याईं शंकारहित रूपबाट नभएमा

बकपत्रलाई यान्त्रिकरूपबाट प्रमाणको रूपमा ग्रहण गरी सजाय गर्नु विवेकयुक्त मान्न सकिँदैन किनकी प्रतिवादी उपर जबरजस्ती करणीको उद्योगमा किटानी जाहेरी परी अनुसन्धान प्रक्रिया सुरु भएपश्चात् सुरूमा पीडितले समेत जबरजस्ती करणीको उद्योगको वारदात समर्थित हुने गरी कागज लेखाएको पाइन्छ जुन कुरालाई मौकामा कागज गर्ने अभिषेक नेपाली, सरिता नेपाली र युनारायण दमाईको मौकाको कागज व्यहोराले समेत समर्थित गरेको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पुरानो कन्याजाली च्यातिएको भन्ने उल्लेख भएकोमा मिति २०६९।१।२ तथा ३ गतेको वारदातबाट च्यातिएको भए परीक्षण गर्दा दुख्ने पोल्ने जस्ता लक्षण देखिने हुँदा दाबी गरेको मितिको वारदातमा च्यातिएको भन्ने कुरा तर्कसम्मतरूपबाट प्रमाणित भएको पाइएन । यसरी पीडितको कन्या जाली दाबीअनुसार मिति २०६९।१।२ र मिति २०६९।१।३ को करणीबाट च्यातिएको भन्ने कुरा कहिँकतैबाट प्रमाणित हुन आएको अवस्था नहुँदा फौजदारी न्यायको सिद्धान्त मुताबिक शंकाको सुविधा प्रतिवादीले पाउने नै देखिन आयो। प्रतिवादीले मौकामा गरेको बयानमा जबरजस्ती करणीको उद्योगमा साबितै रहेको देखिएकोमा ततिम्बा बयान गराई जबरजस्ती करणीको कसुरमा साबिती गराएको देखिन्छ जबकि ततिम्बा बयान गराउँदा अगाडि स्पष्ट नभएका कुरामा मात्र सोधी प्रष्ट गराउनुपर्दछ भन्ने कानूनी व्यवस्था भएकोमा प्रतिवादीलाई अघि नै स्पष्टसँग उल्लेख गरेको कसुरसँग असम्बन्धित कसुरमा साबित गराएको देखिन्छ जुन कुरा कानून र न्यायसम्मत हुन आउँदैन । तसर्थ उपर्युक्त विवेचनाबाट प्रतिवादीले जबरजस्ती कगणी गरेको नभई जबरजस्ती करणीको उद्योगसम्म गरेको तथ्य समर्थित भएको देखियो।

१०. यसर्थ उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. अनुसार ६ वर्ष कैद र १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू.४०,०००।- क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।१।९ को फैसला नमिलेकोले उल्टी भई प्रतिवादीले जबरजस्ती करणीको उद्योगसम्म गरेको ठहर्छ, सो ठहर्नाले मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिम प्रतिवादीलाई ३ वर्ष कैद सजाय हुने ठहर्छ। जबरजस्ती करणीको उद्योग ठहरेकोले क्षतिपूर्ति भराई रहनु परेन। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

पुनरावेदन अदालत, पाटनको मिति २०७१।१।९ को फैसला उल्टी भई प्रतिवादी विजय सुन्दासलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ३ वर्ष कैद हुने ठहरेकाले निजको हकमा सुरू काठमाडौं जिल्ला अदालतबाट राखेको कैदको लगत कट्टा गरी प्रतिवादी २०६९।१।४ देखि कैदमा रहेको देखिएकोले निजलाई यस अदालतबाट ठहरेको कैद वर्ष ३ को सजाय भुक्तान भइसकेको देखिँदा अन्य मुद्दाबाट निजलाई थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको कैदबाट आजै मुक्त गरिदिनु भनी सुरू जिल्ला अदालत र सम्बन्धित कारागार शाखामा लेखी पठाइदिनू -----१

प्रतिवादी विजय सुन्दासलाई जबरजस्ती करणीको उद्योग गरेको ठहरेकाले सुरू जिल्ला अदालतले राखेको क्षतिपूर्ति भराइ दिने लगत कट्टा गर्नुभनी सुरू अदालतमा लेखिपठाइदिनू -------------------------२

प्रस्तुत मुद्दाको दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ------------------------३

उक्त रायमा सहमत छु।
न्या. मीरा खडका

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी
इति संवत् २०७४ साल वैशाख ५ गते रोज ३ शुभम्।

निर्णय नं. ९८५७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
फैसला मिति : २०७३।१३।०१
०७२-CI-१६१३

मुद्दाः- निषेधाज्ञा ।

निवेदक : जिल्ला सप्तरी, फुलकाही गाउँ विकास समिति, वडा नं. ४ बस्ने देवेन्द्र साहसमेत

विरूद्ध

विपक्षी : जिल्ला सप्तरी, फुलकाही गाउँ विकास समिति, वडा नं. ४ बस्ने जगदेव साह हलुवाई

- **नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनपर्ने ।**
- **सम्पत्तिको आफ्नो हक निहित रहेको तथ्यपूर्ण एवम् सारभूत प्रमाण देखाउन सकेको अवस्थामा निषेधाज्ञा जारी हुन्छ । ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशंका व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूत रूपमा (Substantially) स्थापित गर्न सक्नु पर्ने ।**

(प्रकरण नं.३)

निवेदकको तर्फबाट :
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नागरिक अधिकार ऐन, २०१२
- पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क(१)

सुरू तहमा फैसला गर्ने :
मा.मुख्य न्या.श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री उमेशकुमार सिंह

आदेश

न्या.चोलेन्द्र शमशेर ज.ब.रा.: न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

मेरो नाउँको जिल्ला सप्तरी, गाउँ विकास समिति फुलकाही, वडा नं. ४ को साबिक कि.नं. ३९५ गाउँ ब्लक नं. ५३ को ज.बि. ०-१-० अबल जग्गा मिति २०६४।६।१६ मा रितलाल साह हलुवाईबाट हालैको बकसपत्रबाट प्राप्त गरी सोही मितिदेखि हालसम्म निर्विवादरूपमा भोग चलन गर्दै आइरहेकोमा कुनै किसिमको विवाद टण्टा छैन, थिएन । मेरो उल्लिखित साबिक कि.नं. ३९५ को ०-१-० जग्गामा विपक्षीहरूले घर बनाई छोडने छौं भन्दै बन्दोबस्तीका सामग्रीहरू खम्बा, बाँस, एलवेष्टर, टायललगायतका सामग्रीहरू थुपारी रहेको र कसैले रोकछेक गर्न आए ज्यान मार्नेसम्मको धम्कीपूर्ण भाषाहरू बोल्दै हिँडिरहेको हुँदा यी विपक्षीहरू मेरो निर्विवादित हकभोगको साबिक कि.नं. ३९५ को ज.बि.०-१-० जग्गामा कुनै पनि बेला घर निर्माण कार्य गर्न सक्ने आशंका उत्पन्न भएकोले विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी गरी पाउने यो निवेदन गर्न आएको छु । साथै मुद्दा टुङ्गो

लाग्न समय लाग्ने भएकोले पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क. बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदक जगदेव साह हलुवाईको निवेदन पत्र।

यसमा के कसो भएको हो? निवदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू। निवेदकले अन्तरिम आदेश जारी गरिपाउँ भनी माग गरेको सम्बन्धमा निवेदकको उक्त जग्गामा घर बनाउने बन्दोबस्तीको सामग्रीहरू थुपारी घर निर्माण गर्ने गराउने कार्य नगर्नु नगराउनु भनी पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी दिइएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई यथाशीघ्र दिई नियमानुसार गर्नु होला भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, राजविराजबाट मिति २०७२।३।३ मा भएको आदेश।

२००४ साल सपर्ट नापीमा जिल्ला सप्तरी, प्रगन्ना मालझमुना मौजे, महलनियाको रैती हामीहरूको हजुर आमा बुलन्ती साहुनी हलुवाइनी नाउँमा नापी भएको साबिक कि.नं.३९५ को भालु सासु सो पूर्व, वतहु माझी घर सो पश्चिम, लोदर सो उत्तर, नन्दी साहु सो दक्षिणको ०-१-० जग्गामा म कुशेश्वर साहले ५ थान फुस, टिना जस्ताको घरहरू बनाई भोग बसोबास गरी आएका छौं। घर बनाई बसी आएको जग्गामा घर बनाउने बन्दोवस्तीका सामानहरू थुपारी घर नबनाउनु भनी यस सम्मानित अदालतबाट मिति २०७२।३।३ मा जारी भएको निषेधाज्ञाको अन्तरिम आदेश कायम राख्न नमिल्ने हुँदा विपक्षीले झुठ्ठा रूपमा गरेको रिट निवेदन खारेज गरी फुर्सद पाउँ भन्नेसमेत व्यहोराको विपक्षी कुशेश्वर साह हलुवाईसमेतको संयुक्त लिखित जवाफ।

उल्लिखित साबिक कि.नं.३९५ को ०-१-० जग्गाउपर विपक्षीले कब्जा खिचोलाको दाबी गरेको देखिँदा आशंकाको स्थितिसमेत विद्यमान रहेको देखिन आयो। सप्तरी जिल्ला अदालतमा परेको उल्लिखित ०७१-CP-२४९४ को मुद्दामा पछि ठहरेबमोजिम हुने नै हुँदा हाल केवल उक्त मुद्दा परेको कारणले निवेदकको नाउँमा लगत कायम भएको जग्गा सम्बन्धमा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न इन्कार गर्नु मनासिब देखिन आएन। सप्तरी जिल्ला अदालतमा परेको ०७१-CP-२४९४ को मुद्दामा पछि ठहरेबमोजिम हुने गरी उक्त मुद्दा किनारा नलागुञ्जेलसम्मका लागि विवादित साबिक कि.न .३९५ को ०-१-० जग्गामा कुनै प्रकारको निर्माण कार्य नगर्नु नगराउनु, जग्गा कब्जा नगर्नु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, राजविराजबाट मिति २०७२।४।२१ मा भएको फैसला।

जिल्ला सप्तरी, गाउँ विकास समिति फुलकाही, वडा नं.४ मौजे मल्हनीयाको साबिक कि.नं.३९५ गाउँ ब्लक नं. ५३ को ०-१-० जग्गामा हामीहरूको भोग रहेको भन्ने लिखित जवाफ हामीले पेस गरेको अवस्थामा हामीहरूको भोग रहे नरहेको सन्दर्भको प्रमाण मलुकी ऐन, अदालती बन्दोबस्तको १८४क. बमोजिम बुझ्न पर्नेमा सो नबुझी निवेदकको निवेदन पत्रलाई नै प्रमाणको रूपमा ग्रहण गरी आशंकाको अवस्था भन्ने कायम हुन जाने गरी निषेधाज्ञाको आदेश जारी भएको। सप्तरी जिल्ला अदालतमा हामीले दायर गरेको ०७१-CP-२४९४ को

गाउँ ब्लक लगत बदर दर्ता कायम मुद्दा चली रहँदासम्म निषेधाज्ञा जारी हुने अवस्था नभई जिल्ला अदालतको क्षेत्राधिकारमा रहेको मुद्दामा सोही मुद्दाबाट हुने अवस्था हुँदाहुँदै निषेधाज्ञाको आदेश जारी गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको फैसलामा गम्भिर त्रुटि रहेको छ। हामीहरूको साबिकदेखिको हकभोगको उल्लिखित जग्गामा हामीहरूको भोग बसोबास रहेकै भए पनि विपक्षीले किर्ते हदमुनिको लिखत खडा गरी गैरकानूनीरूपमा लगत कायम आपसमा लिखत पारित गरेको कार्यको विरूद्ध सप्तरी जिल्ला अदालतको क्षेत्राधिकारमा रहेको ०७१-CP-२४९४ को गाउँ ब्लक लगत बदर दर्ता कायम मुद्दाको आधारबाट कसको भोग रहेको भन्ने तथ्य पनि स्थापित हुनेमा तल्लो अदालतको प्रमाण बुझ्ने क्षेत्राधिकारमा समेत हस्तक्षेप हुन जाने गरी निषेधाज्ञाको निवेदन जारी गर्ने गरेको पुनरावेदन अदालतको फैसलामा गम्भिर त्रुटि रहेकोले सो फैसला उल्टी गरिपाउँ भन्ने कुशेश्वर साह हलुवाई समेतको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरी पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेको छ, छैन ? विपक्षीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

निवेदकले जिल्ला सप्तरी, फुल्काही गाउँ विकास समिति, वडा नं. ४(क) को साबिक कि.नं. ३९५ गाउँ ब्लक नं. ५३ को क्षेत्रफल ०–१–० को जग्गा रितलाल हलुवाईबाट मिति २०६४/६/१६ मा रजिष्ट्रेशन पारित गरी लिएकोमा सोमा विपक्षीहरूले घर बनाउने भनी हस्तक्षेप गरी अतिक्रमण गर्ने प्रवल आशंका भएकोले उक्त जग्गामा हस्तक्षेप नगर्नु भनी विपक्षीहरूको नाममा निषेधाज्ञा जारी गरी नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त आफ्नो नागरिक अधिकार संरक्षण गरिपाउँ भन्ने मुख्य निवेदन माग दाबी लिएकोमा साबिक कि.नं.३९५ को जग्गा हामीहरूले भोग गरी आएका छौं। सो जग्गा सम्बन्धमा छुट्टै गाउँ ब्लक लगत बदर दर्ता कायम मुद्दा सप्तरी जिल्ला अदालतमा दायर भई विचाराधीन रहेको हुँदा हाल निषेधाज्ञा जारी गर्न मिल्दैन निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ देखिन्छ। पुनरावेदन अदालत, राजविराजले विवादित जग्गा निवेदकको साबिक कि.नं ३९५ को देखिन आएको भन्ने आधारमा निषेधाज्ञाको आदेश जारी गरेउपर देवेन्द्र साहसमेतको यस अदालतसमक्ष पुनरावेदन पर्न आएको अवस्था छ।

२. निर्णयतर्फ विचार गर्दा निवेदकले कि.न. ३९५ को ०–१–० को जग्गा रितलाल हलुवाईबाट मिति २०६४/६/१६ मा रजिष्ट्रेशन पारित गरी लिएको र सोमा विपक्षीहरूले अतिक्रमण गर्ने आशंका भएकोले सो जग्गामा हस्तक्षेप नगर्नु भनी निषेधाज्ञाको माग गरी प्रस्तुत निवेदन दिएको देखिन्छ। पुनरावेदकले सो कि.नं. ३९५ को उक्त जग्गा आफूहरूको नाममा दर्ता रहेको तथा आफूहरूको हक स्वामित्वभित्रको हो भन्ने कुनै पनि दर्ता स्रेस्ताको आधारभूत प्रमाण पेस गर्न सकेको देखिँदैन। उक्त जग्गा साबिक कि.नं ३९५ को दर्ता स्रेस्ताभित्रको हो भन्ने पुनरावेदकको कथन छ तर मिति २०२६।२।१५ मा भएको सर्वे नापीमा कायम रहेको उक्त कि.नं ३९५ को फिल्डबुकको प्रमाण संकेतमा यो जग्गा साबिक कि.नं ३९५ भित्रको हो भन्ने व्यहोरा जनिएको देखिँदैन भने यी पुनरावेदकले तत् सम्बन्धमा जग्गाको स्रेस्ता राख्ने मालपोत कार्यालयको कुनै निस्सा पनि पेस गर्न सकेको देखिँदैन। उक्त कि.न. ३९५ को जग्गा पुनरावेदकले आफ्नो नाममा कानूनबमोजिम दर्ता गराउन र हकको प्रमाण लिन सकेको पनि देखिँदैन।

३. नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right)

अथवा विवादरहित हक (Undisputed Right) हुनपर्ने हुन्छ । सम्पत्तिको आफ्नो हक निहित रहेको तथ्यपूर्ण एवम् सारभूत प्रमाण देखाउन सकेको अवस्थामा निषेधाज्ञा जारी हुन्छ । ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशंका व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूतरूपमा (Substantially) स्थापित गर्न सक्नुपर्छ । प्रत्यर्थी निवेदकले दाबीको कि.नं. ३९५को जग्गा रजिष्ट्रेशन पास गरी प्राप्त गरेको देखिन्छ । सो जग्गा पुनरावेदकले आफ्नो नाममा नापी भएको वा अन्य कुन स्रोतबाट प्राप्त गरेको हो भन्ने खुलाउन सकेको देखिएन । निषेधाज्ञाको रोहमा कुनै सम्पत्तिमा हक स्वामित्व कायम गर्न वा गराउन सकिने हुँदैन । फगत जिल्ला अदालतमा मुद्दा दायर गर्दैमा दर्ता स्रेस्ताबाट स्थापित मान्यताप्रतिकूल अन्यथा गर्न मिल्ने देखिँदैन ।

४. तसर्थ कि.नं ३९५ को जग्गामा हस्तक्षेप नगर्नु भनी पुनरावेदक विपक्षीहरूका नाउँमा निषेधाज्ञा जारी गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजबाट मिति २०७२।४।२१ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. सारदाप्रसाद घिमिरे

इजलास अधिकृत: जगतबहादुर पौडेल
इति संवत् २०७३ साल चैत्र १ गते रोज ३ शुभम् ।

निर्णय नं. ९८५८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
फैसला मिति : २०७३।१०।०२
०६८-CR-०५५४

मुद्दाः- कर्तव्य ज्यान ।

पुनरावेदक वादी : दुर्गाप्रसाद काफ्लेको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी प्रतिवादी : कालिकोट जिल्ला, ओदानक गा.वि.स. वडा नं.२ बस्ने स्यानु सिंहको छोरा हिक्मत सिंहसमेत

- **प्रतिवादीहरू उपरको कसुर प्रमाणित हुन यो यो प्रतिवादीहरूको यस्तो यस्तो संलग्नतामा यसरी वारदात हुन गएको हो भनी स्पष्ट रूपले देखिनुपर्ने हुन्छ । संकलित प्रमाणहरू एक आपसमा समर्थित रही शंकारहित देखिनु पर्दछ । यस्तो नदेखिई संकलित प्रमाणहरू परस्पर विरोधाभाषपूर्ण देखिई प्रतिवादीहरूले कसुर गरेको हो भन्ने ठोस प्रमाणको अभाव भएमा कसुरदार ठहर्‍याउन नमिल्ने ।**
- **जाहेरी दरखास्त आफैमा कुनै स्वतन्त्र प्रमाण नभएकोले अन्य प्रमाणहरूबाट पुष्टि नभएसम्म जाहेरी दरखास्तको कुनै प्रमाणिक मूल्य नहुने ।**
- **राजनीतिक मतभेद रहँदैमा मार्नेसम्मको मनसाय नै रहन जान्छ भनेर भन्न मिल्दैन ।**

सर्वोच्च अदालत

यस्तो प्रतिवादीहरू उपरको कसुर वादीले निसन्देह रूपमा प्रमाणित गर्न नसकेको अवस्थामा कसैको मनोगत अर्थात् शंकाका भरमा मात्र व्यक्त गरेका कुरालाई आधार बनाई दोषी ठहर गर्न नमिल्ने ।

(प्रकरण नं. ६)

पुनरावेदक वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता दशरथ पंगेनी

प्रत्यर्थी प्रतिवादीको तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.

सुरू तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री डिल्लीरमण तिवारी

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री पवनकुमार शर्मा

माननीय न्यायाधीश श्री विदुरविक्रम थापा

आदेश

न्या.हरिकृष्ण कार्की : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार रहेको छः-

मिति २०६६/०४/२२ गते बेलुका मेरो घरमा आगो बाल्न लागेको समयमा मातृका सिंह, नेत्र सिंह, कमल सिंह, मनोज भन्ने मनराज सिंह, हिक्मत सिंहसमेत १०/१५ जनाको जत्था आई बाहिर निस्की हामी तँलाई मार्न आएका हौं भनी ममाथि हमला गरेपछि मेरो श्रीमती रोइकराई गर्दा निजहरू घर बाहिर गएपछि म झ्यालबाट बाहिर निस्की भागी दाजु कुलानन्द काफ्लेको घरमा गएकोमा विपक्षीहरू पनि त्यही ठाउँमा आई दाजुलाई हानेपछि म र मेरो परिवार भागेपछि किन भगाइस् भनी बुबा महानन्द काफ्लेलाई कुटपिट गरी मारी लास बेपत्ता गरेका र भोलिपल्ट घटनास्थलमा जाँदा बुबाको टोपी र स्टकोट मात्र फेला परेको हो अन्यायीहरूलाई कारवाही गरिपाउँ भन्ने दुर्गाप्रसाद काफ्लेको जाहेरी दरखास्त ।

मिति २०६६/०४/२३ गते जिल्ला कालिकोट ओदानकु गा.वि.स. वडा नं.३ बस्ने मातृका सिंह समेतको १०/१५ जनाको जत्थाले मेरो श्रीमतीलाई कुटपिट गरी मेरो घरमा भएका सम्पूर्ण धनमाल लुटी लिएकोले क्षतिपूर्ति भराई अपराधीहरूलाई कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको गान्टे सुनारको निवेदन ।

कालिकोट ओदानुक गा.वि.स. वडा नं.३ बस्ने मातृका सिंह समेतका १०/१५ जनाको जथ्थाले मिति २०६६/०४/२२ गते राति ९:३० बजेको समयमा म कुलानन्द काफ्लेको निधारमा चक्कु प्रहार गरी बाबा महानन्द काफ्लेलाई कुटपिट गरी बेपत्ता गराएकाले निज महानन्द काफ्ले हालसम्म फेला नपरेकाले निजको खोजतलास गरी अपराधीहरूलाई कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको कुलानन्द काफ्ले कृष्णकला काफ्लेको निवेदन ।

मिति २०६६/०४/२२ गते अं. १० बजेतिर जिल्ला कालिकोट ओदानकु गा.वि.स. वडा नं. ३ बस्ने मातृका सिंहसमेतका १०/१५ जनाले ऐ.ऐ. बस्ने वडा नं. १ बस्ने दुर्गाप्रसाद काफ्ले लाई हमला गरी बेपत्ता बनाएपछि मेरो घरमा आई मलाई कुटपिट गरेकाले घाउजाँच केश फाराम गरिपाउँ भन्ने मनशोभा वि.क.को निवेदन ।

मिति २०६६/०४/२५ गते दिएको कर्तव्य ज्यान मुद्दाको जाहेरीमा मिति २०६६/०४/२२ गतेको घटनामा प्रत्यक्ष संलग्न रहेको ओदानकु गा.वि.स.वडा नं.३ बस्ने विरेन्द्रबहादुर सिंहको नाम छुटेको हुनाले निजलाई पक्राउ गरी कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको दुर्गाप्रसाद काफ्लेको निवेदन ।

कृष्णलाल काफ्ले, कुलानन्द काफ्ले र मनशोभा वि.क.को घाउ जाँच केश फाराम प्राप्त भएको रहेछ।

कालिकोट ओदानकु-१ बाहुनगाउँ स्थित पूर्व लालमणी काफ्लेको जग्गा पश्चिम कुलानन्दको बारी उत्तर रवि परियारको जग्गा दक्षिण कुलानन्द काफ्लेको बारी यी ४ किल्लाभित्र कुलानन्द काफ्लेको चार कोठे घर सो घरको मूल ढोकादेखि अं. ३.५ मिटरको दुरीमा कालो रंगको स्टकोट र रातो रंगको उनीको टोपी सोही घरको भान्सा कोठामा रगत जस्तो रातो टाटो र यत्रतत्र गाग्रो र डोको छरिएको मिति २०६६/०४/२२ गते राति ९:३० बजे ऐ.ऐ.वडा नं.३ बस्ने मातृका, नेत्र, कमल, विरेन्द्र र हिक्मत सिंहले दुर्गाप्रसाद काफ्ले र महानन्द काफ्लेलाई कुटपिट गरी महानन्द काफ्लेलाई बेपत्ता पारेका हुन् भन्ने घटनास्थल मुचुल्का।

मिति २०६६/०४/२२ गते राति अं.११ बजेको समयमा महानन्द काफ्ले, दुर्गाप्रसाद काफ्ले, सुनकेसा काफ्ले, गाण्टे सुनार र भोटे वि.क.लाई कुटपिट गरेको सुनेका हौं राति भएको हुनाले कसले कुटपिट गरेको थाहा हुन सकेन। महानन्द काफ्लेलाई बेपत्ता पारे भन्ने सुनेका हौं । हाल निजलाई खोज तलास गर्दा फेला पारेका छैनन भन्नेसमेत व्यहोराको करिब करिब एकै मिलानको सुनकेसा काफ्ले, डिल्ली परियार र भदे दमाईको घटना विवरण कागज।

जिल्ला कालिकोट ओदानकु गा.वि.स वडा नं. २ स्थित पश्चिम भीमबहादुर सिंहको खेत पूर्व, उत्तर र दक्षिण जिल्ली खोला यी चार किल्लाभित्र खोलाको पश्चिम किनारमा रहेको दुई ठूला ढुंगाको खोचमा उत्तर टाउको दक्षिण खुट्टा भई नाङ्गो अवस्थामा रहेको मृतक महानन्द काफ्लेको घटनास्थल जाँच मुचुल्का।

मिति २०६६/०४/२२ गते अं.९:३० बजेको समयमा मातृका सिंह, हिक्मत सिंह लगायतका ५ जना केटा आई कुलानन्द काफ्लेसमेतलाई कुटपिट गरेका हुन भोलिपल्ट महानन्द काफ्लेलाई खोजतलास गर्न गएका हौं मिति २०६६/०५/०३ गते जिल्ली खोलामा मृत अवस्थामा लाश छ भन्ने थाहा भयो । मृतक महानन्द काफ्लेलाई उल्लिखित अपराधीहरूले कर्तव्य गरी मारी उक्त स्थानमा लगी फालेकोमा विश्वास लाग्छ भन्नेसमेत व्यहोराको कृष्णकलाको घटना विवरण कागज।

मिति २०६६/०५/०५ गते cause of death due to cervical bone dislocation leading to spinal cord injury लेखेको लास पोष्टमार्टम रिपोर्ट।

उल्लिखित मितिमा मैले झैझगडा गरेको पनि होइन मृतक महानन्द काफ्लेलाई मैले कर्तव्य गरी मारेको पनि होइन जाहेरवाला र मेरो राजनीतिक विचार फरक भई पहिला झगडा भएको रिसइवीको कारणले जाहेरी दिएको हुनुपर्छ भन्ने व्यहोराको प्रतिवादी मातृका सिंहले अनुसन्धानको क्रममा गरेको बयान कागज।

मिति २०६६/०४/२२ गते म मेरै घरमा थिएँ। अर्को दिन बिहान २३ गते नेत्रसिंह, कमला सिंह, हिक्मत सिंहसँग भेट हुँदा चिलखाया भन्ने स्थानबाट फर्की आउँदा हिजो राति दुर्गाप्रसाद काफ्ले, कुलानन्द काफ्ले र गाण्टे वि.क.सँग झगडा भयो भनी निजहरूले भनेकाले सुनी थाहा पाएको छु अरू मलाई थाहा छैन भन्ने व्यहोराको प्रतिवादी मनोज भन्ने मनराज सिंहले अनुसन्धानको क्रममा गरेको बयान।

मिति २०६६/०४/२२ गतेको झगडा सम्बन्धमा थाहा भएन । मिति २०६६/०५/०३ गते दाउरा उतार्न भनी जिल्ली खोलामा गएको बेला मान्छेको खुट्टाको पैंताला मात्र धमिलो पानीमा देखेकोले गाउँघरका मानिस र प्रहरीलाई खबर गरेका हौं भन्नेसमेत व्यहोराको एकै मिलानको सकुरा सिंह, उब्जी सिंह र भिमबहादुर सिंहको घटना विवरण कागज।

मिति २०६६/०४/२२ गते राति खाना खाई सुत्न कोठामा गएको अवस्थामा मानिसहरूको होहल्ला सुनेपछि के रहेछ भनी हेर्न जाँदा २/४ जनाले मेरो

ससुरा महानन्द काफ्लेलाई कुटपिट गर्दै तेरो छोराले के गर्छ, तँलाई पनि माछौँ भन्ने मुखमा रूमाल बाँधेकाले कुट्ने व्यक्तिहरूलाई चिन्न सकिएन सोर (स्वर) मातृका सिंहको जस्तो थियो। सो समयमा ससुरालाई मार्न लागे भनी चिच्याउँदा मलाई लखेटी रातभरी गोठमा सुतेको हुँ भोलिपल्ट ससुराको खोजतलास गर्दा नभेटिएका र मिति २०६६/०५/०३ गते जिल्ली खोलामा ससुरा महानन्द काफ्लेको मृतक अवस्थामा लास फेला परेको निजको मृत्यु निज कुटपिट गर्ने व्यक्तिले नै गरेका हुन् भन्ने व्यहोराको सुनकेशा काफ्लेले गरेको घटना विवरण कागज।

मिति २०६६/०४/२२ गते राति ९:३० बजेको समयमा ओदानकु ३ बस्ने मातृका सिंहसमेतका केटाहरू मेरो घरमा आई म, मेरो श्रीमती, दाजु र भाउजूसमेतलाई कुटपिट गरी बुबा महानन्द काफ्लेलाई कुटपिट गरी मारी खोलामा फाल्ने प्रतिवादीहरूलाई भगाई फरार गराउने जिल्ला कालिकोट सुकाटीया १ बस्ने कुर्मराज शाही र ऐ. गेला ६ बस्ने प्रेमबहादुर शाहीलाई कानूनी कारवाही गरिपाउँ भन्ने एकै मिलानको दुर्गाप्रसाद काफ्लेको निवेदन तथा कुलानन्द काफ्लेको घटना विवरण कागज।

प्रतिवादी मातृका सिंह, नेत्र सिंह, कमल सिंह, हिक्मत सिंह, तुलबहादुर सिंह, मनोज भन्ने मनराज सिंहसमेतले दुर्गाप्रसाद काफ्लेसमेतलाई कुटपिट गरी निजका बुबा महानन्द काफ्लेलाई कर्तव्य गरी मारी लास खोलामा लगी निजहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराध गरेकाले निजहरू उपर २५ नं. बमोजिम सजाय हुनाका साथै फरार प्रतिवादीहरूका नाममा म्याद जारी गरी कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी।

मिति २०६६/०४/२२ गते म मेरै घरमा सुतिरहेको थिएँ। उक्त राति एक जना बीरबहादुर सिंहले झगडा भएको कुरा सुनाई निज गएपछि हामी जहान सुत्यौं। सुतेको १५ मिनेटपछि प्रतिवादी नेत्र, हिक्मत, विरेन्द्र र कमल सिंह मेरो घरमा आएपछि तिमीहरू कहाँबाट आयौ? झगडा गर्ने को हो? भनी सोध्दा हामीहरू हौं सामान्य झैझगडा भनाभन भएको हो भनेकाले निजहरूलाई झगडा गर्नु हुँदैन भनी सम्झाई बुझाई एक एक चोट हानी सुताएको हुँ। जाहेरवालासमेतको षड्यन्त्रले मलाई फसाउन झुट्टा जाहेरी दिएका हुन्। म निर्दोष छु भन्नेसमेत व्यहोराको प्रतिवादी मातृका सिंहले सुरू कालिकोट जिल्ला अदालतमा गरेको बयान।

वारदातको समयमा म मेरै घरमा सुतेको थिएँ। उक्त घटनामा म संलग्न छैन। मृतक महानन्द काफ्लेको कस्को कर्तव्यबाट मृत्यु भएको हो सो विषयमा मलाई थाहा छैन। अभियोग माग दाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी मनोज भन्ने मनराज सिंहले सुरू अदालतमा गरेको बयान।

मलाई राजनीतिक पूर्वाग्रहीले मलाई प्रतिवादी बनाएका हुन् मलाई अभियोग माग दाबीबाट सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको एकै मिलानको प्रतिवादी प्रेमबहादुर शाही र कुर्मराज शाहीले सुरू अदालतमा गरेको बयान।

मिति २०६६/०४/२२ गतेका दिन म नेत्रबहादुर सिंह, कमलबहादुर सिंह, विरेन्द्रबहादुर सिंह चिलखाया भन्ने ठाउँमा जात्रा हेर्न गएका थियौं। यस मुद्दाका अन्य प्रतिवादीहरूसँग भेट भएन। मृतक महानन्द काफ्लेलाई निजैका छोरा बुहारीले आफैँ मारी खोलामा फाली हामीहरूलाई झुट्टा जाहेरी दिएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी हिक्मतबहादुर सिंहले सुरू अदालतमा गरेको बयान।

वारदातको मितिको रातिमा म हिक्मत सिंह, नेत्र सिंह, विरेन्द्र सिंहसँग निज जाहेरवाला र निजका दाजु कुलानन्दसँग धामी धुमेलो गर्ने ठाउँमा भेट भई सामान्य झगडा भएको हो। निजका बाबु महानन्द काफ्लेसँग मेरो भेट भएको होइन निज महानन्दको मृत्यु निजका छोरा र २/४ जना माओवादीबाट भएको

हुनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी कमलबहादुर सिंहले सुरू अदालतमा गरेको बयान।

वारदातको मितिमा जाहेरवालासँग सामान्य झगडा भएपछि यस मुद्दाका अन्य प्रतिवादी मातृका सिंहको घरमा आई सबै कुरा बताउँदा निजले हामीलाई पिटी झगडा गर्नु हुँदैन भनी सम्झाई आफ्नै घरमा सुताएका हुन्। मृतक महानन्द काफ्लेलाई मैलेसमेत कर्तव्य गरी मारेको भन्ने जाहेरी झुट्टा हो भन्नेसमेत व्यहोराको एकै मिलानको प्रतिवादी विरेन्द्रबहादुर सिंह र नेत्र सिंहले सुरू अदालतमा गरेको बयान।

जाहेरी दरखास्त बारे मलाई केही थाहा छैन। मैले अभियोग मागबमोजिम सजाय पाउनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी तुलबहादुर सिंहले सुरू अदालतमा गरेको बयान।

मिति २०६६/०४/२२ गते म कुलानन्द काफ्लेको घरको गोठमा सुतेको थिएँ। मैले प्रहरीमा गरेको कागज मेरो स्वेच्छाले गरेको होइन के लेखे थाहा भएन। उक्त दिन झगडा भएको थाहा भएन भन्नेसमेत व्यहोराको डिल्ली परियारले गरेको बकपत्र।

वारदातको दिन देवता हेराउने ठाउँमा अलि अलि विवाद भएको हो। महानन्द काफ्लेको मृत्यु सम्बन्धमा मलाई केही थाहा छैन भन्ने व्यहोराको प्रतिवादी मातृका सिंहको साक्षी रणबहादुर सिंहले गरेको बकपत्र।

वारदातको मितिमा हिक्मत, नेत्र, विरेन्द्र र कमल सिंह र दुर्गाप्रसाद काफ्लेबीच देवता हेराउने विषयमा सामान्य विवाद भएको हो। मृतकलाई मारेको होइन भन्नेसमेत व्यहोराको प्र. तुलबहादुर सिंहका साक्षी धनबहादुर सिंहले गरेको बकपत्र।

वारदातको मितिमा देवता हेराउने विषयमा प्रतिवादी र जाहेरवालाबीच सामान्य विवाद भएको हो। महानन्द काफ्लेको मृत्यु सम्बन्धमा थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी कमलबहादुर, नेत्र र हिक्मत सिंहका साक्षी बलबहादुर सिंह र लालमणी काफ्लेले गरेको बकपत्र।

मिति २०६६/०४/२२ गते राति प्रतिवादी मातृका सिंह, विरेन्द्र सिंह, नेत्र सिंह, मनराज सिंह, तुल सिंह र हिक्मत सिंहसमेत एक्कासी मेरो घरमा आई झगडा गरेकाले हामी भागी बाँच्न सफल भएका हौं। मेरा बुबालाई यी प्रतिवादीले मारेका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला दुर्गाप्रसाद काफ्ले र मौकामा कागज गर्ने पुष्पकला शाही (काफ्ले) ले गरेको करिब एकै मिलानको बकपत्र।

प्र. प्रेमबहादुर शाही र कुर्मराज शाही दुवै जनालाई कुनै सजाय हुनुपर्ने होइन। यिनी दुवै जना प्रतिष्ठित व्यक्ति भएकाले उहाँहरूको चरित्र हत्या गर्ने उद्देश्यका साथ अभियोग पत्र लगाइएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी कर्मराज शाही र प्रेमबहादुर शाहीका साक्षी चित्रबहादुर सिंहले गरेको बकपत्र।

मातृका सिंहले मेरो टाउकोमा चक्कुले हानेपछि हामी भागी गयौं। बुबा महानन्द काफ्ले खलामा थिए, उनलाई निज प्रतिवादीहरूले पिटिरहेका थिए। भोलिपल्ट आउँदा बुबालाई भेटाउन सकिएन भन्नेसमेत व्यहोराको मौकामा बुझिएका मानिस कुलानन्द काफ्लेले गरेको बकपत्र।

वारदातको मितिको राति म, प्रतिवादी मातृका सिंह र अली सिंह तिनै जना मातृका सिंहको घरमा सुतेका हौं। प्र. मातृका सिंहले महानन्द काफ्लेलाई कर्तव्य गरी मारेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी मातृका सिंहका साक्षी जर्मकला काफ्लेले गरेको बकपत्र।

मिसिल संलग्न आधार कारण र परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादीहरू निर्दोष रहेछन् भन्न सकिने अवस्था देखिँदैन। त्यसैले मृतक महानन्द काफ्लेलाई प्रतिवादी नेत्रबहादुर सिंह, कमलबहादुर सिंह, हिक्मतबहादुर सिंह विरेन्द्रबहादुर सिंहले मारी खोलामा फालेको भन्ने पुष्टि हुन आएकोले अभियोग माग दाबीबमोजिम कसुर गरेको ठहर्छ। उक्त

कसुरमा प्र. हिक्मतबहादुर सिंहलाई मु. ऐन. ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्र. नेत्रबहादुर सिंह, वीरेन्द्रबहादुर सिंह, कमलबहादुर सिंहलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) नं. बमोजिम दश वर्ष कैद हुने ठहर्छ। अन्य प्रतिवादीमध्ये प्र. मातृका सिंह, तुल ब. सिंह र मनराज सिंहले मृतक महानन्द काफ्लेको मृत्युमा संलग्न भएको र प्रतिवादी प्रेमबहादुर शाही र कुमेराज शाहीले अरू प्रतिवादीहरूलाई भगाएको भन्ने कुरा कहीँकतैबाट खुल्न नआएको केबल जाहेरवाला र निजका परिवारहरूको भनाइलाई मात्र आधार विश्वास मानी अभियोग माग दाबीबमोजिम कसुर अपराध ठहऱ्याउन न्याय, कानूनसङ्गत नहुने हुँदा निजहरूको अभियोग माग दाबीबाट सफाई पाउने ठहर्नुका साथै प्रतिवादी हिक्मतबहादुर सिंहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम हुँदैसम्मको सजाय गर्दा चर्को पर्न जाने चित्तले देखेको हुँदा मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम तजबिजी सजाय कैद वर्ष १० (दश) मात्र हुनुपर्ने भनी राय जाहेर गरेको छु भन्नेसमेत व्यहोराको मिति २०६७/११/१७ को सुरू कालिकोट जिल्ला अदालतको फैसला।

मिसिल संलग्न निर्दोष रहेको कुरालाई विवेचना विश्लेषण र मूल्याङ्कन नै नगरी भ्रामक र काल्पनिक कथा वस्तुको आधारमा सम्पन्न गरिएको उक्त फैसला बदरभागी भएकोले हाम्रा निर्दोषिताका सबुद प्रमाणहरूलाई उचित ढङ्गले मूल्याङ्कन गरी सो फैसलालाई उल्टी बदर गरी हामीलाई पूर्ण रूपले सफाइ दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्र. विरेन्द्र सिंह, हिक्मत सिंह, कमल सिंह र नेत्र सिंहको कारागार कार्यालय, कालिकोटमार्फत दर्ता भएको मिति २०६७/१२/२१ को पुनरावेदन पत्र।

कालिकोट जिल्ला अदालतले वादीका साक्षी प्रमाणहरूको कुनै मूल्याङ्कन नै नगरी केबल प्रतिवादीहरू इन्कार रहेको भन्ने आधारमा मात्र विरूद्ध खण्डमा उल्लिखित प्रतिवादी मातृका सिंह, मनराज सिंह, तुलबहादुर सिंहलाई र ढिलो उजुरी परेको र प्रतिवादीहरू अदालतमा हाजिर भएका भनी कुर्मराज शाही र प्रेमबहादुर शाहीलाई सफाई दिएको फैसला प्रमाणको मूल्याङ्कनमा त्रुटि हुँदा उक्त मिति २०६७/११/१७ को फैसला सो हदसम्म बदर गरी निजहरूलाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरी पाउन भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन सरकारी वकिल कार्यालय, जुम्लाको मिति २०६७/१२/२३ को पुनरावेदन पत्र।

प्रतिवादीहरू नेत्रबहादुर सिंह, कमलबहादुर सिंह, हिक्मतबहादुर सिंह र विरेन्द्रबहादुर सिंहले अभियोग माग दाबीबमोजिम कसुर गरेको ठहऱ्याई १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरी मिति २०६७/११/१७ मा गरेको सुरू फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी बदर भई पुनरावेदक प्रतिवादीहरू नेत्रबहादुर सिंह, कमलबहादुर सिंह, हिक्मतबहादुर सिंह र विरेन्द्रबहादुर सिंहले पुनरावेदन जिकिरअनुसार अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्छ । अन्य प्रतिवादी मातृका सिंह, मनोज भन्ने मनराज सिंह, तुलबहादुर सिंह, कर्मराज शाही र प्रेमबहादुर शाहीका हकमा मिसिल संलग्न प्रमाणको मूल्याङ्कन गरी अभियोग माग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, जुम्लाको मिति २०६८/०३/१४ को फैसला।

प्रतिवादीहरू र जाहेवालाहरू बीच राजनीतिक मतभेद रहेको, एक आपसमा झगडा भएको र झगडापश्चात् प्रतिवादीहरू एकै ठाउँमा जम्मा भई सुतेको कुरालाई स्वयम् प्रतिवादीहरूको बयानबाट पुष्टि हुन आउँछ । कुलानन्द काफ्लेको निधारमा चोट भएको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन आउँछ। मृतकलाई कुटपिट गरी मारेको भन्ने तथ्य पोष्टमार्टम रिपोर्टको मृतकको मेरूदण्डमा गम्भिर

चोट लागी मृत्यु भएको भन्ने तथ्यबाट समेत पुष्टि हुन आउँछ । त्यस्तै प्रतिवादीहरूले मृतकलाई योजनाबद्धरूपमा कुटपिट गरी हत्या गरी लास बेपत्ता पारेको कुरा घटनास्थल मुचुल्कामा बरामद भएको इस्टकोट, टोपी र दागसमेतबाट पुष्टि हुन आएको छ । यस्तो अवस्थामा सुरू फैसला उल्टी गरी प्रतिवादीहरूलाई सफाई दिने गरी भएको पुनरावेदन अदालत जुम्लाको फैसला त्रुटिपूर्ण भएकोले प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले प्रतिवादीहरू उपर किटानी जाहेरी परेको छ। प्रतिवादीहरू र मृतक पक्षबीच राजनीतिक कारणले पूर्वाग्रह रहको र दुवै पक्षबीच झगडा कुटपिटसमेत भएको तथ्यलाई स्वयम् प्रतिवादीहरूले स्वीकार समेत गरेका छन् । सो कुरा अन्य बुझिएका व्यक्तिको भनाईबाट र कुलानन्द काफ्लेको निधारमा चोट लागेको भन्ने निजको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत पुष्टि हुन जान्छ। यस्तो अवस्थामा सुरू फैसला केही उल्टी गरी प्रतिवादीहरूलाई सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकोले उल्टी गरी अभियोग दाबीअनुसार प्रतिवादीहरूलाई सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो। यसरी बहससमेत सुनी मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा सुरू फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ वा छैन ? तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. यसमा प्रतिवादीहरू मातृका सिंह, नेत्र सिंह, कमल सिंह, हिक्मत सिंह, विरेन्द्र सिंह, तुलबहादुर सिंह र मनोज भन्ने मनराज सिंहसमेतले दुर्गाप्रसाद काफ्लेसमेतलाई कुटपिट गर्नुका साथै निजका ७८ वर्षीय बुबा महानन्द काफ्लेलाई कुटपिट गरी कर्तव्य गरी मारी लास खोलामा लगी फाली मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसुर गरेकोले निजहरू उपर ऐ. १३(३) नं. अनुसारको सजायको माग दाबी लिई र प्रतिवादीहरू मध्येका कुर्मराज शाही र प्रेमबहादुर शाहीले ज्यान मारेको चाल पाई कसुरमा संलग्न उल्लिखित प्रतिवादीहरूलाई भगाई फरार गराएकोले निजहरूलाई ऐ. २५ नं. अनुसार सजाय गरिपाउँ भनी अभियोग पत्र दायर भएको पाइन्छ । सुरू कालिकोट जिल्ला अदालतबाट प्रतिवादीमध्येका मातृका सिंह, तुलबहादुर सिंह, मनराज सिंह, प्रेमबहादुर शाही र कुर्मराज शाहीलाई अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई, प्रतिवादीमध्येका हिक्मतबहादुर सिंहलाई अभियोग दाबीअनुसारको कसुरमा सर्वोश्व सहित जन्मकैद हुने र प्रतिवादीमध्येका नेत्रबहादुर सिंह, बिरेन्द्रबहादुर सिंह, कमल बहादुर सिंहलाई अभियोग दाबीबमोजिमको कसुरमा नाबालक देखिएकोले १० वर्षमात्र कैद सजाय हुने ठहऱ्याई फैसला भएको पाइयो । सो फैसलाउपर हिक्मतबहादुर सिंह, विरेन्द्रबहादुर सिंह, कमलबहादुर सिंह र नेत्रबहादुर सिंहको सफाई पाउनु पर्ने भनी र वादी नेपाल सरकारको सबै प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भनी पुनरावेदन परी पुनरावेदन अदालत, जुम्लाबाट सुरू फैसला केही उल्टी भई सबै प्रतिवादीहरूले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई फैसला भएको देखिन आयो । उक्त फैसलाउपर वादी नेपाल सरकारको प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भनी यस अदालतमा पुनरावेदन परी आज इजलाससमक्ष पेस हुन आएको छ।

३. यसमा मिति २०६६/०४/२२ गते

प्रतिवादीहरू मध्येका कुर्मराज शाही र प्रेम बहादुर शाहीबाहेकका अन्य प्रतिवादीहरू मेरो घरमा आई मार्छु भनी धम्की दिएकोले म झ्यालबाट बाहिर निस्की दाजु कुलानन्द काफ्लेको घरमा जाँदा निजहरू त्यहीँ गई दाजुलाई हानेपछि म र मेरो परिवार भाग्दा छोरालाई किन भगाइस् भनी बुबा महानन्द काफ्लेलाई कुटपिट गरी मारेकोले कारवाही गरिपाउँ भनी दुर्गाप्रसाद काफ्लेको मिति २०६६/०४/२५ को जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको पाइएको छ । त्यस्तै मृतक महानन्द काफ्लेलाई मार्ने प्रतिवादीहरूलाई भगाई ज्यान मारेको कुरा दबाउने कुर्मराज शाही र प्रेमबहादुर शाहीलाई कारवाही गरिपाउँ भनी मिति २०६६।५।२५ मा निज दुर्गा प्रसाद काफ्लेले प्रहरीमा निवेदन दिएको पाइन्छ । निजले सोही जाहेरी व्यहोराको समर्थन हुने गरी अदालतमा बकपत्र गरिदिएको पाइएको छ । जाहेरवालाका दाजु कुलानन्द काफ्लेले र कृष्णकला काफ्लेले पनि जाहेरी व्यहोरासँग मिल्ने भिड्ने गरी प्रहरीसमक्ष निवेदन गरेको भएपनि कुलानन्द काफ्लेले अनुसन्धानका क्रममा कागज गर्दा प्रतिवादी मातृका सिंहले टर्च बाली देखाएको भनी लेखाई दिएका र अदालतमा गरेको बकपत्रमा चक्कुले हानेको भनी परस्पर बाझिने गरी लेखाई दिएको पाइएको छ । निजको बकपत्रमा मातृका सिंहले मेरो टाउकोमा चक्कुले हानेपछि हामी भागी गयौं । बुबा महानन्द काफ्ले खलामा उनलाई पिटिरहेका थिए । भोलिपल्ट आउँदा बुबालाई भेटाउन सकिएन भन्नेसमेत उल्लेख छ ।

४. घटना विवरणका डिल्ली परियारसमेतका व्यक्तिहरूले उक्त राति मृतक महानन्द काफ्लेसमेतका व्यक्तिलाई कुटपिट गरी मृतकलाई बेपत्ता पारेको सुनेको मात्र हो अन्य कुरा केही थाहा छैन भनी लेखाई दिएको पाइएको छ । सकुरा सिंह, उब्जी सिंह र भिमबहादुर सिंहले घटना विवरण कागजमा झगडाका सम्बन्धमा आफूहरूलाई थाहा नभएको र खोलामा गएको बेला मानिसको पैताला देखिएकोले प्रहरीमा खबर गरेको हो भनी लेखाई दिएका छन् । यसै गरी मृतककी बुहारी सुनकेशा काफ्लेले उक्त राति खाना खाई सुत्न कोठामा गएको अवस्थामा हो हल्ला सुनेपछि हेर्न जाँदा २/४ जनाले मेरो ससुरा महानन्द काफ्लेलाई कुटपिट गर्दै थिए मुखमा रूमाल बाँधेकाले कुट्ने व्यक्तिहरूलाई चिन्न सकिएन स्वर मातृका सिंहको जस्तो थियो । म ससुरालाई मार्न लागे भनी चिच्याउँदा मलाई लखेटेकाले म रातभरी गोठमा सुतेको हुँ । भोलिपल्ट ससुराको खोजतलास गर्दा नभेटिई मिति २०६६/०५/०३ गते जिल्ली खोलामा निजको लास फेला परेको हो । कुटपिट गर्ने व्यक्तिहरूले नै मृतकलाई कर्तव्य गरी मारेका हुन् भन्ने व्यहोरा घटना विवरण कागजमा लेखाई दिएको पाइएको छ । प्रतिवादीमध्येका मातृका सिंह र मनराज सिंहले आफूहरूको घटनामा कुनै संलग्नता नरहेको र केबल राजनीतिक पूर्वाग्रहका कारण मात्र आफूउपर जाहेरी दिएको भनी कसुरमा इन्कार रही अनुसन्धानका क्रममा बयान गरिदिएको देखियो । निजहरूले अदालतमा बयान गर्दा पनि सोही अनुसन्धानको बयानको समर्थन हुने गरी लेखाई दिएको देखिन्छ । अदालतको म्यादमा हाजिर भएका अन्य प्रतिवादीहरू हिक्मतबहादुर सिंह, कमलबहादुर सिंह, विरेन्द्रबहादुर सिंह, तुलबहादुर सिंह, नेत्रबहादुर सिंह, प्रेमबहादुर शाही र कुर्मराज शाहीले पनि कसुरमा इन्कार रहेर नै अदालतमा बयान गरिदिएको पाइएको छ । प्रतिवादीहरूका साक्षीहरूले पनि मृतकको मृत्युमा प्रतिवादीहरूको कुनै संलग्नता नरहेको केबल देवता हेराउने स्थानमा जाहेरवालासमेतसँग सामान्य भनाभन भएको भनी बकपत्रमा लेखाई दिएका छन् । घटना विवरण कागजका डिल्ली परियारले आफूलाई झगडा भएको विषयमा केही थाहा नभएको भनी अदालतमा बकपत्र गरिदिएको पाइयो ।

५. यसरी यी प्रतिवादीहरू उपर कसुर गरेको भनी किटानी जाहेरी परेको देखिएपनि जाहेरीमा

मृतकलाई प्रतिवादीहरूले के कसरी को कस्ले कस्तो चोट पुऱ्याए भनी खुलाउन सकेको पाइएन । जाहेरीमा जाहेरवालाले आफू भागेर गएपछि आफ्नो बुबालाई प्रतिवादीले कुटपिट गरेको भन्ने उल्लेख छ । यसबाट यी जाहेरवालाले कुटपिट गरी मारेको आफैले नदेखी केबल आशंकाका आधारमा मात्र उक्त कुरा लेखाई दिएको देखिन आउँछ। त्यस्तै पोष्टमार्टम रिपोर्टबाट पनि मृतकको शरीरमा कुटपिट गरेको कुनै घाउँ चोट निलडाम देखिएको भन्ने उल्लेख भएको छैन । मिति २०६६/०४/२५ गते जाहेरी दिएकोमा ऐ. २६ गते वारदातमा विरेन्द्रबहादुर सिंहको समेत संलग्नता रहेकोले निजलाई समेत कारवाही गरिपाउँ भनी जाहेरवालाले निवेदन दिएको र पुनः १ महिना पछि मिति २०६६/०५/२५ मा आएर कसुरदारलाई भगाएको भनी कुर्मराज शाही र प्रेमबहादुर शाहीउपर पनि निवेदन दिएको पाइयो। यसरी पटक पटक जाहेरी दिएबाट पनि जाहेरी घटनाको बारेमा यथार्थ जानकारी पाई दिएको हो भनी भन्न सकिँदैन । घटनास्थल मुचुल्काबाट पनि यी प्रतिवादीहरूको नै वारदातमा संलग्नता रहे भएको देखिने कुनै चिजवस्तु फेला परेको भन्ने उल्लेख छैन । जाहेरवालाका दाजु कुलानन्द काफ्लेले अनुसन्धानको कागजमा मातृका सिंहले टर्च लगाएको भनी र अदालतमा गरेको बकपत्रमा चक्कुले हानेको भनी परस्पर बाझिने गरी लेखाई दिएको र आफू भागी गएपछि बुबालाई कुटपिट गरेको दोस्रो दिन खोज्दा बुबा नभेटिएकोले यी प्रतिवादीहरूले नै मारेको भनी केबल शंकाका आधारमा मात्र लेखाई दिएको पाइयो। मौकामा बुझिएकी मृतकको बुहारी सुनकेशा काफ्लेले पनि कुटपिट गरेको देखेको भनी लेखाए पनि मुखमा रूमाल बाधेकोले को-को ले कुटपिट गरे भनी भन्न नसकिने भनी लेखाई दिएबाट पनि यी प्रतिवादीहरूको नै वारदातमा संलग्नता रहेको भनी यकिन भन्न सकिने देखिँदैन । मौकामा बुझिएका अन्य व्यक्तिले पनि झगडा भएको भन्ने केवल सुनेको सो बारेमा आफूलाई केही थाहा नभएको भनी लेखाइदिएबाट वारदातका बारेमा निजहरूलाई पनि कुनै जानकारी नभई केवल हल्लाका आधारमा मात्र लेखाई दिएको प्रस्ट हुन जान्छ। प्रतिवादीहरू पनि अनुसन्धानमा र अदालतमा कसुर गरेकोमा पूर्ण इन्कार रहेको र निजको इन्कारी बयान निजका साक्षीहरूबाट समेत समर्थित रहेको देखिन्छ । यस प्रकार मिसिलमा प्रतिवादीको कसुर पुष्टि हुने कुनै प्रत्यक्ष प्रमाण तथा वारदात यी यी व्यक्तिको संलग्नतामा, यस कारण र यसरी भएको हो भनी यकिन भन्न सक्ने व्यक्ति तथा प्रमाणको अभाव रहेको पाइन्छ।

६. प्रतिवादीहरू उपरको कसुर प्रमाणित हुन यो यो प्रतिवादीहरूको यस्तो यस्तो संलग्नतामा यसरी वारदात हुन गएको हो भनी स्पष्टरूपले देखिनुपर्ने हुन्छ । संकलित प्रमाणहरू एक आपसमा समर्थित रही शंकारहित देखिनु पर्दछ। यस्तो नदेखिई संकलित प्रमाणहरू परस्पर विरोधाभाषपूर्ण देखिई प्रतिवादीहरूले कसुर गरेको हो भन्ने ठोस प्रमाणको अभाव भएमा कसुरदार ठहऱ्याउन मिल्दैन । प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणहरूबाट जाहेरी दरखास्तको व्यहोरा कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। जाहेरी दरखास्त आफैमा कुनै स्वतन्त्र प्रमाण नभएकोले अन्य प्रमाणहरूबाट पुष्टि नभएसम्म जाहेरी दरखास्तको कुनै प्रमाणिक मूल्य हुँदैन । प्रस्तुत मुद्दामा जाहेरी दरखास्तको व्यहोरा पुष्टि हुन सक्ने शंकारहित प्रमाणको विद्यमानता रहेको पाइदैन । यी प्रत्यर्थी प्रतिवादीहरूले अभियोग दाबी अनुसारको कसुर गरेको भनी यकिनरूपमा बुझिएका कुनै व्यक्तिले पनि भन्न सकेको पाइँदैन । केबल प्रतिवादीहरूसँग राजनीतिक पूर्वाग्रह रहेको र हल्लाका आधारमा मात्र यी प्रतिवादीहरू उपर कसुरको आशंका गरिएको देखिन्छ। मृतकका छोरा कुलानन्द काफ्लेको अदालत र अनुसन्धानको भनाई परस्पर बाझिएको छ । प्रतिवादीहरूको मृतकलाई मार्नेसम्मको कुनै

रिसइबी रहेको पनि मिसिलबाट देखिँदैन । राजनीतिक मतभेद रहँदैमा मार्नेसम्मको मनसाय नै रहन जान्छ भनेर भन्न मिल्दैन । यस्तो प्रतिवादीहरू उपरको कसुर वादीले नि:सन्देहरूपमा प्रमाणित गर्न नसकेको अवस्थामा कसैको मनोगत अर्थात् शंकाका भरमा मात्र व्यक्त गरेका कुरालाई आधार बनाई दोषी ठहर गर्न नमिल्ने हुँदा पुनरावेदन अदालत जुम्लाबाट प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसलालाई अन्यथा मान्न मिलेन ।

७. अतः माथि विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरूले कसुर गरेको देखिने शंकारहित प्रमाणको मिसिलमा अभाव रहेकोले सुरू कालिकोट जिल्ला अदालतबाट मिति २०६७/११/१७ मा भएको फैसला केही उल्टी हुने ठहऱ्याई सबै प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिने गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०६८/०३/१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा

इजलास अधिकृत:- यदुराज शर्मा
इति संवत् २०७३ साल माघ २ गते रोज १ शुभम् ।

निर्णय नं. ९८५९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
फैसला मिति : २०७३।०७।२४
०६८-CR-०९६२

मुद्दा : जालसाजी ।

पुनरावेदक / वादी : उदयपुर जिल्ला, जोगिदह गा.वि.स. वडा नं. ८ बस्ने मेनसु कुमारी चौधरीसमेत

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : उदयपुर जिल्ला, जोगिदह गा.वि.स. वडा नं. ८ बस्ने सबुरलाल चौधरीसमेत

- **साक्षी हुनु र कारणी हुनुमा तात्त्विक अन्तर पर्दछ । साक्षीको हैसियत अर्काले गरेको व्यवहारको प्रमाणित गर्छ भने कारणीको हैसियत व्यवहारको कर्ता बन्नु हो । तसर्थ घरको मुख्य व्यक्ति साक्षीसम्म बसी गरेको व्यवहारलाई लेनदेन व्यवहारको ८ नं.अन्तर्गत कारणीले गरेको मान्न मिलेन । अंश बन्डाको १९ नं. को प्रयोग छोरा वा स्वास्नी हुने अर्थात् बाबुको हकमा प्रयोग हुने हो । बाबुबाहेकका घरको मुख्यलाई उक्त अंशबन्डाको १९ नं. आकर्षित हुन सक्ने देखिँदैन । सो अंशबन्डाको १९ नं. मा पनि बाबु स्वयम् नै कारणी भएर व्यवहार गरेको हुनुपर्ने ।**
- **लेनदेन व्यवहारको १० नं. अनुसार सगोलमा रहेका वादीहरूलाई साक्षी नराखी निजहरूको मन्जुरीको लिखतसमेत**

सर्वोच्च अदालत

नगराई रजिष्ट्रेशन पारित गरिएको राजीनामा लिखतबाट वादीहरूको हक गएको देखिएको अवस्थामा किर्ते कागजको १८ नं. बमोजिम म्यादभित्र नै दायर भएको फिरादलाई अन्यथा मान्न नमिल्ने ।

(प्रकरण नं.४)

पुनरावेदक / वादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्का, विद्वान अधिवक्ता खगेन्द्र राउत

प्रत्यर्थी / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता अविनास कुमार प्याकुरेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री यज्ञराज भट्ट

पुनरावेदन तहमा फैसला गर्ने :

मा.का.मु. मुख्य न्या. श्री लोकेन्द्र मल्लिक

माननीय न्यायाधीश श्री हरिकुमार पोखरेल

फैसला

न्या. दीपककुमार कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

विपक्षीहरू र हामीबीचमा अंशबन्डा हुन बाँकी छ । बन्डा गर्नुपर्ने सम्पूर्ण सम्पत्ति विपक्षीको जिम्मामा रहेकोमा बन्डा गरी सम्पत्ति पनि नदिएको र अंशसमेत नदिएको हुँदा विपक्षीसमेत उपर अंश मुद्दा दिई विचाराधीन अवस्थामा छ । हाम्रोसमेत अंश हक लाग्ने जिल्ला उदयपुर गा.वि.स. गाइघाट वडा नं. ६(क) कि.नं. ८३ को ज.वि. ०-२-० ऐ. ऐ. ८६ को ज.वि. ०-३-० समेत जम्मा ज.वि. ०-५-० जग्गाको थैली रू.५,००,०००।- राखी विपक्षी सासु पल्टीदेवी चौधरी ऋणी विपक्षी हंसाकुमारी चौधरी धनी बनी मालपोत कार्यालय, उदयपुरबाट र.नं. ३८३४ मिति २०६५।१।१२ गते जालसाजी तवरबाट राजीनामा लिखत रजिष्ट्रेसन पारित गराई दा.खा. समेत गरी सो कार्य प्रकाशमा नल्याई गुपचुप राखी हाम्रो हक मेट्ने उद्देश्यले अंश हकबाट वञ्चित गराउने उद्देश्यले जालसाज गरेको हुँदा विपक्षीहरूलाई सजाय गरी जालसाजबाट गरेको लिखत बदर गरिपाउँ भन्ने फिराद दाबी ।

लेनदेन व्यवहारको १० नं. को हद म्यादभित्र फिराद दायर नभई हदम्याद नाघी फिराद दायर भएको हुँदा खारेज गरिपाउँ भन्ने प्रतिवादी हंसाकुमारी चौधरीको प्रतिउत्तर पत्र ।

घरको मुख्य व्यक्तिको मन्जुरीले घर खर्च गर्नबापत भनी उक्त जग्गा बिक्री गरेको देखिँदा उक्त जग्गा प्रतिवादी पल्टीदेवी चौधरीको नाउँमा भएकै कारण निज प्रतिवादी पल्टीदेवी नामबाट प्रतिवादी हंसाकुमारी चौधरीको नाममा बिक्री भई गएको देखिँदा, घरको मुख्य व्यक्तिकै सल्लाह र मन्जुरीमा बिक्री गरेको देखिँदा घरको मुख्य व्यक्तिकै सल्लाह मन्जुरीमा बिक्री गरेको देखिन आयो । मुलुकी ऐन अंशबन्डा महलको १९(१) नं. ले अचलमा आधासम्म घर व्यवहार चलाउन घरको मुख्यले बिक्री गर्न पाउने कानूनी व्यवस्था भएकोमा, यहाँ घरखर्च गर्नबापत नै भनी बिक्री गरेको अवस्था हुँदा घर व्यवहार चलाउनलाई मुख्य व्यक्ति प्रतिवादी सबुरलालकै मन्जुरी र सल्लाहमा बिक्री गरेकोलाई वादीको हक मेटिएको भन्ने अवस्था देखिन आएन । तसर्थ जालसाजी घोषित गरिपाउँ भन्नेसमेत वादीको फिराद दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू उदयपुर जिल्ला अदालतको मिति २०६७।८।२६ को फैसला ।

हामी वादी प्रतिवादीहरूको घरमूली सबुरलाल चौधरी हुन् र सबुरलाल चौधरीको पत्नी पल्टीदेवी

घरमूली होइन भन्ने हाम्रो पुस्तावलीबाटै पुष्टि हुन्छ । पल्टीदेवीले विपक्षी हंसाकमारी चौधरीलाई बिक्री गर्दा मुलुकी ऐन लेनदेन व्यवहारको १० नं. बमोजिम हाम्रो पनि मन्जुरी लिनुपर्ने र हामीलाई साक्षी राख्नुपर्ने सो नगरी राजीनामा परित गरिदिएको हुँदा विपक्षीहरू मिली जालसाज गरी हाम्रो अंशहक मारेको, मुलुकी ऐन अंशबन्डा महलको १९(१) को आधारलाई हेर्दा हामी वादी प्रतिवादीको घरमूली सबुरलाल चौधरी भएको दाबीको कि.नं. ८३ र ८६ का जग्गा पिता पुर्खाको पालाको भनी व्याख्या गर्न नमिल्ने, उक्त खरिद गरी लिएको जग्गा पनि घरमूलीको नाउँमा दर्ता नरहेको प्रष्ट हुँदाहुँदै अंशबन्डाको १९(१) नं. ले आधासम्म घर चलाउन पाउने भनी ऐनलाई गलत किसिमले व्याख्या गरी गरिएको प्रत्यक्ष कानूनी त्रुटिपूर्ण फैसला उल्टी गरी फिराद दाबीबमोजिम गरिपाउँ भन्ने मेनसु चौधरी, रेणुका कुमारी चौधरी, कलावती चौधरीसमेतको पुनरावेदन पत्र ।

सबुरलाल चौधरी दाताको पति हुन् र निजले सो राजीनामाको लिखतमा सहिछाप गरेका छन् । जग्गा दर्ता हुने जग्गाधनीले आफ्नो हक पुग्ने जग्गा कानूनको रीत पुऱ्याई हक हस्तान्तरण गरेको कार्यलाई जालसाजको संज्ञा दिन मिल्दैन । तसर्थ उक्त लिखत जालसाज ठहर नगर्ने गरी उदयपुर जिल्ला अदालतबाट मिति २०६७।८।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, राजविराजको मिति २०६८।३।१४ को फैसला ।

एकासगोलको परिवारमा रहेका हामी निवेदक वादीहरूको समेत अंश हक लाग्ने विपक्षीमध्येकी पल्टीदेवीको नाममा दर्ता कायम रहेको कि.नं. ८३ र कि.नं. ८६ को जग्गा हामीहरूको कुनै मन्जुरी नै नलिई विपक्षीले हंसाकुमारी चौधरीलाई र.नं. ३८३४ मिति २०६५।१।१२ गतेको लिखतबाट लिनुदिनु गरेका हुँदा हाम्रो अंशहकको सम्पत्तिमा हाम्रो कुनै मन्जुरी विना नै बिक्री गर्ने कार्य जालसाजीपूर्ण रहेकोले बदर गर्नुपर्नेमा सुरू अदालतले गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला त्रुटिपूर्ण हुँदा मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने व्यहोराको वादीहरूको यस अदालतमा पर्न आएको निवेदन ।

यसमा यसै लगाउको ०६८-RI-११५१ को अंश दर्ता मुद्दामा आज यसै इजलासबाट मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको र सो मुद्दा प्रस्तुत मुद्दासँग अन्तरप्रभावी भएकोले प्रस्तुत मुद्दामा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) र (ख) अनुसार मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०६८।१०।२७ को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रेमबहादुर खड्का र विद्वान् अधिवक्ता श्री खगेन्द्र राउतले वादीहरूको अंशहकको सम्पत्तिसमेत निजहरूको मन्जुरी विना नै घरको मूली नै नभएको व्यक्तिले अरूको हक नै मेटाउने गरी बिक्री गर्ने कार्य जालसाजीपूर्ण भएको हुँदा बदर गरिपाउँ भनी गर्नु भएको बहस र प्रत्यर्थीको तर्फबाट विद्वान् अधिवक्ता श्री अविनास कुमार प्याकुरेलले अरू सगोलको सम्पत्तिबाट नै वादीहरूको अंशहक बराबरको सम्पत्ति लिन सक्ने अवस्था भएको र घरको मूलीसमेतलाई साक्षी राखी घरव्यवहारको लागी बिक्री गरिएको हुँदा यो कार्य जालसाजी नभएकोले सुरू र पुनरावेदन अदालतबाट भएको फैसला मिलेको हुँदा सोही सदर गरिपाउँ भनी गर्नु भएको बहससमेत सुनियो ।

विद्वान् वरिष्ठ अधिवक्ता एवम् विद्वान् अधिवक्ताहरूले गर्नुभएको उपर्युक्त व्यहोराको बहस जिकिर सुनी पुनरावेदन पत्रसहितका सक्कल मिसिल कागजातहरू अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेको छ छैन ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ

वा सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा वादीहरूले आफ्नो फिरादमा हाम्रो अंश मार्ने नियतबाट विपक्षीहरूबाट कि.नं. ८३ र कि.नं. ८६ को जग्गा हामीहरूको कुनै मन्जुरी नै नलिई विपक्षीले हंसाकुमारी चौधरीलाई र.नं ३८३४ मिति २०६५।१।१२ गतेको लिखतबाट लिनु दिनु गरेका हुँदा उक्त कार्य जालसाजीपूर्ण रहेकोले जालसाजी घोषित गरी लिखत दर्ता बदर गरिपाउँ भन्ने दाबी लिई प्रस्तुत फिराद परेको देखिन्छ । प्रतिवादीहरूले फिराद गर्ने वादीहरूको अंशहक मार्ने नियतले बिक्री नगरिएको घरमूलीसमेत भई घरव्यवहारको लागि साक्षी बसी कारोबार गरिएको हुँदा फिराद दाबी खारेजभागी छ भन्नेसमेत जिकिर लिएको पाइन्छ।

३. लेनदेन व्यवहारको १० नं. मा अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा ऐनले आफूखुशी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ भन्नेसमेत लेखिएको पाइन्छ । वादीहरू एकासगोलमा रहेका अंशियार रहेको कुरामा कुनै विवाद देखिँदैन।

४. प्रतिवादीमध्येकी जग्गा बिक्री गर्ने पल्टीदेवीको घरमूली सबुरलाल चौधरीको श्रीमती र यी वादीहरूको सासु / हजुरआमा भन्ने कुरामा विवाद देखिन्न । निजहरूसँग वादीहरू छुट्टी भिन्न भएको भन्ने कुराको प्रमाण प्रतिवादीहरूले लेखाउन सकेको छैन। प्रतिवादीहरूले जग्गा बिक्री गर्दा सगोलमा रहेका अंशियार यी वादीहरूलाई साक्षी राखी लिखत गरेको वा निजको मन्जुरीको लिखत भएको भन्ने देखिँदैन । घरको मुख्य व्यक्ति प्रतिवादी सबुरलाल चौधरी भन्ने कुरामा विवाद देखिन्न। वादीहरूले बदर गरिपाउँ भनी दाबी लिएको लिखत हेर्दा त्यसमा प्रतिवादीमध्येका सबुरलाल चौधरी साक्षीसम्म रहेको पाइन्छ । तर घरको मुख्य सबुरलाल कारणी बनी आगे भई लिनु दिनु गरी व्यवहार गरेको भन्ने देखिँदैन । साक्षी हुनु र कारणी हुनुमा तात्त्विक अन्तर पर्दछ । साक्षीको हैसियत अर्काले गरेको व्यवहारको प्रमाणित गर्छ भने कारणीको हैसियत व्यवहारको कर्ता बन्नु हो । तसर्थ घरको मुख्य व्यक्ति साक्षीसम्म बसी गरेको व्यवहारलाई लेनदेन व्यवहारको ८ नं. अन्तर्गत कारणीले गरेको मान्न मिलेन । अंशबन्डाको १९ नं.को प्रयोग छोरा वा स्वास्नी हुने अर्थात् बाबुको हकमा प्रयोग हुने हो । बाबु बाहेकका घरको मुख्यलाई उक्त अंशबन्डाको १९ नं. आकर्षित हुन सक्ने देखिँदैन। सो अंशबन्डाको १९ नं.मा पनि बाबु स्वयम् नै कारणी भएर व्यवहार गरेको हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा त्यस्तो अवस्था विद्यमान नहुँदा उक्त अंशबन्डाको १९ नं. को जिकिर प्रासंगिक देखिएन । तसर्थ लेनदेन व्यवहारको १० नं.अनुसार सगोलमा रहेका वादीहरूलाई साक्षी नराखी निजहरूको मन्जुरीको लिखतसमेत नगराई रजिष्ट्रेशन पारित गरिएको राजीनामा लिखतबाट वादीहरूको हक गएको देखिएको अवस्थामा किर्ते कागजको १८ नं. बमोजिम म्यादभित्र नै दायर भएको फिरादलाई अन्यथा मान्न मिलेन।

५. अतः उपर्युक्त उल्लेख भएअनुसार पल्टीदेवीको नाममा दर्ता कायम रहेको कि.नं. ८३ र कि.नं. ८६ को जग्गा विपक्षीले हंसाकुमारी चौधरीलाई र.नं ३८३४ मिति २०६५।१।१२ गतेको लिखतबाट गरेको राजीनामा जालसाजीपूर्ण तरिकाबाट गरिएको देखिँदा वादीहरूको हकसम्मको उल्टी भई वादीहरूका नाउँमा दर्ता हुनेसमेत ठहर्छ। जग्गा दर्ता हुने जग्गाधनीले हक हस्तान्तरण गरेको कार्यलाई जालसाजको संज्ञा दिन नमिल्ने भनी जालसाज ठहर नगर्ने गरी उदयपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति

२०६८।३।१४ मा भएको फैसला नमिलेको हुँदा उल्टी हुने ठहर्छ । प्रतिवादी हंसा कुमारी चौधरीले रकम हाली जग्गा खरिद गरेको देखिँदा निजले जालसाजी गरेको भन्न नमिली प्रतिवादी पल्टीदेवीले सम्म जालसाजी गरेको ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पल्टीदेवीको नाममा दर्ता कायम रहेको कि.नं. ८३ र कि.नं. ८६ को जग्गा विपक्षीले हंसाकुमारी चौधरीलाई रू.५,००,०००।– मोल बिगो राखी गरेको राजीनामाको लिखत जालसाजीपूर्ण तरिकाबाट गरिएको देखिँदा बदर गरी जालसाज ठहर गर्ने गरी फैसला भएकोले जालसाजीको कागज गर्ने गराउनेलाई किर्ते कागजको १० नं. बमोजिम बिगोको सयकडा पच्चीसबमोजिम हुन आउने एक लाख पच्चीस हजार रूपैयाँको जरिवानाको लगत राखी प्रतिवादी पल्टीदेवीबाट असुलउपर गर्नु भनी सुरू अदालतमा लेखी पठाउने १

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइ दिनू २

उक्त रायमा सहमत छु ।
न्या. सारदाप्रसाद घिमिरे

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य
इति संवत् २०७३ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

निर्णय नं. ९८६०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री सारदा प्रसाद घिमिरे
आदेश मिति : २०७४।०१।१२
०७१-WO-०२७९

मुद्दा : उत्प्रेषण

निवेदक : साबिक तेह्रथुम जिल्ला, थोक्लुङ्ग गा.वि.स. वडा नं.६ हाल मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं.७ बस्ने विष्णुलाल लामिछाने

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- **सट्टा भर्नामा पाएको जग्गा भोग चलन गर्न नपाए त्यसको कुनै महत्त्व रहँदैन । सट्टा भर्ना वा क्षतिपूर्तिबापत दिने भनेको जग्गा काल्पनिक नभई वास्तविक हुनुपर्ने र त्यस्तो जग्गा सम्बन्धित व्यक्तिको भोग वा नियन्त्रणमा आएको अवस्थामा मात्र वास्तविकरूपमा हक प्राप्त गरेको मान्न सकिने ।**

(प्रकरण नं. ४)

- **राज्यका तर्फबाट ३० वर्षभन्दा बढी समय व्यतित गर्दा पनि अतिक्रमण गरिएको जग्गा खाली हुन नसकेको अवस्थामा आफ्नो दायित्वबाट पूर्णरूपले पन्छिन खोज्दा जग्गाको भोगाधिकार प्राप्त गर्नुपर्ने व्यक्तिलाई अन्याय परेको अनुभूति हुन्छ । राज्यले आफूले सट्टा भर्नामा दिएको**

सर्वोच्च अदालत

जग्गा जुन प्रयोजनका लागि दिएको हो सोबमोजिम हस्तान्तरण भएको सुनिश्चित गर्ने कर्तव्य राज्यको हुने।

(प्रकरण नं. ५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता नरेन्द्रप्रसाद गौतम

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता खेमराज ज्ञवाली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९(३)
- जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३

आदेश

न्या. केदारप्रसाद चालिसे : तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छ:-

म निवेदक विष्णुलाल लामिछानेको नाम दर्ताको मोरङ जिल्ला, बयरवन गा.वि.स.वडा नं.८(ढ) को कि.नं.३ को जग्गा बिगाहा १-१३-० र म श्रीप्रसाद मैनालीको ऐ.वडा नं.८(ढ) कि.नं.१२ को क्षेत्रफल १-१०-० जग्गा कोशी टप्पु वन्यजन्तु आरक्षणबाट उठाइएका परिवारलाई नेपाल सरकारबाट २०४१ सालमा सट्टा भर्ना दिई क्रमशः मिति २०४१/०५/२५ र २०४१/०५/२७ मा जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेको जग्गा हो। लालपुर्जा प्राप्त गरेको जग्गा झोडाक्षेत्र भई सरकारी लकडी कटान गरी नलगेसम्म हामीले भोगचलन गर्न सक्ने अवस्था थिएन। सो क्षेत्रमा उनाउ मानिसहरू आई बसेछन् । २०३८ सालमा गठित मोरङ सुनसरी जिल्ला वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिले २०३९ सालका विभिन्न मितिमा प्रकाशित सूचनासमेतले सट्टा भर्ना दिएका तथा दिन नपाउँदै बाँकी रहेको जग्गाहरूमा उनाउ व्यक्तिहरू आई अतिक्रमण गरेको भन्ने पुष्टि हुन्छ। त्यसैगरी २०४५ सालमा सो आयोगको सूचनाअनुसार जग्गाधनी पुर्जा प्राप्त गरिसकेका तर जग्गा जोतभोग गर्न नसकेका व्यक्तिहरूले कारण खोली निवेदनसमेत दिएका थियौं । त्यसैगरी केचना क्षेत्र सट्टा भर्ना भोगचलन विवाद समाधान समिति, २०५९ ले समेत हामीले प्राप्त गरेको जग्गा भोगचलन गराउन सकेन।

त्यसैगरी गृह मन्त्रालयले केचना क्षेत्र जग्गा भोगचलन सम्बन्धमा सोधिएका पत्रको जवाफमा जिल्ला प्रशासन कार्यालय, मोरङले मिति २०६८/०४/१३ मा लेखेको पत्र, वन विभागको पत्रको जवाफमा जिल्ला वन कार्यालय, मोरङले मिति २०६८/०३/१० मा लेखेको पत्रसमेतबाट यो राष्ट्रिय समस्या भएको र वर्तमान जग्गाधनीले कानूनी प्रक्रियाबाट मात्र भोगचलन गर्न सम्भव नरहेको भन्ने कुरा पुष्टि भई प्रस्तुत विषय राष्ट्रिय समस्याको रूपमा रहेको छ।

हाम्रै मोरङमा सुकुम्वासी समस्या समाधान आयोग गठन भएकोले सो आयोगसमक्ष हामीहरूले भोगचलन गर्न नपाएको समस्या र अतिक्रमणकारीलाई हटाइदिन अनुरोध गर्दा सो विषय आफ्नो अधिकार क्षेत्रभित्र नभएको तथा गृह मन्त्रालयले मिति २०६९/०३/०४ मा जग्गाधनी प्रमाणपुर्जा भएका तर जग्गा भोगचलन गर्न नपाएको अवस्थामा भोगचलन गर्ने दायित्व सम्बन्धित व्यक्तिकै हुने र भोगचलन गर्न नसकिए कानूनी उपचारमा जानुपर्ने भन्ने निर्णय गरी जिल्ला प्रशासन कार्यालय, मोरङमा पत्राचार भएको भन्ने जानकारी भयो।

यसैबीच हामी निवेदकसरह कोशी टप्पुबाट सट्टा भर्ना जग्गा प्राप्त गरेका पवित्रामाया खरेलले गृह मन्त्रालयको उक्त निर्णयलाई चुनौती दिई दायर

गरेको ०६९-WO-१२०५ को उत्प्रेषण मुद्दामा मिति २०७०/११/२७ गते सम्मानित अदालतबाट गृह मन्त्रालयको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी विपक्षीहरूको समन्वयमा संयन्त्र खडा गरी विवाद रहेको थलोमा त्यसको कार्यान्वयन नगर्नु, नगराउनु, निवेदकलाई भोगचलन गर्न दिनु, दिलाउनु भनी परमादेशको आदेश जारी भएको छ।

प्रस्तुत विषय राष्ट्रिय समस्याको रूपमा रहेको र मुलुकी ऐन, जग्गा मिच्नेको महलसमेतको वर्तमान कानूनी व्यवस्था पर्याप्त नभई यो विषय सो कानूनबमोजिम समाधान हुने समस्यासमेत नभएको हुँदा गृह मन्त्रालयको मिति २०६९/०३/०४ को निर्णयसमेतबाट हामी निवेदकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा ३(च), धारा १३, १८ र १९ द्वारा प्रदत्त हकमा आघात परेको हुँदा धारा ३२ र १०७(२) अनुरूप प्रस्तुत निवेदन गरेका छौं।

अतः गृह मन्त्रालय (सचिव स्तर) को मिति २०६९/०३/०४ गतेको निर्णय तथा सोसम्बन्धी काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी कोशी टप्पु वन्यजन्तु आरक्षसमेतबाट वर्षौंपहिले सट्टा भर्ना लिई जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका र हालसम्म भोगचलन गर्न नआएका सो केचना क्षेत्रसमेतको प्रस्तुत समस्या समाधानका लागि तत्काल उचित प्रबन्ध गरी समस्या समाधान गरी हामी निवेदकहरूले प्राप्त जग्गा यथासक्य चाँडो भोगचलन गराउनु, हालसम्म सरकारले भोगचलन गराउन नसकेकोले हामी निवेदकका जग्गा दर्ता भएका मितिबाट हालसम्मको उचित आम्दानी क्षतिपूर्ति / मुआब्जाको रूपमा दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ। साथै विषयवस्तुको आधारमा छिटो निर्णय हुनुपर्ने भएकाले मुद्दा सुनुवाइको अग्राधिकार पाउँ भन्नेसमेत व्यहोराको विष्णुलाल लामिछाने र श्रीप्रसाद मैनालीको संयुक्त निवेदन पत्र।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू। साथै यसै विषयमा पवित्रामाया खरेल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालसमेत भएको ०६८-WO-१२०५ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा यस अदालतबाट मिति २०७०/११/२७ मा भएको फैसलासहितको मिसिल साथै राखी प्रस्तुत निवेदनलाई अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०७१/०७/०४ को यस अदालतको आदेश।

विवादको विषयको सन्दर्भमा जग्गा वितरण गर्नेलगायतको काममा यस मन्त्रालयको कुनै संलग्नता नरहेको हुँदा असम्बन्धित निकाय यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

विवादको विषयवस्तुसँग कुनै सम्बन्ध नै नरहेको कार्यका विरूद्धमा यस कार्यालयलाई जिम्मेवार मानी रिट दिन मिल्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

यसमा निवेदकसमेतका व्यक्तिहरूलाई कोशी टप्पु वन्यजन्तु आरक्षसमेतबाट अन्यत्र सार्ने क्रममा नेपाल सरकारबाट २०३८ सालमा गठित मोरङ जिल्ला वन सुदृढीकरण अधिकार सम्पन्न समिति विराटनगरबाट २०३९ र २०४१ सालमा जग्गा सट्टा भर्ना प्रदान गरेको र सो सट्टा भर्ना दिएका क्षेत्रसमेतमा

वनजङ्गल अतिक्रमण गरी मानिसहरू बसोबास गरेको कारण सरकारले पहल गर्दासमेत निवेदकलगायतका जग्गाधनीहरूले आफ्नो जग्गा भोगचलन गर्न नसकिरहेकै अवस्थामा मोहनबहादुर कार्कीसमेतका व्यक्तिहरूले सम्मानित अदालतमा रिट दायर गरी सो मुद्दामा मिति २०७०/११/२७ मा परमादेशको आदेश भइसकेको र सो आदेशको कार्यान्वयनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयका प्रमुख, स्थानीय विकास अधिकारी, मालपोत प्रमुख, नापी प्रमुख, भूमिसुधार कार्यालयका प्रमुख र सम्बन्धित गा.वि.स.सचिव सम्मिलित स्थानीय संयन्त्र खडा गरी आदेशको कार्यान्वयन गर्न लेखी पठाइसकिएको छ।

अतः रिट निवेदकहरूको समस्या समाधान गर्ने सम्बन्धमा सम्मानित अदालतबाट यसपूर्व नै आदेश जारी भइसकेको र सो आदेशको कार्यान्वयन गर्नका लागि यस मन्त्रालयबाट सम्बन्धित निकायमा समेत लेखी पठाइएको र सो पत्राचारले निवेदकको समस्यासमेत समाधान हुने नै हुँदा पुनः सोही विषयमा यस मन्त्रालयको हकमा कुनै आदेश जारी हुनुपर्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ।

यस मन्त्रालयको कुनै काम कारवाहीबाट निवेदकहरूको हकमा असर नपरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

वन क्षेत्रको अतिक्रमण हटाउने कार्य यस मन्त्रालयको दायित्वभित्र रहेको तर व्यक्ति विशेषको नाममा दर्ता भएका जग्गाको भोगचलन गराउने कार्य मन्त्रालयको अधिकारभित्र नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफ।

विपक्षीमध्येका जिल्ला प्रशासन कार्यालय, मोरङको नाउँको म्याद मिति २०७१/०८/०५ मा, विपक्षी मोरङ जिल्ला सुकुम्वासी समस्या समाधान आयोगको नाउँको म्याद मिति २०७१/०८/०९ मा, विपक्षी मेन्टेनेन्स नापी कार्यालय, मोरङको नाउँको म्याद मिति २०७१/०८/२९ र विपक्षी मालपोत कार्यालय, मोरङको नाउँको म्याद मिति २०७१/०८/२९ मा तामेल भएको भए तापनि म्यादभित्र लिखित जवाफ नलगाई म्याद गुजारी बसेको।

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमले कोशी टप्पु वन्य जन्तु आरक्षबाट उठाइका यी निवेदकहरू लगायतका परिवारलाई २०४१ सालमा नेपाल सरकारले सट्टा भर्नामा जग्गा उपलब्ध गराएको तर सो जग्गा झोडा क्षेत्रको भई लकडी कटान गरी नलगेसम्म बसोबास गर्ने अवस्था नरहेकोमा उनाउ व्यक्तिहरू आई बसोबास गरेकाले हटाई दिन भनी अनुरोध गर्दासमेत स्थानीय प्रशासनबाट पहल नभएपछि यस्तै प्रकृतिको पवित्रामाया खरेल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालसमेत भएको ०६९-WO-१२०५ को उत्प्रेषणयुक्त परामदेशको रिट निवेदनमा यस अदालतबाट मिति २०७०/११/२७ मा आदेश जारी भइसकेको हुँदा प्रस्तुत मुद्दामा समेत निवेदन मागबमोजिम आदेश जारी हुनुपर्दछ भनी तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले ०६९-WO-१२०५ को निवेदनमा जारी भएको आदेशबमोजिम गृह मन्त्रालयबाट पत्राचार भई प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयका प्रमुख, स्थानीय विकास अधिकारी, मालपोत प्रमुख, नापी प्रमुख, भूमिसुधार कार्यालयका प्रमुख र सम्बन्धित गा.वि.स. सचिव सम्मिलित स्थानीय संयन्त्र खडा गरी आदेशको कार्यान्वयन गर्न सुरू भइसकेकाले

निवेदकहरूको समस्यासमेत सोही समितिबाट समाधान हुने हुँदा आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज गरिनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा मिसिल कागज अध्ययन गरी हेर्दा, कोशी टप्पु वन्यजन्तु आरक्षबाट उठाइका हामी निवेदकहरू लगायतका परिवारलाई २०४१ सालमा नेपाल सरकारले सट्टा भर्नामा जग्गा उपलब्ध गराएको तर सो जग्गा झोडा क्षेत्रको भई लकडी कटान गरी नलगेसम्म बसोबास गर्ने अवस्था नरहेकोमा उनाउ व्यक्तिहरू आई बसोबास गरेकाले हटाई दिन भनी अनुरोध गर्दासमेत स्थानीय प्रशासनबाट पहल नभएपछि सोही जग्गासँग सम्बन्धित व्यक्तिहरू मध्ये पवित्रामाया खरेल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको यस्तै प्रकृतिको ०६९-WO-१२०५ को उत्प्रेषणयुक्त परामदेशको रिट निवेदनमा यस अदालतबाट मिति २०७०/११/२७ मा आदेश जारी भइसकेको छ। कोशी टप्पु वन्यजन्तु आरक्षसमेतबाट वर्षौं पहिले सट्टा भर्ना लिई जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका र हालसम्म भोगचलन गर्न नआएका सो केचना क्षेत्रसमेतको प्रस्तुत समस्या समाधानका लागि तत्काल उचित प्रबन्ध गरी समस्या समाधान गरी हामी निवेदकहरूले प्राप्त जग्गा यथासक्य चाँडो भोगचलन गराउनु, हालसम्म सरकारले भोगचलन गराउन नसकेकोले हामी निवेदकका जग्गा दर्ता भएका मितिबाट हालसम्मको उचित आम्दानी क्षतिपूर्ति/मुआब्जाको रूपमा दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन माग दाबी रहेकोमा निवेदकसमेतका व्यक्तिहरूलाई कोशी टप्पु वन्यजन्तु आरक्षसमेतबाट अन्यत्र सार्ने क्रममा नेपाल सरकारबाट २०३८ सालमा गठित मोरङ जिल्ला वन सुदृढीकरण अधिकार सम्पन्न समिति विराटनगरबाट २०३९ र २०४१ सालमा जग्गा सट्टा भर्ना प्रदान गरेको र सो सट्टा भर्ना दिएका क्षेत्रसमेतमा वनजङ्गल अतिक्रमण गरी मानिसहरू बसोबास गरेको कारण सरकारले पहल गर्दासमेत निवेदकलगायतका जग्गाधनीहरूले आफ्नो जग्गा भोगचलन गर्न नसकिरहेकै अवस्थामा मोहनबहादुर कार्कीसमेतका व्यक्तिहरूले सम्मानित अदालतमा रिट दायर गरी सो मुद्दामा मिति २०७०/११/२७ मा परमादेशको आदेश भइसकेको र सो आदेशको कार्यान्वयनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयका प्रमुख, स्थानीय विकास अधिकारी, मालपोत प्रमुख, नापी प्रमुख, भूमिसुधार कार्यालयका प्रमुख र सम्बन्धित गा.वि.स.सचिव सम्मिलित स्थानीय संयन्त्र खडा गरी आदेशको कार्यान्वयन गर्न लेखी पठाइसकिएको हुँदा मागबमोजिम आदेश जारी हुनुपर्ने होइनसमेत गृह मन्त्रालयको लिखित जवाफ तथा निवेदकहरूको समस्यासँग आफूहरू सम्बन्धित नरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत मालपोत कार्यालयबाहेकका अन्य विपक्षीहरूको लिखित जवाफ रहेको र मालपोत कार्यालयले लिखित जवाफ नलगाई सुरू म्याद गुजारी बसेको देखियो।

उपर्युक्त बहस जिकिर र तथ्य रहेको प्रस्तुत रिट निवेदनमा मिसिल कागज अध्ययन गरी हेर्दा, निवेदकहरूको मागबमोजिम परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन, सो विषयमा निर्णय दिनुपर्ने देखियो।

सो सन्दर्भमा हेर्दा, देहायका प्रश्नहरू उपर निर्णय दिनुपर्ने देखिन आयोः

(१) राज्यले विस्थापित गराएका निवेदकलाई उपलब्ध गराएको जग्गाको भोगचलन गर्नुपर्दा निवेदकहरू आफैले सामान्य कानूनी कार्यविधि अपनाई भोगचलन गर्नुपर्ने हो वा राज्यले नै भोगचलन गराई दिनुपर्ने हो ?

(२) विस्थापित परिवारले प्राप्त गरेको जग्गाको हालसम्म भोगचलन गर्न नपाएबापतको

मुआब्जा पाउनु पर्ने लगायत अन्य आदेश निवेदकको मागबमोजिम जारी हुनुपर्ने हो, होइन ?

२. उल्लिखित पहिलो निर्णय बुँदाका सम्बन्धमा विचार गर्दा, निवेदकसमेतका व्यक्तिहरूलाई कोशी टप्पु वन्यजन्तु आरक्षसमेतबाट अन्यत्र सार्ने क्रममा नेपाल सरकारबाट २०३८ सालमा गठित मोरङ जिल्ला वन सुदृढीकरण अधिकार सम्पन्न समिति, विराटनगरबाट २०३९ र २०४१ सालमा जग्गा सट्टा भर्ना प्रदान गरेको र सो सट्टा भर्ना दिएका क्षेत्रसमेतमा वनजङ्गल अतिक्रमण गरी मानिसहरू बसोबास गरेको कारण सरकारले पहल गर्दासमेत निवेदकलगायतका जग्गाधनीहरूले आफ्नो जग्गा भोगचलन गर्न नसकिरहेकै अवस्थामा मोहनबहादुर कार्कीसमेतका व्यक्तिहरूले सम्मानित अदालतमा रिट दायर गरी सो मुद्दामा मिति २०७०/११/२७ मा परमादेशको आदेश भइसकेको र सो आदेशको कार्यान्वयनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयका प्रमुख, स्थानीय विकास अधिकारी, मालपोत प्रमुख, नापी प्रमुख, भूमिसुधार कार्यालयका प्रमुख र सम्बन्धित गा.वि.स.सचिव सम्मिलित स्थानीय संयन्त्र खडा गरी आदेशको कार्यान्वयन गर्न लेखी पठाइसकिएको छ, अतः रिट निवेदकहरूको समस्या समाधान गर्ने सम्बन्धमा सम्मानित अदालतबाट यसपूर्व नै आदेश जारी भइसकेको र सो आदेशको कार्यान्वयन गर्नका लागि यस मन्त्रालयबाट सम्बन्धित निकायमा समेत लेखी पठाइएको र सो पत्राचारले निवेदकको समस्यासमेत समाधान हुने नै हुँदा पुनः सोही विषयमा यस मन्त्रालयको हकमा कुनै आदेश जारी हुनुपर्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ रहेको भए तापनि आजसम्म यी निवेदकहरूले सट्टा भर्नामा पाएको जग्गा भोगचलन गर्न नपाएको अवस्था छ। कोसी टप्पु वन्यजन्तु आरक्षको प्रयोजनको लागि विवादित केचना क्षेत्रको जग्गा सट्टा भर्नामा उपलब्ध गराएको विषयमा विवाद देखिँदैन । निवेदकहरूले जग्गा सट्टा भर्नामा पाएको कुरामा विवाद नभएपछि सोबमोजिम प्राप्त गरेको पुर्जाबमोजिम भोग गर्न पाउने हकमा विरोध भएको भन्ने लिखित जवाफमा समेत उल्लेख छैन। यसर्थ प्रस्तुत मुद्दामा निरूपण हुने विषय जग्गा सट्टा भर्नाको नभई सट्टा भर्नाबापत पाएको जग्गाको भोगचलन गर्ने गराउने विषय रहेको देखिन्छ।

३. गृह मन्त्रालयले च.नं.५९७ मिति २०६९/०३/०६ को पत्रद्वारा जिल्ला प्रशासन कार्यालय, मोरङलाई भोगचलन गर्नुपर्ने दायित्व सम्बन्धित व्यक्तिको नै हुने र भोग चलन गर्न नसकेको अवस्थामा कानूनी उपचारको लागि जान सक्ने नै हुँदा उक्त मन्त्रालयबाट केही गर्नुपर्ने नदेखिएको भन्ने व्यहोरा उल्लेख गरी सो विषयमा जानकारी गराएको पाइन्छ। अर्कोतर्फ नेपाल राजपत्रमा उल्लेख भएअनुसार वन तथा भू–संरक्षण मन्त्रालयको मिति २०३८/१०/२१ को सूचनाबमोजिम २०३८ सालमा नै मोरङ सुनसरी जिल्ला वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति गठन भई त्यसलाई सट्टा भर्ना दिँदा जग्गा पाउने जग्गाधनीलाई जग्गाधनी प्रमाण पुर्जा दिई जग्गा खाली गराई दिने काम, कर्तव्य र अधिकार तोकिदिएको पाइन्छ। उक्त समितिले २०३९ सालमा विभिन्न मितिमा सूचना प्रकाशित गरी सट्टा भर्ना दिएको जग्गामा बसोबास गर्ने व्यक्तिहरूलाई जग्गा खाली गराउन जानकारी गराएको पनि देखिन्छ। यसरी २०३८/०३९ सालदेखि नै राज्य संयन्त्रले नै जग्गा खाली गराउन पहल गर्दै आएको र अन्त्यमा २०६९ सालमा उक्त जग्गा प्राप्त गर्न जग्गाधनी आफैले कानूनी कारवाही गरी प्राप्त गर्न सक्ने नै देखिएको भनी सचिव स्तरीय निर्णयबाट जग्गा खाली गराउने प्रक्रियालाई विराम दिएको पाइयो।

४. जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ ले

नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐनबमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ भनी व्यवस्था गरेको छ। यस व्यवस्थाअनुसार जग्गा अधिग्रहण गरिसकेपछि जग्गाधनीलाई मुआब्जा स्वरूप सट्टा भर्नामा जग्गा नै उपलब्ध गराउने भनी एक पटक निधो गरिसकेपछि जग्गाधनीलाई सो जग्गामा भोगाधिकार पनि स्थापित गराउनु राज्यको कर्तव्य हुन्छ। उक्त दफामा "मुआब्जा दिने गरी" भन्ने शब्दावलीअनुसार राज्यले जग्गाधनी पुर्जा दिई जग्गामा आफैँले भोगाधिकार स्थापित नगराई व्यक्तिले नै नालेस गर्न सक्ने भन्न मिल्दैन। अन्यथा निवेदकको जग्गा प्राप्त गर्न सक्ने तर सोको सट्टा भर्नामा पाएको जग्गा भोग चलन गर्न नपाए त्यसको कुनै महत्त्व रहँदैन। सट्टा भर्ना वा क्षतिपूर्तिबापत दिने भनेको जग्गा काल्पनिक नभई वास्तविक हुनुपर्ने र त्यस्तो जग्गा सम्बन्धित व्यक्तिको भोग वा नियन्त्रणमा आएको अवस्थामा मात्र वास्तविकरूपमा हक प्राप्त गरेको मान्न सकिने हुन्छ। प्रस्तुत मुद्दामा जग्गा रहेको ठाउँ अतिक्रमणकारी क्रियाकलापको कारणले जग्गाधनी निवेदकहरूको पहुँच अवरूद्ध भएको भन्ने मुख्य जिकिर रहेको हुँदा त्यस्तो अवरोध रहेको भए सो हटाउने राज्यको अन्तर्निहित एवम् कानूनी कर्तव्यसमेत हुन आउँदछ। साथै अतिक्रमणकारीको कारणले भोग गर्न नपाएको भन्ने मुख्य समस्या निवेदकहरूले देखाएको हुनाले यो विषय हक बेहकको समस्या नभई शान्ति सुरक्षाको समस्या देखिन आउने हुनाले समेत राज्य यस विषयमा उत्पन्न दायित्वबाट पन्छिन मिल्ने देखिँदैन।

५. सरकारका तर्फबाट जग्गाधनीलाई जग्गा खाली गराई दिन नपर्ने र व्यक्ति आफैले नालेस गरी चलन चलाउनेसमेतका कार्य गर्नुपर्ने भन्ने आशयको निर्णय गर्दा व्यक्ति आफैले नालेस गरी मुद्दा जितेमा पनि फैसला कार्यान्वयन गर्ने कार्य अन्ततः राज्यको नै हुने कुरालाई मनन गरिएको देखिन आएन। स्वयं राज्य संयन्त्रअन्तर्गत पर्ने विभिन्न मन्त्रालयहरू र स्थानीय निकायको पहलले समेत टुंगो लाग्न नसक्ने यस विषयलाई एक्लो व्यक्तिले कसरी आफ्नो हकको पुनर्स्थापना गराउन सक्दछ भन्ने विषयमा विचार गरी निर्णय गर्नुपर्ने दायित्व राज्यको हुने कुरालाई बिर्सन हुँदैन। राज्यका तर्फबाट ३० वर्षभन्दा बढी समय व्यतित गर्दा पनि अतिक्रमण गरिएको जग्गा खाली हुन नसकेको अवस्थामा आफ्नो दायित्वबाट पूर्णरूपले पन्छिन खोज्दा जग्गाको भोगाधिकार प्राप्त गर्नुपर्ने व्यक्तिलाई अन्याय परेको अनुभूति हुन्छ। राज्यले आफूले सट्टा भर्नामा दिएको जग्गा जुन प्रयोजनका लागि दिएको हो सोबमोजिम हस्तान्तरण भएको सुनिश्चित गर्ने कर्तव्य राज्यको हुन्छ।

६. दोस्रो निर्णय बुँदातर्फ विचार गर्दा, सट्टा भर्नामा उपलब्ध गराइएका जग्गाको सरकारले भोगचलन गराउन नसकेकोले निवेदकका नाममा जग्गा दर्ता भएका मितिबाट हालसम्मको उक्त जग्गाहरूको उचित आम्दानी स्थलगत हिसाब गरी एकमुष्ठ दिलाई पाउनसमेत रिट निवेदकले माग गरेको देखिन्छ। यस सन्दर्भमा तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९(३) ले यसप्रकार व्यवस्था गरेको पाइन्छ :

> "वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सिर्जना गर्दा कानूनबमोजिमको क्षतिपूर्ति दिइनेछ। क्षतिपूर्ति र सोको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ।"

७. प्रस्तुत मुद्दामा क्षतिपूर्ति वा मुआब्जाबापत नेपाल सरकारले यी निवेदकहरूलाई मोरङ जिल्लाको

बयरवन गाउँ विकास समितिअन्तर्गत विभिन्न कित्ता नं. का जग्गा उपलब्ध गराएको देखिन्छ । विस्थापित व्यक्तिले मुआब्जाबापत जग्गा नै लिन चाहेकोमा ऐलानी वा नेपाल सरकारको स्वामित्व भएको वा नेपाल सरकारले प्रचलित कानूनबमोजिम बिक्री वितरण गर्ने व्यवस्था भएको कुनै जग्गा उपलब्ध भएमा नेपाल सरकारले त्यस्तो जग्गा नै सट्टामा दिन सक्नेछ भन्ने व्यवस्था जग्गा प्राप्ति ऐन, २०३४ को दफा १४ ले उल्लेख गरेको हुँदा प्रस्तुत मुद्दामा मुआब्जाबापत कानूनतः दिइएको जग्गालाई अन्यथा भन्न मिलेन। सट्टा भर्नामा दिइएको जग्गाहरूमा चित्त नबुझेको जिकिर पनि निवेदकको रहे भएको पाइँदैन । जहाँसम्म निवेदकको नाममा दर्ता भएको मितिदेखि सट्टा भर्नामा पाएको जग्गाको आयस्ताअनुसारको क्षतिपूर्ति पाउनु पर्ने भन्ने निवेदन जिकिर छ, त्यसतर्फ हेर्दा निवेदकले उक्त क्षतिपूर्ति के कुन कानूनको आधारमा पाउनु पर्ने हो, निवेदनमा उल्लेख गरेको देखिँदैन । सट्टा भर्नामा उपलब्ध भएको जग्गा स्वामित्वकर्ताले पाउन नसकेमा त्यसबापत के कति क्षतिपूर्ति पाउनुपर्ने हो भन्ने कुराको परिकल्पना जग्गा प्राप्ति ऐन, २०३४ ले गरेको पनि पाइँदैन । यसरी एकातिर स्पष्ट कानूनको अभाव छ भने अर्कोतर्फ जग्गाको आयस्ता र स्थलगत मूल्याङ्कन गरी यति रूपैयाँ नै क्षतिपूर्ति दिनु भनी रिट क्षेत्रबाट भन्न मिल्ने पनि हुँदैन ।

८. अतः सट्टा भर्नामा पाएको जग्गाको हालसम्म आयस्ताअनुसार निवेदकले क्षतिपूर्ति पाउने अवस्था रहेको नदेखिए तापनि उक्त जग्गाको यथार्थ र वास्तविक भोगाधिकार यी निवेदकहरूमा रहने हुनाले गृह मन्त्रालय (सचिवस्तर) को मिति २०६९।३।४ को निर्णय र सो निर्णयका आधारमा जि.प्र.का. मोरङलाई लेखेको च.नं. ५९७ मिति २०६९/०३/०६ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ भनी निवेदक माया खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०६९-WO-१२०५ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा यस अदालतबाट मिति २०७०/११/२७ मा फैसला भइसकेको हुँदा निवेदकहरूको नाममा सट्टा भर्नामा दिइएका जग्गाहरूको यथार्थ अवस्था बुझी कानूनबमोजिम कसैको हक स्थापित भएको देखिएमा बाहेक सट्टा भर्नाबापत जग्गाको हकको लिखत निवेदकहरूले प्राप्त गर्नु अगावै वा प्राप्त हुँदादेखि नै अनाधिकृत अतिक्रमणको कारणले प्राप्त जग्गाधनी पुर्जाबमोजिम हकभोग गर्न नपाएको भए जो चाहिने सुरक्षा व्यवस्था मिलाई निवेदकहरूलाई स्रेस्ताबमोजिम हक पुगेको जग्गामा भोग गर्न सक्ने र भोग गर्न दिने सुनिश्चित गर्ने प्रयोजनको लागि गृह मन्त्रालय र भूमिसुधार मन्त्रालयलगायत सम्बन्धित विपक्षीहरूको समन्वयमा संयन्त्र खडा गरी विवाद रहेको थलोमा त्यसको कार्यान्वयन गर्नु गराउनु, निवेदकलाई भोगचलन गर्न दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत गृह मन्त्रालयसमेत सबै विपक्षीहरूलाई उपलब्ध गराई मुद्दाको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या. सारदाप्रसाद घिमिरे

इजलास अधिकृत : शिवलाल पाण्डेय
इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

निर्णय नं. ९८६१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
फैसला मिति : २०७३।०३।२१
०७१-CR-००८७

मुद्दाः कर्तव्य ज्यान

पुनरावेदक / प्रतिवादी : जिल्ला चितवन, माडी बघौंडा गाउँ विकास समिति, वडा नं. ३ घर भई हाल कारागार कार्यालय, भरतपुरमा थुनामा रहेको सञ्जु महतोसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : झारी महतोको जाहेरीले नेपाल सरकार

०७१-CR-००८८

पुनरावेदक / प्रतिवादी : जिल्ला चितवन, माडी बघौंडा गाउँ विकास समिति, वडा नं. ३ घर भई हाल कारागार कार्यालय, भरतपुरमा थुनामा रहेको डोमा महतोको छोरा वर्ष ५३ को विक्रम महतोसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : झारी महतोको जाहेरीले नेपाल सरकार

०७१-CR-००८९

पुनरावेदक / प्रतिवादी : जिल्ला चितवन, माडी बघौंडा गाउँ विकास समिति, वडा नं. ३ धोवाह घर भई हाल कारागार कार्यालय, भरतपुर, चितवनमा थुनामा रहेको जीवन महतोको छोरा वर्ष २९ को विक्रम महतोसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : झारी महतोको जाहेरीले नेपाल सरकार

०७१-CR-०१००

पुनरावेदक / प्रतिवादी : जिल्ला चितवन, माडी बघौंडा गाउँ विकास समिति, वडा नं. २ बघौडा घर भई हाल कारागार कार्यालय, भरतपुर चितवनमा थुनामा रहेको विक्रम महतोकी छोरी वर्ष २५ की लक्ष्मी महतो

विरूद्ध

प्रत्यर्थी / वादी : झारी महतोको जाहेरीले नेपाल सरकार

०७१-CR-०५२०

पुनरावेदक / प्रतिवादी : भारत पश्चिम चम्पारण गोवरैयादोना थाना घर भई जिल्ला चितवन, माडी बघौंडा गाउँ विकास समिति, वडा नं. २ मा डेरा भई हाल कारागार कार्यालय, भरतपुर, चितवनमा थुनामा रहेको जुगेश्वर महतो

विरूद्ध

प्रत्यर्थी / वादी : झारी महतोको जाहेरीले नेपाल सरकार

०७१-CR-०३७२

पुनरावेदक / वादी : झारी महतोको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला चितवन, माडी बघौंडा गाउँ विकास समिति, वडा नं. २ बघौडा बस्ने विक्रम महतोकी छोरी वर्ष २५ की लक्ष्मी महतोसमेत

- **कसैलाई बोक्सी वा बोक्साको आरोप लगाउनु, सताउनु, अपहेलना, वा वहिष्करण गर्नु, आक्रमण गर्नु, सामाजिक बेइजति गर्नु वा मार्नु जघन्य अपराध हो । कसैलाई बोक्सा बोक्सीको आरोप लगाउनु**

नजिर अदालत

मात्र पनि आरोपित व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रपूर्वक हिँड्डुल, कारोबार, व्यवसाय गर्न पाउने हकउपरको आक्रमण हो । यस दृष्टिबाट यो मानव अधिकारको गम्भीर उल्लङ्घनको प्रश्न हुन आउने ।

- **बोक्सी लगाएको भनी झारफुक गर्ने गराउने, बोक्सीको आरोप लगाई हिंसामा उत्रने वा त्यस्तो हिंसा हेरी ताली पिट्नेहरू बोक्सीको अस्तित्वमा विश्वास गर्छन् । बोक्सीउपर शारीरिक वा मानसिक हिंसामा उत्रनेहरू आफूहरूले बोक्सी भनी आरोप लगाइएका व्यक्तिहरू उपर अन्याय गरेको ठान्दैनन् बरू आफूले न्याय खोजेको र दैवी शक्तिको आडमा न्याय दिएको महसुस गर्छन् । यो मान्यता र अन्धविश्वासबाट समाजलाई बाहिर ननिकालेसम्म हामी यो समस्याबाट मुक्त हुन सक्दैनौं । त्यसको निम्ति सर्वप्रथम बोक्सी-बोक्सा हुँदैनन् भन्नेमा समाजलाई विश्वास दिलाउनु पर्ने ।**
- **धामी झाँक्रीले सामाजिक सेवा नभई समाजमा अन्धविश्वास फैलाउने र त्यसैको आडमा शोषण गरिरहेका छन् भन्ने पुरुष, महिला, बाल, युवा, प्रौढ सबैलाई बुझाउन जरूरी छ । बोक्सी प्रथाका विरूद्ध मात्र होइन त्यसको कारकको रूपमा रहेको धामी झाँक्री प्रथाको विरूद्ध नै हाम्रो राज्य, कानूनी प्रणाली र न्याय व्यवस्था उभिन सक्नुपर्ने ।**

(प्रकरण नं. १२)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता यदुनाथ शर्मा

प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता देवी रेग्मी, विद्वान् अधिवक्ता सुनिलकुमार पोखरेल, सानुमैया डंगोल र विमला यादव

अवलम्बित नजिर :

- नेकाप २०६२, नि.नं.७४९८, पृ.२०५

सम्बद्ध कानून :

- ज्यानसम्बन्धीको महलको १३(३) र १३(४)

सुरू तहमा फैसला गर्ने :

मा.जिल्ला न्या.श्री भोलानाथ चौलागाई

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ

माननीय न्यायाधीश श्री सरोजप्रसाद गौतम

फैसला

न्या.डा. आनन्दमोहन भट्टराई : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छः-

जिल्ला चितवन, बघौडा गाउँ विकास समिति वडा नं. २ स्थित पूर्वमा लिला चौधरीको घर, पश्चिममा विक्रम महतोको घर, उत्तरमा ढेगनीदेवी महतोको गोठ, दक्षिणमा शनिचर चौधरीको खेत यति चार किल्लाभित्र जलेको पराल तथा खरानीले छोपिएको अवस्थामा मृतक ढेगनीदेवी महतोको लास रहेको, सो नजिक रगत जस्तो पदार्थ लागेको ढुङ्गा, काठको चिरेको मुढा, मट्टितेलको गन्ध आएको हरियो जरकिन रहेको, मृतकको कपाल केही जलेको, टाउको निधार च्यापु फुटेको, जलेको कारण चिन्न नसक्ने अवस्थामा रहेको, दाहिने कान च्यातिएको, शरीरमा भएका कपडाहरू जली केही मात्र बाँकी रहेको, कम्मरदेखि माथि अगाडिको भाग जलेको योनि तथा मलद्वार जली रातो कालो भएको भन्नेसमेत व्यहोराको घटनास्थल एवम् लास जाँच मुचुल्का ।

जिल्ला चितवन, बघौडा गाउँ विकास

समिति, वडा नं. २ स्थित घटनास्थलबाट मट्टितेलको गन्ध आएको, जरकिन, २ बट्टा सलाई, रगतजस्तो पदार्थ लागेको ढुङ्गा, बाँसको लाठी, दाउरा चिर्दै गरेको काठको ठुटो, मानिसको जस्तो देखिने २ वटा दाँत र अर्ध जलेको चोलो कपडा बरामद गरिएको भन्नेसमेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

विक्रम महतोको विवाहित छोरी मन्जु महतो बिरामी भएको निहुँमा गाउँकै जुगेश्वर महतोलाई बोलाई बोक्सी बकाई मेरी बुहारी वर्ष ४० की ढेगनीदेवी महतोलाई बोक्सीको आरोप लगाई यो बोक्सीलाई नमारेसम्म धेरै मान्छे मार्छे भनी १४/१५ दिनदेखि बुहारीलाई बोक्सीको आरोप लगाई शारीरिक तथा मानसिक यातना दिँदै आएको र बुहारी मिति २०६८।११।५ गते बिहान गोठमा गोबर फाल्दै गरेको अवस्थामा विपक्षी विक्रम महतोसमेतले समाती आफ्नो घरमा पुऱ्याई ढुङ्गा, लाठी, हात मुक्कासमेतले कुटपिट गरी दुवै स्तनमा टोकी रगत चुसी बिभत्स तरिकाले हत्या गरी घाँस पराल राखी आगोसमेत लगाएको हुँदा निजहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको झारी महतोको जाहेरी दरखास्त।

Cause of death is Burn Injury भन्नेसमेत व्यहोराको मृतक ढेगनीदेवी महतोको शव परीक्षण प्रतिवेदन।

मेरो बहिनी मन्जु र ज्वाई विक्रम महतो मिति २०६८।१०।२७ गते घरमा आएपछि बहिनीले पेट दुख्यो भनी झाँक्री जुगेश्वरकोमा हेराउन जाँदा ४/५ दिनसम्म आउनु पर्छ भनेकाले २ दिनपछि म पनि गएको हुँ। हेराउँदा झाँक्रीले छिमेकी बोक्सीले दुःख दिएको छ खतम पार्नुपर्छ भनेका थिए। घर फर्केपछि ज्वाईले काम्दै ढेगनी बोक्सी हो यसलाई नमारी हुँदैन भन्न थाले। मिति २०६८।११।४ गते रातभर आमा, बुबालगायत सबैलाई ज्वाईले एउटै कोठाभित्र राखी काम्दै ढेगनीलाई आजै मार्नुपर्छ भनी कराए, भोलिपल्ट बिहान ६.०० बजे ज्वाई कुदेर बाहिर निस्किए, हामी पनि निस्कियौं। ढेगनी गोठमा रहिछन् बहिनी मन्जु र ज्वाईले जगल्ट्याएर ढुङ्गाले टाउकोमा हाने। दाउराको मुडाले समेत हानेर मारी दिए। बाबु विक्रम महतो र आमा विक्रमिया महतोले छेक्ने र हातले हान्ने गरेका हुन। म र बहिनीहरू त्यहीँ थियौं। हामीले घेरेका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मी महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मेरी श्रीमती मन्जु महतोको हातखुट्टा, पेट दुखेकोले हेराउन भनी जुगेश्वर महतो कहाँ जाँदा झाँक्रीले ससुराली नजिकैको महिला बोक्सी छ। त्यसलाई खतम पार्नुपर्छ भनेका हुन्। हेराउन जाँदै गर्दा म र श्रीमतीसमेत काम्न थालेका हौं। बुझ्दै जाँदा गाउँकै ढेगनीदेवी महतो बोक्सी भएको थाहा भयो। झाँक्रीले बोक्सीलाई खतम गर्नुपर्छ भनेकोमा विश्वास लागी मार्ने सल्लाह गरेका हौं। मिति २०६८।११।४ गते रातभर जागाराम बसी भोलिपल्ट बिहानै म बाहिर निस्कँदा ढेगनीलाई उसैको गोठमा देखेकोले म र श्रीमती दौडँदै गई चुल्ठोमा समाती लछार पछार गरी मैले ढुङ्गाले टाउकोमा प्रहार गरी दाउरा चिर्ने मुडाले समेत हानी मारी दिएको हुँ। श्रीमतीले ग्यालेनमा मट्टितेल ल्याई मैले परालले छोपी दिएँ र सासुले सलाई कोरेर आगो लगाई दिएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विक्रम महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मेरो माइली दिदी मन्जु महतो बिरामी भएकीले मिति २०६८।१०।२५ गते देखि हाम्रो घरमा आई बसेकी हुन्। जुगेश्वर नाम गरेको झाँक्रीलाई देखाउन जाने भनी २०६८।१०।२७ गतेदेखि ५ दिनसम्म लगातार जाँदा दिदी र भिनाजु विक्रम महतोलाई समेत देउता आयो भनी काम्ने गरेका थिए। झाँक्रीले घरमा बोक्सीले सताएको छ भनी भनेको र घर नजिकैकी ढेगनीदेवी महतो बोक्सी भएको थाहा भएपछि मिति २०६८।११।३ गतेदेखि दिदी भिनाजु रातभर कामेर ढेगनीलाई मार्नुपर्छ भनी कराएर हामीलाई समेत सुत्न

दिएका थिएनन् । २०६८।११।५ गते बिहान अन्दाजी ६.०० बजे भिनाजु बाहिर निस्केर गोठमा मल फाल्दै गरेकी ढेगनीलाई तानेर लडाई ढुङ्गा र दाउराको मुडोले हानेर मारेका हुन् । हामीले हात मुक्काले हान्ने छेक्ने गरेका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी सन्जु महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

दिदी मन्जु महतो र भिनाजु विक्रम महतो मिति २०६८।१०।२५ गते मामाको छोराको विवाहमा गई २७ गते हाम्रो घरमा आउनु भएको थियो । दिदी बिरामी भएकीले झाँक्री जुगेश्वर महतोकोमा हेराउन जाँदा बोक्सी लागेको छ, छिमेककै मान्छे बोक्सी हो । त्यसलाई खतम पार्नुपर्छ नत्र दुःख दिई रहन्छ भनेकोमा ढेगनी बोक्सी रहिछ भनी दिदी र भिनाजुले काम्दै भनेका थिए । मिति २०६८।११।४ गते भिनाजु रातभर कामी सबैलाई सुत्न दिएका थिएनन् । मिति २०६८।११।५ गते बिहान भिनाजु बाहिर निस्केकाले हामी पनि पछि लाग्यौं । आफ्नै गोठमा रहेकी ढेंगनीलाई दिदी र भिनाजुले तानेर ल्याई टाउकोमा ढुङ्गा र दाउराको मुडोले हानेका हुन् । दिदी मन्जुले लाठीले हानेकी हुन् । बाबु आमाले हातैले हिर्काएका हुन् । हामीहरूले भाग्न नदिई छेकेका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णकुमारी महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

छोरी मन्जु महतो बिरामी भएकीले मिति २०६८।१०।२७ गते झाँक्री जुगेश्वर महतोकोमा हेराउन जाँदा घर छेउछाउ मै रहेकी विधवा महिलाले बोक्सी लगाई दिएको छ । त्यसलाई खतम पार्नुपर्छ भनी बताएका हुन् । छोरी र ज्वाईं विक्रम महतो लगातार ५ दिनसम्म झाँक्रीकोमा गएको र घरमा आएपछि दुवै जना काम्न थाले । हामीलाई ढेगनीदेवी महतोले बोक्सी लगाई दिएकी छन् भन्ने गर्थे । मिति २०६८।११।४ गते राति छोरी र ज्वाईं काम्न थाले । ज्वाईं विक्रम महतोले ढेगनीले बोक्सी लगाइदिएको छ । यसलाई मार्नुपर्छ भनेकाले मार्नै पर्छ भनी सबैले सल्लाह गरी भोलिपल्ट बिहान अन्दाजी ६.०० बजे ज्वाईं विक्रम महतो घरबाट निस्कनासाथ ढेगनीदेवी महतोलाई गोठमा देखी आज यसलाई मार्नुपर्छ भनी बताएकाले हामी पनि बाहिर निस्कयौं । ढेगनी भाग्न लागेकीले हामीले छेकी समाती ल्यायौं । ज्वाईंले नजिकै रहेको ढुङ्गाले टाउकोमा हिर्काए । हामीहरूले हातमुक्का लात्ताले हान्यौं । छोरी मन्जु महतोले बाँसको लाठीले हिर्काई ढेंगनी बेहोस अवस्थामा रहेकीले ज्वाईंले पुनः चिर्दै गरेको दाउराको ठुटोले टाउकोमा हानेपछि ढेंगनीको मृत्यु भएको हो । छोरी मन्जुले मट्टितेल, सलाई लिई आइन् । ज्वाईंले पराल लिई आए त्यसपछि मट्टितेल खन्याई आगो लगाई दिएका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी विक्रमिया महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

छोरी मन्जु महतो बिरामी भएकीले झाँक्री जुगेश्वर महतोकोमा हेराउन जाँदा झाँक्रीले छिमेकमा बोक्सी रहिछ त्यही बोक्सी लागेको भनी बताएका रहेछन् । ५ दिनसम्म लगातार हेराउन गएपछि छोरी मन्जु र ज्वाईं विक्रम महतो रातिमा काम्दै बोक्सी ढेगनी नै हो झाँक्रीले यसलाई खतम पार्नुपर्छ भनेका छन् । खतम पारेपछि सबैलाई राम्रो हुन्छ भनेका छन् भनी बक्न थालेपछि मसमेतलाई विश्वास लाग्यो । मिति २०६८।११।४ गते राति छोरी ज्वाईं काम्दा म पनि केही कामेको जस्तो लाग्यो । ज्वाईंले ढेगनीलाई खत्तम पार्नुपर्छ भनेकाले मैलेसमेत सहमत जनाएको र भोलिपल्ट बिहान ज्वाईं बाहिर निस्कनासाथ गोठमा ढेगनीलाई देखी बोक्सी यही हो यसलाई मार्नुपर्छ भनेकाले निज भाग्न खोज्दा हामीहरूले घेरा हाली भाग्न उम्कन नदिई समातेपछि ज्वाईंले छेउमा रहेको ढुङ्गाले टाउकोमा हिर्काए । छोरी मन्जुले बाँसको लाठीले हानी । हामी अरूले लात्ती मुक्काले हान्यौं । भुइँमा लडेपछि अझै मरेको छैन भनी ज्वाईंले दाउरा चिर्दाचिर्दैको मुडोले टाउकोमा हानेपछि ढेगनीको मृत्यु भएको हो । त्यसपछि पराल राखी मट्टितेल खन्याई आगो लगाई दिएका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी

विक्रम महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

केही महिनादेखि मेरो हात खुट्टा तथा पेट दुख्ने भएकोले हेराउन भनी झाँक्री जुगेश्वर महतोकोमा गएकोमा निज झाँक्रीले घर नजिकैको विधवा महिला ढेगनीदेवी महतोले बोक्सी लगाई दिएको छ। त्यसलाई खत्तम पार्नुपर्छ अनि ठीक हुन्छ भनेका हुन्। त्यसपछि लगातार ५ दिनस्म झाँक्रीकोमा जाने आउने गर्दा म तथा पति विक्रम महतोसमेत काम्न थालेका हौं। मिति २०६८।११।४ गते राति घरका सबै जना जागराम बसी ढेगनीदेवी महतोलाई मार्ने भन्ने सल्लाह गर्दा सबैले सहमति जनाएपछि भोलिपल्ट बिहानै बाहिर निस्कँदा ढेगनी गोठमा गोबर फाली रहेकी रहिछिन्। बोक्सी यही हो यसलाई मार्नुपर्छ भन्दा भाग्न खोजेकीले कपालमा समाती ल्याई पति विक्रम महतोले ढुङ्गाले टाउकोमा प्रहार गरेका हुन्। मैले बाँसको लाठीले हानेकी हुँ। पतिले पुनः दाउरा चिर्दाचिर्दैको मुडोले हिर्काएका हुन्। अरूले यो बोक्सी हो यसलाई मार्नैपर्छ भनी हातमुक्काले हिर्काएका हुन् । निज मरिसकेपछि पतिले अब आगो लगाई जलाई दिएपछि यसको शरीरमा भएको बोक्सी भाग्छ भनेकाले मैले मट्टितेल, सलाई लिई आएको र पतिले पराल ल्याई शरीरमा राखिदिएपछि आमाले सलाई कोरी आगो लगाई दिएकी हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी मन्जु महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मैले आफू बसेको डेरा कोठामा देवी देवताको फोटो टाँसी राखी सोही फोटोको अगाडि बसी झारफुक गर्ने काम गर्छु । मेरोमा दैनिक बिरामी मानिसहरू आई निको भएको विश्वास गरी फर्कने गर्छन्। मैले हेर्दा देखेको कुरा भन्दिने गर्थें। त्यस्तैमा मन्जु महतो बिरामी भएको भन्दै निज मन्जु महतो, विक्रम महतो र विक्रमिया महतोसमेत आई हेराउन आएको र ५ दिनसम्म आएपछि केही कम भएको छ हेरी दिनुपर्‍यो भनेपछि माइतीघरको छिमेकी महिला ढेगनीदेवी महतोले दुःख दिएको छ। त्यसलाई खतम पार्नुपर्छ त्यसपछि तिम्रो माइती घर तथा घरमा समेत सुख शान्ति हुन्छ भनेको थिएँ। मिति २०६८।११।५ गते बिहान निज विक्रम महतोसमेतले निज ढेगनीदेवी महतोलाई मारी आगो लगाई दिएछन्। मैले बोक्सीलाई झार्नुपर्छ खतम पार्नुपर्छ भनेको हुँ । घटनास्थलमा गएको थिइन भन्नेसमेत व्यहोराको प्रतिवादी जुगेश्वर महतो गुरौंले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

झाँक्री जुगेश्वर महतो मेरो बहिनी ज्वाईं हुन्। करिब ३/४ महिनादेखि निज ज्वाईं र बहिनी सरस्वती महतोसमेत मेरो घरमा कोठा भाडामा लिई बस्दै आएका हुन्। निज जुगेश्वर महतोको कोठामा दिनमा २०/३० जना मानिसहरू बिरामी भई हेराउन आउँछन्। यस्तैमा विक्रम महतो, निजको श्रीमती मन्जु महतो र आमा बाबुसमेत हेराउन आएको देखेकी हुँ । निजहरूलाई जुगेश्वर महतोले के भनी पठाए मलाई थाहा थिएन। मिति २०६८।११।५ गते निज विक्रम महतोसमेतले ढेगनीदेवी महतोलाई ढुङ्गा लाठीसमेतले कुटपिट गरी मारी मट्टितेल खन्याई आगो लगाई दिएको भन्ने सुनेको हुँ । निजहरूलाई जुगेश्वर महतोले ढेगनी बोक्सी हो त्यसैले दुःख दिएको हो त्यसलाई झार्नुपर्छ भनी पठाएको भनेपछि थाहा पाएको हुँ। घटनामा मेरो संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मी महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६८।११।५ गते बिहान आमा ढेगनीदेवी महतो उठी गोबर फाल्न लागेको अवस्थामा पल्लो घरको ज्वाईं विक्रम महतो र हजुरबुबा विक्रम महतोको घर परिवार सबै जनाले मिली आमालाई बोक्सीको आरोप लगाई ढुङ्गा, लाठीसमेतले हानी मारेका हुन् भन्नेसमेत व्यहोराको मृतकका छोरा समिर महतो र छोरी मिना महतोले गरेको कागज।

मेरो फुपाजु विक्रम महतो र फुपू मन्जु महतो हाम्रो घरमा आएर बस्नु भएकोमा कामेर ढेगनी ठूली

आमालाई बोक्सी छ । हामीलाई खान लागेको भन्नु भएको थियो । मिति २०६८।११।४ गते घरभित्र हजुरबुबा, हजुरआमा, फुपाजु र फुपुहरू एउटै कोठामा बस्नु भएको थियो । अर्को बिहान भएपछि बाहिर निस्केर गोठमा रहेकी ढेगनी ठूली आमालाई फुपाले ढुङ्गाले टाउकोमा हानेको । अरू सबैले बोक्सी भन्दै कुटेको, ठूलो मम्मीले म होइन भनेर कराउँदा फुपाले ठूलो दाउराले हानेर मारेको अनि पराल ल्याएर आगो लगाई दिएको हो । ठूलो मम्मीलाई उनीहरूले मारेको मैले देखेकी हुँ भन्नेसमेत व्यहोराको लिल्मा महतोले गरेको कागज ।

जुगेश्वर महतो मेरो घरमा आई ५ वर्षसम्म बसी मेरो खेत अधिया कमाई खाई पहिलेकै बस्तीमा फर्किएको थियो । सो समयमा निज बेला बखतमा बेहोस हुने गर्थ्यो । मिति २०६८।११।५ गते बिहान ढेगनीदेवी महतोलाई बोक्सीको आरोप लगाई विक्रम महतोसमेतले मारेको भन्ने थाहा पाएको हुँ, घटनाको बारेमा बुझ्दा जुगेश्वर महतोले झाँक्री बनेर ढेगनीलाई बोक्सीको आरोप लगाएका कारण अरू प्रतिवादीहरूले मारेका भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको हेमबहादुर बानियाले गरेको कागज ।

प्रतिवादी जुगेश्वर महतोले झाँक्री बनी मन्जु महतोसमेतका मानिसलाई झारफुक गर्ने गरेको र ढेगनीदेवी महतोलाई हेराउने क्रममा बोक्सी छ भनेको डेराकोठामा भगवानहरूको फोटो, रूद्राक्षका मालाहरू समेत रहेको भन्नेसमेत व्यहोराको प्रतिवादी जुगेश्वर महतोको डेराकोठाको मुचुल्का ।

मेरो दिदीको घरमा डेरा लिई बसेका बहिनी ज्वाई जुगेश्वर महतोले झाँक्री बनी झारफुकको काम गर्ने गरेका र बघौडा ६ बस्ने विक्रम महतो र निजकी श्रीमती मन्जु महतोसमेत हेराउन आउँदा ज्वाई जुगेश्वरले ढेगनीदेवी महतोले बोक्सी लगाई दिएकी छ ठीक पार्नुपर्छ भनेको हुँदा विक्रम महतो, मन्जु महतोसमेतका परिवारले मिति २०६८।११।५ गते निजलाई कुटपिट गरी मारेको भनी सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको पशुपतिया महतोले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६८।११।५ गते बिहान ढेगनीदेवी महतोलाई प्रतिवादी विक्रम महतो, विक्रमिया महतो, विक्रम महतो, लक्ष्मी महतो, मन्जु महतो, सन्जु महतो, कृष्णकुमारी महतोसमेतका अभियुक्तहरूले बोक्सीको आरोप लगाई आफ्नै गोठमा गोबर फालिरहेको अवस्थामा ढुङ्गा, दाउरा, लाठीसमेतले कुटपिट कर्तव्य गरी मारी जलाएकासमेत हुन् भन्नेसमेत व्यहोराको बुझिएका मानिसहरू लिलाराम चौधरी, जितनी महतो, नन्दलाल चौधरी, भविश्वर चौधरी, आशा चौधरी, नारायणप्रसाद महतो, डिल्लीराम महतोसमेत जना ७ ले गरेको एकै मिलानको कागज ।

मिसिल संलग्न घटनास्थल प्रकृति एवम् मृतक ढेगनी देवी महतोको लास जाँच मुचुल्का, बरामदी मुचुल्का, झारी महतोको जाहेरी, ढेगनीदेवी महतोको शव परीक्षण प्रतिवेदन, घटना देख्ने लिल्मा महतो, समिर महतो, मिना महतो, जितनी महतो, नन्दलाल चौधरीसमेतको कागज, प्रतिवादीहरू विक्रम महतो, मन्जु महतो, विक्रमिया महतो, विक्रम महतोसमेतको बयान कागजसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी जुगेश्वर महतोले ढेगनीदेवीलाई बोक्सी हो मारी खतम पार्नुपर्छ भनी प्रतिवादी मन्जु महतो तथा निजका पति विक्रम महतोसमेतलाई ज्यान मार्नमा वचन दिएको र प्रतिवादीहरू विक्रम महतो, निजको श्रीमती मन्जु महतो, प्रतिवादी मन्जु महतोको बाबु विक्रम महतो, आमा विक्रमिया महतो, बहिनी कृष्णकुमारी महतो, सन्जु महतो र दिदी लक्ष्मी महतोसमेत जना ७ ले ढेगनीदेवी महतोलाई बोक्सीको आरोपमा प्रतिवादी जुगेश्वर महतोसमेतको सल्लाहबमोजिम मार्ने पूर्वयोजना गरी मिति २०६८।११।५ गते बिहान अन्दाजी ६.०० बजे गोबर फाल्न गोठमा गएको अवस्थामा निज ढेगनीदेवीलाई समाती सबै जना भई

घेरा हाली भाग्न उम्कन नदिई सामुहिकरूपमा हात, मुक्का, लाठी, काठको ठुटो, ढुङ्गासमेतले टाउको निधार, च्यापु, कान, स्तनसमेतमा सामुहिकरूपमा कुटपिट गरी आगोसमेत लगाई विभत्स तरिकाले कर्तव्यबाट हत्या गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. अनुसारको कसुर गरेको पुष्टि भएको हुँदा उक्त कसुरमा प्रतिवादीहरू वर्ष २६ को विक्रम महतो, वर्ष ५० को विक्रम महतो, विक्रमिया महतो, सन्जु महतो, मन्जु महतो, वर्ष २५ को लक्ष्मी महतो र कृष्णकुमारी महतोलाई सोही महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुन र प्रतिवादी जुगेश्वर महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(४) नं. अनुसारको कसुर मा सोही महलको १३(४) नं. अनुसार जन्मकैदको सजाय हुन तथा प्रतिवादीहरू वर्ष ३५ को लक्ष्मी महतो, सरस्वती महतो र पशुपतिया महतोले मृतक ढेगनीदेवी महतोलाई बोक्सी भनी मार्ने मत सल्लाहमा पसेको र अरू किसिमको मतलबी रहेको देखिएकोले निजहरूको उक्त कार्य ज्यानसम्बन्धीको महलको १७(३) नं. अनुसारको कसुर देखिँदा उक्त कसुरमा निज प्रतिवादीहरू वर्ष ३५ की लक्ष्मी महतो, पशुपतिया महतो र सरस्वती महतोलाई सोही महलको १७(३) नं. अनुसार ६ महिनादेखि ३ वर्षसम्म कैद सजाय गरिपाउँ साथै प्रतिवादीहरूले ढेगनी देवीलाई बोक्सीको आरोप लगाउने एवम् बोक्सीको आरोपमा अमानवीय एवम् अपमानजनक व्यवहार गर्ने एवम् यातना दिने कार्यसमेत गरेको देखिँदा मुलुकी ऐन, अदलको महलको १० ख नं. ले त्यस्तो कार्य कसुर मानेको हुँदा उक्त कसुरमा समेत प्रतिवादीहरूलाई ३ महिनादेखि २ वर्षसम्म कैद वा पाँचहजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र।

मृतक ढेगनीदेवी मेरो नाताले भाउजू पर्दछिन् र निज भाउजूलाई मैले कहिल्यै पनि बोक्सी भनी आरोप लगाएको होइन । हाम्रो घरमा जुगेश्वर महतो गुरौलाई बोलाई बोक्सी बकाएको पनि होइन । ढेगनीदेवी महतोलाई मेरो बहिनी ज्वाई विक्रम महतोले मारेको भनी हामीसँग भनेकोले थाहा पाएको हुँ । भाउजू ढेगनीदेवी महतोलाई कसले के कसरी मारे मैले आँखाले नदेखेकोले थाहा भएन । ढेगनीदेवी महतोलाई मारेको कुरा सत्य हो । मेरो बहिनी ज्वाई विक्रम महतोले मैले ढेगनीलाई मारेको भन्दै हाम्रो घरमा आई भनेकाले मैले थाहा पाएको हुँ । उक्त घटना भएको भनिएको मिति र समयमा म आफ्नै घरमा थिएँ। घटनास्थलमा उपस्थित थिइँन । ज्वाई बाहेक अरू को थिए । मलाई थाहा भएन । म घटनास्थलमा नगएकोले के कस्तो अवस्था थियो के कसरी कुन साधनबाट मारे मलाई थाहा भएन । मेराउपरको जाहेरी झुट्टा हो । ढेगनीको गोठ र हाम्रो घर २/३ मिनेट फरकमा पर्छ मैले भाउजू ढेगनी कराएको हार गुहार मागेको सुनिन । ज्वाई विक्रम महतो र बहिनी मञ्जु महतोसमेत २ जना मिली भाउजू ढेगनीदेवी महतोलाई मारेको कुरा पछि थाहा भएको हो । मैले ढेगनीदेवी महतोलाई घेरा हाली मार्ने कार्य नगरेकोले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी विक्रम महतोकी छोरी वर्ष २५ की लक्ष्मी महतोले सुरू अदालतमा गरेको बयान।

मलाई पहिलादेखि नै टाउको दुख्ने, काम्ने, दिमाग फुस्केजस्तो हुने भएकोले वर्ष ३६ को लक्ष्मी महतोको घरमा डेरा गरी बस्ने जुगेश्वर महतोको कोठामा म, मेरो श्रीमती मञ्जु महतो र सासु विक्रमिया महतोसमेत भई गई देखाउँदा बाबामा चढाएको भोग राम्रोसँग भएको छैन। पुनः पूजा गरी बोका चढाउ भनेकाले पूजाको लागि ससुराली आई बसेको अवस्थामा मलाई पुनः काम्ने रिंगटा लाग्ने दिमागले काम नगर्ने भएको अवस्थामा म एक्लैले ढेगनीलाई ढुङ्गा र काठको मुडाले हानी मारी परालमा मट्टितेल छर्की सलाई कोरी आगो लगाई दिएको हुँ। मैले ढेगनीलाई बोक्सीको आरोप लगाएको होइन। वारदातमा मबाहेक अरू कोही कसैको संलग्नता छैन । सो अवस्थामा काम्ने बिरामी भएकोले थाहा

नै नभई घटना घटाउन पुगेको हुँ । मैले रगत पिएको होइन । मैले मारेको हुँदा कानूनले तोकेको सजाय भोग्न तयार छु भन्नेसमेत व्यहोराको प्रतिवादी विक्रम महतोले सुरू अदालतमा गरेको बयान।

दिदी मञ्जु महतो बिरामी भएका कारण जुगेश्वर कहाँ हेराउन भनी दिदी भिनाजु र बुबा जानु भएको हो । झाँक्रीले के भने मलाई थाहा भएन। भिनाजुको दिमाग अर्कै भएको थियो। फाल्गुण ४ गते राति भिनाजु विक्रम महतोले मलाई र आमालाई गाली गर्दै कोपर्ने गरेका र त्यसको भोलिपल्ट निजले ढेगनीदेवीलाई कुटपिट गरी मारेको भन्ने सुनेको हुँ । निजलाई मसमेतले कुटपिट गरी मारेको होइन । निजलाई मार्ने भिनाजु विक्रम महतो हुन् । मसमेतले मृतकलाई भाग्न नदिने गरी कुटपिट गरेको होइन। रगत चुसेको भन्नेसमेत जाहेरी झुट्ठा हो । अघिल्लो राति भिनाजुले मलाई कुटपिट गरी मुखमा लाठी कोचेकोले रगत आएको देखि मलाई झुट्ठा आरोप लगाएका हुन्। म चक्कर आएर भित्र सुतेको हुँदा मैले थाहा पाइन। पछि निज मरिसकेपछि बाहिर निस्कँदा थाहा पाएकी हुँ। अलिअलि जलेको देखिएको थियो। मैले अभियोग दाबीबमोजिमको कसुर नगरेको र ढेगनी देवीलाई मार्ने योजना र कुटपिटसमेत गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सञ्जु महतोले सुरू अदालतमा गरेको बयान।

जाहेरी व्यहोरा झुट्ठा हो । मसमेतले ढेगनी देवीलाई मारेको होइन। मिति २०६८ फागुन ५ गते बिहान म आफ्नै घरमा थिएँ। घटनास्थल र मेरो घर नजिकै पर्ने र घटनास्थलमा मान्छेको हल्ला सुनेकोले बाहिर निस्कँदा ढेगनी देवीलाई भिनाजु विक्रम महतोले मारेको कुरा थाहा पाएकी हुँ । के कारणले निजलाई मारे मलाई थाहा छैन । मैले कुटपिट र बोक्सीको आरोपसमेत लगाएको होइन। माघ २८ गते झाँक्रीकहाँ हेराउन दिदी मञ्जु, भिनाजु विक्रम र आमा विक्रमिया जानु भएको थियो । भिनाजु फाल्गुण ३ र ४ गते कामेका र ५ गते बिहान त्यस्तो घटना घटेको हो । मृतकलाई बोक्सीको आरोप लगाएका पनि थिएनौं । बोक्सीको बारेमा विश्वास पनि लाग्दैन। मैले अभियोग दाबीबमोजिमको कसुर गरेको नहुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णकुमारी महतोले सुरू अदालतमा गरेको बयान।

म र मेरो पति माइतीघर आएको अवस्थामा पतिको शरीर काम्ने भएकोले जुगेश्वर महतोको घर कोठामा देखाउन म, पति र आमा गएकोमा सबै ठीक छ। यो ल्वाङ खाउ भनी ल्वाङ खान दिएका र हामी माघ २८ गतेदेखि फाल्गुण ३ गतेसम्म फुक्न गएका र झारफुक गरी दिएका थिए। म र पति आफ्नो घर बघौडा ६ धोवाहा गएकोमा पति पुनः काम्न थालेकाले पुनः ३ गते माइतिघर आई बसेको र ४ गते राति पनि पतिले आमा विक्रमिया र बहिनी सञ्जुलाई कुटपिट गरेका र फाल्गुण ५ गते बिहान मेरो भाउजू नाता पर्ने ढेगनीदेवी महतोलाई मारेछन्। मलाई बोलाई मट्टितेल र लाइटर ल्याइदेउ भनेकाले मट्टितेल र सलाई लिई जाँदा मेरा पति विक्रमले ढेगनीलाई मारिसकेको अवस्थामा मैले देखेकी थिएँ। पछि आगो लगाई दिएका रहेछन् मैले आगो लगाएको देखिन । मैले चुल्ठो समाउने, घेरा हाल्ने मार्ने कार्य गरेको होइन। पतिले मारेको र पोलेको कुरा घर आई भनेपछि थाहा पाएको हुँ। मैले ढेगनीलाई बोक्सी भनेको होइन । मउपरको जाहेरी झुट्ठा हो । मैले अपराध गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी मञ्जु महतोले सुरू अदालतमा गरेको बयान।

म आफूले माडी बघौडा-२ बैराठमा चिया पसल गरी बस्ने र मेरो घर बघौडा-२ बघौडामा मेरो बहिनी सरस्वती र ज्वाईं जुगेश्वर महतो गुरौलाई बस्न कोठा दिएकी हुँ । म पसलमा नै बस्ने गर्दछु । विक्रम चौधरी र मञ्जुसमेतले निज गुरौसँग झारफुक गरे नगरेको मलाई थाहा भएन। घटना भएको मिति र समयमा म चिया पसलमा नै थिएँ। ढेगनीलाई मारेको

सम्बन्धमा मलाई थाहा थिएन । सोही दिन ८/९ बजेतिर प्रहरी आई इलाका प्रहरी कार्यालयमा लगेपछि ढेगनी मरेको थाहा भएको हो । ढेगनीलाई कसले किन कसरी मारे सो घटनामा को को थिए, मलाई थाहा भएन । मउपरको जाहेरी झुट्ठा हो । मैले ढेगनीलाई नचिनेको र निजलाई बोक्सीसमेत भनेको छैन मार्न गएकोसमेत नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी विक्रम महतोकी छोरी मागर महतोकी श्रीमती लक्ष्मी महतोले सुरू अदालतमा गरेको बयान ।

जाहेरी व्यहोरा झुट्ठा हो । मसमेतले मृतकलाई भाग्न उम्कन नदिई योजना बनाई कुटपिटसमेत गरेको होइन । मृतक जाहेरवालासँग हामीहरूको कुनै रिसइवी छैन । ढेगनी देवीलाई जवाईं विक्रम महतोले कुटपिटसमेत गरी मारेछन् । सो समयमा म आफ्नै घरमा थिएँ । घटना भएको अघिल्लो राति मेरो घरमा ज्वाईं विक्रमले मलाई र सञ्जुलाई एक्कासी बहुलाए जस्तो गरी कुटपिट गरेका थिए । मलाई चोट लागेर उभिन सक्ने अवस्थामा थिइन् । त्यो घटनापछि म घरबाट बाहिर निस्कदा ज्वाईंले कुटपिट गरेको, आगो लगाएको देखेको होइन, मरिसकेपछि देखेको हुँ । मैले अभियोग दाबीबमोजिमको कसुर गरेको नहुँदा मलाई दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी विक्रमिया महतोले सुरू अदालतमा गरेको बयान ।

जाहेरवाला र मृतकलाई मैले चिनेको छैन । जाहेरी दरखास्त झुट्ठा हो । मैले मृतकलाई भाग्न उम्कन नपाउने गरी छेकेको पनि होइन । कुटपिट गरेको छैन, घटनास्थल र मेरो घर पैदल हिँड्दा १ घण्टा जति लाग्छ जुगेश्वर मेरो बहिनी ज्वाईं भएकोले मलाई पनि मुद्दा लगाएका होलान्, । घटना घटेको दिन म आफ्नै घरमा थिएँ । को कस्ले ढेगनीलाई कुटपिट गरे मलाई थाहा छैन, मृतकलाई बोक्सीको आरोपमा कुटपिट गरी मारे भन्ने सुनेको हुँ । प्रहरीले मलाई एक पटक प्रहरी कार्यालय आउनु भनेकाले म आएपछि पक्राउ गरेका हुन् । मैले ढेगनी देवीलाई बोक्सी भनेको पनि छैन अभियोग दाबीबमोजिमको कसुर गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी पशुपतिया महतोले सुरू अदालतमा गरेको बयान ।

विक्रम महतो, निजको श्रीमती र आमा विक्रमियासमेत ३ जना म भएको ठाउँमा ३ दिनसम्म फुक्न आएका थिए । मैले जानेको झारफुक गरी दिएको हो । हेराउने क्रममा विक्रमलाई तिम्रो बाबाले विक्रम बाबाको भाकल गरेको छ । भाकल चढाउन भनेको हुँ । मैले ढेगनीलाई बोक्सी भनेको थिइन । ढेगनीलाई मार्नुपर्छ भनेको थिइन । ढेगनीदेवी महतोलाई को कसले के हतियारबाट मारे मलाई थाहा छैन । म घटना वारदातमा संलग्न छैन । मलाई फाल्गुन ५ गते करिब ८ बजेतिर पक्राउ गरी इलाका प्रहरी कार्यालयमा ल्याएपछि घटना थाहा भएको हो । घटनामा मेरो कुनै भूमिका, योजना र सहयोग छैन । मैले ढेगनीलाई बोक्सी हो मार्नुपर्छ भनी वचन दिएको नहुँदा सजाय हुनुपर्ने होइन सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी जुगेश्वर महतो गुरौले सुरू अदालतमा गरेको बयान ।

मेरो ज्वाईं विक्रमले मेरी छोरी मञ्जु महतोलाई सञ्चो नभएको कारण मेरो घरमा आएका र २/३ दिनसम्म जुगेश्वर महतो गुरौको कोठामा झारफुक गर्न जाने आउने गर्दथे । फाल्गुण ५ गते बिहान ६ बजेतिर मेरो बुहारी नाताकी ढेगनी आफ्नो गोठमा गोबर फालिरहेको अवस्थामा ज्वाईं विक्रम महतोले अचानक घरबाट गई बुहारी ढेगनीलाई लाठी, ढुङ्गा र मुढोसमेतको हतियार प्रयोग गरी घटनास्थलमा नै मारिदिएछन् । म घरमा निदाएको थिएँ । ज्वाईं विक्रमले मारिसकेपछि चिच्याउँदै घरमा आएकोले के भयो भनी सोध्दा ढेगनीलाई मारिदिएँ भनेकोले म हेर्न जाँदा ढेगनी मरिसकेकी रहिछन् । ज्वाईं पुनः उक्त स्थानमा गई परालले ढेगनीलाई पोलेका रहेछन् । उक्त वारदातमा अरू कोही संलग्न छैनन् । जाहेरी व्यहोरा झुट्ठा हो ।

मैले कसुर अपराध नगरेको र कर्तव्य गरी मारेको नहुँदा र मैले कहिल्यै पनि ढेगनीलाई बोक्सी भनेको नहुँदा सजाय हुनुपर्ने होइन सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी डोमा महतोको छोरा वर्ष ५० को विक्रम महतोले सुरू अदालतमा गरेको बयान।

मसमेत भई जाहेरवालाको बुहारीलाई कर्तव्य गरी मारेको भन्ने कुरा झुट्ठा हो। म घटना हुँदाको समयमा आफ्नै घरमा थिएँ। बिहान ७/८ बजेको समयमा प्रहरी घरमा आएर मेरो श्रीमान् जुगेश्वर महतोलाई लिन आएका र प्रहरीले मेरो श्रीमान्लाई लिन आएपछि मात्र किन लैजान लागेको भन्दा थानामा गएपछि थाहा हुन्छ भनेका थिए। मैले ढेगनीदेवी महतोलाई देखेको छैन। जाहेरी व्यहोरा झुट्ठा हो। घटनास्थलमा म नभएको हुँदा सो बारेमा मलाई थाहा भएन। जाहेरवाला र मृतकलाई चिनेको छैन। प्रतिवादीमध्ये जुगेश्वर मेरा पति, पशुपतिया र लक्ष्मी महतो मेरो दिदी हुन् अरूलाई चिन्दिन। म घटनास्थलमा गएकी होइन। घटना सम्बन्धमा मलाई थाहा भएन। मेरो श्रीमान्ले आजसम्म कसैलाई बोक्सी भनेको मलाई थाहा छैन। मउपरको अभियोग झुट्ठा हुँदा र मैले कसुर गरेको नहुँदा सजाय पाउनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सरस्वती महतोले सुरू अदालतमा उपस्थित भई गरेको बयान।

प्रतिवादीहरूले मेरो बुहारी ढेगनी देवीलाई बोक्सीको आरोप लगाई ढुङ्गा, काठसमेतले प्रहार गरी मारेको र मृतक लासलाई परालमा आगो लगाई पोलिदिएका हुन्। निजहरूलाई कानूनबमोजिम कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको जाहेरवाला झारी महतोले सुरू अदालतमा गरेको बकपत्र।

मृतक ढेगनी देवीलाई प्रतिवादीहरू सरस्वती महतो, पशुपति महतो, वर्ष ३६ की लक्ष्मी महतो र जुगेश्वर महतोले कर्तव्य गरी बोक्सीको आरोप लगाई मारेका होइनन्। मृतकलाई विक्रम महतोले मारी परालको आगोले पोलेको भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू सरस्वती महतो, पशुपति महतो, वर्ष ३६ की लक्ष्मी महतो र जुगेश्वर महतोका साक्षी विक्रम महतोले सुरू अदालतमा गरेको बकपत्र।

मृतक ढेगनी देवीको हत्या भएको सुनी थाहा पाएको हुँ। को कसले मिली मारेका हुन् मलाई थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादीहरू विक्रम महतो, विक्रमिया महतो, कृष्णकुमारी महतो, सन्जु महतो, मन्जु महतो, विक्रम महतो र लक्ष्मी महतोका साक्षी सोहन चौधरीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले मृतक ढेगनी देवीलाई बोक्सीको आरोप लगाइ ढुङ्गा, काठसमेतले प्रहार गरिरहेको समयमा मसमेत भई छुट्याउन जाँदा हामीलाई विक्रम महतोले लखेटेको हुँदा सुरक्षाको लागि प्रहरीमा आई बसेको अवस्थामा ढेगनी देवीलाई आगो लगाई पोलिदिए भनी सुनी प्रहरीसँग उक्त स्थानमा गएको हुँ। निजहरूलाई कानूनबमोजिम कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको घटना विवरणका मानिस भविश्वर चौधरीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले मृतक ढेगनी देवीलाई बोक्सीको आरोप लगाई ढुङ्गा, काठसमेतले प्रहार गरिरहेको समयमा मसमेत भई छुट्याउन जाँदा मलाई विक्रम महतोले खुकुरी देखाई हान्न खोजेको हुँदा सो स्थानबाट भागी गएको हुँ। परबाट नै कसैले सलाई ल्याउ, कसैले पराल ल्याउ भनी भनेको सुनेको हुँ। आगोको धुवाँ आएपछि गाउँलेहरू समेत गई विक्रमसमेतका अपराधीहरू भाग्न खोज्दा भाग्न नदिई प्रहरीहरूलाई बुझाएको हो भन्नेसमेत व्यहोराको घटना विवरणका मानिस नारायणप्रसाद महतोले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६८।११।५ गते म मेरै घरमा थिएँ। मेरो घर नजिकै ढेगनी देवीको गोठ पर्छ। विक्रम महतोसमेतका प्रतिवादीहरूले मृतक ढेगनी देवीलाई बोक्सीको आरोप लगाई कसैले ढुङ्गा, कसैले काठ र

कसैले चिरपटसमेतले प्रहार गरेको र उक्त प्रहारबाट ढेगनीदेवी ढलेको देखेको हुँ । उनीहरूको जमात धरै भएको हुँदा म उक्त स्थानमा जान सकिन । पछि प्रहरीहरूको सहयोगमा पक्राउ गरी प्रहरीमा बुझाएको हो भन्नेसमेत व्यहोराको घटना विवरणका मानिस लिलाराम चौधरीले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०६८।११।५ गते बिहान म सुतेको थिएँ । आमा गोठमा गोबर फाल्न गएको अवस्थामा बाहिर होहल्ला भयो म उठेँ मेरी आमा गोठ निरै बाँधेर लड्नु भएको थियो । टाउकोमा चोट भएको देखेको थिएँ । त्यहाँ विक्रम, कृष्ण कुमारी, सञ्जु, मञ्जु, अर्को विक्रम र विक्रमिया महतोले ढुङ्गा मुढा जे पायो त्यहीले हानी मारेका हुन् भन्नेसमेत घटना विवरणका मानिस मृतक ढेगनीदेवी महतोका छोरा समिर महतोले गरेको बकपत्र ।

मिति २०६८।११।५ गते बिहान ५ बजेतिर आमा गोठमा जानुभएको थियो । गोठमा होहल्ला भई आवाज आएको सुने । मार्ली मार्ली भनेर आमा बोलेको सुनी बाहिर आई हेर्दा आमालाई विक्रम महतो (विक्रम महतोको ज्वाई) ले टाउकोमा ढुङ्गाले हानेको चोटले आमा लड्नु भयो अनि विक्रम महतो, विक्रमिया महतो उनीहरूकै छोरीहरू कृष्ण कुमारी, सञ्जु, मञ्जु, लक्ष्मीसमेतले दाउरा, ढुङ्गा, मुढासमेतले हानेका हुन् । त्यसपछि पराल ल्याई छोपी मट्टीतेल हाली आगो लगाई जिउँदै जलाई मारेका हुन् भन्ने घटना विवरणकी मृतक ढेगनीदेवी महतोकी छोरी मिना महतोले गरेको बकपत्र ।

प्रतिवादी जुगेश्वर महतोले झारफुक गर्दा मृतक बोक्सी हो निजलाई खतम गरे मात्र रोग निको हुने वचन दिएबमोजिम पूर्वयोजना र सल्लाह गरी प्रतिवादीमध्येका मञ्जु महतोका पति विक्रम महतोले ढुङ्गा र मुढाले प्रहार गरेको, निजकी श्रीमती प्रतिवादी मञ्जु महतोले मट्टितेल ल्याई मृतकको शरीरमा खन्याई दिएको र प्रतिवादी विक्रमिया महतोले सलाई कोरी मृतकको शरीरमा आगो लगाई दिएको तथा अन्य प्रतिवादी विक्रम महतो, लक्ष्मी महतो, विक्रम महतोकी छोरी सञ्जु महतो, कृष्णकुमारी महतोले मृतकलाई भाग्न उम्कन नपाउने गरी मृतकलाई समाउने, हात मुक्काले हान्ने गर्दा मृतकको मृत्यु हुन गएको देखिएको हुँदा सबै प्रतिवादीहरूले प्रहार गरेको सामुहिक चोटबाट नै मृतकको मृत्यु भएको देखिन आएकोले यी प्रतिवादीहरूले वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम आरोपित कसुर गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरू लक्ष्मी महतो, विक्रम महतो, मञ्जु महतो, सञ्जु महतो, कृष्णकुमारी महतो, विक्रमिया महतो, विक्रम महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम र प्रतिवादी जुगेश्वर महतोलाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुन्छ । अन्य प्रतिवादीहरू सरस्वती महतो, लक्ष्मी महतो र पशुपतिया महतोले आरोपित कसुर गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट देखिन आएको अवस्था नहुँदा निज प्रतिवादीहरू उपरको अभियोग माग दाबी पुग्न सक्दैन । आरोपित कसुरबाट निजहरूले सफाई पाउने ठहर्छ साथै अदलको महलको १० ख नं. अनुसार सबै प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न सक्दैन भन्नेसमेत व्यहोराको सुरू चितवन जिल्ला अदालतबाट मिति २०६९।९।२३ मा भएको फैसला ।

म सामान्य बिरामीहरूको झारफुक गर्ने अनपढ व्यक्ति हुँ । मैले मृतक ढेगनीदेवीलाई चिने जानेको छैन । मैले प्रतिवादी विक्रम महतोले श्रीमतीलाई झारफुक गर्न ल्याएकोमा चिन्दै नचिनेको ढेगनीदेवीलाई बोक्सी भनी कसरी भन्न सक्छु । त्यसको कुनै आधार जाहेरवालाले र अभियोगमा समेत खुलाउन सकेको छैन । प्रतिवादी विक्रम महतोले अदालतमा बयान गर्दा मृतकलाई आफूले मारेको हुँ अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन् । जाहेरवालाले बकपत्र गर्दा शंका लागि जाहेरी दिएको उल्लेख गरेका छन् ।

केवल शंकाको आधारमा दिएको उजुरीको आधारमा मलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी जुगेश्वर महतो गुरौको पुनरावेदन पत्र।

हामी पुनरावेदकहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको भनिएको बयान हाम्रो स्वेच्छाले गरेको होइन। अदालतमा हामीले गरेको इन्कारी बयान स्वतन्त्र बयान हो । जुन बयान व्यहोरालाई हाम्रा साक्षीहरूले समेत समर्थन गरी बकपत्र गरिदिएको अवस्था छ। प्रतिवादी विक्रम महतोले अदालतमा बयान गर्दा मृतकलाई आफूले मारेको हुँ । उक्त वारदातमा अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन् । हामी पुनरावेदकहरूले मृतकलाई भाग्न उम्कन नपाउने गरी कपाल समाउने, हात मुक्काले हानेको भन्ने कुनै स्वतन्त्र प्रमाण मिसिल संलग्न छैन । केही व्यक्तिले अनुमान र शंकाको भरमा हाम्रो नाम लिँदैमा हामीलाई सजाय हुनुपर्ने नहुँदा फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हामीलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू लक्ष्मी महतो, सन्जु महतो र कृष्णकुमारी महतोको संयुक्त पुनरावेदन पत्र।

म पहिलादेखि नै काम्ने, पागलपन जस्तो हुने अन्धविश्वासी व्यक्ति हुँ । मैले सुरू अदालतमा बयान गर्दा उक्त वारदात म एक्लैले अन्धविश्वासका कारण विक्षिप्त मानसिक अवस्थामा घटाएको हुँ भनी मेरो व्यहोरा लेखाएको छुँ। म घटनामा साबित भएपछि मलाई सो साबितीबापतमा कम सजाय गर्नुपर्नेमा सो साबितको बारेमा केही उल्लेख नगरी हदैसम्मको सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा कम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी विक्रम महतोको पुनरावेदन पत्र।

म पुनरावेदकले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको भनिएको बयान स्वेच्छाले गरेको होइन । अदालतमा मैले गरेको इन्कारी बयान स्वतन्त्र बयान हो । जुन बयान व्यहोरालाई मेरा साक्षीहरूले समेत समर्थन गरी बकपत्र गरिदिएको अवस्था छ। प्रतिवादी मेरा पति विक्रम महतोले अदालतमा बयान गर्दा मृतकलाई आफूले मारेको हुँ। उक्त वारदातमा अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन्। घटनाको मुख्य व्यक्तिले कसुरको बारेमा गरेको साबितीलाई वास्तविक होइन भनी अनुमान गरी मलाई सजाय गर्न मिल्ने होइन । मैले मृतकलाई भाग्न उम्कन नपाउने गरी कपाल समाउने, हात मुक्काले हानेको र मट्टितेल सलाई ल्याई दिएको भन्ने कुनै स्वतन्त्र प्रमाण मिसिल संलग्न छैन। अनुमान र शंकाको भरमा मलाई सजाय हुनुपर्ने नहुँदा फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत मलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी मञ्जु महतोको पुनरावेदन पत्र।

हामी पुनरावेदकहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको भनिएको बयान हाम्रो स्वेच्छाले गरेको होइन । अदालतमा हामीले गरेको इन्कारी बयान स्वतन्त्र बयान हो । जुन बयान व्यहोरालाई हाम्रा साक्षीहरूले समेत समर्थन गरी बकपत्र गरिदिएको अवस्था छ। प्रतिवादी विक्रम महतोले अदालतमा बयान गर्दा मृतकलाई आफूले मारेको हुँ। उक्त वारदातमा अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन्। घटनाको मुख्य व्यक्तिले कसुरको बारेमा गरेको साबितीलाई वास्तविक होइन भनी अनुमान गरी हामीलाई सजाय गर्न मिल्ने हुँदैन । हामी पुनरावेदकहरूले मृतकलाई भाग्न उम्कन नपाउने गरी कपाल समाउने, हात मुक्काले हानेको भन्ने कुनै स्वतन्त्र प्रमाण मिसिल संलग्न छैन। अनुमान र शंकाको भरमा हामीलाई सजाय हुनुपर्ने नहुँदा फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हामीलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू विक्रम महतो र विक्रमिया महतोको संयुक्त पुनरावेदन पत्र।

अभियोग मागदाबीबमोजिम प्रतिवादीहरू लक्ष्मी महतो, विक्रम महतो, मञ्जु महतो, सञ्जु महतो, कृष्णकुमारी महतो, विक्रमिया महतो, विक्रम महतोलाई मुलुकी ऐन, ज्यानसमन्धीको महलको १३(३) नं. बमोजिम र प्रतिवादी जुगेश्वर महतोलाई ऐ. १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको हदसम्म सुरू फैसला मिलेको र प्रतिवादीहरूले बोक्सीको आरोपमा अमानवीय कार्य गर्नु अदलको महलको १० ख नं. ले दण्डनीय अपराध हुँदा सुरू फैसलामा कुनै आधार कारणबिना नै सजाय गर्नु नपर्ने भनी गरेको फैसला सो हदसम्म नमिलेको हुँदा बदर गरिपाऊँ । साथै प्रतिवादीहरू सरस्वती महतो, लक्ष्मी महतो र पशुपतिया महतो कसुरदार ठहर भएका जुगेश्वर महतोका नाताका मान्छे हुन् भन्ने मिसिल संलग्न कागजातबाट पुष्टि भएको अवस्था छ । निजहरू समेतले मृतकलाई बोक्सीको आरोप लगाई निजलाई मार्नमा सहयोग गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट देखिन आएको अवस्था हुँदाहुँदै निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने ठहऱ्याएको सुरूको फैसला सो हदसम्म नमिलेको हुँदा निजहरू समेतलाई अभियोग माग दाबीअनुसार सजाय गरिपाउँ भन्ने समेत व्यहोराको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

यसमा वादी नेपाल सरकार र प्रतिवादीहरू जुगेश्वर महतो, लक्ष्मी महतो, सन्जु महतो, कृष्णकुमारी महतो, विक्रम महतो (५१ वर्ष), विक्रमिया महतो, विक्रम महतो (२७ वर्ष) र मन्जु महतोसमेतको पुनरावेदन परेकाले दुवै पक्षलाई एक अर्काको पुनरावेदन सुनाई साथै प्रतिवादी लक्ष्मी महतो, पशुपतिया महतो र सरस्वती महतोको हकमा अदालती बन्दोबस्तको २०२ नं. र पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिमको प्रक्रिया पूरा गरी नियमानुसार पेस गर्नु भन्ने पनरावेदन अदालत, हेटौंडाको मिति २०७०।४।२९ को आदेश ।

अदालतमा बयान गर्दा कसुर गरेको होइन भनी भनेपनि वारदातस्थलमा उपस्थित भएको कुरालाई प्रतिवादीहरूले स्वीकार गरेका र घटनामा के कस्तो भूमिका कसले निर्वाह गऱ्यो भनी स्पष्ट पार्दै अनुसन्धान अधिकारीसमक्ष कसुरलाई स्वीकारी बयान गरेको अवस्था भएको र मौकामा कागज गर्ने मानिसहरू मीना महतो, लीलाराम चौधरी, नारायणप्रसाद महतो, भविस्वर चौधरी, जीतन महतो र समीर महतोसमेतका व्यक्तिहरूले घटनालाई प्रत्यक्ष देखेको व्यहोरा दर्साउँदै आ-आफ्नो व्यहोरा लेखाएको पाइन्छ । अझ लिलाराम चौधरी जसले मौकाको आफ्नो भनाइलाई समर्थन गर्दै माथि उल्लिखित पुनरावेदक यी प्रतिवादीहरूको नाम उल्लेख गरी कसैले लट्ठी, कसैले ढुङ्गा, कसैले चिरपट, कसैले लौराले पिटेको देखेको हुँ। प्रतिवादीहरूको जमात धेरै भएकोले मेरो केही चलेन भनेर लेखाएका छन् भने नारायणप्रसाद महतोले लिलाराम चौधरीकै भनाईसँग मेलखाने गरी आफ्नो मौकाको व्यहोरालाई समर्थन गरी बकपत्र गरेका र प्रतिवादीहरू मध्येका विक्रम र निजको ज्वाईले खुकुरी लिई मलाई नै लखेटेकोले पर भागेर बसेको हुँ भनी लेखाई दिएकोसमेत देखिन्छ । त्यसैगरी घटना देख्ने प्रत्यक्षदर्शी समिर महतो र मीना महतोले पनि लिलाराम चौधरी तथा नारायण प्रसाद महतोको व्यहोरासँगै मेलखाने गरी प्रतिवादीहरूको घटनामा संलग्नता भएको बारेमा स्पष्ट किटान गरी लेखाएको देखिन्छ । घटना देख्ने प्रत्यक्षदर्शी भविस्वर चौधरी र जीतनी महतोको भनाई पनि सोही किसिमको रहेको पाइन्छ । यसप्रकार प्रतिवादीहरू लक्ष्मी महतो, विक्रम महतो, मञ्जु महतो, कृष्ण कुमारी महतो, विक्रमिया महतो, विक्रम महतो, जुगेश्वर महतोसमेत आरोपित कसुरमा साबित रही अनुसन्धान अधिकारीसमक्ष निजहरूले बयान कागज गरेको, किटानी जाहेरी दरखास्त, घटनास्थल विवरण तथा मौकाका व्यक्तिहरू मीना महतो, लिलाराम चौधरी, नारायण प्रसाद महतो, भविस्वर चौधरी, जितनी महतो र समीर महतोसमेतले

प्रत्यक्षदर्शी भई घटनामा प्रतिवादीहरूको संलग्नता बारेमा स्पष्ट लेखाई दिएको देखिँदा प्रतिवादीहरू लक्ष्मी महतो, विक्रम महतो, सञ्जु महतो, कृष्ण कुमारी महतो, विक्रमिया महतो, विक्रम महतो र जुगेश्वर महतोको हकमा अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलअन्तर्गतको आरोपित कसुरमा सजाय गर्ने गरी भएको सुरू फैसला मिलेको नै देखियो।

अब अदलको महलको १० ख नं. को कसुरमा सजाय भएन र प्रतिवादीहरू मध्ये सरस्वती महतो, लक्ष्मी महतो तथा पशुपति महतोलाई सफाई दिएकोमा चित्त नबुझाई परेको नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा बोक्सी भन्ने कुराकै आरोपबाट घटना घटेको भन्ने देखिई त्यो कुरा घटनाको जरियासम्म देखिन आएको र मार्नुपर्छ भन्ने कुरा प्रतिवादी सरस्वती महतो, लक्ष्मी महतो र पशुपती महतोलाई थाहा थियो भन्ने कुरा उल्लेख गरिए पनि के कुन माध्यमले सो कुरा यी प्रतिवादीहरूलाई थाहा थियो त्यो मिसिलमा सप्रमाण स्थापित नभएको तथा यिनिहरूको घटनामा के कस्तो भूमिका रहेको थियो भन्ने जाहेरीमा पनि स्पष्ट उल्लेख नभएको र प्रत्यक्षदर्शीसमेतले यिनीहरूलाई किटान गरी स्पष्ट लेखाउन नसकेकोले अदलको १० ख अनुसार प्रतिवादीहरूलाई सजाय भएन तथा प्रतिवादीहरू सरस्वती महतो, लक्ष्मी महतो र पशुपती महतोलाई सफाई दिएको मिलेन भन्ने नेपाल सरकारको तर्फबाट बसहमा उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन । तसर्थ, माथि विवेचित आधार कारणहरूबाट प्रतिवादी जुगेश्वर महतोलाई ज्यानसम्बन्धी महलको १३(४) र लक्ष्मी महतो, विक्रम महतो, मञ्जु महतो, सञ्जु महतो, कृष्ण कुमारी महतो, विक्रमिया महतो, विक्रम महतो समेतका प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. ले सजाय गर्ने गरी र अदलको १० ख नं. ले सजाय गरी रहनु नपर्ने तथा प्रतिवादीहरू मध्ये सरस्वती महतो, लक्ष्मी महतो र पशुपतिया महतोसमेतले अभियोग माग दाबीबाट सफाई पाउने ठहऱ्याई चितवन जिल्ला अदालतबाट मिति २०६९।९।२३ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।१।९मा भएको फैसला।

म पुनरावेदक विक्रम महतो अपराध स्वीकार गरी अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा मृतकलाई आफूले मारेको हुँ । उक्त वारदातमा अरू कसैको संलग्नता छैन भनी बयान गरेको छु । घटनाको मुख्य व्यक्तिले कसुरको बारेमा गरेको साबितीलाई वास्तविक होइन भनी अनुमान गरी सबै प्रतिवादीलाई सजाय गर्न मिल्ने होइन । म प्रतिवादी मञ्जु महतोले मृतकलाई भाग्न उम्कन नपाउने गरी कपाल समाउने, हात मुक्काले हानेको र मट्टितेल सलाई ल्याई दिएको भन्ने कुनै स्वतन्त्र प्रमाण मिसिल संलग्न छैन । घटनाका प्रत्यक्षीदर्शी भनिएका व्यक्तिहरूले उक्त वारदात रोकथाम गर्नुपर्नेमा सो घटना देखेको भनी झुट्टा बकपत्र गरेका हुन् । अनुमान र शंकाको भरमा सजाय हुनुपर्ने नहुँदा फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हामीलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी मञ्जु महतो र विक्रम महतोको संयुक्त पुनरावेदन पत्र।

हामी पुनरावेदकहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको भनिएको बयान हाम्रो स्वेच्छाले गरेको होइन। अदालतमा हामीले गरेको इन्कारी बयान स्वतन्त्र बयान हो । जुन बयान व्यहोरालाई हाम्रा साक्षीहरूले समेत समर्थन गरी बकपत्र गरिदिएको अवस्था छ। प्रतिवादी विक्रम महतोले अदालतमा बयान गर्दा मृतकलाई आफूले मारेको हुँ। उक्त वारदातमा अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन्। घटनाको मुख्य व्यक्तिले कसुरको बारेमा गरेको साबितीलाई

वास्तविक होइन भनी अनुमान गरी हामीलाई सजाय गर्न मिल्ने हुँदैन । हामी पुनरावेदकहरूले मृतकलाई भाग्न उम्कन नपाउने गरी कपाल समाउने, हात मुक्काले हानेको भन्ने कुनै स्वतन्त्र प्रमाण मिसिल संलग्न छैन । जाहेरवालाले बकपत्र गर्दा हाम्रो भूमिका के हो हामीले के के संयोग पारी मृतकको मृत्यु भएको भनी खुलाउन सक्नु भएको छैन । अभियोग दाबीममा पनि प्रष्ट अभियोग लगाइएको छैन । उक्त वारदातमा हाम्रो भूमिका स्पष्ट नगरी अनुमान र शंकाको भरमा हामीलाई सजाय हुनुपर्ने नहुँदा फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हामीलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू विक्रम महतो र विक्रमिया महतोको संयुक्त पुनरावेदन पत्र ।

हामी पुनरावेदकहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको भनिएको बयान हाम्रो स्वेच्छाले गरेको होइन । अदालतमा हामीले गरेको इन्कारी बयान स्वतन्त्र बयान हो । जुन बयान व्यहोरालाई हाम्रा साक्षीहरूले समेत समर्थन गरी बकपत्र गरिदिएको अवस्था छ । प्रतिवादी विक्रम महतोले अदालतमा बयान गर्दा मृतकलाई आफूले मारेको हुँ । उक्त वारदातमा अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन् । हामी पुनरावेदकहरूले मृतकलाई भाग्न उम्कन नपाउने गरी कपाल समाउने, हात मुक्काले हानेको भन्ने कुनै स्वतन्त्र प्रमाण मिसिल संलग्न छैन । घरका सबै सदस्यलाई सजाय भएको अवस्था एकातिर छ भने अर्कोतर्फ जाहेरवाला र अन्य प्रत्यक्षदर्शी भनिएका केही व्यक्तिले अनुमान र शंकाको भरमा हाम्रो नाम लिँदैमा हामीलाई सजाय हुनुपर्ने नहुँदा फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हामीलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू सन्जु महतो र कृष्णकुमारी महतोको संयुक्त पुनरावेदन पत्र ।

म पुनरावेदकले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको भनिएको बयान मेरो स्वेच्छाले गरेको होइन । अदालतमा मैले गरेको इन्कारी बयान स्वतन्त्र बयान हो । जुन बयान व्यहोरालाई मेरा साक्षीहरूले समेत समर्थन गरी बकपत्र गरिदिएको अवस्था छ । प्रतिवादी विक्रम महतोले अदालतमा बयान गर्दा मृतकलाई आफूले मारेको हुँ । उक्त वारदातमा अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन् । मैले मृतकलाई भाग्न उम्कन नपाउने गरी कपाल समाउने, हात मुक्काले हानेको भन्ने कुनै स्वतन्त्र प्रमाण मिसिल संलग्न छैन । घरका सबै सदस्यलाई सजाय भएको अवस्था एकातिर छ भने अर्कोतर्फ जाहेरवाला र अन्य प्रत्यक्षदर्शी भनिएका केही व्यक्तिले अनुमान र शंकाको भरमा मेरो नाम लिँदैमा मलाई सजाय हुनुपर्ने नहुँदा फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत मलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू लक्ष्मी महतोको पुनरावेदन पत्र ।

अभियोग माग दाबीबमोजिम प्रतिवादीहरू लक्ष्मी महतो, विक्रम महतो, मञ्जु महतो, सञ्जु महतो, कृष्णकुमारी महतो, विक्रमिया महतो, विक्रम महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम र प्रतिवादी जुगेश्वर महतोलाई ऐ. १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको हदसम्म सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको र प्रतिवादीहरूले बोक्सीको आरोपमा अमानवीय कार्य गर्नु अदलको महलको १० ख. नं. ले दण्डनीय अपराध हुँदा फैसलामा कुनै आधार कारणबिना नै सजाय गर्नु नपर्ने भनी गरेको फैसला सो हदसम्म नमिलेको हुँदा बदर गरिपाऊँ । साथै प्रतिवादीहरू सरस्वती महतो, लक्ष्मी महतो र पशुपतिया महतो कसुरदार ठहर भएका जुगेश्वर महतोका नाताका मान्छे हुन् भन्ने

मिसिल संलग्न कागजातबाट पुष्टि भएको अवस्था छ । निजहरू समेतले मृतकलाई बोक्सीको आरोप लगाई निजलाई मार्नमा सहयोग गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट देखिन आएको अवस्था हुँदाहुँदै निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने ठहऱ्याएको सुरूको सदर हुने ठहऱ्याएको फैसला सो हदसम्म नमिलेको हुँदा निजहरू समेतलाई अभियोग माग दाबीअनुसार सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन पत्र।

म सामान्य बिरामीहरूको झारफुक गर्ने अनपढ व्यक्ति हुँ । मैले मृतक ढेगनीदेवीलाई चिने जानेको छैन। मैले प्रतिवादी विक्रम महतोले श्रीमतीलाई झारफुक गर्न ल्याएकोमा चिन्दै नचिनेको ढेगनीदेवीलाई बोक्सी भनी कसरी भन्न सक्छु। त्यसको कुनै आधार जाहेरवालाले र अभियोगमा समेत खुलाउन सकेको छैन। प्रतिवादी विक्रम महतोले अदालतमा बयान गर्दा मृतकलाई आफूले मारेको हुँ अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन् । जाहेरवालाले बकपत्र गर्दा शंका लागि जाहेरी दिएको उल्लेख गरेका छन् । केवल शंकाको आधारमा दिएको उजुरीको आधारमा मलाई हदैसम्म सजाय गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी जुगेश्वर महतो गुरौको पुनरावेदन पत्र।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री यदुनाथ शर्माले प्रतिवादीहरू लक्ष्मी महतो, विक्रम महतो, मञ्जु महतो, सञ्जु महतो, कृष्णकुमारी महतो, विक्रमिया महतो, विक्रम महतोलाई मृतक ढेगनी देवीलाई कर्तव्य गरी मारेकोमा जन्मकैदको सजाय गरेको हदसम्म सुरू फैसला सदर गरेको पुनरावेदनको फैसला मिलेको र निज प्रतिवादीहरूले मृतकलाई बोक्सीको आरोप लगाई अमानवीय कार्य गरेको स्पष्ट हुँदाहुँदै अदलको महलको १० ख. नं. बमोजिम सजाय गर्नुपर्नेमा कुनै आधार कारणबिना नै सजाय गर्नु नपर्ने भनी गरेको फैसला सो हदसम्म नमिलेको हुँदा बदर गरिपाउँ तथा अन्य प्रतिवादीहरू सरस्वती महतो, लक्ष्मी महतो र पशुपतिया महतोसमेतले गुट बनाई गरेको वारदात संयुक्त वारदात हुन्छ। पशुपतिया महतोसमेतले मार्नुपर्छ भनेको भनी मृतककी छोरी लिल्मी महतोले लेखाई दिएको मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेको अवस्थामा निजहरूलाई आरोपित कसुरबाट सफाई दिने ठहऱ्याएको हदसम्म नमिलेको हुँदा निजहरूलाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नं. बमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

पुनरावेदक प्रतिवादी जुगेश्वर महतो गुरौको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री सुनिलकुमार पोखरेलले यी प्रतिवादी उक्त वारदातमा संलग्न भएको मिसिल संलग्न कागजातबाट पुष्टि भएको छैन । प्रतिवादीमध्येका विक्रम महतोले अदालतसमक्षको बयानमा जुगेश्वरले मार्न भनेका होइनन् निज जुगेश्वर र मृतक ढेगनीदेवीसँग अपरिचित व्यक्तिहरू रहेको हुँदा बिना आधार कारण प्रतिवादी जुगेश्वर महतो गुरौलाई जन्मकैदको सजाय गर्ने गरी भएको सुरूको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला निजका हकमा बदर हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

पुनरावेदक प्रतिवादी लक्ष्मी महतोको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री सानुमैया डंगोल र श्री विमला यादवले यी पुनरावेदकले अदालतमा स्वतन्त्र बयान गर्दा कसुरमा इन्कारी रही बयान व्यहोरा लेखाएका छन् । उक्त बयानलाई निजका साक्षीसमेतले समर्थन गरी बकपत्र गरिदिएको देखिन्छ । यी प्रतिवादीको वारदातमा के कस्तो

संलग्नता थियो भन्ने जाहेरी तथा अभियोग पत्रमा अभियोजन पक्षले खुलाउन सकेको छैन । शंकाको भरमा जाहेरी पर्दैमा मात्र कसुरदार ठहर गर्न मिल्ने होइन । जाहेरवाला यस वारदातका प्रत्यक्षदर्शीसमेत होइनन् । मुख्य प्रतिवादी विक्रम महतोले उक्त वारदात आफूले घटाएको हो यस वारदातमा अन्य कसैंको संलग्नता छैन भनी बयान गरेका छन् । यी पुनरावेदकले प्रहरीमा कागज गर्दा घटनामा हेरेर बसेको कुटपिटमा सरिक नभएको भन्दै प्रतिवादीमध्येका विक्रम महतोले ढेगनीलाई मारेका हुन् भनी लेखाएको हुँदा सर्वस्वसहित जन्मकैद गरेको फैसला नमिलेकोले निजलाई सफाई हुनपर्छ । यदि सजाय नै हुने स्थितिमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १७(२) बमोजिम हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

पुनरावेदक प्रतिवादीहरू विक्रम महतो (२७ वर्ष) र मन्जु महतो, सञ्जु महतो, विक्रम महतो (५१वर्ष), विक्रमिया महतो, कृष्णकुमारी महतोसमेतको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री देवी रेग्मीले पुनरावेदक प्रतिवादीहरू मध्ये विक्रम महतो (२७ वर्ष) बाहेकका प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कारी रही बयान गरेका छन् । उक्त बयानलाई निजहरूका साक्षीहरूले समर्थन गरी बकपत्र गरिदिएको देखिन्छ । यी प्रतिवादीहरूको वारदातमा के कस्तो संलग्नता थियो भन्ने जाहेरी तथा अभियोगपत्रमा अभियोजन पक्षले खुलाउन सकेको नहुँदा केवल शंकाको भरमा जाहेरी पर्दैमा कसुरदार ठहर गर्न मिल्ने होइन । मुख्य प्रतिवादी विक्रम महतोले उक्त वारदात आफूले घटाएको हो यस वारदातमा अन्य कसैको संलग्नता छैन भनी बयान गरेको अवस्था हुँदा विक्रम महतो (२७ वर्ष) बाहेकका प्रतिवादीहरूलाई कसुरदार ठहर गरेको फैसला बदर हुनुपर्छ तथा पुनरावेदक प्रतिवादी विक्रम महतो (२७ वर्ष) ले अदालत र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुरमा साबिती रही बकपत्र गरी अदालतसमेतलाई सहयोग गरेको अवस्था हुँदा अभियोग दाबीबमोजिम हदैसम्मको सजाय गर्ने गरी भएको फैसला नमिलेको हुँदा कम सजाय हुनुपर्छ भनी गर्नुभएको बहस सुनीयो ।

विद्वान् उपन्यायाधिवक्ता तथा प्रतिवादी तर्फका कानूनी व्यवसायीहरूको उपर्युक्त बहस सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा मुलत देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने हुन आएको छ ।

(१) प्रस्तुत मुद्दा के कस्तो प्रकृतिको हो ?

(२) यसमा प्रतिवादीहरू उपर लगाइएको आरोप स्थापित हुने अवस्था छ वा छैन । सो सम्बन्धमा जिल्ला र पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ वा छैन ।

(३) प्रस्तुत मुद्दाको विशेष प्रकृतिको सन्दर्भमा कुनै थप आदेश जारी हुनुपर्ने अवस्था छ वा छैन ।

२. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा प्रस्तुत मुद्दामा ढेगनी देवी महतोको हत्या जुन किसिमबाट भएको भनी अभियोग लगाइएको छ त्यो अन्य सामान्य मुद्दाभन्दा पृथक प्रकृतिको छ । मिसिल हेर्दा अपराध घट्नुपर्ने भौतिक कारण पीडिततर्फबाट उत्पन्न गरिएको अर्थात् प्रतिवादीहरूको जीउ ज्यान वा सम्पत्तिउपर कुनै भौतिक आक्रमण गरिएको वा क्षति पुऱ्याएको कारण वारदात घटेको अवस्था यो होइन । वर्तमान फौजदारी कानून वा त्यसअन्तर्गत प्रयोग गरिने कुनै प्रविधिले खोज्न वा परीक्षण गर्न नसक्ने विगतदेखि थोपारिँदै आएको अन्धविश्वासमा आधारित भई मृतकले प्रतिवादीहरूलाई क्षति पुऱ्याएको वा पुऱ्याउन खोजेको भन्ने आधारहीन मान्यताका कारण प्रस्तुत वारदात घटन गएको भन्ने आरोप देखिन्छ । समाजमा बोक्सा बोक्सी हुन्छन् र तीनले मानिस, जीवजन्तु र खेतीबालीमा नोक्सानी पुऱ्याउन सक्छन् भन्ने आधारहीन मान्यताको उग्र विष्फोटनको रूपमा प्रस्तुत वारदात घट्न गएको भनिएको छ । त्यसैले प्रस्तुत मुद्दा

अन्य ज्यान मुद्दाभन्दा फरक छ।

३. अब प्रतिवादीहरू उपर लागेको आरोप स्थापित हुने अवस्था छ वा छैन भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा मिति २०६८।११।५ को बिहान चितवनको बघौडा गाउँको वस्तीमा घटेको एउटा जघन्य अपराधको विषयलाई लिएर प्रस्तुत मुद्दामा अनुसन्धान प्रारम्भ भएको देखिन्छ। प्रहरीहरू घटनास्थल पुग्दा ढेगनीदेवी महतोको लास आधी जलेको अवस्था भेटिएको छ । घटनास्थल एवम् लास जाँच मुचुल्कामा “मृतकको कपाल केही जलेको, टाउको, निधार, च्यापु फुटेको, दाहिने कान च्यातिएको, शरीरमा भएका कपडाहरू जली केही मात्र बाँकी रहेको, कम्मरदेखि माथि अगाडिको भाग जलेको, योनि तथा मलद्वार जली रातो कालो अवस्थामा रहेको र जलेको कारण लास चिन्नै नसकिने अवस्थामा रहेको” भन्ने उल्लेख भएको पाइन्छ । लाशको नजिक रगत जस्तो पदार्थ लागेको ढुङ्गा, काठको चिरेको दाउरो, मट्टितेलको गन्ध आएको जरकिन रहेको भन्ने मुचुल्कामा उल्लेख भएको देखिन्छ। ढेगनीको ससुरा झारी महतोले दिएको जाहेरी अनुसार मिति २०६८।११।५ को बिहान आफ्नो गोठमा गोबर फाल्न गएकी चालीस वर्षीय विधवा ढेगनी देवी महतोलाई उनकै नातेदार विक्रम महतोसमेतले समाती लछार पछार गर्दै ढुङ्गा, लाठी, हात, मुक्कासमेतले कुटपिट गरी दुवै स्तनमा टोकी रगत चुसी विभत्स तरिकाले हत्या गरेको र त्यसपछि घाँस पराल राखी आगो लगाएको भनिएको छ। यस्तो कार्य कैयौं प्रत्यक्षदर्शीको सामुन्ने भएकोबाट यसरी मारिएकी व्यक्ति ढेगनीदेवी महतो हुन् भन्नेमा विवाद देखिएन।

४. अब उक्त वारदातमा को कसको संलग्नता रहेछ भनी हेर्दा, प्रस्तुत मुद्दामा पक्राउ परेका व्यक्तिहरूको बयान र अभियोगपत्रको व्यहोरासमेतबाट ढेगनीदेवी महतोलाई बोक्सीको आरोप लगाई केही समयदेखि मानसिक यातना दिइँदै आएको भन्ने देखिन्छ। सोही क्रममा मिति २०६८।१०।२७ गते जिल्ला चितवन बघौडा गाउँ विकास समिति बस्ने विक्रम महतो (५० वर्ष) र विक्रमिया महतोको घरमा निज छोरी मञ्जु र ज्वाईं विक्रम महतो (२६ वर्ष) आएको, माइती घरमा आएपछि मञ्जु महतोले पेट दुख्यो, हात खुट्टा दुख्यो भनी बिरामी परेको भनेपछि निजहरू भारत पश्चिम चम्पारण घर भई सो समयमा बघौडा गाउँ विकास समितिमा नै डेरा गरी झाँक्री (गुरौं) को काम गर्ने जुगेश्वर महतो कहाँ हेराउन गएको, "निजले तिम्रो छिमेकी विधवा महिला बोक्सी छ, त्यसले दुःख दिएको छ, निजलाई खत्तम पार्नुपर्छ" भनेको र निजकै कुरा पत्याई र निजकै कुरामा लागी मिति २०६८।११।५ को बिहान ६ बजे नै प्रस्तुत वारदात घटन गएको भन्ने अनुसन्धान अधिकारीसमक्ष बयान गर्ने मञ्जु महतो, मञ्जुको पति विक्रम महतो (वर्ष २६), मञ्जुकी आमा विक्रमिया महतो र निजको पति विक्रम महतो (वर्ष ५०), मञ्जुकी बहिनी लक्ष्मी महतो, कृष्ण कुमारी र सञ्जु महतोको बयानबाट देखिन्छ। घटनाक्रम हेर्दा घटनापूर्व लगातार ४/५ दिनसम्म मञ्जु निजको पति विक्रम महतो र परिवारका केही सदस्यहरू झाक्रीकहाँ गएको, झाक्री कहाँबाट घर आएपछि मञ्जु र निजको पति विक्रम महतो काम्न थालेको र ढेगनीले बोक्सी लगाई दिएको छ भनेको र निजलाई मार्ने सल्लाह गरेको भन्ने खुल्न आउँछ। घटनाको दिन बिहान ६ बजे विक्रम महतो शशुराली घरबाट निस्कनासाथ ढेगनीलाई निजको गोठमा गोबर फाल्दै गरेको देखी एक्कासी झम्टन गएको, विक्रमसँग ससुराली परिवारका सबै सदस्यहरू निस्केको, ढेगनी भाग्न लाग्दा समाती, घेरा हाली ल्याएको र निजलाई लछार पछार गर्दै ढुङ्गा, लाठी, हात मुक्का, लात्ताले हानेको र निजको मृत्यु भएपछि परालले छोपी मट्टितेल खन्याई आगो लगाएको भन्ने खुल्न आउँछ। यस्तो आपराधिक कार्यमा मञ्जु महतो, निजको पति विक्रम महतो (२६ वर्ष), मञ्जुका बाबु आमा विक्रम महतो (५० वर्ष) र विक्रमिया महतो,

बहिनीहरू सञ्जु, लक्ष्मी (२५ वर्ष), कृष्णकुमारी महतो संलग्न रहेको भन्ने निजहरूको अनुसन्धान अधिकारीमक्षको बयानबाट खुल्न आउँछ । यद्यपि मञ्जुको पति विक्रम महतो (२६ वर्ष) बाहेक अन्य सबै प्रतिवादीहरू अदालतमा बयान गर्दा इन्कार रहेका छन् र हत्याको सम्पूर्ण जिम्मेवारी विक्रम महतोले लिएको छ । तर वारदातको स्वरूप र चश्मदिदहरूको अनुसन्धानको कागज र अदालतमा भएको बकपत्रबाट निज एक्लैले सबै कार्य गरेको नभई सम्पूर्ण परिवारका सदस्यहरू संलग्न भएको खुल्न आउँछ । उदाहरणको लागि उक्त घटना देख्ने ढेगनीका नाबालक छोराछोरी समिर महतो र मिना महतो सोही ठाउँकी निजहरूको नातेदार लिल्मा महतो, बुझिएका लिलाराम महतो, जितनी महतो, नन्दलाल चौधरी, भविश्वर चौधरी, नारायण महतो, लिलाराम चौधरीसमेतको कागजबाट सम्पूर्ण परिवार नै वारदातमा संलग्न भएको देखिन्छ । ढेगनीको बाह्र वर्षीय छोरा समिर महतोले बकपत्र गर्दा वारदात हुनुपूर्वको रात आमा र बहिनीसमेत सँगै सुतेको, आमा बिहानै उठेर गोठमा गोबर फाल्न गएको अवस्थामा बाहिर होहल्ला भएपछि उठेर हेर्दा "आमा गोठनिर बाहिर लडेको थियो, टाउकोमा चोट भएको देखेको, त्यहाँ विक्रम, कृष्ण, सञ्जु, मञ्जु, लक्ष्मी, अर्को विक्रम र विक्रमिया थिए । विक्रमिया, विक्रम महतोसमेतले ढुङ्गा मुढा जे पायो त्यहीले हानेका रहेछन् (स.ज.५) विक्रम महतो, विक्रमिया महतो, निजका छोरीहरू र अर्को विक्रम महतोले कसैले पराल ल्याउने, कसैले मट्टितेल ल्याउने, कसैले आगो लगाउने गरी मट्टितेल हालेर परालले छोपी आगो लगाउने काम गरेका हुन् (स.ज.११)" भन्ने उल्लेख गरेको पाइन्छ । त्यस्तै आमा सँगसँगै सुतेकी निजकी बहिनी ९ वर्षीया मिना महतोले पनि बकपत्र गर्दा होहल्ला भई उठ्दा "मार्ली मार्ली भनेर आमाले बोलेको सुने" बाहिर आई हेर्दा माथि उल्लेख गरेका प्रतिवादीहरू "कसैले दाउरा, कसैले मुढासमेतले हानेको, त्यसपछि पराल ल्याई छोपी मट्टितेल हाली आगो लगाई जिउँदै जलाएका हुन्, सोही कारणबाट आमा ढेगनी देवीको मृत्यु भएको हो" (स.ज.७) भनी स्पष्टरूपमा उल्लेख गरेको र माथि उल्लिखित कुरा आफूले देखेको भन्ने उल्लेख गरेको (स.ज.१०) पाइन्छ । त्यस्तैगरी घटना घटिरहेको अवस्थामा आफूसमेत भई छुट्याउन जाँदा विक्रम महतोले हान्न खोजेको र लखेटेको भन्ने नारायण महतो र भविश्वर चौधरीको बकपत्रबाट देखिन्छ । वारदातस्थलबाट आगोको धुवाँ आएपछि गाउँलेहरू भेला भएको र कसैले प्रहरीलाई खबर गरेको अन्य गाउँलेहरूले अभियुक्तहरूलाई भाग्न उम्कन नदिएको भन्ने पनि प्रत्यक्षदर्शी घटना विवरणका अदालतमा आई बकपत्र गर्ने डिलाराम चौधरीसमेतको बकपत्रबाट देखिन्छ । यसबाट प्रतिवादीहरू मध्येका वारदात भएको स्थान र घरमा रहे भएका मञ्जु महतो निजको पति विक्रम महतो (२६ वर्ष) मञ्जुका बाबु आमा विक्रम महतो (५० वर्ष) र विक्रमिया महतो, बहिनीहरू लक्ष्मी महतो (२५ वर्ष), सञ्जु महतो र कृष्णकुमारी महतोसमेत भई ढेगनीदेवी महतोलाई मार्नुपर्छ भन्ने सल्लाहमा पसी कुट्न, पिट्न, चोट प्रहार गर्न र मृत्यु भइसकेपछि जलाउनमा प्रत्यक्षरूपमा संलग्न रहेको देखियो । घटनाको समग्रमा मूल्याङ्कन गर्दा घटना क्रुरतापूर्वक र विभत्स तरिकाले घटाइएको त्यहाँ कसैले छुट्याउन र ढेगनीको उद्धार गर्न नै नपाएको देखियो । यस स्थितिमा हत्या कार्यमा प्रत्यक्ष रूपमा यी प्रतिवादीहरू संलग्न देखिएका हुँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहऱ्याएको सुरू र पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आयो ।

५. अब प्रतिवादीमध्येका झाक्री (गुरौं) को जुगेश्वर महतोको हकमा हेर्दा निज भारतीय देखिए पनि बघौंडा गाउँ विकास समितिमा डेरा गरी बस्ने र झारफुक, धामी झाँक्रीको काम गर्ने व्यक्ति रहेको भन्ने माथि उल्लेख भइसकेको छ । विक्रम महतो (२६ वर्ष),

निजको श्रीमती मञ्जु महतो, निजको आमा विक्रमिया महतो ३ दिनसम्म आफ्नोमा फुक्न आएको र आफूले झारफुक गरेको कुरा निजले अदालतमा पनि स्वीकार गरेको देखिन्छ । अनुसन्धानमा बयान गर्दा आफूले ५ दिनसम्म झारफुक गरेको र केही कम भएको छ हेरिदिनु पर्‍यो भनेपछि "माइतीघरको छिमेकी महिला ढेगनीदेवी महतोले बोक्सी लगाएर दुःख दिएको छ त्यसलाई खत्तम पार्नुपर्छ, त्यसपछि माइती घरमा र तिम्रो घरमा सुख शान्ति हुन्छ" भनी मञ्जु महतोसमेतलाई भनेको भनी उल्लेख भएको छ । निजउपर सह अभियुक्तहरू विक्रम महतो (२६ वर्ष), मञ्जु महतो, विक्रमिया महतोसमेतको पोल रहेको पनि छ । यद्यपि निज घटना घट्दा वारदातस्थलमा उपस्थित देखिँदैन तर ढेगनीलाई बोक्सीको आरोप लगाउने, बोक्सी हुन्छन् र बोक्सीले मानिसलाई टुनामुना मन्त्रद्वारा मार्न सक्छन्, त्यस्तो कार्य ढेगनीले गरेको छ भनी अन्धविश्वासमा बसीभूत बनाउँदै निज "ढेगनीलाई खत्तम पार्नुपर्छ र मारेमा मात्र बिरामी मञ्जुको माइती र घरमा समेत सुख शान्ति हुन्छ" भनी विश्वास दिलाउने व्यक्ति देखिन्छ । यसरी निजको कुरामा विश्वास गरी र वचन मानी माथि उल्लिखित अन्य प्रतिवादीहरूले ढेगनीलाई बोक्सीको आरोपमा कुट्ने, पिट्ने र मट्टितेल खन्याई परालले छोपी विभत्स किसिमले मार्ने कार्य गरेको पाइँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) को कसुर गरेको ठहर्‍याएको सुरू र पुनरावेदन अदालतको फैसला मिलेकै देखियो ।

६. अब सुरू चितवन जिल्ला अदालत र पुनरावेदन अदालत, हेटौंडाले समेत अभियोग दाबीबाट सफाई दिएका प्रतिवादी जुगेश्वरलाई कोठा भाडामा राख्ने लक्ष्मी महतो (३६ वर्ष), पशुपतिया महतो र सरस्वती महतोको हकमा हेर्दा, निजहरूले आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निजहरू ढेगनीलाई हत्या गर्ने परिवारका सदस्य पनि देखिँदैन । घटनाबारे अनुसन्धानमा साबित हुने कुनै पनि प्रतिवादीले निजहरू घटनास्थलमा थियो वा वारदातमा संलग्न थियो वा आफूहरूलाई उक्साएको थियो भनेको पाइँदैन । यस स्थितिमा निजहरू उपरको आरोप पुष्टि हुन सक्ने अवस्था विद्यमान नदेखिँदा निजहरूलाई सफाई दिने गरी भएको सुरू र पुनरावेदन अदालतको फैसला अन्यथा गर्नुपर्ने देखिएन ।

७. गडाउ भएका प्रतिवादीहरू उपर ढेगनीलाई बोक्सी आरोपमा यातनासमेत दिई हत्या गरेको भनी मुलुकी ऐन, अदलको महलको १०(ख) को समेत अभियोग लगाएको पाइन्छ । उक्त अदलको १०(ख) नं. मा देहायको व्यवस्था रहेको देखिन्छ ।

८. "कसैले कसैलाई बोक्सी वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक बहिष्कार गर्ने वा अन्य कुनै अमानवीय वा अपमानजक व्यवहार गर्ने वा यातना दिने काम गरेमा वा कुनै रोग लागेको व्यक्तिलाई त्यस्तो रोग लागेको कारणबाट तिरस्कार वा अमानवीय वा अपमानजक व्यवहार गरी निजलाई बसोबास गरेको ठाउँबाट निकाला गरेमा तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"

९. उपर्युक्त व्यवस्थाले बोक्सा बोक्सीको आरोप लगाउने, यातना दिने, अपमानजनक व्यवहार गर्ने वा अमानवीय कार्य गर्ने कुरालाई कसुर मानेको देखिन्छ । प्रस्तुत मुद्दामा ढेगनीदेवी महतोलाई जे जसरी बोक्सीको आरोप लगाउने, यातना दिने र मार्ने कार्य भयो यस्तो स्थितिमा उक्त १०(ख) नं. को कसुर कायम हुने नै देखियो । केवल सजायको हकमा सम्म प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १३(३) र १३(४) नं. बमोजिम सजाय भएको र वारदात एउटै हुँदा दण्ड सजायका ८ र ३८ नं. को समेतको व्यवस्थाबाट थप सजाय नहुने स्थिति देखिन आयो ।

१०. दोस्रो प्रश्नको निरूपण गर्ने सन्दर्भमा

यति कुरा भनेर अब प्रस्तुत मुद्दा विशेष प्रकृतिको रहेको सन्दर्भमा कुनै आदेश हुनुपर्ने अवस्था छ वा छैन भन्ने तेस्रो प्रश्नतर्फ हेरौं । विज्ञान प्रविधिले यति धेरै उन्नती गरेको वर्तमान समयमा पनि हाम्रो समाजमा मानिसहरूलाई बोक्सा बोक्सीको आरोपमा सताउने, अपमान गर्ने, यातना दिने, बहिष्करण गर्ने र मार्नेसम्मका कार्य हुन्छन् र हाम्रो संविधान, कानून, हाम्रो न्याय प्रणालीले यसलाई निर्मूल गर्न सकेको छैन भन्नु अत्यन्त लाजमर्दो कुरा हो । बोक्सीको आरोपमा भएका घटनाहरू हेर्दा एक्काइसौं सताब्दीमा पनि बोक्सी प्रथामा विश्वास गर्ने एसिया र अफ्रिकाका केही अँध्यारा कुनाहरूमा हाम्रो देश पर्छ । यो यथार्थ हो । बोक्सीको आरोपमा मानिसहरू र विशेषतः महिला, वृद्ध, सामाजिकरूपमा परित्यक्त, अल्पसंख्यकहरू सताइएका घटनाहरू बरोबर अखबारमा आइरहन्छन् । किन यस्तो भइरहेको छ ? घटनाहरू किन दोहरी रहेका छन् ? किन र कसरी यति सहजरूपमा क्रूर कार्यहरू भइरहेका छन् ? किन हाम्रो न्यायप्रणालीले पीडित, उनका परिवार र सम्पूर्ण समाजलाई न्याय सुनिश्चित गर्न सकिरहेको छैन ? यसबारेमा गम्भीर समीक्षा हुन आवश्यक देखिन्छ ।

११. बोक्सी प्रथा बारेमा गरिएका अध्ययनहरूले के देखाउँछन् भने बोक्सीको मान्यता, प्रचलन र विश्वास कुनै न कुनैरूपले धर्म, इतिहास र संस्कृतिसँग जोडिएको विषय हो । हिन्दू, इस्लाम र क्रिस्तान आदि धर्मका धार्मिक ग्रन्थहरूमा बोक्सी बारेको विश्वासलाई उद्बोध गराउने दृष्टान्तहरू भेटिन्छन् । तर शिक्षाको प्रचारसँगै जब जब मानिसहरूले विज्ञान र तर्कवादमा विश्वास गर्न थाले तब समाजमा बोक्सी वा बोक्सा हुन्छन् र तिनले मानिस, वस्तु भाउ वा बाली नाली नष्ट गर्न सक्छन् भन्ने कुरा हराउँदै गए । अहिले पश्चिमी समाजमा बोक्सी प्रथाको कुरा नै इतिहासको एउटा अँध्यारो कथा बनेको छ । अहिले यसलाई हुनै नसक्ने कसुर (impossible Crime) मानिन्छ । कानूनी विकासको दृष्टिबाट हेर्दा इतिहासको कुनै चरणमा "बोक्सी लगाउनु अपराध हो" भनिन्थ्यो भने अहिले "बोक्सीको आरोप लगाउनु अपराध हो" भन्ने मान्यतालाई विश्वका अधिकांश विकसित र विकासशील मुलुकहरूले अंगिकार गर्दै गैरहेका छन् । यसै अदालतबाट बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवम् सजाय गर्ने प्रभावकारी ऐनको अभाव रहेकोले ऐनको तर्जुमा गर्नु भनी मिति २०६१।४।२६ मा आदेश[1] भएपछि २०६३ सालमा मुलुकी ऐन अदलको १० (ख) को व्यवस्था गरिएको र २०७२ सालदेखि "बोक्सीको आरोप (कसुर र सजाय) ऐन" मार्फत हामीले अब "बोक्सीको आरोप लगाउनु अपराध हो" भन्ने पछिल्लो मान्यतालाई अङ्गिकार गरेका छौं । यो स्वागतयोग्य कुरा हो । कानूनी व्यवस्था कायम गर्ने बारे हामीहरूले केही प्रगति गरेको भएपनि यथार्थ के हो भने हाम्रो समाज अझैपनि बोक्सा बोक्सी, भूत प्रेत, धामी झाक्रीमा विश्वास गर्छ । यसले गर्दा सामाजिक विभेद, वहिष्करण र बन्चनाको स्थितिको सृजना भइरहेको र आर्थिक, सामाजिक, शैक्षिक रूपमा सीमान्तकृत वर्ग नै यसबाट बढी प्रभावित र पीडित बन्न पुगेको अवस्था छ । अक्सर वृद्ध, परित्यक्त, अशक्त महिला वा रोग लागी जन्मेका वा असामान्य जन्मेका व्यक्तिहरू बोक्सा बोक्सीको आरोपमा पर्छन् । यस खालका व्यक्तिहरू सताइएका घटनाक्रमहरूले देखाउँछन् ।

१२. कसैलाई बोक्सी वा बोक्साको आरोप लगाउनु, सताउनु, अपहेलना, वा वहिष्करण गर्नु, आक्रमण गर्नु, सामाजिक बेइजति गर्नु वा मार्नु जघन्य अपराध हो । कसैलाई बोक्सा बोक्सीको आरोप लगाउनु मात्र पनि आरोपित व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रपूर्वक हिँड्डुल, कारोबार, व्यवसाय

1 रेश्मा थापासमेत विरूद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत, नेकाप २०६२, नि.नं.७४९८,२०५

गर्न पाउने हकउपरको आक्रमण हो । यस दृष्टिबाट यो मानव अधिकारको गम्भीर उल्लङ्घनको प्रश्न हो । मानव अधिकारसम्बन्धी साहित्यमा यसबारे विवेचना भएको पनि छ ।[2] तर अध्ययनहरूले के पनि देखाउँछन् भने बोक्सी लगाएको भनी झारफुक गर्ने गराउने, बोक्सीको आरोप लगाई हिंसामा उत्रने वा त्यस्तो हिंसा हेरी ताली पिट्नेहरू बोक्सीको अस्तित्वमा विश्वास गर्छन् । बोक्सीउपर शारीरिक वा मानसिक हिंसामा उत्रनेहरू आफूहरूले बोक्सी भनी आरोप लगाइएका व्यक्तिहरू उपर अन्याय गरेको ठान्दैनन् बरू आफूले न्याय खोजेको र दैवी शक्तिको आडमा न्याय दिएको महसुस गर्छन् । यो मान्यता र अन्धविश्वासबाट समाजलाई बाहिर ननिकालेसम्म हामी यो समस्याबाट मुक्त हुन सक्दैनौं । त्यसको निम्ति सर्वप्रथम बोक्सी-बोक्सा हुँदैनन् भन्नेमा समाजलाई विश्वास दिलाउनु पर्छ । धामी झाँक्रीले सामाजिक सेवा नभई समाजमा अन्धविश्वास फैलाउने र त्यसैको आडमा शोषण गरिरहेका छन् भन्ने पुरूष, महिला, बाल, युवा, पौढ सबैलाई बुझाउन जरूरी छ । बोक्सी प्रथाका विरूद्ध मात्र होइन त्यसको कारकको रूपमा रहेको धामी झाँक्री प्रथाको विरूद्ध नै हाम्रो राज्य, कानूनी प्रणाली र न्याय व्यवस्था उभिन सक्नु पर्छ । यो वर्तमानको आवश्यकता हो ।

१३. बोक्सी प्रथाको विरूद्ध २०७२ सालमा व्यवस्थापिका संसद्ले एउटा ऐन निर्माण गरेको कुरा माथि उल्लेख भइसकेको छ । सो ऐनले बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्ति उसका परिवारका सदस्यलाई क्रूर अमानवीय वा अपमानजनक व्यवहार गर्ने, सामाजिक वहिष्कार गर्ने, बसेको ठाउँबाट निकाल्ने आदि कार्यलाई कसुर कायम गरी सरकार वादी मुद्दाको रूपमा अनुसन्धान गर्ने र कसुरको गाम्भीर्यअनुरूप सजायको व्यवस्था गरेको छ । साथै ऐनले पीडितको उपचार गराउने, पीडितको संरक्षण गर्ने, सुरक्षा व्यवस्था गर्ने गराउने, कसुरदारलाई थुनामा राखी कारवाही गर्ने आदि कुराका साथै क्षतिपूर्तिको व्यवस्थासमेत गरिसकेको छ । पीडितलाई सेवा केन्द्रमा राख्ने, कानूनी सहायता, मनोविमर्श वा मनोवैज्ञानिक सेवा र आर्थिक सहायता दिने र सचेतना कार्यक्रम सञ्चालन गर्ने आदि जस्ता सकारात्मक व्यवस्थाहरू उक्त ऐनमा गरिएका छन् ।[3] ऐन जारी भएको धेरै भई नसकेको हुँदा यसको प्रभावकारी कार्यान्वयन र परिमार्जन गर्दै लैजानु पर्ने आवश्यकता अब हाम्रो सामुन्नेमा छ । त्यसैले प्रस्तुत मुद्दाको निरूपणसमेतको क्रममा समाजमा सचेतना वृद्धिको लागि "बोक्सा बोक्सी, भुत प्रेत हुँदैनन् धामी झाँक्रीको बलले कुनै रोग वा क्षतिलाई ठीक पार्न सकिँदैन, ठीक पार्न सकिन्छ भन्नु अन्धविश्वासबाहेक केही होइन । जुन कुरा विज्ञानसम्मत छैन, त्यसलाई स्वीकार गरिनु हुँदैन" यो सन्देश सोझोरूपमा जनतासमक्ष पुर्‍याइनु पर्छ । बोक्सीको आरोप त्यससँग जोडिएका आर्थिक, सामाजिक, कानूनी न्यायिक एवम् मानव अधिकारसम्बन्धी आयाम र यो कुप्रथाको कसरी अन्त्य गर्ने बारेमा रणनीतिसहितको विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्नु र सञ्चार माध्यमद्वारा प्रचार प्रसारसमेत गर्नु भनी शिक्षा तथा सञ्चार मन्त्रालयको नाउँमा र ढेगनीदेवी महतोका नाबालक सन्तानहरूको शिक्षादीक्षा, स्वास्थ्य र सुरक्षाको आवश्यक र उचित प्रवन्ध मिलाउनु भनी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र गृह मन्त्रालयसमेतका नाउँमा आदेश जारी गर्नु न्यायको रोहमा आवश्यक देखिन आयो ।

१४. अतः माथि उल्लिखित आधार

2 Report of the special Rapporteur Ms. Radhika Comaraswamy on Violence Against Women, E/CN.4/2002/83 (Jan 31, 2002)

3 यस विषयमा गरिएको समीक्षाको लागी हेर्नुहोस, डा. आनन्दमोहन भट्टराई, बोक्सी बोक्साको आरोप र न्यायसँग जोडिएका प्रश्नहरू, कानून, अंक ११८, २०७३, पृष्ठ १९

प्रमाणहरूबाट ढेगनीदेवी महतोलाई बोक्सीको आरोप लगाई हत्या गरी जलाउने कार्यमा प्रतिवादीहरू विक्रम महतो (२६ वर्ष), निजकी श्रीमती मञ्जु महतो, मञ्जुको बाबु विक्रम महतो (५० वर्ष), विक्रमिया महतो, मञ्जु महतोको बहिनीहरू सञ्जु महतो, लक्ष्मी महतो (२५ वर्ष), कृष्णकुमारी महतोसमेत संलग्न देखिँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम र प्रतिवादी जुगेश्वर महतोको हकमा निज ज्यान मार्नेमा वचन दिने कार्यमा संलग्न देखिँदा ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम सजाय गर्ने गरेको सुरू चितवन जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१।९ मा भएको फैसला मिलेकै देखियो । साथै ज्यानसम्बन्धीको १७ नं. को अभियोग लगाइएका लक्ष्मी महतो (३६ वर्ष), सरस्वती महतो, पशुपतिया महतोउपरको अभियोग दाबी पुग्न नसकेकोले निजहरूलाई सफाई दिने ठहर्‍याएको सुरू र पुनरावेदन अदालतको फैसला पनि मिलेकै देखियो। तसर्थ पुनरावेदन अदालतको सो फैसला सदर हुने ठहर्छ । गडाउ भएका प्रतिवादीहरूले बोक्सीको आरोप लगाई ढेगनीदेवी महतोको हत्या गरेको हुँदा मुलुकी ऐन, अदलको १० (ख) को कसुर कायम हुन्छ। तर सजायको हकमा ज्यानसम्बन्धीको महलको १३(३) र १३(४) नं. बमोजिम सजाय भइसकेकोले थप सजाय गर्नु परेन । साथै बोक्सा बोक्सी विरूद्ध सचेतनाको निम्ति उपयुक्त पाठ्यक्रम तयार गरी विद्यालय तहको शिक्षामा समावेश गर्नु भनी शिक्षा मन्त्रालय तथा सञ्चार मन्त्रालयको नाउँमा र ढेगनीदेवी महतोका सन्तानहरू समिर महतो, मिना महतो र अन्य सन्तान भए उनीहरूको समेत शिक्षादीक्षा, स्वास्थ्य, सुरक्षासमेतको समुचित व्यवस्था गर्नु भनी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र गृह मन्त्रालयसमेतको नाउँमा आदेश जारी गरिदिएको छ । आदेश कार्यान्वयनको निम्ति फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत उक्त मन्त्रालयहरूमा पठाई दिनू । साथै जाहेरवालालाई पनि सुरू जिल्ला अदालतमार्फत फैसलाको जानकारी दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. केदारप्रसाद चालिसे

इजलास अधिकृत : जगतबहादुर पौडेल
इति संवत् २०७३ साल असार २१ गते रोज ४ शुभम्

निर्णय नं. ९८६२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७३।१२।१३

मुद्दा : गैंडालाई गोली हानी घाइते बनाएको।

०६८-CR-१०६३

पुनरावेदक / प्रतिवादी : जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. ३ घर भई हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका सुकबहादुर कुमालको छोरा रणबहादुर कुमाल

विरूद्ध

प्रत्यर्थी / वादी : स.स.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

०६८-CR-१०६४

पुनरावेदक / प्रतिवादी : जिल्ला नवलपरासी, नयाँ बेलहानी गाउँ विकास समिति वडा नं. २ घर भई हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका बाबुलाल लामाको छोरा होमबहादुर लामा

विरूद्ध

प्रत्यर्थी / वादी : स.स.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

०६८-CR-११३६

प्रत्यर्थी / वादी : स.स.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

विरूद्ध

पुनरावेदक / प्रतिवादी : जिल्ला नवलपरासी, नयाँ बेलहानी गाउँ विकास समिति वडा नं. २ बस्ने बाबुलाल लामाको छोरा होमबहादुर लामा

०६८-CR-११७३

पुनरावेदक / प्रतिवादी : जिल्ला नवलपरासी, नयाँ बेलहानी गाउँ विकास समिति वडा नं. २ घर भई हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका बाबुलाल लामाको छोरा होमबहादुर लामा

विरूद्ध

प्रत्यर्थी / वादी : स.स.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

०६८-CR-११९३

पुनरावेदक / प्रतिवादी : जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं.३ घर भई हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका सन्तबहादुर भन्ने पंकज कुमाल

विरूद्ध

प्रत्यर्थी / वादी : स.स.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

- **लोपोन्मुख प्रजातिलाई संरक्षण गर्न गैंडा मार्ने घाइते पार्ने जस्ता कसुरलाई गम्भीर कसुर मानी सजायको व्यवस्था हाम्रो विद्यमान कानूनमा समेत कठोररूपमा रहेको छ । गैंडा मार्ने योजनामा संलग्नता भए तापनि हरेक व्यक्तिको आआफ्नो कसुरको भूमिका रहेको हुन्छ । ऐनले नै तजबिजी सजायको व्यवस्था गरेको छ । तजबिजी सजायको प्रयोग पनि कसुरको मात्राअनुसार वाञ्छनीय हुने ।**
- **कैद र जरिवानाको तजबिजी सजाय गर्दा न्यायकर्ताले सदैव कसुरदारको कसुरको मात्रालाई ध्यान दिनुपर्ने हुन्छ । तजबिजी सजाय गर्दा अपराधमा संलग्न व्यक्तिको पूर्व आपराधिक क्रियाकलापलाई पनि विचार गर्नुपर्ने हुन्छ । विश्वबाट नै लोपोन्मुख हुने सम्भावना भएको गैंडा प्रजातिको शिकार गरी खागको व्यापार गर्ने समूहको नेटवर्क नै हुने गरेको छ । सबै कसुरदारले गरेको कार्यको समष्टिगत परिमाणबाट नै अपराधले पूर्णता पाउने हुँदा हरेक अपराधीको भूमिका गम्भिर प्रकृतिको मान्नुपर्ने ।**

(प्रकरण नं.११)

- **निकुञ्ज क्षेत्रभित्र गोली चलेको तथ्य पुष्टि भइरहेको अवस्था, गैंडा घाइते देखिएको भन्ने प्रतिवेदन र प्रतिवादीहरू भेला भई**

बसेको घरमा पक्राउ पर्दा बरामद भएका गैंडा मार्ने बन्दोबस्तीका सामानहरू बरामद भएका परिस्थितिजन्य प्रमाण र प्रतिवादीहरूको कसुर अपराधलाई स्वीकार गरी गरेको बयान कागजातबाट आरोपित कसुरमा प्रतिवादीहरूको संलग्नता थिएन भन्न नसकिने।

(प्रकरण नं.१६)

पुनरावेदक / प्रतिवादीको तर्फबाट :

प्रत्यर्थी / वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता ज्ञानप्रसाद भुसाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क), दफा २८

सुरू तहमा फैसला गर्नेः

प्रमुख संरक्षण अधिकृत डा.श्री नरेन्द्रमान बाबु प्रधान

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

मा.न्यायाधीश श्री सत्यमोहन जोशी थारू

फैसला

न्या. सारदाप्रसाद घिमिरे : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :

मिति २०६४/५/२२ गते मेघौली गाउँ विकास समितिको दद्रनी गाउँको सिधा नारायणी पारी निकुञ्जभित्र गोली पड्केको सूचना पाई गाउँलेको सहयोगमा डुङ्गा तरी गस्ती गर्दा उक्त दिन केही फेला नपरेको र भोलिपल्ट गस्तीको क्रममा दाहिने फिलामा गोली लागी रगत चुहाउँदै हिँडेको गैंडा फेला परेको भनी सिंसवार पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको मुचुल्का एवम् प्रतिवेदन।

सिसवार पोष्टको रिपोर्टको आधारमा गैंडालाई गोली हान्ने मानिसको खोजी भइरहेको थियो। मिति २०६४/६/६ गते पहिला गैंडालाई गोली हान्ने मानिस फेरी गैंडा मार्न आउँछन् भन्ने सूचनाको आधारमा चितवन राष्ट्रिय निकुञ्जको गस्ती टोलीले गस्ती गर्दै जाँदा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति, वडा नं. २ बस्ने सन्तबहादुर कुमालको घरनजिक मानिसहरू जम्मा भएको देखी उक्त स्थानमा जाँदा मानिसहरू भागाभाग गरेको र निजहरूलाई घेरा हाली समात्ने क्रममा जिल्ला नवलपरासी, नयाँबेलहनी गाउँ विकास समिति, वडा नं. २ बस्ने होमबहादुर लामा, जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. ३ बस्ने रणबहादुर कुमाल र ऐ.ऐ. वडा नं.२ बस्ने माया कुमाललाई घेरा हाली समातेर सोधखोज गर्दा गैंडा मार्ने योजनाको लागि सल्लाह गर्न लागेको भन्ने कुरा खुल्न आएकोले निजहरूलाई केरकार गर्दा माया कुमालले आफ्नो घरमा राख्न दिएको पोकोसमेत ल्याएर दिएकोमा उक्त पोकोमा रडबाट बनाएको गोली, सिसाको गोली, बारूद र अन्य बन्दोबस्तीका सामानहरू समेत फेला परेकोले आवश्यक कारवाहीको लागि निजहरूलाई बरामद सामानसहित चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा बुझाएको स.सं.अ. श्री अणनाथ बरालसमेतको मिति २०६४/६/६ गतेको प्रतिवेदन।

माया कुमालले आफ्नो घरबाट निकालेर दिएको पोको फुकाई हेर्दा फेला परेको गोली बारूद र बन्दोबस्तीका सामानहरू समेत बरामद भएको मिति २०६४/६/६ गतेको बरामदी मुचुल्का।

म गैंडा मारेको अभियोगमा जेल बसी निस्केको करिब २ महिना जति भयो। मेरो ससुराली गैंडाकोटमा जाँदा नारायणगढमा जिल्ला चितवन, कोराक गाउँ विकास समिति कालिखोला बस्ने राजकुमार प्रजा र

जिल्ला चितवन खैरहनी गाउँ विकास समिति वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजासँग भेट भयो। बुद्धिबहादुर प्रजा मसँगै जेलमा बसेकाले चिनजान थियो । निजहरूले नारायणीको पुल नजिक एकान्तमा लगी गैंडा मार्ने कुरा गरे। मैले यो कुरा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने सन्तबहादुर कुमालसँग सल्लाह गर्नु भनेँ। त्यसपछि निजहरूले गैंडा मार्ने योजना बनाई मिति २०६४/५/२१ गते सन्तबहादुर कुमालको घरमा गई बसी ऐ. २२ गते नारायणी नदी तरी निकुञ्जको क्षेत्रमा गैंडालाई गोली हानेको र उक्त गैंडाको खाग लिन भनी बुद्धिबहादुर लामाको लु.१.प. ८१२३ नं. र बुद्धिबहादुर प्रजाको साथीको अर्को मोटरसाइलमा मेघौली साझापुरसम्म गई खाजा नास्ता खाई बेलुका होमबहादुर लामा र आफू प्रतिक्षालयमा सुतेको, सन्तबहादुर आफ्नो घरमा फर्केको, बुद्धिबहादुर प्रजा, राजकुमार प्रजा र थिङ्ग भन्ने मानिस मोटरसाइकलमा फर्केका, पुनः २०६४ साल असोज महिनाको ६ गते राजकुमार प्रजा, होमबहादुर लामा, सन्तबहादुर कुमाल, माया कुमाल र मसमेत बसी गैंडा मार्ने योजना बनाइरहेको अवस्थामा निकुञ्जको गस्ती टोलीले गोली, बारूद र बन्दोबस्तीका सामानसहित होमबहादुर लामा, म र माया कुमाललाई पक्राउ गरेको हो भनी प्रतिवादी रणबहादुर कुमालले अनुसन्धान अधिकारीसमक्ष मिति २०६४/६/९ गते गरेको साबिती बयान।

मैले गैंडा मार्ने र खाग बिक्री गर्ने कार्य गरेको छैन । तर मेरो श्रीमान् सन्तबहादुर कुमालका साथी भनेर १३-१४ दिन पहिला आई बास बसेका मानिसले दिएको सामानको पोको सुरक्षित राखिदिएकी हुँ । उक्त पोकोमा फलामको रड काटेर बनाइएको गोली, बारूदलगायत सिसाका गोली र अन्य बन्दोबस्तीका सामान पनि रहेका थिए । म उक्त मानिसलाई चिन्दिनँ। निजहरूसँग मेरो श्रीमान् घरबाहिर गई गोप्य कुरा गरेको र के कुरा गरेको हो ? यो सामान के हो? भनी पटक पटक सोधपुछ गर्दा गैंडा मार्नको लागि ल्याएको सामान हो, यो पोको नफुकाउनु भनी भनेकाले उक्त सामान नहेरी राखिदिएको र निकुञ्जको गस्ती टोलीले होमबहादुर लामा, रणबहादुर कुमाल र मलाई पक्राउ गर्ने समयमा त्यो सामानको पोको मैले राखेको ठाउँबाट झिकी दिएको हुँ भनी प्रतिवादी माया कुमालले अनुसन्धान अधिकारीसमक्ष मिति २०६४/६/८ मा गरेको साबिती बयान।

मैले गैंडा मारेको छैन र खाग बिक्री व्यवसाय गरेको रकम पनि पाएको छैन । तर मार्नको लागि सल्लाह गरेको हो र गैंडा मार्न गएका साथीहरूलाई खागसहित नारायणगढसम्म बिक्रीको लागि लैजानको लागि होमबहादुर लामाको लु.१.प. ८१२३ नं. को मोटरसाइकल र साथीको अर्को मोटरसाइकलमा मेघौली, साझापुर आई साथीहरूलाई भेट गर्दा गैंडालाई गोली ताकेको ठाउँमा नलागी पछाडिको फिलामा लागेकाले गैंडा नमरेकाले खाग लैजान पाइएन । यो घटना २०६४ साल भाद्र २२ गतेको हो। पुनः तिज मानेर २०६४ असोज ६ गते सन्तबहादुर कुमालको घर नजिक बसी गैंडा मार्ने योजना बनाइरहेको अवस्थामा निकुञ्जको गस्ती टोलीले हमीलाई बरामद भएका सामानसहित पक्राउ गरेको हो । भाद्र २२ गते गैंडा मार्न जानेमा सन्तबहादुर कुमाल, राजकुमार प्रजा र बौधे प्रजा हुन्। घटनामा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने सन्तबहादुर कुमाल, ऐ.ऐ. वडा नं.३ बस्ने रणबहादुर कुमाल, जिल्ला चितवन, कोराक गाउँ विकास समिति, कालिखोला बस्ने राजकुमार प्रजा, जिल्ला चितवन, खैरहनी गाउँ विकास समिति वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजा, कोराक गाउँ विकास समिति बस्ने बौधे प्रजा र ऐ.भ. बस्ने दिपे भन्ने रोगबहादुर कुमालसमेतका मानिसहरू सल्लाह गरिरहेको अवस्थामा निकुञ्जको गस्ती टोलीले पक्राउ गरी सोधखोज गर्दा सन्तबहादुर कुमालकी श्रीमती माया कुमाललाई हाम्रा साथीहरूले राख्न दिएको सामानहरू निकाल्न लगाई हेरेपछि

हामीहरूलाई पक्राउ गरी निकुञ्जका कर्मचारीहरूले ल्याएका हुन् भनी प्रतिवादी होमबहादुर लामाले अनुसन्धान अधिकारीसमक्ष मिति २०६४/६/९ गते गरेको साबिती बयान।

गैंडा मार्न जानको लागि बन्दोबस्तीका सामान ओसार पसार गर्न प्रयोग भएको जिल्ला नवलपरासी नयाँ बेलहनी गाउँ विकास समिति वडा नं. २ बस्ने होमबहादुर लामाको लु.१ प. ८१२३ नं. मोटरसाइकल पक्राउ गरी मिति २०६४/६/१३ मा पेस भएको प्रतिवेदन।

आफूसँग सन्तबहादुर कुमालको घरमा गएको गैंडा मार्ने योजनामा संलग्न मानिसहरू मध्ये बौधे प्रजा र अर्का रोगे भन्ने दिपे प्रजा हुन्। मैले आफ्नो बयान दिँदा भुलेकोले नाम भन्न नसकेको हो भनी होमबहादुर लामाले मिति २०६४/६/१५ गते गरेको ततिम्बा बयान।

पक्राउ परेका मानिसहरू गैंडा मार्ने बन्दोबस्तीका सामानहरू सहित पक्राउ परेका हुन् भनी जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने दानबहादुर कुमालसमेतका मानिसहरूले मिति २०६४/६/१६ मा गरिदिएको सर्जमिन मुचुल्का।

मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरी हेर्दा प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) मा निषेधित गरेको वन्यजन्तु गैंडालाई गोली हानी घाइते बनाएकोमा सोही ऐनको दफा २६(१) बमोजिम हदैसम्मको दण्ड सजाय हुने मागदाबी लिएको मिति २०६४/६/२७ गतेको अभियोग पत्र।

मैले गैंडा मार्ने र खाग बिक्री गर्ने काम गरेको छैन। मेरो श्रीमान् सन्तबहादुर कुमालका साथीहरू १३/१४ दिन पहिला मेरो घरमा आई बास बसेकोमा ती मानिसहरूले दिएको सामानको पोको सुरक्षित राखिदिएकी हुँ। उक्त पोकोमा फलामको रड काटेर बनाइएको गोली, बारूद, सिसाका गोली र अन्य सामान पनि थिए। म मेरा श्रीमान्का साथीहरूलाई चिन्दिनँ। तिनीहरूसँग मेरो श्रीमान् घर बाहिर गोप्य कुरा गर्दथे। तर के कुरा गर्दथे मलाई थाहा हुँदैनथ्यो। सामानको बारेमा मैले सोधनी गर्दा गैंडा मार्नको लागि ल्याएको सामान हो भनी मेरा श्रीमान् सन्तबहादुरले भनेकाले सामानहरू नहेरी राखिदिएको थिएँ। निकुञ्जको गस्ती टोलीले होमबहादुर लामा, रणबहादुर कुमाल र मलाई पक्राउ गर्ने क्रममा घरमा राखिएको त्यो सामानको पोको मैले राखेको ठाउँबाट झिकी दिएको हुँ भनी प्रतिवादी माया कुमालले मिति २०६४/६/२८ गते सुरू कार्यालयसमक्ष गरेको बयान।

२०६४ साल भदौ १९ गते मेरो ससुराली गैंडाकोटमा जाँदा नारायणगढमा जिल्ला चितवन, कोराक गाउँ विकास समिति कालीखोला बस्ने राजकुमार प्रजा र ऐ. खैरहनी गाउँ विकास समिति वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजासँग भेट भएको हो। उनीहरूसँग भेट हुँदा पहिला सन्तबहादुर कुमालसँग गैंडा मार्न गएका रहेछन्। तर गैंडा मरेन, त्यसै फर्किएछन्। मैले मेरो ज्वाईं पर्ने जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने सन्तबहादुर कुमाललाई भेटी सरसल्लाह गर्नु भनी म ससुरालीतिर गएँ। बुद्धि प्रजाले मलाई भोलिपल्ट नारायणी पुलमा भेट गर्न बोलाएको हुँदा म भोलिपल्ट जाँदा नारायणी पुलमा निज बुद्धिबहादुर प्रजासँग भेट भयो। त्यसै बखत जिल्ला नवलपरासी नयाँ बेलहनी-२ बस्ने होमबहादुर लामा र राजकुमार प्रजासमेत सँगै आएका थिए। त्यही नारायणी पुलमा बसी सरसल्लाह गरी म ससुराली गएँ। भेट हुँदा होमबहादुर लामाले लु.१.प. ८१२३ नं. को मोटरसाइकल ल्याएको थियो। मलाई पनि गैंडा मार्न जाउँ, गैंडा मार्ने गोली, बारूद र बन्दोबस्तीका सामानहरू हामीले व्यवस्था मिलाएका छौं भनी बुद्धिबहादुर प्रजाले भनेको थियो। त्यसपछि २०६४ साल भदौ २२ गते २/३ बजे दिउँसोको समयमा गैंडालाई गोली हानेका रहेछन्। गैंडालाई गोली हान्न

जानेमा बुद्धिबहादुर प्रजा, थिङ र गालामा कोठी हुने प्रजा र सन्तबहादुर कुमाल गएका थिए । गैंडा नमरेपछि बुद्धिबहादुर प्रजाले आफ्नो मोटरसाइकलमा चढाएर मलाई नारायणगढबाट मेघौलीतिर लिएर आएको हो । हामी साझापुरको होटलमा बसेर खाजा खायौं । त्यो दिन म त्यहीँ प्रतिक्षालयमा सुतेर भोलिपल्ट घर गएँ । उनीहरू मोटरसाइकलमा फर्किए भनी प्रतिवादी रणबहादुर कुमालले मिति २०६४/६/२८ गते सुरू निकुञ्ज कार्यालयसमक्ष गरेको बयान ।

२०६४ साल भदौ २२ गते नारायणी नदीको भंगालो तरी निकुञ्ज जङ्गलमा गई गैंडालाई गोली हानेको हो । उक्त बेला गोली हान्दा पछाडिपट्टि फिलामा लागी गैंडा भागी गयो । उक्त गैंडा मरे नमरेको थाहा भएन । गैंडा मार्न जानेमा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने सन्तबहादुर कुमाल, ऐ.ऐ. बस्ने रणबहादुर कुमाल, ऐ. कोराक गाउँ विकास समिति कालिखोला बस्ने सुकबहादुर प्रजाको छोरा राजकुमार प्रजा, जिल्ला चितवन, खैरहनी गाउँ विकास समिति वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजा, ऐ. जिल्ला, कोराक गाउँ विकास समिति बस्ने थिङ्ग भन्ने बौधे तामाङ र राजकुमार प्रजासँगै आएका ३५/३६ वर्षका दाहिने गालाको ओठनजिक कोठी भएका प्रजासमेतका मानिसहरू मिली गएका हौं । गोली हान्ने उनै कोठी भएका प्रजा हुन् । सन्तबहादुर कुमालको घरबाट अरू मानिसहरू भागी कता गए थाहा भएन । त्यतिबेला सन्तबहादुर कुमालको श्रीमती माया कुमाल, रणबहादुर कुमाल र म पक्राउ भएका हौं भनी प्रतिवादी होमबहादुर लामाले मिति २०६४/११/८ गते सुरू कार्यालयसमक्ष गरेको बयान ।

२०६४ साल भाद्र २२ गतेका दिन मेरो जेठान रणबहादुर कुमालसहित ४ जना मैले नचिनेका मानिसहरू मेरो घरमा आएका हुन् । उनीहरूमध्ये २ जनाले २ वटा जिन्सको झोलामा गैंडा मार्ने बन्दोबस्तीका सामान ल्याएका रहेछन् । त्यस दिन राति मेरो घरमा बास बसेका हुन् । राति खानाको लागि उनीहरूले चाउचाउ ल्याएर पकाई खाएका हुन् । उक्त चाउचाउ मेरी श्रीमतीले पकाएको हो । आइल्याण्ड जङ्गलमा निकुञ्ज क्षेत्रभित्र गैंडा मार्न भनी होमबहादुर लामासमेतका मानिसहरू गएका हुन् । गैंडालाई फिलामा गोली लाग्यो । तर गैंडा मरेन । त्यही गैंडा मार्न प्रयोग भएको बन्दुक रणबहादुर कुमालले मेघौली सिसावासको वडा वनमा तारजाली लगाएको ठाउँमा लुकाएर राखेको रहेछ । म कारागार भरतपुरमा भेट गर्न जाँदा मेरो जेठान रणबहादुर कुमालले लुकाएर राखेको बन्दुक वडा वनको नारायणी नदीको भंगालोमा फालेको हुँ भनी प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमालले मिति २०६५/३/२ गते सुरू कार्यालयसमक्ष गरेको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र २६)१) बमोजिम कसुर अपराध गरेको मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएकोले प्रतिवादीहरू होमबहादुर लामा, रणबहादुर कुमाललाई दफा २६(१) बमोजिम जनही १५ वर्ष कैद र रू.१,००,०००।– जरिवाना, प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाल र फरारी प्रतिवादीहरू राजकुमार प्रजा, थिङ्ग भन्ने बौधे तामाङ, रोगे भन्ने दिपे प्रजा र बुद्धिबहादुर प्रजालाई सोही दफाबमोजिम १० वर्ष कैद र रू.५०,०००।– जरिवाना तथा प्रतिवादी माया कुमालले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट मिति २०६७/७/१६ गते भएको फैसला ।

सुरू फैसलामा मेरो चित्त बुझेन । नेपालको अन्तरिम संविधान, २०६३ को धार २४(९) ले स्वच्छ सुनुवाइको हकलाई प्रत्यभूत गरेको म विरूद्धको मुद्दामा मलाई पक्राउ गरे पश्चात् संविधानको धारा २४(२) र (१०) बमोजिम कानून व्यवसायीद्वारा सल्लाह तथा

प्रतिरक्षा गर्न पाउने हकबाट वञ्चित गरियो । स्वच्छ सुनुवाइअन्तर्गत संविधानको धारा २४(८) अन्तर्गत आफू विरूद्ध गरिएको कार्यवाहीको जानकारी पाउने हक तथा नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) को धारा १४(३)(घ) ले "आफ्नो उपस्थितिमा सुनुवाइ हुने हक" प्रमाण ऐन, २०३१ को दफा ४९(२) अनुसार आफ्नो उपस्थितिमा बकपत्र हुनुपर्ने अधिकारहरूको हनन गर्दै स्वच्छ सुनुवाइ नै नगरी मलाई दोषी करार गरिएको छ। मुलुकी ऐन, अ.बं. १३, १४ र १५ नं. ले व्यवस्था गरेको मेरो सिघ्र सुनुवाइको हकलाई उल्लङ्घन गरी म विरूद्ध प्रमाण ग्राह्य प्रत्यक्ष प्रमाणको अभाव हुँदाहुँदै पनि मलाई दोषी ठहर गरी अभियुक्त उपरको अभियोग दाबी पुष्टि गर्न वादी सफल हुन सकेको अवस्थामा प्रतिवादीलाई गर्न सकिने सजायभन्दा बढी सजाय गरी भएको सुरूको उपर्युक्त उल्लिखित संविधान, अनुबन्ध तथा कानूनमा भएका बाध्यात्मक व्यवस्थाहरूको प्रतिकूल हुने गरी भएको फैसला बदर गरी आरोपित कसुरबाट सफाई पाउने गरी फैसला गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी होमबहादुर लामाको कारागार कार्यालय, चितवनमार्फत प्राप्त हुन आएको मिति २०६४/८/१७ गतेको पुनरावेदन पत्र।

सुरू फैसलामा मलाई चित्त बुझेन । मेरो घरबाट बरामद भएका भनिएका सामानहरू मेरा होइनन् । ती सामानहरू गैंडाका शिकार गर्नमा काम लाग्ने अवस्थाका पनि छैनन् । सहअभियुक्तको पोल बयान स्वतन्त्ररूपमा प्रमाणित हुने प्रमाणको अभावमा केवल बास बस्न दिएको भन्नेसम्म कारणले मेरो अभियोग पुष्टि हुँदैन । बकपत्र, घटनास्थल एवम् लास प्रकृति मुचुल्कामा मेरो नाम कहिँकतै उल्लेख छैन । मबाट अभियोग दाबीबमोजिमको कसुर अपराध भएको भन्ने कुराको वादी पक्षले कुनै ठोस सबुद प्रमाण केही पनि पेस गर्न नसकेको अवस्थामा मलाई कसुरदार ठहर गरेको सुरू कार्यालयको फैसला विल्कुलै नमिलेकोले बदर गरी अभियोग दाबीबाट सफाइ पाउने गरी न्याय इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमालको कारागारमार्फत प्राप्त भएको मिति २०६७/९/१ गतेको पुनरावेदन पत्र।

सुरू फैसलामा चित्त बुझेन । मलाई गैंडालाई गोली हानी घाइते बनाएको अभियोग भए तापनि गोली हानी घाइते बनाइएको भनिएको गोलीको खोकासमेत कहिँकतैबाट बरामद भई दशी प्रमाणको रूपमा पेस हुन नसकेको अवस्थामा सहअभियुक्तको बयानको भरमा (अन्य प्रमाणबाट सहअभियुक्तको पोल समर्थन नभएकोमा प्रमाणमा लिनु हुँदैन । ने.का.प. २०५६, अंक २, पृष्ठ १४२) आरोपित कसुरमा संलग्न नभएको व्यक्तिलाई मुद्दामा फसाउने उद्देश्यले शंकाको भरमा मात्र मलाई १५ वर्ष कैद र रू. एक लाख जरिवाना हुने ठहर गरी सुरू कार्यालयबाट भएको फैसला उल्लिखित नजिर सिद्धान्त एवम् प्रचलित कानूनी व्यवस्थासमेतका आधारमा त्रुटिपूर्ण हुँदा उक्त त्रुटिपूर्ण फैसला उल्टी गरी आरोपित कसुरबाट सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रणबहादुर कुमालको कारागार कार्यालय, चितवनमार्फत प्राप्त हुन आएको मिति २०६७/९/२१ गतेको पुनरावेदन पत्र।

सन्तबहादुर भन्ने पंकज कुमालले गैंडा मार्न भनी निकुञ्ज क्षेत्रभित्र आफू नगएको कुरा लेखाएको अवस्थामा सो कुरासमेतलाई विवेचना र विश्लेषण गरी कारणसहित सजाय तोक्नुपर्नेमा त्यसो नगरी भएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको फैसला फरक पर्नसक्ने देखिएकोले मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडालाई पेसीको सूचना दिई मिसिल नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६८/२/१७ गतेको आदेश।

सुरू कार्यालयबाट प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई दाबीभन्दा कम सजाय भएको र प्रतिवादी माया कुमालले सफाई पाएको हदसम्म सुरूको

फैसलामा चित्त बुझेन । किनकी प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई दाबीबमोजिम कसुर कायम गरी सजाय गरेको भए पनि अन्य प्रतिवादीसरह हदैसम्मको सजाय निजलाई गरेको देखिन्न । यी प्रतिवादीलाई अन्य प्रतिवादीको तुलनामा कम सजाय गर्दा यो यस्तो कारणबाट कम सजाय गर्नु परेको हो भनी फैसलामा कहिँकतै आधार कारणहरू खुलाएको पनि पाईदैन । यी प्रतिवादी प्रत्यक्षतः गैंडालाई गोली हानी घाइते तुल्याएको भन्ने नभए तापनि गैंडा मार्ने अन्य प्रतिवादीसँग आफ्नै घरमा बसी सरसल्लाह गरेको र सो कुरालाई प्रतिवादी होमबहादुर लामाको बयानले समेत समर्थन गरेको र गैंडा मार्ने कार्यमा प्रयोग हुने बन्दोबस्तीका सामानसमेत निजैका घरबाट बरामद भएको स्पष्ट देखिरहेको अवस्थामा गैंडा मार्ने कार्यको सल्लाह तथा सहमतिमा निज संलग्न रहेको र अन्य प्रतिवादीसरहको कसुर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा निजलाई अन्य प्रतिवादीहरूभन्दा कम सजाय हुनुपर्ने अवस्था देखिन्न । अर्का प्रतिवादी माया कुमालले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा गैंडा मार्ने कार्यमा संलग्न अन्य मानिसहरू आफ्नो घरमा आई लोग्नेसँग सरसल्लाह गर्ने गरेको स्वीकार गरेकी छिन् । गैंडा मार्ने बन्दोबस्तीका सामान फलामको रड काटेर बनाएका गोली, बारूद, सिसाका गोली र अन्य सामान सुरक्षितसाथ राखेकी हुँ भनी स.ज.३ मा उल्लेख गरेकी छिन् । यसरी दुर्लभ गैंडा मार्ने कार्यमा प्रयोग हुने सामग्री सुरक्षित राखेको स्वीकारोक्तिले गैंडालाई गोली हानी घाइते तुल्याउनुमा निजको समेत सहभागिता पुष्टि हुँदा यस प्रकारको कसुरमा संलग्न रहेकी निज प्रतिवादीलाई दाबीबमोजिम सजाय हुनुपर्नेमा सफाई दिने गरी भएको इन्साफ उपर्युक्त आधार प्रमाणबाट त्रुटिपूर्ण हुँदा सुरूको फैसला सो हदसम्म बदर गरी प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई हदैसम्मको सजाय गरी र प्रतिवादी माया कुमाललाई दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट पनुरावेदन सरकारी वकिल कार्यालय, हेटौंडामार्फत दर्ता हुन आएको मिति २०६८/५/२८ गतेको पुनरावेदन पत्र ।

प्रतिवादीपंकजकुमालसमेतकोपुनरावेदनबाट अ.बं. २०२ नं. बमोजिम आदेश भएपश्चात् पंकज कुमालसमेतको हकमा नेपाल सरकारको पुनरावेदन परेको हुँदा नेपाल सरकारको पुनरावेदन प्रतिवादी पंकज कुमाललाई जानकारी गराई र गैंडा मार्ने कार्यमा प्रयोग हुने सामाग्री सुरक्षित राखे नराखेको सम्बन्धमा विवेचना नगरी प्रतिवादी माया कुमाललाई सफाई दिने गरी भएको फैसला विचारणीय हुँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम विपक्षी प्रतिवादी श्रीमती माया कुमाललाई झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८/७/१ गतेको आदेश ।

मैले तत्काल मौकामा र सुरू कार्यालयको इजलाससमक्ष बयान व्यहोरा मलाई केही पनि थाहा छैन, म निर्दोष छु । म कुनै पनि कार्यमा संलग्न छैन भनी इन्कारी बयान गरेकी थिएँ । म एक अनपढ जनजातिको महिलाले गरेको बयान कर्मचारीले आफैं अजमाई आफैं लेखी मेरो सहिछाप गराएको हुँदा उक्त मेरो झुट्टा बयानबाट मैले उन्मुक्ति पाउनु पर्ने भएकाले विपक्षी नेपाल सरकारको पुनरावेदन जिकिर र यस अदालतको मिति २०६८/७/१ गतेको आदेश मेरो विरूद्धमा कुनै आधार प्रमाण तुक नभएकोले मलाई सफाई गर्ने गरेको सुरू फैसला सदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रत्यर्थी प्रतिवादी माया कुमालको मिति २०६८/९/६ गते पुनरावेदन अदालतमा गरेको लिखित प्रतिवाद ।

यसमा प्रतिवादीहरू होमबहादुर लामा, रणबहादुर कुमाल र सन्तबहादुर भन्ने पंकज कुमालले आरोपित कसुर गरेको ठहर गरेको सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराको मिति २०६४/७/१६ को फैसला मिलेकै देखिन आयो । सजायको हकमा

कसुरको मात्राअनुसार ऐनको मनसायविपरीत बढी सजाय गरेको हदसम्म केही उल्टी भई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) अनुसार प्रतिवादी होमबहादुर लामा र रणबहादुर कुमाललाई जनही १०/१० वर्ष कैद र रू.७५,०००।– का दरले जरिवाना तथा प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई ८ वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, हेटौंडाको फैसला।

पुनरावेदन अदालत, हेटौंडाको फैसलामा चित्त बुझेन । फैसलामा आधार लिइएको भनिएको सिसरवा पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको मुचुल्कामा घाइते गैंडाको दाहिने फिलामा सानो घाउ भएको कारणले गोली हानेको भन्ने मौखिक भनाईका आधारमा गोली हानेको भनी कसुर अपराध ठहर गर्न मिल्ने अवस्था हुँदैन । गोली हानिएको भनिएका बन्दुक र गोली बरामद भएको छैन । घाइते भनिएको गैंडाको फोटो मिसिल सामेल राखिएको अवस्था छैन । अनुसन्धानको क्रममा गराइएको बयान मलाई पढी वाची सुनाएको अवस्था छैन । मेरो साबिती भनी उल्लेख भएको बयानलाई अन्य प्रमाणले समर्थित गराउन सकेको छैन । केवल साबितीको आधारमा मात्र मलाई सजाय गरेको फैसला मिलेको छैन । गैंडा घाइते भएको भन्ने कुरा मिसिल प्रमाणबाट वस्तुनिष्ठरूपमा प्रमाणित भएको छैन । यस्तो स्थितिमा न्यूनतम सजाय हुने अवस्था रहेकोमा सोतर्फ ध्यान पुग्न सकेको छैन । म पुनरावेदक प्रतिवादी अन्य मुद्दामा थुनामा रहेको कारणले मात्र अभियोग दाबीबमोजिमको कसुर गरेको कुरा प्रमाणित हुने होइन । यस घटनाको कसुरमा मेरो संलग्नता देखिने कुनै पनि प्रमाण वादीले पेस गर्न सकेको छैन । यस्तो अवस्थामा विना आधार प्रमाण चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले गरेको फैसला केही उल्टी गरी मलाई कैद तथा जरिवानाको सजाय गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको नभई बदर भागी हुँदा बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी रणबहादुर कुमालको पुनरावेदन पत्र ।

चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र मेघौली गाउँ विकास समितिको दद्रनी गाउँको सीधा नारायणी पारी गोली लागेको रगत चुहाउँदै हिँडेको गैंडा फेला परेको भनी सिसवार पोष्टले मिति २०६४/५/२४ मा गरेको मुचुल्कामा मैले गैंडालाई गोली हानी घाइते बनाएको भन्ने कुरा उल्लेख छैन । घाइते गैंडाको दाहिने फिलामा सानो घाउ भएको कारणले गोली हानेको भन्ने मौखिक भनाइका आधारमा गोली हानेको भनी कसुर अपराध ठहर गर्न मिल्ने अवस्था हुँदैन । बन्दुक र गोली फेला पार्न वा बरामद भएको छैन । गैंडा घाइते भएको भन्ने तथ्य फोटो खिची मिसिल सामेल राखिएको अवस्था पनि छैन । निकुञ्जमा उपस्थित गराई लिइएको बयान मलाई पढी बाची सुनाइएको छैन । मेरो साबिती भनी उल्लेख भएको बयानलाई मिसिल संलग्न कुनै पनि प्रमाणबाट समर्थित गराउन सकेको अवस्था छैन । केवल साबितीको आधारमा मलाई सजाय गरेको मिलेको छैन । गैंडा घाइते नै भएको अवस्थामा पनि मलाई न्यूनतम सजाय हुनुपर्ने अवस्थातर्फ फैसलामा ध्यान पुग्न सकेको छैन । यस घटनाको कसुरमा मेरो संलग्नता देखिने कुनै पनि प्रमाण वादीले पेस गर्न नसकेको अवस्थामा अन्य मुद्दामा थुनामा रहेको कारण मात्र सजायको आधार हुन सक्दैन । यस्तो अवस्थामा विना आधार र कारण चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले गरेको फैसला केही उल्टी गरी मलाई कैद तथा जरिवानाको सजाय गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको नहुँदा बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी होमबहादुर लामाको यस अदालतमा दायर पुनरावेदन ।

अनुसन्धानको क्रममा र सुरू राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा मेरो साबिती बयान स्वेच्छाको होइन । निकुञ्जका कर्मचारीले पहिले नै

लेखी तयार गरेको बयान कागजमा मेरो दस्तखत र ल्याप्चे सहिछाप लगाइएको मात्र हो । गैंडाको शिकार गर्न अरू प्रातिवादीहरूसमेत म गएको होइन । कसले उक्त कथित घाइते गैंडालाई गोली हान्यो मलाई थाहा छैन । प्रतिवादी सन्तबहादुर कुमालको घरमा मसमेतको बन्दोबस्तीका सामान राख्न दिएकोसमेत होइन । आफैं वादी आफैं न्यायकर्तासमेत भएका पक्षले मलाई कब्जामा राखी फसाइएको हो । पुनरावेदन अदालत हेटौंडाबाट सफाई पाएपछि विदेश गई ल्याएको पैसाले खरिद गरेको मोटरसाइकलसमेत जफत गर्ने गरी झुठ्ठा अभियोग लगाइएको मात्र हो । वर्तमान संविधान र कानूनसरह लागू हुने अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) समेतले प्रदान गरेको स्वच्छ सुनुवाइको मेरो अधिकारविपरीत फैसला भएको छ । फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेमा स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सकेका छैनन् । सामुहिक कसुर कायम गरी सजाय गर्दासमेत प्रतिपादित सिद्धान्तविपरीत गरिएको हुँदा गम्भिर त्रुटिपूर्णरूपमा रहेको चितवन राष्ट्रिय निकुञ्ज, कसराको फैसला सजायका सम्बन्धमा केही उल्टी गरी अरू सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने निज प्रतिवादी होमबहादुर लामाको यस अदालतमा दायर पुनरावेदन पत्र ।

प्रतिवादीमध्येका होमबहादुर लामा, सन्तबहादुर भन्ने पंकज कुमाल र रणबहादुर कुमालका हकमा सुरूले गरेको उपल्लो हदको सजाय (कैद र जरिवाना) घटाउने गरी फैसला गर्दा लिइएका आधारहरूमा स्पष्टता देखिँदैन । सजाय गर्दा स्वविवेकीय अधिकारको प्रयोग गर्दा सम्बद्ध तथ्य, कानून एवम् न्यायको मान्य सिद्धान्तका आधारमा गर्नुपर्नेमा सोको युक्तिसङ्गत आधार र कारण खुलाउन सकेको देखिँदैन । मूलतः बन्दोबस्तीका सामानहरूसहित संगठितरूपमा गैंडालाई गोली प्रहार गर्नु भनेको गैंडा मारी त्यसको खाग तस्करी गर्नु नै हो । प्रतिवादीहरूले गैंडा मार्ने पूर्वयोजना बनाई समूहबद्धरूपमा उक्त वारदातमा संलग्न भई गोली फायर गरी गैंडालाई घाइते बनाएको देखिन्छ । मौकामा पक्राउ परी कसुरमा साबिती रहेका यी प्रतिवादीहरू अपराध सम्बद्ध सामुहिक भूमिका र संगठित अपराधका स्वरूपलाई विश्लेषण गरी उपल्लो हदको सजाय हुनुपर्नेमा समान तथ्यको आधारमा यी प्रतिवादीहरूबीच फरक फरक सजाय ठहर भएको फैसला त्रुटिपूर्ण रहेको छ । दुर्लभ वन्यजन्तुसँग सम्बद्ध अपराधलाई गम्भिर एवम् संगिन प्रकृतिको अपराधको रूपमा अन्तर्राष्ट्रिय सन्धि, महासन्धिले मानेको अवस्था छ । फौजदारी विधिशास्त्रमा वन्यजन्तु मारी तिनका अङ्गहरूको बिक्री व्यवसाय गर्ने आपराधिक कार्य आफैँमा Organized Crime को रूपमा मानिएको छ । पटके प्रतिवादीहरू संगठितरूपमा गैंडा जस्तो संरक्षित तथा लोपोन्मुख वन्यजन्तु मारी खाग तस्करी गर्ने कार्यमा संलग्न भएको देखिन्छ । गैंडा मारी तिनका अङ्गको तस्करी गर्ने साझा उद्देश्यको लागि संगठितरूपमा वारदातमा संलग्न प्रतिवादीहरूका हकमा समान कसुरका आधारमा समानरूपमा सजाय हुनुपर्नेमा फरक फरक सजाय गरेको मिलेको छैन । अपराधको प्रकृति र संगठित अपराधको स्वरूपसमेतबाट कसुरमा संलग्न प्रतिवादीहरूलाई उपल्लो हदको सजाय हुनुपर्नेमा सुरूले गरेको सजाय घटाई गरिएको फैसला आत्मनिष्ठ र सजाय निर्धारणका सम्बन्धमा स्वीकार गरेको सिद्धान्त मान्यताविपरीत छ । प्रतिवादी माया कुमालले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा गैंडा मार्ने बन्दोबस्तीका सामानहरू सुरक्षित राखेको कुरालाई स्वीकार गरेको अवस्थामा उक्त कसुरमा निजको समेत संलग्नता रहेको र उक्त कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम हुने सजायको भागीदार देखिएको अवस्थामा त्रुटिपूर्णरूपमा प्रमाणको मूल्याङ्कन गरी निजलाई सफाई दिने गरी भएको फैसला मिलेको छैन ।

प्रतिवादीहरू मध्ये होमबहादुर लामा, सन्तबहादुर भन्ने पंकज कुमाल र रणबहादुर कुमालको हकमा कसुरतर्फ सुरू फैसलालाई सदर गरी सजायको हद घटाएको तर्फ र एउटै मुद्दामा समान कसुरदार प्रतिवादी माया कुमाललाई सफाइ दिने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम उपल्लो हदको सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा दायर पुनरावेदन पत्र।

सिसवार पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको मुचुल्कामा मैले गैंडालाई दाहिने फिलामा सानो घाउ भएको कारणले गोली हानेको भन्ने मौखिक भनाईका आधारमा गोली हानेको भनी कसुर अपराध ठहर गर्न मिल्ने अवस्था हुँदैन । गोली हानेको भए के कुन किसिमको बन्दुक वा राईफलको गोली हानी घाइते बनाएको हो सो बन्दुक र गोलीसमेत फेला पार्न वा बरामद नभएको अवस्थामा गैंडा घाइते भएको भन्ने तथ्य पुष्टि गर्न सकेको देखिँदैन । म प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा पक्राउ वा हाजिर भएको अवस्था छैन । मुद्दाको अनुसन्धानको सिलसिलामा उपस्थित भई बयान नै नभएको मानिसलाई साबित भएको भनी कसुर अपराध ठहर गरेको मिलेको छैन । मैले गैंडालाई गोली हानेको बन्दुकसम्म लुकाउने कार्य गरेको हो भनी लेखिएको व्यहोरा मैले भनेबमोजिम लेखिएको हैन । सो साबिती नै भनी मानेको अवस्थामा पनि बन्दुक लुकाउने कार्यले गैंडालाई गोली हानेको र घाइते बनाएको भनी सजाय गर्न मिल्दैन । फैसलामा एकातर्फ कानूनले निर्धारण गरेको उच्चतम कसुरको सजाय हुने कोटीमा कायम गर्नुपर्ने स्थिति देखिएन भनी उल्लेख गरिएको, अर्कोतर्फ सुरू फैसला कानूनसङ्गत नदेखिएको भनी सुरूले गरेको फैसलाअनुसारको कैद र जरिवाना कम गरी भएको सजायको आधार कारण उल्लेख नगरी भएको फैसला मिलेको छैन । उच्चतम सजाय गर्न मिलेन भनी ८ वर्ष कैद र रू.५०,०००।– सजाय गर्नुपर्ने ठोस वस्तुनिष्ठ आधार उल्लेख भएको अवस्था छैन । फैसलामा घटी सजाय गर्ने मनसाय व्यक्त भएको यस अवस्थामा मलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिमको न्युनतम सजाय पर्याप्त हुने अवस्थातर्फ कुनै ध्यान नदिएकोले वैकल्पिक पुनरावेदन जिकिरसमेत प्रस्तुत गर्दछु । उल्लिखित आधारमा पुनरावेदन अदालत, हेटौंडाबाट सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले गरेको फैसला केही उल्टी गरी मलाई कैद र जरिवाना हुने गरी भएको फैसला बदर भागी हुँदा प्रत्यर्थी झिकाई उक्त दुवै फैसला बदर गरी न्याय इन्साफ पाउँ भन्ने सन्तबहादुर भन्ने पंकज कुमालको यस अदालतमा परेको पुनरावेदन पत्र।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसालले दद्रनी गाउँको सिधा नारायणी नदी पारी निकुञ्जभित्र पोथी गैंडाको पछाडिको दाहिने फिलामा रगत चुहाइरहेको खोच्याउँदै हिँडिरहेको, रगत चुहिएको ठाउँमा ठूलो घाउ नभएकोले गैंडालाई गोली लागेको हो भन्ने मिति २०६४/५/२३ को मुचुल्काबाट देखिन्छ । गैंडालाई ताकेको ठाउँमा गोली नलागी फिलातिर लागी गैंडा नमरेकाले खाग लगी बिक्री गर्न पाइएन भनी मौकामा र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवादी होमबहादुर लामा, रणबहादुर कुमालसमेतले कसुरमा साबित रही बयान गरेको, सन्तबहादुर भन्ने पंकज कुमाल र माया कुमालसमेत गैंडा मार्ने मत सल्लाहमा पसी साथ सहयोगमा लागेको तथ्यलाई बेवास्ता गरी सबै प्रतिवादीहरूको उक्त अपराधमा संलग्नता रहेको समान अवस्थाका कसुरदारमा माया कुमाललाई सफाई दिने र अन्य प्रतिवादीहरूलाई विना आधार कारण सुरू फैसलालाई सदर गरी सजायको हद घटाएको

पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम उपल्लो हदको सजाय हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५क मा निषेध गरेको वन्यजन्तु शिकार गरेकोले निजहरूलाई सोही ऐनको दफा २६(१) बमोजिम हदैसम्मको सजायको मागदाबी लिई अभियोग पत्र पेस भएकोमा सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट प्रतिवादीहरूमध्ये होमबहादुर लामा, रणबहादुर कुमाल, सन्तबहादुर भन्ने पंकज कुमाल र फरारी प्रतिवादी राजकुमार प्रजा, थिङ्ग भन्ने बौधे तामाङ, रोगे भन्ने दिपे प्रजा र बुद्धिबहादुर प्रजासमेतलाई कसुरदार ठहर गरी प्रतिवादीमध्येका सन्तबहादुर भन्ने पंकज कुमाललाई १० वर्ष कैद र रू.५०,०००।– जरिवाना र अन्य प्रतिवादीहरूलाई १५ वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने तथा प्रतिवादी माया कुमालले आरोपित कसुरबाट सफाई पाउने ठहर गरेको सुरूको फैसला सजायको हकमा कसुरको मात्राअनुसार ऐनको मनसायविपरीत बढी सजाय गरेको हदसम्म केही उल्टी भई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) अनुसार प्रतिवादी होमबहादुर लामा र रणबहादुर कुमाललाई जनही १०/१० वर्ष कैद र रू. ७५,०००।– का दरले जरिवाना तथा प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई ८ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८/९/२६ गते फैसला भएकोमा सो फैसलाउपर चित्त नबुझी वादी नेपाल सरकार र प्रतिवादीहरू होमबहादुर लामा, सन्तबहादुर भन्ने पंकज कुमाल र रणबहादुर कुमालको यस अदालतमा छुट्टाछुट्टै पुनरावेदनपत्र दायर हुन आएको देखियो । प्रतिवादी होमबहादुर लामाको मिति२०६८/१२/१६ र २०६९/०१/२०मा दोहोरो पुनरावेदनपत्र दर्ता भएको देखिँदा पछिल्लो पुनरावेदन पत्र वातिल गरिदिएको छ । तत्सन्दर्भमा पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको छ, छैन? पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्ने, नपुग्ने के हो ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, मिति २०६४/५/२२ गते मेघौली गाउँ विकास समितिको दद्रनी गाउँको सिधा नारायणी पारी निकुञ्जभित्र गोली पड्केको सूचना पाई गाउँलेको सहयोगमा डुङ्गा तरी गस्ती गर्दा उक्त दिन केही फेला नपरेको र भोलिपल्ट गस्तीको क्रममा दाहिने फिलामा गोली लागी रगत चुहाउँदै हिँडेको पोथी गैंडा फेला परेको भनी सिसुवार पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको प्रतिवेदन मुचुल्काबाट प्रस्तुत मुद्दाको उठान भएको रहेछ।

३. बुझ्दै जाँदा मिति २०६४/६/६ गते सन्तबहादुर कुमालको घरमा जम्मा भई खरखजानासहित गैंडा मार्ने योजना बनाइरहेको अवस्थामा प्रतिवादीहरू मध्येका होमबहादुर लामा, रणबहादुर लामा र माया कुमाल सोही स्थानबाट पक्राउ परेका र अन्य प्रतिवादीहरू भागी गएका भन्ने स.स.अ. अणनाथ बरालसमेतको प्रतिवेदन रहेको देखियो।

४. पक्राउ परेका प्रतिवादीहरूमध्ये रणबहादुर कुमालले गैंडा मार्नको लागि सल्लाह गरेको हो । साथीहरूलाई गैंडाको खागसहित बजार लैजान भनी मोटरसाइकलमा बजारबाट चढी मेघौली साझापुर आई साथीहरूलाई भेट गर्दा गैंडालाई गोली हानेको तर गैंडा नमरेकोले खाग लगी बिक्री गर्न पाइएन । भाद्र २२ गते हानेको गोलीबाट गैंडा नमरेकोले पुनः सल्लाह गरी असोज ५ गते गैंडा मार्न भनी साथीहरू आएकोमा सोही समयमा मसमेत पक्राउ परेको हुँ। बुद्धि प्रजा ज्वाई, सन्तबहादुर कुमालसमेतको सल्लाहले निज सन्तबहादुर कुमालकै घरमा बास बसी २२ गते गैंडालाई गोली हानेकोमा ताकेको ठाउँमा नलागी

पछाडिको फिलामा लागी गैंडा भागेकाले खाग काटेर ल्याउन नपाई फर्केका हुन् भनी अनुसन्धानका क्रममा बयान गरेको देखिन्छ ।

५. त्यसैगरी प्रतिवादी सन्तबहादुर कुमालको पत्नी माया कुमालले पक्राउ पर्नुभन्दा १३/१४ दिन पहिला घरमा आएका मैले नचिनेका श्रीमान्का साथीहरूले दिएको सामानको पोको सुरक्षित राखिदिएको हुँ । उक्त पोकोमा फलामको रड काटेर बनाएको गोलीलगायत बारूद, सिसाका गोली र अन्य बन्दोबस्तीका सामान पनि रहेका थिए । होमबहादुर लामा मेरो श्रीमान्का साथी हुन् र गैंडा मार्ने कामको लागि आएका हुन् । रणबहादुर कुमाल मेरा सहोदर दाइ हुन् भनी मौकामा बयान गरेको पाइन्छ ।

६. अर्का प्रतिवादी होमबहादुर लामाले सोही बयान व्यहोरालाई समर्थन हुने गरी सन्तबहादुर कुमाल रणबहादुर कुमाल, राजकुमार प्रजा, बुद्धिबहादुर प्रजा, थिङ्ग भन्ने बौधे तामाङसमेत मिली सल्लाह गरी गैंडा मार्ने योजना बनाएको हो । बुद्धिबहादुर प्रजासँग जेलमा बस्दा चिनजान भएको हो । पहिलो पटक गैंडा मार्नको लागि ल्याएको बन्दोबस्तीका सामानहरू माया कुमालले आफ्नो घरबाट निकालेर ल्याई गस्ती टोलीलाई दिएकी हुन् भनी बयान गरिदिएको पाइन्छ ।

७. मौकाको उल्लिखित बयान व्यहोरालाई स्वीकार गरी प्रतिवादी माया कुमालले र रणबहादुर कुमालले मुद्दा हेर्ने अधिकारी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराका प्रमुख संरक्षण अधिकृतसमक्ष समेत आफूले गरेको कार्यको सविस्तार वर्णन गरी बयान गरिदिएको देखियो ।

८. अनुसन्धानका क्रममा हिरासतबाट फरार रहेका प्रतिवादी होमबहादुर लामा पुनः पक्राउमा परी निजले चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराका नि.प्रमुख संरक्षण अधिकृतसमक्ष बयान गर्दासमेत पक्राउ परेका अन्य प्रतिवादीहरूले गरिदिएको बयानसँग मिल्दो जुल्दो बयान गरी भाद्र २२ गते गैंडालाई गोली हानेको तथ्यलाई स्वीकार गरी बयान गरेको पाइन्छ । मिति २०६४/६/६ मा पक्राउ हुँदा निजले फलामे रड काटेर बनाएका गोली थान-५ समेतका बरामदी मुचुल्कामा उल्लिखित सामानहरू बरामद भएको व्यहोरालाई स्वीकार गरेको देखिन्छ ।

९. मिति २०६५/३/१ मा पक्राउ परेका अर्का प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमालले समेत आफ्नो बयान व्यहोरामा रणबहादुर कुमालसहितका मानिसहरू घरमा आई गैंडा मार्ने मत सल्लाह भई होमबहादुर लामासमेतका मानिसहरू गई गैंडालाई गोली हानेकोमा गैंडा मरेनछ । प्रतिवादी रणबहादुर कुमालले लुकाई राखेको भरूवा बन्दुक मैले नारायणी नदीको भंगालोमा फालिदिएको हुँ भनी लेखाई दिएको पाइन्छ । आफ्नो घरबाट गैंडा मार्ने बन्दोबस्तीका सामानहरू बरामद भएको ठीक साँचो हो भनी किटानीरूपमा पोल गरी बयान पनि गरेको देखिन्छ । घटनास्थलमा गोली पड्केको आवाजसमेत सुनेको हुँ भनी सर्जमिन मुचुल्काका मानिसहरूले समेत खुलाई दिएकोमा जाहेरी र बरामदी मुचुल्काको रोहबरमा बस्ने यामबहादुर खनालले समेत सोही व्यहोरालाई समर्थन गरी बकपत्र गरिदिएको पाइयो ।

१०. प्रतिवादीमध्येका माया कुमालले अनुसन्धानको क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्ष समेत आफू खेति किसान र ज्याला मजदुरी गरी खाने मानिस भएको र आफूले नचिनेका श्रीमान्का साथीहरूले ल्याई राख्न दिएको सामानहरू मैले हेरिन । गैंडा मार्न प्रयोग हुने सामान भएको थाहा भएपछि गैंडा मार्ने मान्छेहरूलाई बास बस्न दिनुहुँदैन भनी श्रीमान्लाई सम्झाउँदा यी सबै सामान फालिदिनुपर्छ भन्दाभन्दै पक्राउ गरेको हो । पक्राउ पर्ने क्रममा त्यो घरमा राखिएको पोको मैले राखेको ठाउँबाट ल्याई दिएको हो भनी कसुरमा इन्कार गरी व्यहोरा खुलाई बयान गरी दिएको पाइन्छ । निजको सो कसुर वारदातमा संलग्नता थियो भनी साबित हुने कुनै पनि प्रतिवादीहरूले

पोलसम्म पनि नगरेको अवस्थामा पतिको आदेश मानी काम गरेकी ग्रामिण निरक्षर महिलालाई उक्त गैंडा मार्न प्रयोग हुने सामग्री थाहै नपाई सुरक्षित राखिदिएकै आधारमा कसुरदार ठहर गर्नुपर्ने अवस्था नभएकाले निजलाई सफाई दिने गरी भएको सुरूको फैसलालाई नै सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा हो भनी भन्न सकिने अवस्था मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिएन।

११. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐनले संरक्षित वन्यजन्तुको संरक्षित सूचीमा "गैंडा" लाई राखेको छ। विश्वबाट नै गैंडा प्रजाति लोपोन्मुख भई खतराको सूचीमा रहेको भन्ने नेपाल पक्ष रहेको "Convension on International Trade In Endangered Species of Wild Fauna and Fiora (CITES) मा समेत उल्लेख भएको देखिन्छ । लोपोन्मुख प्रजातिलाई संरक्षण गर्न गैंडा मार्ने घाइते पार्ने जस्ता कसुरलाई गम्भिर कसुर मानी सजायको व्यवस्था हाम्रो विद्यमान कानूनमा समेत कठोररूपमा रहेको छ। गैंडा मार्ने योजनामा संलग्नता भए तापनि हरेक व्यक्तिको आ-आफ्नो कसुरको भूमिका रहेको हुन्छा। ऐनले नै तजबिजी सजायको व्यवस्था गरेको छ। तजबिजी सजायको प्रयोग पनि कसुरको मात्राअनुसार वाञ्छनीय हुन्छ । यसर्थ कैद र जरिवानाको तजबिजी सजाय गर्दा न्यायकर्ताले सदैव कसुरदारको कसुरको मात्रालाई ध्यान दिनु पर्ने हुन्छ । तजबिजी सजाय गर्दा अपराधमा संलग्न व्यक्तिको पूर्व आपराधिक क्रियाकलापलाई पनि विचार गर्नुपर्ने हुन्छ। विश्वबाट नै लोपोन्मुख हुने सम्भावना भएको गैंडा प्रजातिको शिकार गरी खागको व्यापार गर्ने समूहको नेटवर्क नै हुने गरेको छ। सबै कसुरदारले गरेको कार्यको समष्टिगत परिमाणबाट नै अपराधले पूर्णता पाउने हुँदा हरेक अपराधीको भूमिका गम्भिर प्रकृतिको मान्नुपर्ने हुन्छ।

१२. प्रस्तुत मुद्दाको तथ्यतर्फ हेर्दा प्रतिवादीमध्येका होमबहादुर लामा र रणबहादुर कुमालको गैंडा मार्ने योजनामा कस्तो संलग्नता थियो भनी विचार गर्दा गैंडा मार्न भनी जानेमा रणबहादुर कुमालसमेतका व्यक्ति रहेको भनी निज प्रतिवादी होमबहादुर लामाले अनुसन्धानको क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरिदिएको पाइन्छ । प्रतिवादी रणबहादुर कुमालले चाहिं आफ्नो बयान व्यहोरामा गैंडा मार्न नगएको भनी गैंडा मार्ने सल्लाहसम्ममा बसेको हुँ भनी लेखाइ दिएको पाइन्छ । त्यसैगरी गैंडा मार्न सन्तबहादुर कुमाल रणबहादुर कुमाल राजकुमार प्रजा बुद्धिबहादुर प्रजा थिङ्ग भन्ने बौधे तामाङसमेत अर्का एकजना मिली गएका हौं भनी प्रतिवादी होमबहादुर लामाले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरिदिएको देखिन्छ । पक्राउ पर्दा सन्तबहादुर कुमालको घरमा होमबहादुर लामा, रणबहादुर कुमाल र सन्तबहादुर कुमालको श्रीमती सँगसाथमा नै रहेको देखियो। निज होम बहादुर लामाले यी प्रतिवादीमध्ये सन्तबहादुर कुमाललाई समेत पोल गरी बयान गरेपनि गैंडा मार्न गएको कुरामा निज आफैं अनुसन्धानको क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा समेत इन्कार रहेको तथा अन्य प्रतिवादीहरूले निजहरूलाई गैंडा मार्न गएकोमा पोल गरेको पनि देखिँदैन। तर निजकै घरबाट गैंडा मार्न प्रयोग हुने बन्दोबस्तीका सामानहरू बरामद भएको गैंडा मार्ने योजना र कार्यमा निजको सहमति सल्लाह र सहयोग थिएन भन्न सकिएन। होमबहादुर लामा र रणबहादुर कुमाल गैंडा मार्ने मुख्य योजनामा नै रही सो गैंडालाई घाइते बनाउने कार्यमा संलग्नसमेत भएको देखिन्छ भने निज प्रतिवादीहरू होमबहादुर लामा र रणबहादुर कुमाल गैंडा मार्न प्रयोग गरिने सामग्री बरामद भएको स्थानबाट पक्राउ परेका, सन्तबहादुर सो समयमा घरमा नभएका र निजसमेत फरार भएको भन्ने कतैबाट खुल्नसमेत नआएको अवस्थामा अनुमानकै भरमा मुख्य व्यक्तिसरहकै हैसियतमा सजाय गरिनु पर्छ भन्नु न्यायोचित हुँदैन। फौजदारी न्यायको सिद्धान्तले

प्रत्येक व्यक्तिलाई निजले गरेको कसुरको मात्राअनुसार सजाय गर्नुपर्ने हुन्छ । यस परिप्रेक्ष्यमा तत्काल घटनास्थलबाट पक्राउ परेका होमबहादुर लामा र रणबहादुर कुमाललाई १० वर्ष कैद र रू.७५,०००/- जरिवाना तथा सन्तबहादुर कुमाललाई ८ वर्ष कैद र रू.५०,०००/- जरिवाना हुने गरी भएको फैसला मनासिब नै देखियो।

१३. मिति २०६४/५/२२ गते चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र मेघौली गाउँ विकास समितिको दद्रनी गाउँको सीधा नारायणी पारी गैंडालाई गोली हानेको आवाज सुनी खोजी गर्दा भोलिपल्ट पोथी गैंडाको दाहिने फिलामा रगत चुहाउँदै हिँडेको फेला परेको भनी सिसवार पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको मुचुल्का प्रतिवेदन, पक्राउ परेका प्रतिवादीहरूले अनुसन्धानका क्रममा र सुरू फैसला गर्ने चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा बयान गर्दा आरोपित कसुर अपराधमा साबित रही गरेको बयान, बरामदी मुचुल्का र सर्जमिनसमेत व्यक्तिहरूले गरिदिएको कागज र बकपत्रसमेतबाट यी प्रतिवादीहरूको मत सल्लाह र संलग्नतामा गोली प्रहार भई गैंडालाई घाइते बनाएको कसुर स्थापित हुन आएको छ।

१४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) मा "अधिकारप्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा आरक्षभित्र वन्यजन्तुको शिकार गर्न वा आखेटोपहार ओसारपसार गर्न नपाउने" तथा सोही ऐनको दफा २६(१) मा "गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई पाँच लाख रूपैयाँदेखि दस लाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको देखियो।

१५. त्यसैगरी ऐनको दफा २८ मा "यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूको उल्लङ्घन गर्ने कसुरदार दोषी ठहरिएमा मुद्दा हेर्ने अधिकारीले अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन र अन्य वस्तुहरू जफत गर्न सक्नेछ" भन्ने उल्लेख भएको पाइयो।

१६. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूले गैंडालाइ गोली लागेको भन्ने तथ्य नै यकिन नभएको अवस्थामा गोली चलेको आवाज सुनेको भनी शंका र अनुमानका आधारमा हामीहरूलाई कसुरदार ठहर गरेको सुरू फैसला र सोही फैसलालाई आधार र कारण विना पुनरावेदन अदालतले केही उल्टी गरी सजायसम्म घटाएको मिलेको नहुँदा उक्त फैसला बदर गरी सफाई पाउनु पर्छ भन्ने नै मुख्य जिकिर लिएको पाइन्छ। निकुञ्ज क्षेत्रभित्र गोली चलेको तथ्य पुष्टि भइरहेको अवस्था, गैंडा घाइते देखिएको भन्ने प्रतिवेदन र यी प्रतिवादीहरू भेला भई बसेको घरमा पक्राउ पर्दा बरामद भएका गैंडा मार्ने बन्दोबस्तीका सामानहरू बरामद भएका परिस्थितिजन्य प्रमाण र प्रतिवादीहरूको कसुर अपराधलाई स्वीकार गरी गरेको बयान कागजातबाट उल्लिखित आरोपित कसुरमा यी प्रतिवादीहरूको संलग्नता थिएन भन्ने युक्तियुक्त तर्क र प्रमाणको अभावमा पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै देखियो।

१७. तसर्थ, माथि उल्लिखित तथ्य, कानूनी व्यवस्था, आधार र कारणबाट प्रतिवादी माया कुमालको हकमा सफाई पाउने गरी भएको सुरू फैसला सदर गरी अन्य पुनरावेदक प्रतिवादीहरू होमबहादुर लामा, रणबहादुर कुमाल र सन्तबहादुर भन्ने पंकज कुमाललाई आरोपित कसुर गरेको ठहर गरी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय,

कसराले मिति २०६७/७/१६ मा गरेको फैसलामा सजायमा केही उल्टी गरी प्रतिवादी होमबहादुर लामा र रणबहादुर कुमाललाई जनही १०/१० वर्ष कैद र रू.७५,०००।– का दरले जरिवाना तथा प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई ८ वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६८/९/२६ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
इति संवत् २०७३ साल चैत्र १३ गते रोज १ शुभम् ।

निर्णय नं. ९८६३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७३।१२।०२
०७१-CR-०५८६

मुद्दा : जबरजस्ती करणी

पुनरावेदक / वादी : ठग्गा डंगौरा थारूको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : कैलाली जिल्ला हसुलिया गा.वि.स. वडा नं. ६ बस्ने प्रेम चौधरीसमेत

- **मिसिल प्रमाणबाट प्रतिवादीहरूले कसुर गरेको प्रमाणित भएपछि दाबीबमोजिम सजाय माग गरेको ऐनको दफाले प्रतिवादीहरूले गरेको कसुरलाई समर्थन गर्छ गर्दैन ? सो कुरा न्याय कर्ताले कानूनको अध्ययन गरी हेर्नुपर्दछ । सो सजाय गरेको ऐनको दफाले नसमेटिने देखियो र त्यही ऐनको अर्को दफामा भएको कानूनी व्यवस्थाले भएको कसुरलाई समेटिने देखियो भने र वादी दाबीबमोजिम वादीले माग गरेको सजायभन्दा बढी हुन जाँदैन भने सो परिवर्तन गरेको दफाले माग गरेको सजायमा भन्दा बढी हुँदैन भने सजायमा परिवर्तन गर्न मिल्ने ।**

(प्रकरण नं. ४)

- **कुनै पनि फौजदारी मुद्दामा जुन कसुर ठहर हुन्छ, कानून मुताबिक फरक फरक**

सजायको व्यवस्था भएकोमा तदनुकूलको कानून मुताबिक कसुरदारलाई सजाय गर्नुपर्ने हुन्छ । ऐनले नै पीडितको उमेरको आधारमा कसुर कायम गरी सकेपछि मिसिलसंलग्न प्रमाणबाट कायम भएको उमेरको आधारमा नै कसुर कायम गरी सजाय गर्नुपर्ने भएको र पीडितको उमेर १४ वर्षभन्दा माथि १६ वर्ष मुनिको भनी उल्लेख गरेको प्रमाणको आधारमा प्रतिवादीलाई वादी पक्षले प्रस्ताव गरेको सजायको दाबीमा ३(२) उल्लेख गरेपनि मिसिलबाट जबरजस्ती करणीको ३(३) को कसुर स्थापित भएपछि ऐ. को ३(३) अनुसार नै प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने भएबाट यस्तो अवस्थामा दाबीभन्दा बाहिर गई सजाय भएको भनी सम्झन नमिल्ने ।

(प्रकरण नं. ५)

- **जाँच प्रतिवेदन प्राप्त भएपछि अनुसन्धानको क्रममा पीडित एउटा उमेर देखाउने अनि जाँच गर्ने मेडिकल बोर्डबाट कसुरको सम्बन्धमा पीडितले देखाएभन्दा फरक देखाएपछि सो उमेर के हो भनी यकिन गरी अनुसन्धान गर्ने पक्षले पीडतको उमेरबारे यकिन गरी अभियोग दायर गर्नुपर्ने हो । सो विशेषज्ञले उल्लेख गरेको उमेर र पीडितले उल्लेख गरेको उमेरबारे मौकामा नै थाहा पाई अनदेखा गरी त्यसतर्फ केही उल्लेख नगरी सो पत्र मिसिल संलग्न राखी अभियोग पत्र दायर गरेको अवस्थामा न्यायकर्ताले न्याय सम्पादन गर्ने कार्यमा उक्त पत्र सम्बन्धमा यकिन गर्न नपाउने भन्ने नहुने ।**

(प्रकरण नं. ६)

पुनरावेदक वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता नारायणबहादुर थापा
प्रत्यर्थी प्रतिवादीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- जबरजस्ती करणीको महलको ३(२), ३(३)

सुरू तहमा फैसला गर्नेः
माननीय जिल्ला न्यायाधीश श्री यज्ञराज भट्ट
पुनरावेदन तहमा फैसला गर्नेः
मा.का.मु.मुख्य न्या.श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री रेवन्त बहादुर कुँवर

फैसला

न्या.सारदाप्रसाद घिमिरे : पुनरावेदन अदालत, दिपायलको मिति २०७१।५।३ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परी पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः

मिति २०६९।१०।०६ गते राति ९.३० वजेको समयमा म जाहेरवालाकी छोरी वर्ष १२ की धनगढी 'ओ' (परिवर्तित नाम) पिसाब फेर्न घर बाहिर आएको अवस्थामा प्रतिवादी प्रेम चौधरीसमेत जना तिनले जबरजस्ती मुख च्यापी घर नजिकैको जङ्गलमा लगी पालै पालो सामुहिकरूपमा तिनै जनाले जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०६९।१०।७ गतेको जाहेरी दरखास्त ।

जिल्ला कैलाली हसुलिया गा.वि.स.वडा नं.६ नमुना सामुदायिक वन कमल पोखरी नदीको किनारस्थित पूर्वमा ५ मिटर टाढा नमुना सामुदायिक वन, पश्चिममा ५० मिटर टाढा कमल पोखरी ताल, उत्तरमा २०० मिटर टाढा गौरी गणेश सामुदायिक

वन, दक्षिणमा १०० मिटर टाढा नमुना सामुदायिक वन यति चार किल्लाभित्र जिल्ला कैलाली हसुलिया गा.वि.स.वडा न.६ बस्ने ठग्गा डगौराकी छोरी वर्ष १२ की 'धनगढी ओ' लाई ऐ.ऐ.बस्ने सागर चौधरी, प्रेम चौधरी र कमल चौधरीले मिति २०६९।१०।६ गते राति २२.०० बजेको समयमा सामुहिक बलात्कार गरेको भनी देखाएको मिति २०६९।१०।७ गतेको घटनास्थल मुचुल्का।

मिति २०६९।१०।०६ गते राति २१.०० बजेको समयमा प्रतिवादी कमल चौधरी, प्रेम चौधरी र सागर चौधरी मेरो घर कोठाभित्र पसी बुबासँग झै–झगडा गरी मलाई केही टाढा जंगलमा लगी निजहरू तिनै जनाले मलाई पालैपालो जबरजस्ती करणी गरेकोले निजहरूलाई कानूनबमोजिम सजाय हुनेपर्छ भन्नेसमेत व्यहोराको मिति २०६९।१०।७ गतेको पीडितले मौकामा गरेको कागज।

पीडितको योनि वरिपरि Moist छ, Libia mijora सुन्निएको एवम् कन्याजाली च्यातिएको छ भन्नेसमेत व्यहोराको मिति २०६९।१०।१० गतेको मेडिकल बोर्डको रिपोर्ट।

मिति २०६९।१०।०६ गते राति मादक पदार्थ सेवन गरी पीडितको घरमा गई प्रतिवादी सागर चौधरी, प्रेम चौधरी र मैले पीडित 'धनगढी ओ' लाई निजकै घरबाट उठाई जंगलमा लगी पालैपालो जबरजस्ती करणी गरेका हौं, भन्नेसमेत व्यहोराको मिति २०६९।१०।८ गतेको कमल चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मिति २०६९।१०।०६ गते राति प्रतिवादी सागर चौधरी, कमल चौधरी र म प्रेम चौधरीले पीडित 'धनगढी ओ' लाई निजकै घरबाट जंगलमा लगी पालैपालो जबरजस्ती करणी गरेका हौ भन्नेसमेत व्यहोराको प्रेम चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मिति २०६९।१०।०६ गते राति प्रतिवादी कमल चौधरी, प्रेम चौधरी र मैले पीडित 'धनगढी ओ' लाई निजकै घरबाट जंगलमा लगी कमल चौधरी र प्रेम चौधरीले जबरजस्ती करणी गरिसकेपछि मैले पनि जबरजस्ती करणी गर्न लाग्दा निजको योनिबाट रगत निस्केपछि मैले यौन सम्पर्क गर्न नपाई छोडेको हुँ भन्नेसमेत व्यहोराको सागर चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मिति २०६९।१०।०६ गते राति प्रतिवादी सागर चौधरी, प्रेम चौधरी र कमल चौधरीले मादक पदार्थ रक्सी सेवन गरी जाहेरवालाको घरमा गई निज जाहेरवालासँग झै-झगडा गरी जाहेरवालाकी छोरी पीडित 'धनगढी ओ' लाई जंगलमा लगी पालैपालो जबरजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको मिति २०६९।१०।१७ गतेको रमेश चौधरीले मौकामा गरेको कागज।

मिति २०६९।१०।०६ गते राति प्रतिवादी सागर चौधरी, प्रेम चौधरी र कमल चौधरीले मादक पदार्थ रक्सी सेवन गरी जाहेरवालाको घरमा गई निज जाहेरवालासँग वादविवाद गरी जाहेरवालाकी छोरी पीडित 'धनगढी ओ' लाई डराई धम्काई निजको इच्छाविपरीत जंगलमा लगी पालैपालो सामुहिकरूपमा जबरजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको मिति २०६९।१०।२२ गतेको कमल चौधरीले मौकामा गरेको कागज।

मिति २०६९।१०।०६ गते राति प्रतिवादी सागर चौधरी, प्रेम चौधरी र कमल चौधरीले मादक पदार्थ रक्सी सेवन गरी जाहेरवालाको जबरजस्ती ढोका खोली घरभित्र प्रवेश गरी निज जाहेरवालासँग झै झगडा गरी जाहेरवालाकी छोरी पीडित 'धनगढी ओ' लाई नमुना सामुदायिक वनभित्र लगी पालैपालो सामुहिकरूपमा जबरजस्ती करणी गरेको भन्ने कुरा पीडितले भनेपछि थाहा पाएकी हुँ भन्नेसमेत व्यहोराको मिति २०६९।१०।२५ गतेको अनिता चौधरीले मौकामा गरेको कागज।

मिति २०६९।१०।०६ गते राति प्रतिवादी सागर चौधरी, प्रेम चौधरी र कमल चौधरीले मादक पदार्थ रक्सी सेवन गरी जाहेरवालाको घरमा गई निज जाहेरवालासँग झै-झगडा वादविवाद गरी जाहेरवालाकी छोरी पीडित 'धनगढी ओ' लाई जंगलमा लगी पालैपालो जबरजस्ती करणी गरेको हुनुपर्दछ भन्नेसमेत व्यहोराको मिति २०६९।१०।२५ गतेको सुबर्णी चौधरीले मौकामा गरेको कागज।

मिति २०६९।१०।०६ गते राति प्रतिवादी सागर चौधरी, प्रेम चौधरी र कमल चौधरीले मादक पदार्थ रक्सी सेवन गरी जाहेरवालाको घरमा गई निज जाहेरवालासँग झै–झगडा गरी धाक धम्की दिई जाहेरवालाकी छोरी पीडित 'धनगढी ओ' लाई पिसाब फेर्न बाहिर गएको अवस्थामा निजको इच्छाविपरीत मुख च्यापी नमुना महिला सामुदायिक वनमा लगी पालैपालो जबरजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएका हौ भन्नेसमेत व्यहोराको मिति २०६९।१०।२८ गतेको वस्तुस्थिति मुचुल्का।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले रातको समयमा रक्सी सेवन गरी जाहेरवालाको घरमा प्रवेश गरी निजकी नाबालिका वर्ष १२ की छोरीलाई घरबाट जबरजस्ती लिई गई नमुना महिला सामुदायिक वनमा पुऱ्याई तिनै जनाले सामुहिकरूपमा जबरजस्ती करणी गरेको पुष्टि भई प्रतिवादीहरू कमल चौधरी, प्रेम चौधरी र सागर चौधरीले मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं.को कसुर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही ऐन महलको ३(२) नं.बमोजिम सजाय हुन तथा सोही महलको ३(क) नं.बमोजिम थप सजायसमेत हुन साथै प्रतिवादीहरूबाट पीडितलाई सोही महलको १० र १०ग नं.बमोजिम मनासिब क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र।

उक्त दिन केटीको घरमा म एक्लै गएको थिएँ। उक्त दिन दिउँसो पनि म त्यो केटीको घरमा गएको थिएँ। सो दिन निज केटीकी आमा विवाह भोज खान धनगढी आएकी थिइन्। केटीले आज राति मेरो घरमा आउनु भनेर दिउसै भनेको हुँदा म केटीको घरमा गएको हुँ। त्यो केटी मेरो साली नाताकी पनि भएकी हुँदा सो राति म केटीसँगै आधा घण्टा जति सुतेको थिएँ। हामी दुवै जनाको करणी गर्ने मन भई सुटुक्क घरबाट निस्की नजिकैको जंगलमा गई दुई पटक करणी हामी दुवैबीच भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी कमल चौधरीले सुरू अदालतमा गरेको बयान।

२०६९।१०।६ गते राति हाम्रो गाउँ नजिकै नाच भइरहेको थियो। हामी तिनै जना साथी भएको हुँदा प्रेम चौधरी र म सागर दुवै जना कमललाई लिन निज कमल चौधरीको घर गयौं। नाच हेर्न जाउँ भन्दा कमलले हामीहरूलाई मेरो नानी (आमाको आमा) को घरमा गई जाँड खाऔं भन्यो। अनि हामीहरू कमलको नानी (आमाको आमा) सुब्बा देवी चौधरीको घरमा गई एक एक कचौरा जाँड खायौँ। कमलले हामी दुवै जना प्रेम र मलाई तपाईहरू यतै बस्नुहोस् म सालीको घरमा जान्छु भनी हामीलाई त्यतै छोडी पीडित भनिएकी 'धनगढी ओ' को घरमा गएका हुन्। कमलले अबेर गरेपछि हामीहरू 'धनगढी ओ' को घरमा जाँदा कमल र 'धनगढी ओ' अंगालो मारी उभिएको देखेका हौं। त्यसपछि हामीले कमललाई नाच हेर्न जाउँ भन्दा आज पानी परेको छ भनेपछि हामीहरू आ–आफ्नो घर सुत्न गयौं, हामीहरू प्रेम र मैले पीडितलाई जबरजस्ती करणी गरेको होइन, जाहेरी झुट्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी सागर चौधरीले सुरू अदालतमा गरेको बयान।

मिति २०६९।१०।६ गतेको राति हाम्रो गाउँ नजिकैको 'के' गाउँमा नाच भइरहेको थियो। नाच हेर्न भनी म र सागर, कमल चौधरीको घर गयौं। यत्तिकैमा कमल चौधरीले नानी (आमाको आमा) कहाँ जाँड खान जाउँ भनेर भन्यो। हामीहरू तिनै जना सो जाँड खाने ठाउँ सुब्बादेवी चौधरीको घर गयौं। त्यहाँ कमलले जाँड एक कचौरा खायो, त्यसपछि हामीहरूलाई म

सालीको घर जान्छु भनी गयो। सागर चौधरी र म त्यतै बस्यौँ । एक घण्टा जतिको समय भएकाले हामी कमललाई लिन पीडित 'धनगढी ओ' को घरमा गयौं। त्यहाँ कमल चौधरी र 'धनगढी ओ' सँगै उभिएका थिए। नाच हेर्न जाउँ भन्दा कमलले पानी पर्दैछ आज नजाउँ भनेपछि हामीहरू आ–आफ्नो घर गयौं भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेम चौधरीले सुरू अदालतमा गरेको बयान।

उक्त राति प्रतिवादी सागर चौधरी, प्रेम चौधरी र कमल चौधरी हाम्रो घरमा आई बुबासँग झगडा गरे । म पिसाब गर्न बाहिर निस्केको बेला यी तिनै जना प्रतिवादीले मलाई बोकेर जंगलमा लगेर २ जना प्रतिवादी कमल चौधरी र प्रेम चौधरीले जबरजस्ती करणी गरेका हुन्। प्रतिवादी सागरले मेरो रगत देखेर करणी गरेन भन्नेसमेत व्यहोराको पीडित 'धनगढी ओ' (परिवर्तित नाम) ले सुरू अदालतमा गरेको बकपत्र।

उक्त मितिमा प्रतिवादीहरू मेरो घरमा आई जाँड खाएका थिए। प्रतिवादी कमल चौधरी सालीको घरमा बोलाएकोले जाँदैछु, तिमीहरू यहीँ जाड रक्सी खाई गफ गर, म एकछिन पछि आउँछु भनी गएको हो। प्र. कमल चौधरी धेरै बेरसम्म पनि नआएपछि प्र. प्रेम चौधरी र सागर चौधरी लगभग १ घण्टापछि मेरो घरबाट निस्केर गएका हुन् । कमल चौधरी एक्लैले सहमतिमा करणी गरेको हुनुपर्छ। अन्य प्रतिवादीहरू निर्दोष हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेम चौधरीका साक्षी सुब्बादेवी चौधरीले सुरू अदालतमा गरेको बकपत्र।

निज पीडितलाई प्रतिवादी कमल चौधरीले केटीको सहमतिले करणी गरेका हुन्। अन्य २ जना प्रतिवादी प्रेम र सागरले करणी गरेको होइन भन्नेसमेत व्यहोराको घटना विवरणमा कागज गर्ने अनिता चौधरीले सुरू अदालतमा गरेको बकपत्र।

उक्त वारदातमा जबरजस्ती करणी गरेको होइन । प्रतिवादी कमल चौधरी र पीडितबीच साली भिनाको नाता पर्छ । यिनीहरू बीच माया प्रेम थियो। एक दोस्रोको घरमा आउने जाने गर्थे। प्रतिवादी कमल चौधरीले करणी गऱ्यो कि गरेन मलाई थाहा भएन। अन्य २ जनाले करणी गरेका होइनन् भन्नेसमेत व्यहोराको प्रतिवादी सागर चौधरीका साक्षी लालुराम चौधरीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी कमल चौधरी र पीडितको पहिलेदेखि माया प्रेम थियो। यी दुवैले लोग्ने स्वास्नी बन्ने कुरासमेत गरेका थिए। उक्त मितिमा प्रतिवादी कमल चौधरी पीडितको घरमा गई पीडितलाई लिई जंगलमा गयो । पीडितको बुबाले मेरो छोरीलाई कमलले भगाई लग्यो खोजी गरी दिनु भनी भन्दा खोज्न पीडितको बुबा, अनिता, सुवदनीलगायतका चार जना गए। पछि फर्केर आउँदा कमल र पीडित मात्र घरमा आएका हुन् । राजीखुशीले यी २ जनाले करणी गरेका होलान्। प्रतिवादीहरू प्रेम चौधरी र सागर चौधरीको उक्त घटनामा कुनै संलग्नता छैन। गाउँमा यहि कुराको हल्ला छ भन्नेसमेत व्यहोराको प्रतिवादी कमल चौधरीका साक्षी चुली कुमालले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी कमल चौधरीले करणी गरेको हो । अरू प्रतिवादीले जबरजस्ती करणी गरेका होइनन्। प्रतिवादी कमलले जबरजस्ती करणी गरेको होइन, सहमतिमा नजिकैको जंगलमा करणी गरेको हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस नेत्रलाल चौधरीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू ३ जनाले बलत्कार गर्न मेरो छोरीलाई जंगलमा लगेका हुन् । उनीहरूले जंगलमा लगेपछि मैले गाउँमा हल्ला गरेको हुँ । प्रतिवादीहरू कमल र प्रेम २ जनाले जबरजस्ती करणी गरेको हो भन्नेसमेत व्यहोराको जाहेरवाला ठग्गा डगौराले सुरू अदालतमा गरेको बकपत्र।

जाहेरवाला ठग्गा डगौरा थारूको तथ्ययुक्त किटानी जाहेरी दरखास्त र निजले यस अदालतमा

समेत आई गरेको बकपत्र, घटनास्थल प्रकृति मुचुल्का, पीडित 'धनगढी ओ' (परिवर्तित नाम) ले गरेको तथ्ययुक्त घटना विवरण कागज र निजले सो कागजको व्यहोरालाई समर्थन गरी यस अदालतमा समेत आई गरेको बकपत्र, Libia mijora सुन्निएको छ भन्नेसमेत व्यहोराको सेती अञ्चल अस्पताल विकास समितिको रिर्पोटसमेतबाट निज प्रतिवादीहरूले मिति २०६९।१०।६ गते राति ९ बजे जिल्ला कैलाली हसुलिया गा.वि.स.वडा नं. ६ स्थित नमुना सामुदायिक वनमा पीडित वर्ष १२ की 'धनगढी ओ' (परिवर्तित नाम) लाई जबरजस्ती लगी सामुहिकरूपमा बलात्कार गरेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादी प्रेम चौधरी, कमल चौधरी र सागर चौधरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३(२) नं. बमोजिम जनही ८ (आठ) वर्ष कैद सजाय हुने र सामुहिक बलात्कार गरेको देखिँदा ऐ. महलको ३ (क) नं. बमोजिम जनही थप ५ (पाँच) वर्ष गरी जम्मा १३ वर्ष कैद सजाय हुने ठहर्छ। त्यस्तै निज प्रतिवादीहरूबाट जनही रू. १०,०००।– (दश हजार) सोही महलको १० नं.बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत भराई दिने ठहर्छ भन्ने मिति २०७०।१०।८ गतेको कैलाली जिल्ला अदालतको फैसला।

पीडितले अदालतमा बकपत्र गर्दा दुई जनाले करणी गरेको तर मैले जबरजस्ती करणी नगरेको भनी स.ज. १७ मा उल्लेख गरेको, अन्य व्यहोरा प्रहरीले आफैले लेखेको भनेकी छिन्। जसबाट निज पीडितको कथनले मेरो निर्दोषितालाई प्रष्ट्याएको छ। घटनाको बारेमा तत्कालै थाहा पाउने पीडितको बुबा र फैसला गर्दा आधार लिइएका वस्तुस्थिति मुचुल्काका अनिता चौधरी र नेत्रलाल चौधरीको बकपत्रबाट समेत मैले अभियोग दाबीअनुसारको कसुर नगरेको स्थापित भइराखेको अवस्थामा कैलाली जिल्ला अदालतले फौजदारी न्यायको सिद्धान्तविपरीत मलाई सजाय गर्ने गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाई पाउँ भन्ने प्रतिवादी सागर चौधरीको पुनरावेदन अदालत, दिपायलमा परेको पुनरावेदन पत्र।

पीडितकी आमा धनगढी आएको बेला पीडितले सुटुक्क आज राति मेरो घरमा आउनु भनेकीले पीडितको घरमा राति गएको हुँ भनी प्रतिवादी कमल चौधरीले पीडितलाई निजको सहमतिमा करणी लिनुदिनु भएको कुरा पुष्टि हुने गरी बयान लेखाएका छन्। स्वास्थ्य परीक्षण रिपोर्टबाट पनि जबरजस्ती करणी भएको भन्ने देखिँदैन। वादीका साक्षीहरूले समेत कमल चौधरीले पीडितको सहमतिमा विवाह गर्ने सर्तमा करणी लिनुदिनु भएको हो भनी अदालतमा बकपत्र गरेबाट पनि मेरो निर्दोषिता प्रमाणित हुन्छ। कमल चौधरीको साथमा सुब्बादेवी चौधरीको घरसम्म गएकै आधारमा मलाई समेत दोषी ठहराई गरेको कैलाली जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाई पाउनु पर्छ भन्ने प्रतिवादी प्रेम चौधरीको पुनरावेदन अदालतमा परेको पुनरावेदन पत्र।

सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७०।८।४ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. एवम् पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय, दिपायललाई जानकारी दिई नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०७१।३।१ गतेको आदेश।

मिसिल संलग्न आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीहरू प्रेम चौधरी र कमल चौधरीलाई जबरजस्ती करणीको कसुरमा जनही ८(आठ) वर्ष कैद सजाय र सामुहिक रूपमा जबरजस्ती करणी गरेतर्फ उक्त महलको ३(क) नं. बमोजिम जनही थप ५(पाँच) वर्ष कैद हुने तथा निजहरू प्रतिवादी प्रेम चौधरी र कमल चौधरीबाट पीडित धनगढी 'ओ' लाई जनही दश हजार रूपैयाँ क्षतिपूर्ति भराई दिने

ठहर गरेको सुरू कैलाली जिल्ला अदालतको मिति २०७०।१०।४ को फैसला सो हदसम्म मनासिब हुँदा सदर हुने ठहर्छ । कसुर ठहर गर्दा ऐनको दफा उल्लेख गरेकोसम्म मिलेको नदेखिएकोले सुरूले मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(२) नं. बमोजिमको कसुर कायम गरेको कुराको हदसम्म केही उल्टी भई ऐ. महलको ३(३) नं. बमोजिमको कसुर कायम भई सोही कानूनबमोजिम माथि लेखिएअनुसार प्रतिवादी कमल चौधरी र प्रेम चौधरीलाई सजाय हुने ठहर्छ । साथै, प्रतिवादी सागर चौधरीलाई अभियोग दाबीबमोजिम सजाय हुने ठहर गरेको सुरू फैसला केही उल्टी भई निज प्रतिवादी सागर चौधरीले १६ वर्ष मुनिकी बालिकालाई प्रतिवादी कमल चौधरी र प्रतिवादी प्रेम चौधरी भन्ने प्रेमबहादुर कुमालले करणी गर्ने कुरा थाहा पाई हुल गरी सँगै गएको, पीडितलाई समाउने र पीडकको कार्यमा मद्दत दिने कार्य गरेको कसुरमा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. बमोजिम ६(छ) वर्ष कैद सजाय हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, दिपालयको मिति २०७१।५।३ को फैसला।

जाहेरीमा पीडितको उमेर १२ वर्ष लेखाए बमोजिम अभियोग पत्रमा १२ वर्ष नै कायम गरी प्रतिवादीहरू उपर सजायको प्रस्ताव गरिएको छ । पीडितले बकपत्र गर्दा १२ वर्ष नै उमेर लेखाएकी छन्। सोही उमेरलाई आधार बनाई सुरु जिल्ला अदालतले सजाय गरेकोमा पुनरावेदन अदालत दिपायलले पुनरावेदन जिकिर नै नरहेको उमेर सम्बन्धमा मेडिकल रिपोर्टको उमेरलाई आधार बनाई फैसला गरेको देखिन्छ । बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ बमोजिमका उमेर निर्धारण गर्ने कागजको खोजबिन नगरी चिकित्सकको परीक्षण प्रतिवेदनको अनुमानित उमेरलाई प्रमाणमा ग्रहण गरी गरेको फैसला बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ को व्याख्यात्मक त्रुटि रहेको छ । पीडितले कागज गर्दा प्रतिवादी सागर चौधरीले आफूमाथि सामुहिकरूपमा जबरजस्ती करणी गरेका हुन् भनी लेखाएको, प्रतिवादी सागर चौधरीले अनुसन्धानमा बयान गर्दा पीडितलाई जबरजस्ती करणी गर्न निजको योनिमा मेरो लिङ्ग लगाई जबरजस्ती करणी गर्न लाग्दा निजको योनिबाट रगत निस्केपछि मैले यौन सम्पर्क गर्न नपाई छाडेको हुँ भनी बयान गरेको अवस्थामा कसुरदार ठहर नगरी मद्दत गरेको भनी ऐ. ४ नं. बमोजिम सजाय गरेको मिलेको छैन । प्रतिवादी कमल चौधरी र प्रेम चौधरीको हकमा जबरजस्ती करणीको ३(३) नं. बमोजिमको कसुर ठहऱ्याएको हदसम्म कै फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय ठहर गरी सुरू कैलाली जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र।

प्रतिवादीहरूले मौकामा र सुरू अदालतमा बयान गर्दा पीडितको उमेर सम्बन्धमा कुनै विवाद नदेखाई पुनरावेदन अदालत, दिपायलमा पुनरावेदन गर्दासमेत उमेर सम्बन्धमा कुनै जिकिर नलिएको अवस्थामा पीडितको स्वास्थ्य पीरक्षण प्रतिवेदनमा निजको उमेर अन्दाजी १४-१६ वर्ष भनी उल्लेख भएको आधारमा मात्र सोही उमेरलाई पीडितको उमेर कायम गर्ने गरी तथा अनुसन्धानमा प्रतिवादीमध्येका सागर चौधरीले साबिती बयान गरेको अवस्थामा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको ४ नं. अनुसार मतियार मात्र कायम गरी सुरू फैसला केही उल्टी गर्ने गरी भएको पुनरावेदन अदालत, दिपायलको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. प्रयोजनार्थ प्रत्यर्थीहरूलाई झिकाई नियमानुसार पेस गर्नु भन्ने मिति २०७३।६।४ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री

नारायणबहादुर थापाले पीडितको उमेरको सम्बन्धमा विवाद नै उठेको छैन । उमेरमा विवाद भएमा मात्र प्रमाणका आधारमा ठहर गर्नुपर्ने हुन्छ । जाहेरी अभियोग पत्र, पीडितले गरेको कागज, बकपत्रसमेतमा पीडितको उमेर १२ वर्ष होइन भनी जिकिर नलिएको अवस्थामा मेडिकल रिपोर्टमा पीडितको उमेरको जाँच गरेको अवधिमा पीडितको उमेर १४-१६ वर्षकी भनी लेखेकोलाई आधार लिई गरेको फैसला मिलेको छैन। प्रतिवादी सागर चौधरीले अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित रही पीडितलाई जबरजस्ती करणी गर्न आफ्नो लिङ्ग पीडितको योनिमा लगाउन लाग्दा निजको योनिबाट रगत निस्केकोले यौन सम्पर्क गर्न नपाई छोडेको हुँ भनी बयान गरेको छ । पीडितले कागज गर्दा प्रतिवादी सागर चौधरीसमेतले आफू माथि सामुहिकरूपमा जबरजस्ती करणी गरेका हुन भनी लेखाएकी छिन् । यसप्रकार प्रतिवादी सागर चौधरीले पीडितको योनिभित्र लिङ्ग धकेली सकेपछि रगत देखेको र लिङ्ग बाहिर निकालेको भन्ने कुरा प्रष्ट देखिई अभियोग दाबीबमोजिम सामुहिक जबरजस्ती करणी गरेको देखिँदा देखिँदै, निज प्रतिवादीलाई अन्य प्रतिवादीहरूलाई जबरजस्ती करणी गर्न मद्दत मात्र गरेको ठहर गरी सजाय गरेको नमिलेको हुँदा निज प्रतिवादी सागर चौधरीलाई समेत मागदाबी बमोजिम सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

यसमा सुरू कैलाली जिल्ला अदालतबाट प्रतिवादीहरूले पीडितलाई जबरजस्ती करणीको कसुर गरेको ठहऱ्याई जबरजस्ती करणीको ३(२) बमोजिम जनही ८ वर्षका दरले कैद सजाय र पीडित परिवर्तित नाम 'धनगढी ओ' लाई सामुहिकरूपमा करणी गरेको देखिँदा ऐ. को ३(क) नं. बमोजिम थप ५ वर्ष कैद गरी जम्मा १३ वर्ष कैद सजाय हुने तथा प्रतिवादीहरूबाट पीडितले जनही १०,००० ।– का दरले क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरी भएको फैसला भएको देखिन्छ । सो फैसलाउपर पुनरावेदन अदालत, दिपालयमा पुनरावेदन परेकोमा सो अदालतबाट निर्णय हुँदा उल्लिखित सजाय गर्ने ठहर गरी भएको सो हदसम्म मनासिब हुँदा सदर हुने तर प्रतिवादी प्रेम चौधरी र कमल चौधरीको हकमा कसुर ठहर गर्दा ऐनको दफा मिलेको नदेखिँदा ऐ. ऐ. को ३(२) नं. बमोजिमको कसुर कायम गरेको हदसम्म केही उल्टी भई जबरजस्ती करणीको ३(३) नं. बमोजिम कसुर कायम भई सोही कानूनबमोजिम माथि लेखिएअनुसार प्रतिवादी प्रेम चौधरी र कमल चौधरीलाई सजाय हुने र प्रतिवादी सागर चौधरीको हकमा सुरू फैसला केही उल्टी भई निज प्रतिवादी सागर चौधरीले १६ वर्ष मुनिकी बालिकालाई प्रतिवादी कमल चौधरी र प्रेम चौधरी भन्ने प्रेमबहादुर कुमालले करणी गर्ने कुरा थाहा पाई सँगै गएको पीडितलाई समाउने पीडकको कार्यमा मद्दत दिने कार्य गरेको कसुरमा निजलाई जबरजस्ती करणी महलको ४ नं. बमोजिम ६ वर्ष कैद हुने ठहर्छ भन्ने फैसला भएको देखिन्छ । सो फैसला उपर चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको रहेछ।

पुनरावेदन अदालत, दिपायलबाट भएको फैसलाउपर प्रतिवादीहरू प्रेम चौधरी, कमल चौधरी र सागर चौधरीले यस अदालतमा पुनरावेदन गरेको नदेखिँदा त्यसतर्फ केही बोलिरहन परेन।

अब वादी नेपाल सरकारले आफ्नो पुनरावेदन पत्रमा जाहेरीमा पीडितको उमेर १२ वर्ष लेखाएबमोजिम अभियोग पत्रमा १२ वर्ष नै लेखाएको पीडितले बकपत्र गर्दा १२ वर्ष नै उमेर लेखाएकीमा सोही उमेरलाई आधार मानी सुरू जिल्ला अदालतले फैसला गरेको तर पुनरावेदन अदालत, दिपायलले पुनरावेदन जिकिर नै नरहेको विषयमा प्रवेश गरी पीडितको उमेर जाँच गरी उल्लेख गरेको मेडिकल रिपोर्टको उमेरलाई आधार बनाई फैसला गरेको मिलेको छैन । बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम १५

बमोजिम उमेर निर्धारण गर्ने अन्य प्राथमिक प्रमाण कागजको खोजबिन नगरी चिकित्सकको परीक्षण प्रतिवेदनमा उल्लिखित अनुमानित उमेरलाई साँचो प्रमाणमा ग्रहण गरी गरेको फैसला उक्त उमेर निर्धारण गर्ने सम्बन्धमा भएको नियमावलीको व्यवस्थाको व्याख्यात्मक त्रुटि रहेको छ । साथै प्रतिवादी सागर चौधरीलाई दाबीबमोजिम कसुरदार ठहर नगरी मद्दत गरेको भनी ऐ.ऐनको ४ नं. बमोजिम सजाय गर्ने गरेको र मेडिकल प्रतिवेदनमा उल्लिखित रायको आधारमा प्रतिवादीहरू कमल चौधरी र प्रेम चौधरीको हकमा जबरजस्ती करणीको ३(३) नं. बमोजिम कसुर ठहर गरेको हदसम्मको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी अभियोग दाबीबमोजिम कसुर कायम गरिपाउँ भनी जिकिर लिएको पाइन्छ ।

उपर्युक्तअनुसारको तथ्य तथा बहस बुँदा रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला मिलेको छ, छैन र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, यी परिवर्तित नाम 'धनगढी ओ' लाई प्रतिवादीहरूले घरबाट निकाली नजिकै रहेको जंगलमा लगी जबरजस्ती करणी गरेकाले सजाय गरिपाउँ भन्ने जाहेरी दरखास्त दर्ता भएपछि प्रस्तुत मुद्दाको अनुसन्धान सुरू भएको देखिन्छ । अनुसन्धानको क्रममा पीडितको शरीर जाँच गर्न पठाएको व्यहोराको पत्रमा देहायका कुरा उल्लेख गरी पठाई दिनु भनी पीडितको स्वास्थ्य परीक्षण गरिदिने बारे सेती अञ्चल अस्पताललाई अनुसन्धान अधिकृतले मिति २०६९।१०।७ पठाएको पत्रको ७ नं. को बुँदामा पीडितको यकिन उमेर कति छ ? पीडितलाई करणी भएको छ छैन ? परीक्षण गरी पठाई दिनु भनी च.नं. ४००९ को पत्र पठाई पीडितलाई अस्पताल पठाएको देखिन्छ । पत्र प्राप्त भएपछि सेती अञ्चल अस्पतालले पीडितको स्वास्थ्य परीक्षण र उमेर यकिन गर्न ३ जनाको मेडिकल बोर्ड गठन गरी परीक्षण गरी उमेरलगायत अन्य विवरण उल्लेख गरी जवाफ पठाएको देखिन्छ । उक्त पत्रबमोजिम पीडितको स्वास्थ्य परीक्षण गरी राय पठाउन ३ जना सदस्य भएको बोर्डले पीडितको उमेर १४-१६ वर्ष भनी उल्लेख गर्दै पीडितको योनि वरिपरि Moist छ, Libia mijora सुन्निएको, कन्याजाली च्यातिएको छ भन्ने उल्लेख गरी प्रतिवेदन पठाएको देखिन्छ ।

३. अब प्रतिवादीहरूलाई आरोपित कसुर गरेकोमा के कति सजाय हुने हो भनी हेर्दा जबरजस्ती करणीको महलको ३(३) बमोजिम सजाय गरी सामुहिक रूपमा जबरजस्ती करणी गरेको देखिँदा थप ५ वर्ष कैद गर्ने गरी पीडितले प्रतिवादीहरूसँग दश हजारका दरले क्षतिपूर्ति पाउने गरी भएको फैसला मनासिब हुँदा सदर हुने भनी पुनरावेदन अदालतबाट फैसला भएको पाइन्छ। कसुर ठहर गर्दा ऐनको दफा ३(२) ले माग गरेको सजायसम्म उल्लेख गरेकोसम्म मिलेको नदेखिएकोले सुरूको फैसला मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(३) बमोजिम को कसुर कायम गरेको कुराको हदसम्म केही उल्टी भई ऐ. महलको ३(३) नं. बमोजिम कसुर कायम भई सोही कानूनबमोजिम प्रतिवादी कमल चौधरी र प्रेम चौधरीलाई सजाय हुने ठहराई पुनरावेदन अदालतबाट फैसला भएको देखिन्छ ।

४. मिसिल प्रमाणबाट प्रतिवादीहरूले कसुर गरेको प्रमाणित भएपछि दाबीबमोजिम सजाय माग गरेको ऐनको दफाले प्रतिवादीहरूले गरेको कसुरलाई समर्थन गर्छ गर्दैन ? सो कुरा न्याय कर्ताले कानूनको अध्ययन गरी हेर्नुपर्दछ । सो सजाय गरेको ऐनको दफाले नसमेटिने देखियो र त्यही ऐनको अर्को दफामा भएको कानूनी व्यवस्थाले भएको कसुरलाई समेटिने देखियो भने र वादी दाबीबमोजिम वादीले माग गरेको सजायभन्दा बढी हुन जाँदैन भने सो परिवर्तन गरेको दफाले माग गरेको सजायमा भन्दा बढी हुँदैन भने सजायमा परिवर्तन गर्न मिल्ने नै हुन्छ ।

५. वादी नेपाल सरकारले दायर गरेको अभियोग पत्रमा जबरजस्ती करणीको ३(२) को कसुरमा सजाय गरिपाउँ दाबी लिएको पाइन्छ । प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा पीडितको स्वास्थ्य परीक्षण गर्न पठाएको पत्रमा पीडितको उमेरसमेत यकिन गर्न पठाएकोमा स्वास्थ्य विशेषज्ञबाट पीडितको स्वास्थ्य जाँच गरी रिपोर्टमा उल्लेख गरी सोको अलावा निजको उमेर पनि यकिन गरी पठाएको देखिन्छ । जसअनुसार पीडितको उमेर १४-१६ वर्ष भनी उल्लेख भएको पाइन्छ । जाहेरवाली, पीडित र प्रतिवादीले बयान गर्दा आफ्नो उमेर वर्ष १२ भनी उल्लेख गरेको र सोही कथनको आधारमा वादी पक्षले सजायको मागदाबी गरेको भएपनि फौजदारी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादी पक्षको हुने सिद्धान्तअनुसार पीडितको उमेर १२ वर्षको हो भन्ने देखिने बाल न्याय कार्यविधि नियमावली २०६३ को नियम १५ बमोजिमको कुनै प्रमाण संकलन गरिएको पाइँदैन । जबकी वादी पक्षले नै संकलन गरेको पीडितको उमेर जाँचको प्रतिवेदनबाट निजको उमेर १४-१६ वर्षको भन्ने दिखिई रहेको र अन्य उमेर खुल्ने प्रमाण पत्रहरू वादी पक्षबाट पेस भएको नदेखिएको अवस्थामा डाक्टरको बोर्डबाट उमेर जाँचका क्रममा उल्लेख गरेको उमेरलाई मान्नुपर्ने कानूनी व्यवस्था उल्लिखित नियमावलीले गरेको अवस्थामा त्यसलाई ईन्कार गर्न सकिँदैन । कुनै पनि फौजदारी मुद्दामा जुन कसुर ठहर हुन्छ, कानून मुताबिक फरक फरक सजायको व्यवस्था भएकोमा तदनुकूलको कानून मुताबिक कसुरदारलाई सजाय गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पनि ऐनले नै पीडितको उमेरको आधारमा कसुर कायम गरी सकेपछि मिसिल संलग्न प्रमाणबाट कायम भएको उमेरको आधारमा नै कसुर कायम गरी सजाय गर्नुपर्ने भएको र पीडितको उमेर १४ वर्षभन्दा माथि १६ वर्ष मुनिको भनी उल्लेख गरेको प्रमाणको आधारमा प्रतिवादीलाई वादी पक्षले प्रस्ताव गरेको सजायको दाबीमा ३(२) उल्लेख गरेपनि मिसिलबाट जबरजस्ती करणीको ३(३) को कसुर स्थापित भएपछि ऐ. को ३(३) अनुसार नै प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने भएबाट यस्तो अवस्थामा दाबीभन्दा बाहिर गई सजाय भएको भनी सम्झन मिल्दैन ।

६. यस कारण पीडितको उमेर सम्बन्धमा मिसिलमा विवाद नभएको र प्रतिवादीले पनि उमेर सम्बन्धमा जिकिर नलिएको विषयमा पुनरावेदन अदालतले उमेरमा विवाद निकाली प्रतिवादीलाई कम सजाय गरेको मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, मौकामा अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीले पीडितको स्वास्थ्य परीक्षण गरी पठाई दिने भनी पीडितको उमेर जाँच हुँदा पीडितको उमेर १४-१६ वर्षभित्र भन्ने समूहगतरूपमा पीडितको शरीर जाँच गर्ने चिकित्सकले बोर्ड गठन गरी जवाफ पठाएको देखिन्छ । यसरी जाँच प्रतिवेदन प्राप्त भएपछि अनुसन्धानको क्रममा पीडित एउटा उमेर देखाउने अनि जाँच गर्ने मेडिकल बोर्डबाट कसुरको सम्बन्धमा पीडितले देखाएभन्दा फरक देखाएपछि सो उमेर के हो भनी यकिन गरी अनुसन्धान गर्ने पक्षले पीडितको उमेरबारे यकिन गरी अभियोग दायर गर्नुपर्ने हो । सो विशेषज्ञले उल्लेख गरेको उमेर र पीडितले उल्लेख गरेको उमेरबारे मौकामा नै थाहा पाई अनदेखा गरी त्यसतर्फ केही उल्लेख नगरी सो पत्र मिसिल संलग्न राखी अभियोग पत्र दायर गरेको अवस्थामा न्यायकर्ताले न्याय सम्पादन गर्ने कार्यमा उक्त पत्र सम्बन्धमा यकिन गर्न नपाउने भन्ने हुँदैन ।

७. मिसिलबाट पीडितको उमेर १२ वर्ष देखाइएको छ भने मेडिकल रिपोर्टमा १४-१६ भन्ने उल्लेख गरेको अवस्थामा यकिन उमेर कति हुने भनी बाल न्याय कार्यविधि नियमावली नियम १५ मा भएको व्यवस्थाअनुसार पहिलोमा अस्पतालबाट जारी गरिएको बालकको जन्मदर्ता प्रमाण पत्रमा उल्लेख भएको जन्ममिति, सो नभएमा स्थानिय

पञ्जिकाधिकारीबाट जारी भएको जन्मदर्ता प्रमाण पत्रमा उल्लेख भएको जन्ममिति सो पनि नभएमा विद्यालयको चारित्रिक प्रमाण पत्रमा उल्लिखित जन्ममिति वा विद्यालय भर्ना हुँदा उल्लेख गरेको जन्ममिति र सो पनि नभएमा सरकारी अस्पतालबाट उमेर परीक्षण गरी दिएको रायबाट देखिएको उमेरबाट बालकको उमेर निर्धारण गर्नुपर्छ भन्ने व्यवस्था भएको हुँदा प्रस्तुत मुद्दामा उक्त नियममा उल्लिखित पहिला तीन किसिमका उमेर निर्धारण गर्ने प्रमाणहरू नभएको अवस्थामा मेडिकल बोर्डको रिपोर्टमा उल्लेख गरिएको उमेरलाई आधार मानी प्रतिवादीउपर कसुर निर्धारण गरी सजाय भएको देखिएकोले सो लाई अन्यथा भन्नु पर्ने अवस्था छैन । वादी नेपाल सरकारले आफूले दायर गरेको अभियोगपत्रमा पीडितको उमेर जाँच गरी उमेर उल्लेख भएको पत्र मिसिलसाथ राख्ने तर आफैले राखेको पत्रलाई प्रमाणमा लिन मिल्दैन भनी लिएको जिकिर मनासिब हुन सक्दैन। न्यायिक मान्यता र प्रमाण कानूनअनुकूलको हुनुपर्दछ। तसर्थ विवाद नै नभएको पीडितको उमेरको सम्बन्धमा पीडितको उमेर कम गरी प्रतिवादीहरूलाई कम सजाय गरेको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

८. प्रतिवादी सागर चौधरीले प्रतिवादीमध्ये कमल चौधरी र प्रेम चौधरीले जबरजस्ती करणी गरिसकेपछि म पनि जबरजस्ती गर्न जाँदा पीडितको योनिबाट रगत निस्केपछि यौन सम्पर्क नगरी छोडिदिएको हुँ भनी मौकामा र अदालतमा बयान गर्दै प्रतिवादीमध्ये कमल चौधरीसँगै जाँड खाने ठाउँमा सुब्बादेवीको घर गएको त्यहाँ एक कचौरा जाँड खाइसकेपछि हामीलाई कमलले तिमीहरू यहीँ बस म सालीको घर जान्छु भनी गयो। म र प्रेम त्यहीँ बस्यौं। १ घण्टाजतिको समयमा नआएपछि कमललाई लिन जाँदा पीडित र कमल सँगै उभिएका थिए भनी आफूले वारदात घटाएतर्फ इन्कार रही पीडित परिवर्तित नाम 'धनगडी ओ' को घरसम्म गएको तथ्य स्वीकार गरेको देखिन्छ।

९. पीडितले अदालतसमक्ष बकपत्र गर्दा आफू वारदात घटेको दिन पिसाब फेर्न घर बाहिर निस्केको बेला तीनै जना प्रतिवादीहरूले बोकेर जंगलमा लगी २ जना प्रतिवादी प्रेम चौधरी र कमल चौधरीले जबरजस्ती करणी गरेका हुन्। प्रतिवादी सागरले मेरो योनिबाट रगत बगेको देखेर करणी गरेन भनी व्यहोरा उल्लेख गरेको देखिन्छ। जाहेरवालाले पनि पीडित मेरी छोरीलाई जंगलमा लगेपछि मैले गाउँमा हल्ला गरेको हुँ। कमल र प्रेमले जबरजस्ती करणी गरेको हो, सागरले करणी गरेका होइनन् भनी अदालतसमक्ष बकपत्र गरेको देखिन्छ । प्रतिवादी कमल चौधरीका साक्षी चुल्ली कुमारले प्रतिवादी र पीडितबीच माया प्रेम भएकोले कमलले राजी खुसीले करणी गरेका हुन । प्रतिवादी सागरले करणी गरेको होइन भनी बकपत्र गरेको देखिन्छ । यस्तै घटना विवरणमा कागज गर्ने अनिता चौधरी र नेपालाल चौधरीले पनि कमल चौधरीले जाहेरवालाको छोरीलाई सहमतिमा जंगलमा लगी करणी गरेको हो सागरले करणी गरेनन् भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादी कमल चौधरीले पनि आफूले राजीखुसीले करणी गरेको हुँ सागरले होइन भनी अदालतमा बयान गरेको देखिन्छ।

१०. जबरजस्ती करणी जस्तो अपराधमा प्रत्यक्ष वारदात देख्ने र भोग्ने व्यक्ति पीडित नै हुने भएकोले निज पीडितको भनाईलाई महत्त्वपूर्ण स्थान दिनुपर्छ । यस्तो घटनामा पीडक र पीडित मात्र प्रत्यक्षदर्शी हुने भएकाले पीडितको भनाईलाई बढी प्रमाणित महत्त्व दिनुपर्दछ। किनकी उसले व्यक्त गरेको भनाईले ऊ माथि अपराध भएका क्रियाको बारेमा क्रमबद्धरूपले व्यक्त गर्दछ जुन कुरा सत्य तथ्यमा आधारित भएको हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी सागरले पीडितलाई करणी नगरेको भनी बयान गरेको र पीडितले आफूमाथि प्रतिवादीहरू कमल र प्रेमले मात्र

करणी गरेका हुन् । सागरले आफूलाई जंगलतर्फ लगे पनि मेरो योनिबाट रगत आएको देखेको हुँदा निजले सम्पर्क गरेको होइन भनी उल्लेख गरेको तथ्यलाई अन्यथा भन्न सकिने अवस्था हुँदैन ।

११. त्यसैगरी माथि उल्लिखित जाहेरवालाको र पीडितको अदालतमा भएको बकपत्र, प्रतिवादी सागर र कमलले अदालतमा गरेको बयानबाट प्रतिवादी सागरले पीडितलाई जबरजस्ती करणी गरेको नभई अन्य दुईजना प्रतिवादीहरूले पीडितलाई करणी गर्ने कार्यमा सहयोग गर्ने भन्ने तथ्य स्पष्टरूपमा देखिई उल्लिखित प्रमाणबाट सो कुरा स्थापित भएको देखिएबाट निज प्रतिवादीलाई दाबीबमोजिम सजाय नगरी जबरजस्ती करणीको ४ नं. बमोजिमको कसुर कायम गरी सोहीबमोजिम सजाय गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिएन । अत, सो फैसला मनासिब हुँदा सो सम्बन्धमा नेपाल सरकारले लिएको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन ।

१२. अतः उल्लिखित विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी कमल चौधरी र प्रेम चौधरीलाई जबरजस्ती करणीको कसुरमा जबरजस्ती करणीको ३(३) नं. बमोजिम १४ वर्षमाथि १६ वर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गरेको कसुर ठहर गरी निज प्रतिवादीहरूलाई ८ वर्ष कैद र सामुहिकरूपमा जबरजस्ती करणी गरेकोले ऐ. को ३ क नं. बमोजिम थप ५ वर्ष कैदसमेत गरी जम्मा १३ वर्ष कैद हुने र सुरू कैलाली जिल्ला अदालतको मिति २०७०।१०।८ को फैसलाले प्रतिवादी कमल र प्रेम चौधरीको हकमा सजाय गरेको सो हदसम्म सदर हुने ठहराएको पुनरावेदन अदालत, दिपायलबाट मिति २०७१।५।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी सागर चौधरीलाई सुरू जिल्ला अदालतले जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ वर्ष र ३(क) नं. बमोजिम थप ५ वर्ष कैद हुने गरी गरेको फैसला केही उल्टी गरी ऐ. को ४ नं. बमोजिम ६ वर्ष कैद गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०७१।५।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत : जीवनकुमार भण्डारी
इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम् ।

निर्णय नं. ९८६४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७३।९।२८
०७३-WH-००३८

मुद्दाः- बन्दीप्रत्यक्षीकरण

निवेदक : सिन्धुपाल्चोक जिल्ला, मार्मिङ गा.वि.स.वडा नं.८ घर भई हाल केन्द्रीय कारागार कार्यालय त्रिपुरेश्वर काठमाडौंमा थुनामा रहेका ल्हामू तामाङ

विरूद्ध

विपक्षी : उच्च अदालत, पाटनसमेत

- **कैदको प्रकृति हेर्दा त्यसलाई कैदको नै सजाय भई कैद बस्नुपर्नेलाई एक प्रकारको र जरिवानाबापत कैद बस्नुपर्नेलाई अर्को प्रकारको भनी फरक छुट्याउन सकिँदैन । जे जसरी कैद बस्नुपरे पनि कैदको प्रकृति एउटै हुने ।**
- **फैसलामा कैदको सजाय तोकिएकोमा थुनामा परेको मितिबाट गणना गर्ने र जरिवानाबापत कैदमा बस्नुपरेमा फैसला भएको मितिबाट मात्र गणना गरिने भनेबाट एउटै प्रकृतिको विषयवस्तुमा दोहोरो मापदण्ड अपनाई असमानता सिर्जना हुन गएको मानिने ।**
- **जरिवानाबापत कैदमा राख्दाको अवधिलाई फैसला भएको मितिबाट मात्र गणना गर्ने गरी छुट्टै कानूनी व्यवस्था नभएको अवस्थामा जरिवानाबापत कैद तोक्नुपर्दा फैसला भएको मितिबाट हिसाब गर्ने हो भने अगाडि अनुसन्धान तथा पुर्पक्षका क्रममा व्यतित गरेको थुनाको कुनै औचित्यता पुष्टि हुन नसकी व्यक्ति अन्यायमा पर्न जाने देखिन्छ । त्यसैले जरिवाना नतिरेबापत हुने कैदको हिसाब गर्दा पनि पक्राउ परेको दिनदेखि नै लागू हुने गरी एकमुष्ठ हिसाब गर्नुपर्ने ।**

(प्रकरण नं. ३)

- **कानूनी व्यवस्थाभन्दा बाहिर गई गरेको निर्णय वा निर्णयको विषयवस्तुबाट सम्बन्धित पक्षलाई मार्का पर्न गएमा निजलाई उचित उपचार प्रदान गर्न अदालतले त्यस्तो निर्णय वा निर्णयको कुनै अंश बदर गर्न उपयुक्त आदेश जारी गर्न सक्ने ।**
- **फैसलाको तपसिल खण्डमा उल्लेख गरे पनि कानूनले समर्थन गर्न नसक्ने कुरालाई पक्षलाई मर्का पर्ने गरी कार्यान्वयन गर्न नमिल्ने ।**
- **कानून अनुसार अदालतबाट भएको फैसला अनुरूपको जरिवाना सजाय तिर्न नसकेबापत कैदमा बस्नुपर्ने अवधि भुक्तान भइसकेपश्चात्को थुनालाई कानूनी थुना मान्न नसकिने ।**

(प्रकरण नं. ४)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की, लभप्रसाद मैनाली, कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता कमलमणि श्रेष्ठ

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता गीता तिम्सिना

अवलम्बित नजिर :

- नेकाप २०४९, अंक १, नि.नं.४४६०

सम्बद्ध कानून :

- भन्सार ऐन, २०६४ को दफा ३८ र ५७(१)

आदेश

न्या.हरिकृष्ण कार्की : नेपालको संविधानको धारा १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

म निवेदक विरूद्ध अवैधरूपमा ९ के.जी. सुन ल्याई भन्सार ऐन, २०६४ को दफा ३८ र ५७(१) बमोजिम अपराध गरेको ठहर्‍याई मलाई बिगो रू.४,०६,६३,५७५।- जरिवाना, कैद वर्ष ३ र बरामद भएको ९ के.जी. सुन जफत हुने गरी विपक्षी सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७३/०२/३० मा फैसला भयो । सो फैसलाउपर मैले पुनरावेदन गर्दा उच्च अदालत, पाटनबाट सुरू

अदालतले ९ के.जी. सुन जफत हुने ठहऱ्याएको हदसम्म मिलेकै देखिएकोले सो हदसम्म सुरू फैसला सदर हुने र सजायको हकमा बिगोबमोजिम जरिवाना गर्दा मात्र न्यायको मक्सद पूरा हुने देखिँदा बिगोबमोजिमको रू.४,०६,६३,५७५।- जरिवाना मात्र हुने र सुरूले ३ वर्ष कैद हुने गरी फैसला गरेको उल्टी हुने ठहऱ्याई मिति २०७३/०७/२३ मा फैसला भयो । सो फैसलाअनुसार मलाई भएको जरिवाना रू.४,०६,६३,५७५।- नबुझाएमा सोबापत कैद गर्दा दण्ड सजायको ३८ नं. को देहाय २ अनुसार सो कसुरमा हुने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने गरी ठेक्नुपर्ने हुन्छ । जसअनुसार मलाई जरिवाना नतिरेबापत कैद गर्नुपर्दा भन्सार ऐन, २०६४ को दफा ५७(१) को (च) बमोजिम हुने अधिकतम कैद सजाय ५ वर्षको आधाले हुन आउने २ वर्ष ६ महिना मात्र कैद गर्नुपर्ने थियो । सो अनुसार म मिति २०७०/०८/१९ गतेबाट थुनामा रही उच्च अदालत, पाटनबाट फैसला हुँदासम्म २ वर्ष ११ महिना २६ दिन कैदमा बसिसकेकोले फैसला भएको मितिमा नै मैले कैदबाट छुट्कारा पाउनुपर्नेमा सो नगरी मलाई विपक्षीहरूले थुनामा नै राखेको छ । उच्च अदालतको उक्त फैसलाको तपसिल खण्डमा प्रतिवादीलाई बिगोबमोजिम रू.४,०६,६३,५७५।- जरिवाना हुने ठहरेकोले निज प्रतिवादीलाई लागेको जरिवानामध्ये निज मिति २०७०/०८/१९ गतेबाट हालसम्म २ वर्ष ११ महिना २६ दिन थुनामा रही दण्ड सजायको ५३ नं. अनुसार दिन १ को रू.२५ का दरले जम्मा जरिवाना रू.२६,९००।- भुक्तान गरिसकेको देखिँदा सो कट्टा गरी बाँकी रहेको जरिवाना रू.४,०६,३६,६७५।- दाखिला गरे आजै कैदबाट मुक्त गरिदिनू, नबुझाए दण्ड सजायको ३८(२) अनुसार सो जरिवानाबापत आजका मितिले हुन सक्ने कैदको उपल्लो हदको आधा २ वर्ष ६ महिना अर्थात् मिति २०७६/०१/२२ सम्म कैदमा राखी मिति २०७६/०१/२३ का दिन कैदमुक्त गरिदिनु भनी सिन्धुपाल्चोक जिल्ला अदालत र सम्बन्धित कारागार कार्यालयमा समेत लेखी पठाउनु भन्ने उल्लेख भएको रहेछ । यसरी जरिवानाबापत कैदको हिसाब गर्दा म थुनामा बसेको मितिबाट गणना गरी मलाई कैदमुक्त गर्नुपर्नेमा सो हिसाब नगरी फैसला भएको मितिदेखि पुनः २ वर्ष ६ महिना कैदमा राख्ने गरी तपसिलमा उल्लेख गरेको गैरकानूनी छ । त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन ।

मिति २०७३/०९/१४ मा यस अदालतबाट विपक्षीका नाममा कारण देखाउ आदेश जारी भएको ।

यसमा यस उच्च अदालत, पाटनबाट भएको मिति २०७३/०७/०३ को फैसलाको तपसिल खण्डमा प्रतिवादीलाई बिगोबमोजिम रू.४,०६,६३,५७५।- जरिवाना हुने ठहरेकोले निज प्रतिवादीलाई लागेको जरिवानामध्ये निज मिति २०७०/०८/१९ गतेबाट हालसम्म २ वर्ष ११ महिना २६ दिन थुनामा रही दण्ड सजायको ५३ नं. अनुसार दिन १ को रू.२५।- का दरले जम्मा जरिवाना रू.२६,९००।- भुक्तान गरिसकेको देखिँदा सो कट्टा गरी बाँकी रहेको जरिवाना रू.४,०६,३६,६७५।- दाखिला गरे आजै कैदबाट मुक्त गरिदिनु, नबुझाए दण्ड सजायको ३८(२) अनुसार सो जरिवानाबापत आजका मितिले हुन सक्ने कैदको उपल्लो हदको आधा २ वर्ष ६ महिना अर्थात् मिति २०७६/०१/२२ सम्म कैदमा राखी मिति २०७६/०१/२३ का दिन कैदमुक्त गरिदिनु भनी सिन्धुपाल्चोक जिल्ला अदालत र सम्बन्धित कारागार कार्यालयमा समेत लेखी पठाउनु भन्ने उल्लेख भएको हो । निवेदकले सो फैसलाको सामान्य त्रुटि सच्याई पाउँ भनी निवेदन गरेकोमा इजलाससमक्ष पेस हुँदा यसमा निवेदकले संशोधन गरिपाउँ भनी माग गरेको विषय न्याय प्रशासन ऐन, २०७३ को दफा ३ एवम् उच्च अदालत नियमावली, २०७३ को नियम ११५ मा

उल्लेख भएअनुसारको आदेशको लेखाइ वा छपाइमा परेको सामान्य त्रुटि भन्ने नदेखिँदा मागबमोजिमको संशोधन गर्न मिलेन भन्ने मिति २०७३/०९/०४ मा आदेश भएको छ। उक्त आदेश कानूनसम्मत भएकोले निवेदन मागअनुसार रिट जारी हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको उच्च अदालत, पाटनको लिखित जवाफ।

अधिकारप्राप्त निकाय तथा अधिकारीको आदेशले निवेदकलाई यस कार्यालयले कानूनबमोजिम थुना वा कैदमा राखेको हुँदा यस कार्यालयको हकमा उक्त रिट निवेदन खारेज भागी भएकोले खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कारागार कार्यालय, जगन्नाथदेवलको लिखित जवाफ।

निवेदकले यस अदालतलाई विपक्षी बनाउनुपर्ने कुनै कारण छैन । तसर्थ निवेदन मागबमोजिम यस अदालतका नाममा रिट आदेश जारी हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको सिन्धुपाल्चोक जिल्ला अदालतको लिखित जवाफ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की, श्री लभप्रसाद मैनाली, श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री कमलमणि श्रेष्ठले भन्सार ऐन, २०६४ को दफा ५७(१)(च) मा अधिकतम कैद सजाय ५ वर्ष तोकेको छ । जरिवानाको सजाय भएकोमा सो जरिवाना नतिरेकोले कैद गर्दा दण्ड सजायको ३८ नं.को देहाय २ अनुसार हुने अधिकतम कैद सजायको आधाभन्दा बढी गर्न पाइँदैन । सोअनुसार यी निवेदकलाई जरिवानाबापत कैद गर्दा जम्मा २ वर्ष ६ महिना मात्र कैद गर्नुपर्दछ। सो २ वर्ष ६ महिनाको अवधि निज पुर्पक्षको लागि थुनामा बसेको मितिबाट नै गणना गरिनुपर्दछ। फैसला भएको मितिबाट उक्त कैद सजाय गणना गर्दा यी निवेदक कानूनबाट प्राप्त सुविधाबाट वञ्चित हुन पुगी निजको स्वतन्त्रता नै गुम्न जाने हुन्छ भनी बहस गर्नुभयो । यसैगरी विपक्षीहरूको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता गीता तिम्सिनाले फैसलामा चित्त नबुझे पुनरावेदन गर्नु भनी यी निवेदकलाई पुनरावेदनको म्याद दिएको नै छ । यदि फैसलामा उल्लेख भएको कुनै कुरामा उक्त मुद्दाका प्रतिवादी यी निवेदकलाई चित्त नबुझेको भए पुनरावेदन गर्नुपर्नेमा सो नगरी रिटको माध्यमबाट यस अदालतमा प्रवेश गरेको मिलेको छैन। न्यायिक निकायले कानूनबमोजिम गरेको फैसलामा उल्लेख भएको कुरालाई रिट जारी गरी बदर गराउन नमिल्ने हुँदा रिट खारेज गरिपाउँ भनी बहस गर्नुभयो। यसरी दुवै पक्षका तर्फबाट प्रस्तुत बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा निवेदन मागअनुसारको रिट जारी हुन्छ वा हुँदैन भन्ने विषयमा नै विचार गर्नुपर्ने हुन आयो।

यसमा वादी नेपाल सरकार र प्रतिवादी यी निवेदक ल्हामू तामाङ भएको सुन चोरी पैठारी मुद्दमा सिन्धुपाल्चोक जिल्ला अदालतबाट यी निवेदकलाई कैद वर्ष ३ र जरिवाना रू.४,०६,६३,५७५।- जरिवाना हुने ठहरी फैसला भएको पाइयो । सो फैसलाउपर यी निवेदकको पुनरावेदन परी उच्च अदालत, पाटनबाट निजलाई तीन वर्ष कैद हुने ठहऱ्याएसम्म फैसला केही उल्टी गरी निजलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) अनुसार बिगोबमोजिम रू.४,०६,६३,५७५।- जरिवाना मात्र हुने ठहरी फैसला भएको देखिन्छ। सो फैसलाको तपसिल खण्डमा प्रतिवादीलाई बिगोबमोजिम रू.४,०६,६३,५७५।- जरिवाना मात्र हुने ठहरेकोले निज प्रतिवादीलाई लागेको जरिवानामध्ये निज मिति २०७०/०८/१९ गतेबाट हालसम्म २ वर्ष ११ महिना २६ दिन थुनामा रही दण्ड सजायको ५३ नं. अनुसार दिन १ को रू.२५ का दरले जम्मा जरिवाना रू.२६,९००।- भुक्तान गरिसकेको देखिँदा सो कट्टा गरी बाँकी रहेको जरिवाना रू.४,०६,३६,६७५।- दाखिला गरे आजै कैदबाट मुक्त गरिदिनु, नबुझाए दण्ड सजायको ३८ (२) अनुसार सो जरिवानाबापत आजका मितिले

हुन सक्ने कैदको उपल्लो हदको आधा २ वर्ष ६ महिना अर्थात् मिति २०७६/०१/२२ सम्म कैदमा राखी मिति २०७६/०१/२३ का दिन कैदमुक्त गरिदिनु भनी सिन्धुपाल्चोक जिल्ला अदालत र सम्बन्धित कारागार कार्यालयमा समेत लेखी पठाउनु भन्ने उल्लेख भएको देखियो। सोही तपसिल खण्डमा उल्लेख भएअनुसार यी निवेदकलाई कैदमा राखेको पाइयो। यसरी कैदमा राखेउपर यी निवेदकको आफूले जरिवाना नतिरे बापत २ वर्ष ६ महिना कैदमा बस्नुपर्ने अवधि मिति २०७०/०८/१९ गतेदेखि उच्च अदालतबाट फैसला हुँदाको मिति २०७३/०७/२३ सम्म जम्मा २ वर्ष ११ महिना २६ दिन थुनामा वा कैदमा बसी भुक्तान गरिसकेकोले आफूलाई उक्त फैसला भएकै मितिमा कैदमुक्त गर्नुपर्नेमा नगरेकोले बन्दी प्रत्यक्षीकरणको रिट जारी गरी थुनामुक्त गरिपाउँ भनी यस अदालतमा प्रस्तुत निवेदन दर्ता हुन आएको छ। उक्त फैसलाको तपसिल खण्डमा उल्लेख भएको उपर्युक्तानुसारको व्यहोरा संशोधन गरिपाउँ भनी यी निवेदकले निवेदन दर्ता गराएकोमा उच्च अदालत, पाटनबाट यसमा निवेदकले संसोधन गरिपाउँ भनी माग गरेको विषय न्याय प्रशासन ऐन, २०७३ को दफा ३ एवम् उच्च अदालत नियमावली, २०७३ को नियम ११५ मा उल्लेख भए अनुसारको आदेशको लेखाइ वा छपाइमा परेको सामान्य त्रुटि भन्ने नदेखिँदा मागबमोजिमको संशोधन गर्न मिलेन भनी मिति २०७३/०९/०४ मा आदेशसमेत भएको पाइएको छ।

२. उपर्युक्तानुसारको सन्दर्भमा यी निवेदकको मागअनुसार आदेश जारी गर्न मिल्छ, मिल्दैन ? भन्ने सम्बन्धमा विचार गर्दा यससम्बन्धी कानूनी व्यवस्थाका बारेमा विवेचना गर्नुपर्ने हुन आयो। मुलुकी ऐ,न दण्ड सजायको महलको ३८ नं.को देहाय २ मा कैद वा जरिवानामध्ये कुनै वा दुवै सजाय हुन सक्ने अपराधमा जरिवाना मात्रको सजाय भएकोमा सो जरिवाना नतिरेबापतको कैदको सजाय ठेक्नुपर्दा सो अपराधमा हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यस कानूनी व्यवस्थाअनुसार कैद वा जरिवानामध्ये कुनै वा दुवै सजाय हुन सक्ने अपराधमा जरिवाना मात्र भएकोमा सो जरिवाना नतिरी सोबापत कैद गर्नुपर्दा जतिसुकै जरिवाना भएमा पनि हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने गरी कैदमा राख्नुपर्ने देखिन्छ। यसैगरी यस सम्बन्धमा यस अदालतबाट रिट निवेदकलाई जरिवाना मात्रको सजाय भएको हुनाले मुलुकी ऐन, दण्ड सजायको ३८(२) नं. बमोजिम जरिवानाको कैद ठेक्नुपर्दा सो अपराधमा हुन सक्ने कैदको उपल्लो हदको आधा मात्र ठेक्नुपर्ने भनी (ने.का.प.२०४९, अंक १, नि.नं.४४६०) मा सिद्धान्तसमेत प्रतिपादित छ। यसबाट यस्तो अवस्थामा दण्ड सजायको ५३ नं. अनुसारको सरकारी बिगो जरिवानासमेत कुनै सरकारी रकमबापत कैद ठेक्नुपर्दा १ दिनको २५ रूपैयाँका दरले कैद ठेक्नुपर्छ भन्ने व्यवस्थाअनुसार जरिवाना बराबरको रकम नबुझुञ्जेलसम्म थुनामा नै राखिरहनुपर्छ भन्ने स्थिति देखिँदैन। अब यी निवेदकलाई अभियोग माग दाबी अनुसार कैद हुने उपल्लो हद कति हो भनी हेर्दा यी निवेदकलाई भन्सार ऐन, २०६४ को दफा ३८ र ५७(१) बमोजिमको कसुर गरेको ठहर भई निजलाई सुरूले ऐ.को दफा ५७(१)(च) अनुसार ३ वर्ष कैद र ऐ.को दफा ५७(१) अनुसार बिगोबमोजिम जरिवाना गरेको सुरू फैसला केही उल्टी अर्थात् कैद गरेको हकमा सम्म उल्टी भई सोही ऐनको दफा ५७(१) अनुसार बिगोबमोजिम जरिवाना मात्र भएको पाइएको छ। उक्त दफा ५७(१)(च) मा ३ वर्षदेखि ५ वर्षसम्म कैद हुन सक्ने प्रावधान रहेको छ। अर्थात् यी निवेदकलाई अभियोग माग दाबी अनुसारको ऐनको दफाअनुसार अधिकतम ५ वर्षमात्र कैद हुन सक्ने देखिन्छ। यसरी अधिकतम ५ वर्ष मात्र कैदसमेत हुन सक्ने कसुरमा जरिवाना मात्र भएको अवस्थामा

दण्ड सजायको ३८ नं. को देहाय २ अनुसार जरिवाना नतिरी जरिवानाबापत कैद ठेक्नुपर्दा सो ५ वर्षको आधा २ वर्ष ६ महिना मात्र कैद तोक्नुपर्ने प्रष्ट हुन्छ।

३. यसरी निवेदकलाई जरिवाना नतिरेबापत कैदमा राख्नुपर्दा २ वर्ष ६ महिना मात्र कैदमा राखिनेमा उक्त कैदको गणना निज थुनामा बसेको मितिबाट नै कट्टा हुने हो वा फैसला भएको मितिबाट सो अवधि गणना हुने गरी कैदमा राख्नुपर्ने हो भन्ने सम्बन्धमा विचार गर्नुपर्ने हुन आयो। मुलुकी ऐन, अदालती बन्दोबस्तको १२० नं.मा पुर्पक्षको निमित्त थुनामा रहेको व्यक्तिलाई मुद्दा फैसला हुँदा लाग्ने ठहरिएको जरिवाना वा कैदको सजायको अङ्कमा निज थुनिएको दिन मिनाहा दिई बाँकी मात्र असुल गरिने वा कैद गरिनेछ भन्ने व्यवस्था रहेको छ । यसै व्यवस्थाअनुसार प्रतिवादीलाई हुने सजाय निज प्रहरी हिरासतमा रहेकै मितिबाट गणना गरी निजलाई हुने सजायको हिसाब गरिनुपर्ने हुन्छ । जरिवाना नतिरेबापत कैदको सजाय गर्नुपर्दा फैसला भएको मितिबाट मात्र लागू हुने गरी छुट्टै हिसाब गर्नुपर्ने गरी कानूनी व्यवस्था रहे भएको पाइँदैन। कैदको प्रकृति हेर्दा त्यसलाई कैदको नै सजाय भई कैद बस्नुपर्नेलाई एक प्रकारको र जरिवानाबापत कैद बस्नुपर्नेलाई अर्को प्रकारको भनी फरक छुट्याउन सकिँदैन । जे जसरी कैद बस्नुपरे पनि कैदको प्रकृति एउटै हुन्छ । त्यसैले फैसलामा कैदको सजाय तोकिएकोमा थुनामा परेको मितिबाट गणना गर्ने र जरिवानाबापत कैदमा बस्नुपरेमा फैसला भएको मितिबाट मात्र गणना गरिने भनेबाट एउटै प्रकृतिको विषयवस्तुमा दोहोरो मापदण्ड अपनाई असमानता सिर्जना हुन गएको मानिने हुन्छ । जरिवानाबापत कैदमा राख्दाको अवधिलाई फैसला भएको मितिबाट मात्र गणना गर्ने गरी छुट्टै कानूनी व्यवस्था नभएको अवस्थामा निजलाई जरिवानाबापत कैद तोक्नुपर्दा फैसला भएको मितिबाट हिसाब गर्ने हो भने निजले अगाडि अनुसन्धान तथा पुर्पक्षका क्रममा व्यतित गरेको थुनाको कुनै औचित्यता पुष्टि हुन नसकी व्यक्ति अन्यायमा पर्न जाने देखिन्छ। त्यसैले जरिवाना नतिरेबापत हुने कैदको हिसाब गर्दा पनि निज पक्राउ परेको दिनदेखि नै लागू हुने गरी एकमुष्ठ हिसाब गर्नुपर्ने हुन्छ।

४. अब विपक्षीहरूले फैसलाको तपसिल खण्डमा प्रतिवादीलाई रू.४,०६,६३,५७५।- जरिवाना मात्र हुने ठहरेकोले सो जरिवानामध्ये निज मिति २०७०/०८/१९ गतेबाट हालसम्म २ वर्ष ११ महिना २६ दिन थुनामा रही दण्ड सजायको ५३ नं. अनुसार दिन १ को रू.२५ का दरले जम्मा जरिवाना रू.२६,९००।- भुक्तान गरिसकेकोले सो कट्टा गरी बाँकी रहेको जरिवाना रू.४,०६,३६,६७५।- दाखिला गरे आजै कैदबाट मुक्त गरिदिनु, नबुझाए सोबापत आजका मितिले २ वर्ष ६ महिना अर्थात् मिति २०७६/०१/२२ सम्म कैदमा राख्नु भनी उल्लेख भएकोले निजलाई कैदमुक्त नगरिएको हो भनी आफ्नो लिखित जवाफमा उल्लेख गरेको पाइन्छ। यसरी फैसला हुँदासम्मको दिन १ को रू.२५ का दरले भएको जरिवानामा कटाउने र सो कटाई बाँकी रहन गएको जरिवानाको हकमा मात्र हुने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने गरी कैदमा बस्नुपर्ने भन्ने तपसिल खण्डको व्यहोरा कुन कानूनका आधारमा हो भन्ने केही खुलाएको पाइँदैन । साथै सम्बन्धित कानूनी व्यवस्था हेर्दा पनि यस्तो किसिमको प्रावधान रहे भएको देखिन आएन । यस्तो कानूनी व्यवस्थाभन्दा बाहिर गई गरेको निर्णय वा निर्णयको विषयवस्तुबाट सम्बन्धित पक्षलाई मार्का पर्न गएमा निजलाई उचित उपचार प्रदान गर्न यस अदालतले त्यस्तो निर्णय वा निर्णयको कुनै अंश बदर गर्न उपयुक्त आदेश जारी गर्न सक्ने नै हुन्छ। प्रस्तुत सन्दर्भमा पनि फैसलाको तपसिल खण्डमा उल्लेख गरेको उक्त विषय कुनै पनि कानूनी व्यवस्था तथा तर्कबाट समर्थन नभइरहेको साथै उक्त मुद्दाका प्रतिवादी यी निवेदकलाई सो तपसिल खण्डमा उल्लिखित विषयले कानूनी सुविधा उपयोगमा वञ्चित गरी मार्का

पर्न गएको अवस्थामा यस अदालतबाट उपचार प्रदान गरिने नै हुन्छ । फैसलाको तपसिल खण्डमा उल्लेख गरे पनि कानूनले समर्थन गर्न नसक्ने कुरालाई पक्षलाई मार्का पर्ने गरी कार्यान्वयन गर्न मिल्दैन । बन्दीप्रत्यक्षीकरणको उद्देश्य गैरकानूनी थुनाबाट मुक्त गर्नु नै हुन्छ । कानूनअनुसार अदालतबाट भएको फैसलाअनुरूपको जरिवाना सजाय तिर्न नसकेबापत कैदमा बस्नुपर्ने अवधि भुक्तान भइसकेपश्चात्को थुनालाई कानूनी थुना मान्न सकिँदैन ।

५. अतः माथि विवेचित आधार तथा कारणबाट यी निवेदकलाई सुन चोरी पैठारी मुद्दामा उच्च अदालत, पाटनबाट मिति २०७३/०७/२३ मा भएको रू.४,०६,६३,५७५।- जरिवाना नतिरे नबुझाएबापत सो मुद्दामा भन्सार ऐन, २०६४ को दफा ५७(१)(च) अनुसार निजलाई हुनसक्ने अधिकतम कैद वर्ष ५ को मुलुकी ऐन अ.बं. दण्डसजायको महलको ३८ नं. को देहाय २ बमोजिम हुने आधा अवधि अर्थात् २ वर्ष ६ महिनासम्मको कैद सजाय यी प्रतिवादी थुनामा परेको अवधिबाट नै गणना गर्नुपर्ने हुँदा सोअनुसार गणना गर्दा सो कैद अवधि निजले भुक्तान गरिसकेको देखिएकोले निजलाई कैदबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोले यी निवेदक ल्हामू तामाङलाई अन्य कुनै कारणले थुनामा राख्नु नपर्ने भए उक्त सुन चोरी पैठारी मुद्दामा आजै कैदबाट मुक्त गरिदिनु भनी सम्बन्धित जिल्ला अदालतमार्फत सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइदिनु भनी फैसला भएको मिति २०७३/०९/२८ मा संक्षिप्त आदेश भइसकेकोले सो सम्बन्धमा केही गरिरहन परेन । अब उच्च अदालत, पाटनको मिति २०७३/०७/२३ को फैसलाअनुसार यी निवेदकको नाममा फैसला भएको मितिले २ वर्ष ६ महिनाको कैदको लगत कट्टी नगरेको भए सो कट्टा गरिदिनु भनी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतमा लेखी पठाइदिनू ---१

आदेशको प्रतिलिपिसहितको जानकारी विपक्षीहरूलाई दिनू ---२

प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू --------------------------३

उक्त रायमा सहमत छु ।

न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत : यदुराज शर्मा

इति संवत् २०७३ साल पौष २८ गते रोज ५ शुभम् ।

निर्णय नं. ९८६५

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा

फैसला मिति : २०७३।१२।१५

०७०-CI-०३३०

मुद्दा : निषेधाज्ञा

पुनरावेदक / निवेदक : बखतमान तुलाधरकी बुहारी, कृष्ण तुलाधरकी श्रीमती काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३ बस्ने प्रेमशोभा तुलाधर

विरूद्ध

प्रत्यर्थी / विपक्षी : कुलनारायण महर्जनको नाति, देवनारायण महर्जनको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २२ बस्ने महेश महर्जन

- **राजीनामा पारित गरी रजिष्ट्रेशनसमेत भएको लिखतविपरीत समान अवस्थामा अर्को घरसारको लिखत भएको छ भन्दैमा घरसारको लिखितले मान्यता प्राप्त गर्नसक्ने अवस्था नहुने ।**

(प्रकरण नं.६)

- **करारद्वारा सिर्जित करारीय हक र दायित्वले कानूनी हक र दायित्वलाई समाप्त गर्न अनि कानूनी हक र दायित्व समाप्त गरी छुट्टै हक र अधिकार सिर्जना गर्न नसक्ने ।**

(प्रकरण नं.७)

- **कानूनद्वारा सिर्जित हक र दायित्वका विषयमा त्यसको बर्खिलाप हुने गरी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।**
- **निषेधाज्ञाको आदेश मूलतः कुनै निकाय वा अधिकारी वा व्यक्तिले अवैध वा अनधिकृत कार्य गरी कसैको कानूनी अधिकारमा आघात पुर्‍याउने आशंकाको अवस्थामा सो कार्य रोक्नका लागि जारी गरिने आदेश हो । निषेधाज्ञाको आदेश जारी हुन विवादित विषयमा निवेदकको निर्विवाद हक वा स्वामित्व भएको हुनुपर्ने ।**
- **निषेधाज्ञाको अर्थ कुनै व्यक्तिको निर्विवाद हकमा हुन जाने अवरोधलाई निषेध गर्नु हो तर कुनै व्यक्तिको हक सिर्जना गर्नु वा समाप्त गर्नु होइन । विवादित कार्यबाट हुने नोक्सानीलाई रोक्न र बढी हानि हुनबाट बचाउन निषेधाज्ञा जारी गरिन्छ । यो अस्थायी प्रकृतिको आदेश हो । निवेदकले विवादित विषयमा आफ्नो निर्विवाद हक देखाउन नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी नहुने ।**

(प्रकरण नं.८)

- **करार सम्बन्धमा छुट्टै कानूनी मार्ग हुँदाहुँदै अन्य क्षेत्राधिकारमार्फत निषेधाज्ञाको आदेश जारी गरी करारका विषयवस्तुमा भएको कानूनी व्यवस्थालाई निस्तेज तुल्याउने गरी आदेश गर्नु उपयुक्त र मनासिब हुँदैन । करारीय दायित्वको विषयमा सोही ऐन नै आकर्षित हुनु उपयुक्त हुने ।**
- (प्रकरण नं.९)

पुनरावेदक / निवेदक :

प्रत्यर्थी / विपक्षी :

अवलम्बित नजिर :

- स.अ.बुलेटिन वर्ष १९, अंक ८, पूर्णाङ्क ४३४, पृ.३२

सम्बद्ध कानून :

- नागरिक अधिकार ऐन, २०१२ को दफा १७(१)
- करार ऐन, २०५६ को दफा ८७(१) र दफा ८७(२)

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

माननीय न्यायाधीश श्री द्वारिकामान जोशी

आदेश

न्या. विश्वम्भर प्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः

मलाई घर व्यवहार चलाउनका लागि रकमको आवश्यकता परेकोले विपक्षीसँग ऋण दिन माग गरेकोमा

धितो राखे ऋण दिन्छु भनेकोले मेरो नाममा दर्ता रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३ कि.नं. ३३६ को क्षेत्रफल ०-१-०-१ को घर जग्गा दृष्टिबन्धक राखी मलाई रू.५६,००,०००।– दिने कुरामा सहमत भई दृष्टिबन्धक पास गर्न मालपोत कार्यालय गएकोमा मलाई झुक्याई उक्त घरजग्गा राजीनामा पास गरेको थाहा पाई मानिसहरू भेला गराई छलफल गरी मिति २०६९/१/१७ मा हामीबीच करारको कागज भएको थियो । उक्त घरजग्गा पास भएको मितिले २ वर्षभित्र रकम दिए सो घरजग्गा फिर्ता गरिदिन्छु भन्ने कागज निजले गरिदिएका थिए । सो घरको माथिल्लो तलामा साईबाबाको मूर्ति राखी मन्दिर बनाई नित्य पूजा, भजन कीर्तनहरू गर्दै सो घरमा बस्दै आएकोमा साईबाबाको मूर्ति, मन्दिर अन्यत्र लिएर जाउ भनी धम्की दिने, भजन कीर्तन बिथोल्ने, बाहिरबाट ढोका राखी मलाई बस्नसमेत नदिएको, यहाँ बसे ज्यानसमेत जाने धम्की बराबर दिएकोले न्यायको शरणमा आएको छु । कसैले पनि कसैको व्यक्तिगत सम्पत्ति अपहरण गर्न पाइँदैन । त्यो घर म अरूलाई बेचिदिन्छु । बिक्रीमा छ भनी हिँड्दै गरेको र मैले निजलाई धितोसम्म राखेकोमा हाल निजले डर त्रास देखाई मेरो घरजग्गा हडप गर्ने विचार गर्दै रहेको आशंका लागिरहेको छ । निजले मलाई २ वर्षको म्याद दिएकोले सो म्यादको कागजसमेत गरिदिएको हुँदा सो म्यादसम्म निजले अन्यत्र बिक्री गर्न नपाउने हुँदा सो म्यादसम्म कसैलाई हक हस्तान्तरण, सुक्री बिक्री दान दातव्यसमेत नगर्नु नगराउनु भनी अन्तरिम आदेशसहितको निषेधाज्ञा जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदिका प्रेमशोभा तुलाधरको मिति २०६९/१०/१९ को निवेदन मागदाबी।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.१ को हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधीमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६९/१०/२१ को आदेश।

निवेदिका प्रेमशोभा तुलाधरको नाउँमा दर्ता रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३ कि.नं. ३३६ को घरजग्गा बिक्री गर्न आवश्यक भएको भनी निजलगायत एकासगोलका छोरासमेतको सहभागितामा म विश्वस्त भई उक्त घरजग्गा प्रचलित मूल्य तिरी मैले खरिद गरेको हुँ । मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६९/१/१७ र.नं. २०८०(क) को लिखतबाट राजीनामा पास गर्दाको अवस्थामा विपक्षी, निजका एकाघरका छोरासमेत साक्षीको रोहबरमा बसी पास भएको हो । निवेदिकाकी बुहारी रिमिला तुलाधरले काठमाडौं जिल्ला अदालतमा लिखत बदर र अंश मुद्दा दायर गरेकोमा निजले तारेख छोडी मुद्दा डिसमिस, तामेलीमा रहेको छ । कानूनीरूपमा वैधानिक तबरले अचल सम्पत्तिको स्वामित्व हस्तान्तरण भई मेरो निजी स्वामित्व तथा हक अधिकारमा प्राप्त भइसकेको उक्त कित्ताका घर जग्गाहरूमा विपक्षीको कुनै किसिमको हक अधिकार नै नभएकोले निज विपक्षी रिट निवेदिकाले नागरिक अधिकार ऐन, २०१२ को दफा ६ को हवाला दिँदै अधिकारबाट वञ्चित भयो भन्नुको पनि कुनै तुक छैन । किनकी यहाँ विपक्षीले दफा ६ को कुन उपदफाको अधिकार हनन् भयो भनी भन्न सक्नुभएको छैन । उल्टो नागरिक अधिकार ऐनलाई नै केलाएर हेर्ने हो भने दफा ६ को उपदफा ६ को अधिकारबाट चाँही म स्वामित्ववाला व्यक्तिको अधिकार हनन् भएको प्रष्ट छ । अतः निज विपक्षी मेरो निजी स्वामित्वको घरमा बसिरहनु र भजन कीर्तन गरिरहनु आवश्यकता नै छैन । अतः विपक्षी रिट निवेदिकालाई मैले गुण्डाहरू लगाएर धम्काउने वा तर्साउने कार्य गर्न जरूरी छैन, गरेको पनि छैन । कसैको व्यक्तिगत सम्पत्ति अपहरण गरी नलिएको र मेरो व्यक्तिगत

स्वामित्वमा आएको उक्त घर जग्गाको सम्पूर्ण अधिकार ममा नै निहित भएकोले विपक्षीले भने जस्तै मैले कोही कसैलाई सुक्री, बिक्री, दान दातव्य गर्न गराउनका लागि यस सम्मानित अदालतबाट विपक्षीको माग दाबीबमोजिम मेरो नाउँमा अन्तरिम आदेशसहितको निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नरहेकोले विपक्षीको झुट्ठा दाबीबाट अलग फुर्सद गरी रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी महेश महर्जनको मिति २०६९/११/१८ को पुनरावेदन अदालत, पाटनमा प्रस्तुत लिखित जवाफ।

यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "करारीय दायित्व रहेको विषयमा मर्का पर्ने पक्षहरूले अर्को पक्षउपर कानूनबमोजिम उपचारको बाटो अवलम्बन गर्नसक्ने नै देखिँदा त्यस्तो वैकल्पिक उपचारको बाटो रहेको करारीय दायित्वको विषयमा निषेधाज्ञा... आदेश आकर्षित हुन नसक्ने" भनी सर्वोच्च अदालत बुलेटिन, वर्ष १९, अंक ८, २०६७ साउन, १६-३१ पूर्णाङ्क ४३४, पृष्ठ ३२ (२०६५-CI-०००८) मा कानूनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको परिप्रेक्ष्यमा यी निवेदिकाले सर्तनामा अर्थात् करारद्वारा सिर्जित हकको प्रचलनका लागि दायर गरेको निवेदन माग दाबीबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज गरिदिएको भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७०/४/१८ गतेको फैसला।

यसमा पुनरावेदन अदालत, पाटनको फैसलामा चित्त बुझेन। यसै लगाउको करारको यथावत् परिपालना गरिपाउँ भन्ने विपक्षीसँगको विवादको फैसलामा विपक्षी र म पुनरावेदिकाको बीचमा २०६९/१/१७ मा भएको सर्तनामा लिखतलाई करारको रूपमा स्वीकार गरिएकोमा सो करारनामाको अवधिभर विवादित घरजग्गामा मेरो कानूनी हक सिर्जना भएकोमा सिर्जित अधिकार हनन् हुने स्थितिमा निषेधाज्ञा जारी नहुने गरी भएको आदेश त्रुटिपूर्ण रहेको छ। विपक्षी प्रत्यर्थीले करारनामाको भावनाप्रतिकूल हुने गरी घरजग्गा भोग गर्न बाधा अड्चन खडा गर्ने एवम् अन्यत्र बिक्री गर्ने भनी धाक धम्की दिनुभएको सन्दर्भमा आफ्नो लिखित जवाफमा उक्त गैरकानूनी कार्य आफूबाट भए गरेको छैन भनी प्रष्टरूपमा लेख्न नसक्नु भएको अवस्थामा प्रस्तुत विवादलाई छुट्टै विवेचना गरी निर्णय गर्नुपर्नेमा लगाउको करारको यथावत् परिपालना गरिपाउँ भन्ने विवादमा भएको आदेशलाई आधार मानी निवेदन खारेज हुने गरी भएको आदेश उल्टी गरी मेरो सुरू निवेदन मागबमोजिम हुने गरी करारको अवधिभर करारविपरीतका कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने यस अदालतमा दायर पुनरावेदन पत्र।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा घर व्यवहार चलाउनको लागि रकमको आवश्यकता परेकोले विपक्षीसँग काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३ कि.नं.३३६ को क्षेत्रफल ०-१-०-१ को घरजग्गा दृष्टिबन्धक राखी रू.५६,०००/- लिनेदिने कुरामा सहमत भई दृष्टिबन्धक पास गर्न मालपोत कार्यालयमा गएकोमा मलाई झुक्याई उक्त घरजग्गा राजीनामा पास गरेको थाहा पाई मानिसहरू भेला गराई छलफल गरी मिति २०६९/१/१७ मा हामीबीच उक्त घरजग्गा पास भएको मितिले २ वर्षभित्र रकम दिए सो घरजग्गा फिर्ता गरिदिने विपक्षीले करारको कागज गरिदिएकोमा सो कागजविपरीत सो घर बिक्रीमा छ भनी हिँड्ने, नित्य पूजा भजन कीर्तन गर्न बिथोल्ने, घरमा भएको मूर्ति मन्दिर अन्यत्र लिएर जाउ भनी धम्की दिने गरेको र मैले निजलाई हक हस्तान्तरण गरी दुई वर्षपछि फिर्ता लिने सर्तमा निजसँग रकम लिई सट्टामा निजलाई धितोसम्म राखेकोमा निजले २ वर्षको म्याद दिई कागज गरिदिएको अवस्थामा हाल निजले डरत्रास देखाई मेरो घरजग्गा हडप गर्ने विचार गर्दै रहेको आशंका रहेको हुँदा सो म्यादसम्म कसैलाई हक हस्तान्तरण, सुक्री, बिक्री, दान, दातव्यसमेत नगर्नु नगराउनु भनी अन्तरिम आदेशसहितको निषेधाज्ञा जारी गरीपाउँ भन्ने निवेदन दाबी रहेको छ। उक्त घरजग्गा मैले प्रचलित मूल्य तिरी खरिद गरेको हुँ। मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६९/१/१७ र.नं.२०८०(क)

को लिखतबाट राजीनामा पास गर्दाको अवस्थामा विपक्षीका एकाघरका छोरासमेत रोहबरमा साक्षी बसी पास भएको हो। निवेदिकाकी बुहारी रिमिला तुलाधरले काठमाडौं जिल्ला अदालतमा लिखत बदर र अंश मुद्दा दायर गरेकोमा निजले तारेख छोडी मुद्दा डिसमिस, तामेलीमा रहेको छ। कानूनीरूपमा वैधानिक तबरले स्वामित्व हस्तान्तरण भई प्राप्त उक्त घरजग्गाहरूमा विपक्षीको कुनै किसिमको हक अधिकार नभएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नरहेकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेकोमा निवेदन माग दाबीबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको भनी प्रस्तुत रिट निवेदन खारेज हुने ठहराई पुनरावेदन अदालत, पाटनबाट भएको आदेशउपर चित्त नबुझी निवेदिकाको यस अदालतमा पुनरावेदनपत्र दायर हुन आएको देखियो। तत्सन्दर्भमा पुनरावेदन अदालत, पाटनको आदेश मिलेको छ, छैन ? पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्ने, नपुग्ने के हो ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, निवेदनमा उल्लिखित विवादित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३, कि.नं. ३३६ को क्षेत्रफल ०-१-०-१ को घरजग्गा पुनरावेदक निवेदकबाट विपक्षीले मालपोत कार्यालय, काठमाडौंमा मिति २०६९/१/१७ र.नं.२०८० (क) को लिखतले राजीनामा पारित गरिदिएकोमा सोही मितिमा अर्को घरसारको लिखत गरी ऋण कर्जा स्वरूप लिएको रकम रू.५६,००,०००।– को कर्जा सुरक्षणबापत पारित गरिलिएको हुँदा हकभोग गर्न र उक्त साँवा ब्याज २ वर्षभित्र फिर्ता गर्न ल्याएमा उक्त रकम बुझी आज पास गरिदिएको घरजग्गा फिर्ता पास गरिदिनेछु भन्नेसमेतको व्यहोरा लेखिदिएको देखियो।

३. उक्त विवादित घरजग्गाको रजिष्ट्रेशन पारित भएको र घरसारमा दोहोरो लिखत गरिदिएको अवस्था मिसिल संलग्न रहेको फोटोकपी कागजातहरूबाट देखिन्छ।

४. उल्लिखित जग्गा आफूलाई झुक्याई दृष्टिबन्धकी राखिएकोमा राजीनामा पारित गरी लिएको अवस्थामा घरसारमा भएको लिखतबमोजिम भोगचलन गर्न अवरोध गरेको र बिक्री गर्ने हक हस्तान्तरण गर्ने आशंका उत्पन्न भएकोले निषेधाज्ञाको आदेश जारी गरी सो लिखतमा भएको म्याद २ वर्षसम्म अन्यत्र बिक्री गर्न नपाउने हुँदा कसैलाई हक हस्तान्तरण सुक्री, बिक्री, दान दातव्यसमेत नगर्नु नगराउनु भन्ने आदेश जारी गरिपाउँ भन्ने नै मुख्य जिकिर रहेको पाइयो।

५. तत्सन्दर्भमा निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने माग गरिएको सम्बन्धमा विद्यमान कानूनी व्यवस्थालाई हेर्दा तत्काल प्रचलित न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) ले "पुनरावेदन अदालतलाई आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानूनप्रदत्त हकमा आघात पुर्‍याएमा सो हकको प्रचलनको लागि आवश्यकताअनुसार उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा, बन्दीप्रत्यक्षीकरण, परमादेश वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुने" कानूनी व्यवस्था गरेको देखिन्छ। यसैगरी नागरिक अधिकार ऐन, २०१२ को दफा १७(१) मा भएको व्यवस्था हेर्दा, "यस ऐनद्वारा प्रदत्त आफ्नो कुनै अधिकारमा कसैले आघात गर्ने शंका लागेमा सम्बन्धित पुनरावेदन अदालत वा जिल्ला अदालतमा उजुरी दिन सकिनेछ" भन्ने र दफा १७(२) ले "त्यस्तो उजुरीमा जाँचबुझ गरी निषेधाज्ञाको आदेश दिनसक्ने" कानूनी व्यवस्था गरेको देखियो। यस परिप्रेक्ष्यमा उल्लिखित दुवै ऐनको व्यवस्थाले व्यक्ति वा नागरिकको कानूनी हकको संरक्षणको लागि तत्कालीन पुनरावेदन अदालतलाई कारवाही गर्ने अधिकार प्रदान गरेको नै देखिन आयो।

६. निवेदकले प्रस्तुत मुद्दामा विवादित घरजग्गा एकातिर राज्यद्वारा निर्दिष्ट गरेको आधिकारिक निकायबाट राजीनामा पारित गरी लिने दिने गरेको र अर्कोतर्फ सोही घरजग्गाको हकमा सोही दिन छुट्टै घरसारको लिखत गरी

लिनदिने काम भएको देखिन्छ । राजीनामा पारित गरी रजिष्ट्रेशनसमेत भएको लिखतविपरीत समान अवस्थामा अर्को घरसारको लिखत भएको छ भन्दैमा घरसारको लिखितले मान्यता प्राप्त गर्नसक्ने अवस्था हुँदैन ।

७. यी दुवै पक्षबीच विवादित घरजग्गाको रजिष्ट्रेशन पारित लिखत बमोजिम कानूनी हक हस्तान्तरण भइसकेको अवस्था देखिन्छ । सम्झौता वा करारबाट अचल सम्पत्तिको हक हस्तारण हुन सक्ने कानूनी व्यवस्था करार ऐन, २०५६ले गरेको पाइँदैन । निवेदिकाले पेस गरेको करारबाट विवादित घरजग्गामा निवेदकको हक अधिकार प्राप्त हुने हुँदैन । करारद्वारा सिर्जित करारीय हक र दायित्वले कानूनी हक र दायित्वलाई समाप्त गर्न अनि कानूनी हक र दायित्व समाप्त गरी छुट्टै हक र अधिकार सिर्जना गर्न सक्ने हुँदैन ।

८. कानूनद्वारा सिर्जित हक र दायित्वका विषयमा त्यसको बर्खिलाप हुने गरी निषेधाज्ञाको आदेश जारी गर्न पनि मिल्दैन । निषेधाज्ञाको आदेश मूलतः कुनै निकाय वा अधिकारी वा व्यक्तिले अवैध वा अनधिकृत कार्य गरी कसैको कानूनी अधिकारमा आघात पुऱ्याउने आशंकाको अवस्थामा सो कार्य रोक्नका लागि जारी गरिने आदेश हो । निषेधाज्ञाको आदेश जारी हुन विवादित विषयमा निवेदकको निर्विवाद हक वा स्वामित्व भएको हुनुपर्छ । निषेधाज्ञाको अर्थ कुनै व्यक्तिको निर्विवाद हकमा हुन जाने अवरोधलाई निषेध गर्नु हो तर कुनै व्यक्तिको हक सिर्जना गर्नु वा समाप्त गर्नु होइन । विवादित कार्यबाट हुने नोक्सानीलाई रोक्न र बढी हानि हुनबाट बचाउन निषेधाज्ञा जारी गरिन्छ । यो अस्थायी प्रकृतिको आदेश हो । निवेदकले विवादित विषयमा आफ्नो निर्विवाद हक देखाउन नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुँदैन ।

९. करार ऐन, २०५६ को दफा ८७(१) ले कुनै पक्षले सो करारको प्रकृति अनुसार गर्न नहुने कुनै काम कारवाही गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा त्यस्तो काम कारवाही वा व्यवहारबाट मर्का पर्ने पक्षले त्यस्तो काम कारवाही वा व्यवहार रोकी पाउन पुनरावेदन अदालतमा उजुरी दिन सक्ने र दफा ८७(२) ले त्यस्तो उजुरी परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो करारबाट उत्पन्न विवादको समाधान सो करार वा प्रचलित कानूनबमोजिम हुने गरी कुनै पक्षलाई निजको कुनै खास काम कारवाही वा व्यवहार तत्काल रोक्ने गरी उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । यस कोणबाट हेर्दासमेत प्रस्तुत विवादको विषयवस्तु करारसँग सम्बन्धित नै भएको र त्यस अर्थमा करार सम्बन्धमा छुट्टै कानूनी मार्ग हुँदाहुँदै अन्य क्षेत्राधिकारमार्फत निषेधाज्ञाको आदेश जारी गरी करारका विषयवस्तुमा भएको कानूनी व्यवस्थालाई निस्तेज तुल्याउने गरी आदेश गर्नु उपयुक्त र मनासिब हुँदैन । करारीय दायित्वको विषयमा सोही ऐन नै आकर्षित हुनु उपयुक्त हुन्छ ।

१०. यस सम्बन्धमा जयदेव भट्टसमेत विरूद्ध महेन्द्रनगर विकास समिति, महेन्द्रनगर कन्चनपुरसमेतसँगको निषेधाज्ञा मिश्रित परमादेश (०६५-CI-०००८), सर्वोच्च अदात बुलेटिन वर्ष १९, अंक ८, २०६७ साउन, पूर्णाङ्क ४३४, पृष्ठ ३२) मा "करारीय दायित्व रहेको विषयमा मर्का पर्ने पक्षहरूले अर्को पक्षउपर कानूनबमोजिम उपचारको बाटो अवलम्बन गर्न सक्ने नै देखिँदा त्यस्तो वैकल्पिक उपचारको बाटो रहेको करारीय दायित्वको विषयमा निषेधाज्ञा... आदेश आकर्षित हुन नसक्ने" भनी सिद्धान्त प्रतिपादन भइरहेको अवस्थामा करारीय दायित्व निर्वाह गर्न गराउन व्यवस्था गरिएको कानूनी मार्ग स्पष्ट हुँदाहुँदै वैकल्पिक उपचारको बाटो अवलम्बन गरी निषेधाज्ञाको आदेश जारी गर्नु उपयुक्त हुनेसमेत देखिएन ।

११. तसर्थ उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट निवेदन मागदाबीबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन खारेज गरिदिएको पुनरावेदन अदालत, पाटनबाट मिति २०७०/४/१८ मा भएको आदेश मिलेकै देखिँदा

सदर हुने ठहर्छ । पुनरावेदक निवेदिकाको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
इति संवत् २०७३ साल चैत्र १५ गते रोज ३ शुभम्

निर्णय नं. ९८६६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७३।०६।०९
०६५-WO-०४२०

मुद्दाः- उत्प्रेषण

निवेदक : जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ९ सिनामंगल बस्ने कृष्णराम विजयानन्दसमेत

विरूद्ध

विपक्षी : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

- **दुष्परिणाम सच्याउने कुराको आडमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई जुनसुकै विषयमा निर्णय गर्ने छुट प्रदान भएको सम्झन नमिल्ने ।**
- **जुन कामका लागि कानूनले जसलाई अधिकार दिएको छ, सो कार्य सोही निकाय वा अधिकारीले गर्नु पर्दछ । कानूनद्वारा अख्तियारी पाएका निकाय वा अधिकारीको क्षेत्राधिकारमा हस्तक्षेप वा संकुचन हुने गरी अन्य कुनै निकाय वा पदाधिकारीले अधिकार प्रयोग गर्न पाउँदैन । अधिकारविहीन निकायबाट भएको काम कारवाहीले कानूनी मान्यता पाउन सक्तैन । निर्णयको परिणाम सारमा जतिसुकै राम्रो भए पनि क्षेत्राधिकारविहीन निर्णयको कानूनी मान्यता नरहने ।**
- **कुनै जग्गाको दर्ता बदर गर्ने निर्णय गर्न पाउने अधिकार विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै कानूनले प्रदान गरेको देखिँदैन । आफूमा हुँदै नभएको अख्तियार प्रयोग गर्नु विपक्षी आयोगका लागि शोभनीय कुरा हुन नसक्ने ।**

(प्रकरण नं. ३)

- **कसैको हक बेहक सम्बन्धमा निर्णय गर्दा कानून, तथ्य र प्रमाणको विवेकपूर्ण मूल्याङ्कन गरी निर्णय गर्ने अधिकारीले आफ्नो उत्तरदायित्वमा बुद्धिमत्ता र सदविवेक प्रयोग गरेको हुनु आवश्यक ठानिन्छ । कसैको निर्देशन वा प्रायोजनमा गरिने निर्णयलाई न्यायिक विवेकयुक्त निर्णय मान्न नमिल्ने ।**

(प्रकरण नं. ५)

- **सरकारी वा सार्वजनिक सम्पत्ति व्यक्तिको नाउँमा दर्ता हुन हुँदैन । सार्वजनिक सम्पत्ति सार्वजनिक नै कायम रहनु पर्दछ । कुनै सन्दर्भमा कुनै अमुक स्रेस्ता खडा हुन पुगेको कुराको आडमा कानूनको छिद्राण्वेषण गरी**

सार्वजनिक सम्पत्तिलाई निजी सम्पत्तिमा परिणत हुन दिनु आपत्तिजनक कुरा हुने ।

(प्रकरण नं. ६)

- **जग्गाको नापी हुँदा साबिक स्रेस्ताभन्दा केही नरबढी वा नरघटी हुनु स्वाभाविक मानिए पनि लगभग दोब्बर क्षेत्रफल देखिनु स्वाभाविक हुँदैन । जग्गाको चार किल्ला अर्थात् साँध सिमाना साबिकअनुसार उही यथावत् कायम रहेको अवस्थामा जग्गाको क्षेत्रफलसम्म पछि नापी हुँदा केही सामान्यरूपमा फरक पर्नुलाई नरबढी वा नरघटी मान्न सकिन्छ । आधारभूतरूपमा नै क्षेत्रफल धेरै देखिएकोलाई नरबढी भन्न नमिल्ने ।**
- **जग्गा दर्ता गर्ने कार्य कानूनी औपचारिकताको विषय मात्र नभएर उत्तरदायित्व वा जवाफदेहिताको विषय पनि हो । सरकारी वा सार्वजनिक जग्गा व्यक्तिका नाउँमा दर्ता गरिएमा स्वभावतः त्यस कुराको कानूनी उत्तरदायित्व पनि निर्णय गर्ने अधिकारीमा रहने ।**

(प्रकरण नं. ७)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल, शम्भु थापा, विद्वान् अधिवक्ता मुरारी सापकोटा

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्तात्रय डिल्लीरमण आचार्य, निर्मला भण्डारी र शरदप्रसाद कोइराला

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मालपोत ऐन, २०३४ को दफा २४

आदेश

न्या. ईश्वरप्रसाद खतिवडा : नेपाल अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

हामी निवेदकको नाउँमा साबिक भीमसेनगोला गाउँ पञ्चायत वडा नं. १(क) कि.नं. ९९ को क्षेत्रफल २-२-०-० र कि.नं. ९८ क्षेत्रफल ३-१३-२-० जग्गा निर्विवाद हक भोगमा रहेकोमा २०४५ सालमा पुनः सर्भे नापी हुँदा का.म.न.पा. वडा नं. १० सिट नं. १०२-११४७-०९ कि.नं. ११२ क्षेत्रफल ११-१-०-० कायम भएकोमा संयुक्त रूपमा भोगचलन गरी घर टहरा निर्माण गरी कन्टिनेन्टल एकेडेमी नामक स्कूललाई बहालमा दिएका छौं । सर्भे नापी भएपश्चात् हामी निवेदकले ज.ध.प्र. पुर्जा प्राप्त नहुँदै तत्कालीन श्री ५ को सरकारद्वारा गठित रावल आयोगको प्रतिवेदनअनुसार हामी निवेदकहरू र हामी निवेदकका जग्गा रहेको क्षेत्रको वरिपरिका जग्गाहरू समेत रोक्का रहेको हुँदा ज.ध.प्र.पुर्जा प्राप्त हुन सकेको थिएन । हामी निवेदकको जग्गाभन्दा उत्तर र दक्षिणतर्फका ज.ध. हरूले आ-आफ्नो ज.ध.प्र. पुर्जा लिएको भन्ने कुरा थाहा पाएपछि हामीले पनि स्रेस्ता पुर्जा अध्यावधिक गरिपाउँ भनी मिति २०६३।२।१४ मा द.नं. २३०९९ मा मालपोत कार्यालय डिल्लीबजार काठमाडौंमा निवेदन गरेको र उक्त कारवाहीको टुंगो लागेको छैन ।

उक्त कि.नं. ११२ को क्षेत्रफल ११-१-०-० जग्गालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६५।५।२० गते पुर्जा पठाउने सम्बन्धमा भनी मालपोत कार्यालय डिल्लीबजार काठमाडौंलाई "साबिक कि.नं. ९९ र ९८ क्रमशः क्षेत्रफल २-२-०-० र ३-१३-२-० को हाल नापी हुँदा कि.नं. ११२ क्षेत्रफल ११-१-०-० कायम गरी नापी भई यस जग्गामा साबिकको कि.नं. ९८ र ९९ तथा खोला उकासको सरकारी ६-०-२-० जग्गासमेत गाभी नापी भएको देखिएकोले कृष्णराम र विजयानन्दको नामको साबिकको कि.नं. ९८ र ९९ को क्षेत्रफल कायम कित्ता ११२ बाट कट्टा गरी सोको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि आयोगमा पठाउन मालपोत कार्यालयलाई

लेखी पठाउने भनी आयोगबाट मिति २०६५।५।१८ मा निर्णय भएकोले निर्णयानुसार कार्यान्वयन गरी आयोगलाई जानकारी पठाउनु हुन अनुरोध गरिन्छ" भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौं र श्री जागृती नगर विकास समितिलाई बोधार्थ दिई पत्र लेखिएको रहेछ। आयोगको उक्त पत्रानुसार मालपोत कार्यालय, डिल्लीबजारले मिति २०६५।५।२४ मा नापी कार्यालय, डिल्लीबजारलाई कि.का. गरी पठाइदिने भनी पत्र प्रेषित गरी नापी शाखा काठमाडौंले सो पत्र मुताबिक मिति २०६५।६।५ मा हाम्रो कि.नं. ११२ लाई कि.नं. ६४७ को क्षेत्रफल ६-०-२-० जग्गा नेपाल सरकारको नाममा बागमती नदी उकास भनी तथा बाँकी कि.नं. ६४८ को क्षेत्रफल ५-०-२-० जग्गा हामीहरूको रहने गरी नक्सामा कित्ताकाट गरी पठाएको रहेछ। मालपोत कार्यालय, डिल्लीबजारले मिति २०६५।६।९ गते आयोगको पत्रानुसार हुने गरी कि.नं. ११२ कि.का. गरी हाल कायम कि.नं. ६४७ क्षेत्रफल ३०६८.३४ (व.मी.) (६-०-२-०) नेपाल सरकार बागमती खोला घुसेकोतर्फ र कि.नं. ६४८ क्षेत्रफल २५६०.८६ व.मी. (५-०-२-०) बाँकी ज.ध. भनी कि.का. भई आएकोले कि.नं. ६४७ क्षेत्रफल ३०६८.३४ व.मी. (६-०-२-०) जग्गा नेपाल सरकारका नाममा स्रेस्ता खडा गरी सोको जानकारी अख्तियार दुरूपयोग अनुसन्धान आयोग र जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई दिनुपर्ने भन्ने टिप्पणी सदर भई हामीहरूको जग्गा नेपाल सरकारको नाउँमा कायम भएको भन्ने हल्ला सुनी उक्त निर्णयहरूको नक्कल मिति २०६५।९।३ मा सारी जानकारी हुन आयो।

विपक्षी आयोगको उपर्युक्त निर्णयबाट हामी निवेदकहरूको निर्विवाद हक भोगको उक्त जग्गालाई नापी शाखा, काठमाडौंबाट कित्ताकाट गरी मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६५।६।९ मा निर्णय गरी नेपाल सरकारको नाउँमा ज.ध. पुर्जासमेत तयार गर्नेलगायतका सम्पूर्ण निर्णय एवम् काम कारवाही अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८, मालपोत ऐन, २०३४ एवम् प्राकृतिक न्यायको सिद्धान्तसमेत प्रतिकूल भई निवेदकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१) र १९ द्वारा प्रदत्त मौलिक हकमा आघात पुग्नुको साथै प्रचलित नेपाल कानूनद्वारा प्राप्त कानूनी हकसमेत कुण्ठित भएकोले संविधानको धारा १०७(२) बमोजिम सम्मानित अदालतसमक्ष उपस्थित भएका छौं। हामी निवेदकको साबिक कि.नं. ९९ र ९८ को क्रमशः क्षेत्रफल २-२-०-० र ३-१३-२-० समेत कूल ज.रो. ५-१५-२-० रहेकोमा हालको क्षेत्रफल ११-१-०-० बाट ६-०-२-० घटाउँदा ५-०-२-० क्षेत्रफल मात्र बाँकी रहन्छ। जबकि हामी निवेदकको साबिक दर्ताको क्षेत्रफल ५-१५-२-० रहेको छ। यथार्थमा नापी हुँदाको अवस्थामा नरघटी वा नरबढी हुन्छ। नरबढी जग्गा सम्बन्धित जग्गाधनीकै हुने प्रष्ट छ। त्यसैले आयोगले आफूले गरेको निर्णयमा कुनै वस्तुनिष्ठ आधार अवलम्बन नगरी हाम्रो नरबढी जग्गा मध्येबाट लगत कट्टा गर्ने गरी दिएको निर्देशन सारतः गैरकानूनी रहेको छ। साथै नापी शाखा र मालपोत कार्यालय, डिल्लीबजारसमेतले हामी निवेदकलाई बुझ्दै नबुझी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्त र कानून प्रतिकूलसमेत रहेको हुँदा अख्तियार दुरूपयोग अनसन्धान आयोगको निर्णय र सो निर्णयको आधारमा भएको सम्पूर्ण काम कारवाही बदरभागी रहेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१), १९ द्वारा प्रदत्त सम्पत्तिको हकसमेतको मौलिक हक कुण्ठित भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत उत्प्रेषणको आदेश वा अन्य उपयुक्त आदेश जारी गरी प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।५।१८ को निर्णय तथा आयोगबाट प्रेषित पत्रहरूका साथै प्रत्यर्थी आयोगको निर्णयानुसार जारी भएको निर्देशन तथा प्रत्यर्थी मालपोत कार्यालयको मिति २०६५।६।९ को निर्णय एवम् प्रत्यर्थी नापी शाखाले गरेको कि.का. समेत बदर गरी पुनः कानूनबमोजिम निवेदकहरूलाई समेत प्रतिवाद गर्ने मौका प्रदान गरी प्रमाणको मूल्याङ्कन र तथ्यको विश्लेषण गरी निर्णय गर्नु भनी प्रत्यर्थीहरूको

नाममा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदक कृष्णराम विजयानन्दसमेतको निवेदन दाबी।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६५।१०।१२ को आदेश।

मालपोत कार्यालयको आदेशअनुसार कित्ताकाट गरेको र गर्नुपर्ने अवस्थासमेत हुँदा सोही अनुसार कित्ताकाटसम्म गरिएको हो । यस कार्यालयलाई विपक्षी बनाउन नपर्नेमा विपक्षी बनाई दायर गर्नु भएको विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने नापी कार्यालय डिल्लीबजार, काठमाडौंको लिखित जवाफ।

साबिक भिमसेनगोला वडा नं. १(क) कि.नं. ९९ को क्षेत्रफल २-२-०-० र कि.नं. ९८ को क्षेत्रफल ३-१३-२-० जग्गा पुनः नापीबाट का.म.न.पा. वडा नं. १० सिट नं. १०२-११४७-०९ कि.नं. ११२ को क्षेत्रफल ११-१-०-० कायम भएको छ । खोला उकासको सरकारी जग्गा ६-०-२-० समेत गाभिई नापी गराएको हुँदा कृष्णरामसमेतका नामको साबिक कि.नं. ९८ र ९९ को नाताबाट कायम भएको कि.नं. ११२ बाट कट्टा गरी सोको ज.ध. प्रमाण पुर्जाको प्रतिलिपि आयोगमा पठाउन मालपोत कार्यालयलाई लेखी पठाउने भनी मिति २०६५।५।१८ मा भएको निर्णयअनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट लेखी आएको र सोही आधारमा साबिक बागमती खोला घुसैकै तर्फ कि.का. गर्न नापी शाखामा पठाएकोमा कि.नं. ११२ बदर गरी ६४७ को क्षे.फ. ६-०-२-० नेपाल सरकारका नाममा र कि.नं. ६४८ को क्षेत्रफल ५-०-२-० बाँकी कायम भई कि.का. भई आएपश्चात् यस कार्यालयबाट भएको मिति २०६५।६।९ को निर्णयबाट सोहीबमोजिम कि.नं. ६४७ को जग्गा नेपाल सरकारको नाममा कायम गरिएको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय र निर्णय कार्यान्वयनतर्फ भएको आदेशसहितको जनाउ प्राप्त हुन आएपछि आदेशको पालना गरी निर्णय गरिएको हुँदा विपक्षीको मागदाबीबमोजिमको आदेश जारी हुनु नपर्ने हुँदा निवेदन खारेज गरिपाउँ भन्ने मालपोत कार्यालय, डिल्लीबजारको लिखित जवाफ।

साबिकको कि.नं.९८ र ९९ गरी क्षेत्रफल ५-१५-२-० रोपनी र हाल नापीमा का.म.न.पा. वडा नं. १० कि.नं. ११२ क्षेत्रफल ११-१-०-० कायम भई नापनक्सा भएको र खोला उकासको क्षेत्रफल ६-०-२-० जग्गा मिची भोगचलन गरेको देखिएको हुँदा उक्त सरकारी जग्गा कानूनबमोजिम संरक्षण हुनुपर्ने देखिएकोले हाल साबिक भएको कि.नं. ११२ बाट निवेदक कृष्णाराम विजयानन्दसमेतको नामको साबिक क्षेत्रफल कट्टा गरी बाँकी ६-०-२-० जग्गा नेपाल सरकारका नाममा दर्ता स्रेस्ता कायम गर्न मालपोत कार्यालय डिल्लीबजारलाई लेख्ने भनी यस आयोगबाट मिति २०६५।५।१८ मा निर्णय भएको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख ले कुनै अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउन सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने भएको र ऐ. ऐनको दफा २८(१)(ग) ले समेत कुनै पनि सरकारी निकायबाट भए गरेका त्रुटिलाई सच्याउन वा त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न सुझाव दिन सक्ने अधिकार आयोगलाई रहे भएकाले रिट निवेदकले उठाएको जिकिर कानूनसम्मत नहुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ।

अख्तियारको पत्रबमोजिम नापी शाखामार्फत नापनक्सा जाँच भई प्रमाणको मूल्याङ्कन गरी व्यक्तिको साबिकको दर्ता स्रेस्ताबमोजिमको जग्गा छुट्टयाई बाँकी जग्गा सार्वजनिक भई नेपाल सरकारका नाममा दर्ता स्रेस्ता तयार गर्ने गरी भएको निर्णय प्रचलित कानूनअनुरूपको भएको र उक्त सार्वजनिक सरकारी जग्गा हाल यस समितिको भोगाधिकारमा

भई सार्वजनिक प्रयोगमा ल्याई सकिएको स्थिति हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने जागृति नगर विकास समितिको लिखित जवाफ।

प्रचलित कानूनबमोजिम जिल्लास्थित सरकारी निकायबाट भए गरेका काम कारवाहीका सम्बन्धमा रिट निवेदकहरूले यस मन्त्रालयलाई विपक्षी बनाइएको उचित छैन । प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

मुद्दा विचाराधीन रहेको समयमा विवादित घर जग्गामा नै प्रतिकूल प्रभाव पार्ने गरी काम कारवाही गर्न विपक्षीहरू उद्यत रहेकोले प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म विवादित घर जग्गामा कुनै किसिमको कब्जा लिने कार्य नगर्नु र सो घर जग्गामा अतिक्रमण गर्ने गरी पर्खाललगायतका निर्माण कार्य नगर्नु नगराउनु, विद्यमान संरचनालाई यथास्थितिमा राख्नु भनी प्रत्यर्थीका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदक कृष्णराम विजयानन्दसमेतको निवेदन।

यसमा सबै प्रत्यर्थीहरूको लिखित जवाफ परी सकेको देखिँदा निवेदनको अन्तिम सुनुवाइ गर्नु नै उचित हुने देखिँदा सुनुवाइको लागि कानूनबमोजिम पेस गर्नू। अन्तरिम आदेश जारी गरी रहनु परेन भन्ने यस अदालतको मिति २०६६।४।१८ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत निवेदनसहितको मिसिल कागजात अध्ययन गरियो। निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दहाल, श्री शम्भु थापा र विद्वान् अधिवक्ता श्री मुरारी सापकोटाले निवेदकको नाउँको साबिक भीमसेनगोला गा. पं. वडा नं. १(क) कि.नं. ९९ को क्षेत्रफल २-२-०-० र कि.नं. ९८ क्षेत्रफल ३-१३-२-० गरी जम्मा क्षे.फ.५-१५-२-० जग्गा रहेको र सोही जग्गा २०४५ सालमा सर्भे नापी हुँदा का.म.न.पा. वडा नं. १० कि.नं. ११२ क्षेत्रफल ११-१-०-० कायम भई नापी भई केही नरबढीसम्म भएको हो। उक्त कि.नं. ११२ को क्षेत्रफल ११-१-०-० जग्गा सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंलाई पत्र लेखी साबिक कि.नं. ९९ र ९८ को क्रमशः क्षेत्रफल २-२-०-० र ३-१३-२-० को हाल नापीमा कि.नं.११२ क्षेत्रफल ११-१-०-० कायम भई खोला उकासको सरकारी ६-०-२-० जग्गा समेत गाभी नापी भएको भनी सो कट्टा गर्न आयोगबाट मिति २०६५।५।१८ मा निर्णय गरी निर्देशन दिएबमोजिम निवेदकलाई नबुझी प्राकृतिक न्याय सिद्धान्तविपरीत मालपोत कार्यालयबाट मिति २०६५।६।९ मा निर्णय भएको छ। नापी शाखाले गरेको कित्ताकाटसमेतका कामकारवाही, लेखिएका पत्र बदर गरी निवेदकको प्रमाण बुझी निर्णय गर्नु भनी परमादेशसमेतको आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

विपक्षीमध्ये जागृति नगर विकास समितिको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री निर्मला भण्डारी र श्री शरदप्रसाद कोइरालाले निवेदकको साबिक स्रेस्ताबमोजिमको जग्गामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै हस्तक्षेप नगरेको र साबिक स्रेस्ताबमोजिमको जग्गा छुट्टाई कामकारवाही भएको छ। केही जग्गासम्म नरबढी हुनेमा क्षे.फ. ६-०-२-० जग्गा नै नरबढी भएको भन्न मिल्दैन। सार्वजनिक नदी उकासको जग्गालाई नरबढी भएको भन्ने जिकिरसमेत कानूनसम्मत छैन। रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो। विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री डिल्लीरमण आचार्यले फिल्डबुकमा जनिएको कुरा दर्ता हकको अन्तिम प्रमाण होइन। निवेदकको साबिक स्रेस्ताबमोजिमको जग्गामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै हस्तक्षेप गरेको छैन । साबिक स्रेस्ताबमोजिमको जग्गा छुट्टाई भएको निर्णय एवम् कामकारवाही बदर हुनुपर्ने र कुनै आदेश जारी हुनुपर्ने नहुदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो। नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रमा पराजुलीले नेपाल

सरकारद्वारा गठित रावल आयोगले विवादको जग्गामा सरकारी जग्गा घुसेको भनी प्रतिवेदनमा उल्लेख गरेको र विवादको कि.नं.११२ मा साबिकको स्रोतभन्दा बढी जग्गा देखिएको छ । मालपोत ऐन, २०३४ को दफा २४(२) मा कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वत: बदर हुने र लगत कट्टा हुने कानूनी व्यवस्था रहेको छ। सोबमोजिम नै भएको काम कारवाही कानूनसङ्गत हुँदा निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

अब यसमा विपक्षीहरूबाट भए गरिएका निर्णय एवम् काम कारवाही कानूनअनुकूल छन् वा छैनन्? निवेदन मागबमोजिम आदेश जारी हुने हो, होइन? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकको नाउँमा साबिक भीमसेनगोला गा. पं. वडा नं. १(क) कि.नं. ९९ को क्षेत्रफल २-२-०-० र कि.नं. ९८ क्षेत्रफल ३-१३-२-० गरी जम्मा क्षे.फ.५-१५-२-० जग्गा रहेको तथ्यमा विवाद देखिएन। जग्गाको २०४५ सालमा सर्भे नापी हुँदा का.म.न.पा. वडा नं. १० कि.नं. ११२ क्षेत्रफल ११-१-०-० कायम भएको पाइयो। उक्त कि.नं. ११२ को क्षेत्रफल ११-१-०-० जग्गा सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय डिल्लीबजार काठमाडौंलाई पत्र लेखी साबिक कि.नं. ९९ र ९८ को हाल नापीबाट कायम भएको कि.नं. ११२ को जग्गामा बागमती खोला उकासको ६-०-२-० सरकारी जग्गासमेत गाभी नापी भएकोले सो कट्टा गर्न भनी आयोगबाट मिति २०६५।५।१८ मा निर्णय गरी निर्देशन दिएको पाइयो। उल्लिखित पत्रबमोजिम मालपोत कार्यालयले मिति २०६५।६।९ मा निर्णय गरेको र नापी शाखाले कित्ताकाट गरेको देखियो। कि.नं. ११२ को जग्गा कित्ताकाट हुँदा कि.नं. ६४७ को क्षेत्रफल ६-०-२-० नदी उकास भनी नेपाल सरकारको नाउँमा र बाँकी कि.नं. ६४८ को क्षेत्रफल ५-०-२-० जग्गा निवेदकहरूका नाउँमा कायम रहने गरी स्रेस्ता कायम गरिएको देखियो। उपर्युक्तबमोजिम कित्ताकाट गरी कि.नं. ६४७ को ६-०-२-० जग्गा नेपाल सरकारका नाउँमा दर्ता स्रेस्ता खडा गर्ने निर्णय गर्दा रिट निवेदकलाई बुझेको वा प्रतिवादको मौका प्रदान गरेको देखिन आएन। मालपोत कार्यालयबाट केवल अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयन गर्ने कार्यसम्म गरिएको पाइयो।

३. अब सर्वप्रथम अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रस्तुत विषयमा भएको निर्णय एवम् काम कारवाही कानूनअनुकूल छ वा छैन भनी विचार गर्नु आवश्यक देखिन्छ। विवादित जग्गा दर्ता गर्दा नदी उकास सार्वजनिक जग्गा घुसाई व्यक्तिको नाममा दर्ता गरिएकाले अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउन निर्णय गरी लेखी पठाएको भन्ने उक्त आयोगको जिकिर रहेको देखियो। तत्काल प्रचलित कानूनी व्यवस्थाअनुसार उक्त आयोगले "अनुचित कार्य" सम्बन्धमा छानबिन गर्न सक्ने र दुष्परिणाम सच्याउन सक्ने अख्तियारी पाएकोसमेत देखिन्छ। तर यो अख्तियारी प्रयोगका केही वाञ्छित सीमाहरू अवश्य छन्। दुष्परिणाम सच्याउने कुराको आडमा आयोगलाई जुनसुकै विषयमा निर्णय गर्ने छुट प्रदान भएको सम्झन मिल्दैन। खास खास विषयमा निर्णय गर्ने अधिकार कानूनले निश्चित निकाय वा अधिकारीलाई प्रदान गरेको पाइन्छ। जग्गा दर्ता गर्ने वा भएको दर्ता बदर गर्ने कार्य मालपोत ऐन, २०३४ लगायतका कानूनबमोजिम भूमि व्यवस्थापनसम्बन्धी कार्य गर्ने सरकारी निकायबाट गरिन्छ। जुन कामका लागि कानूनले जसलाई अधिकार दिएको छ, सो कार्य सोही निकाय वा अधिकारीले गर्नु पर्दछ। कानूनद्वारा अख्तियारी पाएका निकाय वा अधिकारीको क्षेत्राधिकारमा हस्तक्षेप वा संकुचन हुने गरी अन्य कुनै निकाय वा पदाधिकारीले अधिकार प्रयोग गर्न पाउँदैन। अधिकारविहीन निकायबाट भएको काम कारवाहीले कानूनी मान्यता पाउन सक्तैन। निर्णयको परिणाम सारमा जतिसुकै राम्रो भए पनि क्षेत्राधिकारविहीन निर्णयको कानूनी मान्यता

रहँदैन । कानूनको शासन, आधुनिक सार्वजनिक व्यवस्थापनसम्बन्धी मान्यता वा सार्वजनिक जवाफदेहिताको सिद्धान्त आदि कुनै पनि दृष्टिले हेर्दा पनि अधिकारक्षेत्रात्मक व्यवस्थाको अनुशीलन अनिवार्य देखिन्छ । अन्य निकाय वा पदाधिकारीबाट अख्तियारको दुरूपयोग हुन गएमा त्यसलाई कानूनको दायरामा ल्याउन भूमिका निर्वाह गर्नुपर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग स्वयम् अख्तियारको दुरूपयोगकर्ता हुन हुँदैन । यस पक्षमा विशेष सतर्कता र संवेदनशीलता अपनाउन वाञ्छनीय छ ।

४. मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सरकारी वा सार्वजनिक जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिएको रहेछ भने पनि त्यसले मान्यता पाउँदैन । त्यस प्रकारको दर्ता जहिलेसुकै पनि बदर हुन सक्तछ । यो कानून कार्यान्वयन गर्ने कर्तव्य, उत्तरदायित्व, अधिकार तथा जिम्मेवारी सम्बन्धित मालपोत अधिकृतमा रहेको देखिन्छ । कुनै जग्गाको दर्ता बदर गर्ने निर्णय गर्न पाउने अधिकार विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै कानूनले प्रदान गरेको देखिँदैन । आफूमा हुँदै नभएको अख्तियार प्रयोग गर्नु विपक्षी आयोगका लागि शोभनीय कुरा हुन सक्तैन । भ्रष्टाचारको प्रसङ्ग उठान भएको र छानबिन गरिएको अवस्था हुन्थ्यो भने प्रस्तुत विषयलाई केही फरक ढंगले हेर्नुपर्ने स्थिति पनि रहन्थ्यो । नदी उकास सार्वजनिक जग्गा व्यक्तिको नाउँमा दर्ता गराएको निष्कर्षमा पुगेको अवस्थामा सम्बन्धित अधिकारीहरू उपर कारवाही चलाई निजहरूलाई कानूनको दायरामा ल्याउनु आयोगको जिम्मेवारीको कुरा थियो । तर प्रस्तुत विवादको सन्दर्भमा त्यस प्रकारको अवस्था पनि देखिएन । यस अवस्थामा जग्गाको दर्ता बदर गर्नु भनी निर्णय गरेकोबाट विपक्षी आयोगले क्षेत्राधिकार नाघेर आफ्नो अधिकारको दुरूपयोग गरेको देखिन आयो । तसर्थ विपक्षी आयोगबाट मिति २०६५।५।१८ मा भएको विवादित निर्णय र तत्सम्बन्धी काम कारवाहीलाई कानूनअनुकूल मान्न मिलेन ।

५. विपक्षीमध्येको मालपोत कार्यालय, काठमाडौंबाट मिति २०६५।६।९ मा गरिएको विवादित निर्णयको औचित्यतर्फ विचार गर्दा उक्त निर्णयमा मूलतः दुई प्रकारका गम्भीर कानूनी त्रुटि विद्यमान रहेको देखिन आयो :

(क) कसैका विरूद्ध कुनै निर्णय गर्नुपूर्व निजलाई सुनुवाइको उचित अवसर दिनु अनिवार्य हुन्छ । प्राकृतिक न्यायको सिद्धान्तको रूपमा यस मान्यतालाई हाम्रो न्याय प्रणालीमा आत्मसात् गरिँदै आएको छ । सुनुवाइको अवसरबाट वञ्चित गरी भएका अनेकौं निर्णयहरू यस अदालतबाट बदर गरिएका छन् र सुनुवाइको मौका दिनुपर्ने कुरालाई अनिवार्यरूपमा पालना गर्नुपर्ने भनी पटक-पटक सिद्धान्त प्रतिपादन भएका छन् । यस प्रसङ्गमा विवादित निर्णय हेर्दा यी रिट निवेदकहरूलाई सुनुवाइको कुनै अवसर नै नदिई निर्णय गरिएको देखियो । विवादित कि.नं. ११२ को ११-१-०-० जग्गाको फिल्डबुकलगायतका नापी स्रेस्ता निवेदक कृष्णराम विजयानन्दसमेतका नाउँमा खडा भएको भन्ने तथ्य प्रस्तुत हुन आएको देखिन्छ । सो स्रेस्ता सही वा गलत जे जसरी तयार भएको भए पनि एउटा स्रेस्ता तयार भएपछि त्यसलाई अन्यथा कित्ताकाट, दर्ता आदि गर्नुपूर्व निवेदकहरूलाई सुनुवाइको अवसर प्रदान गर्नु आवश्यक थियो । तर त्यस प्रकारको मौका प्रदान गरिएको देखिएन । एकतर्फीरूपमा स्वेच्छाचारी तवरबाट जग्गाको कित्ताकाट गरी केही जग्गा नेपाल सरकारको नाउँमा दर्ता गर्ने गरी निर्णय गरिएको पाइयो । यसरी भएको निर्णयलाई कानूनको उचित प्रक्रिया अनुशरण गरी निर्णय भएको मान्न मिल्दैन ।

(ख) कसैको हक बेहक सम्बन्धमा निर्णय गर्दा कानून, तथ्य र प्रमाणको विवेकपूर्ण मूल्याङ्कन गरी निर्णय गर्ने अधिकारीले

आफ्नो उत्तरदायित्वमा बुद्धिमत्ता र सद्विवेक प्रयोग गरेको हुनु आवश्यक ठानिन्छ। कसैको निर्देशन वा प्रायोजनमा गरिने निर्णयलाई न्यायिक विवेकयुक्त निर्णय मान्न मिल्दैन। यस कुरालाई पनि कानूनी वा न्यायिक व्यवहारमा एक मान्य सिद्धान्तको रूपमा आत्मसात् गरी आएको छ। विपक्षी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०६५।६।९ मा भएको विवादित निर्णय हेर्दा मालपोत अधिकृतले तथ्य, कानून र प्रमाणको मूल्याङ्कन आफ्नो सद्विवेक प्रयोग गरेर निष्कर्षमा पुगेको नभई केवल विपक्षीमध्येको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अधिकारक्षेत्रात्मक त्रुटि गरी गरेको निर्णयको कार्यान्वयनसम्म गरेको देखिन आयो। यस प्रकारको निर्देशित वा प्रायोजित निर्णय त्रुटिपूर्ण मानिन्छन्। तसर्थ पनि विवादित मिति २०६५।६।९ को निर्णयलाई कानूनअनुकूल मान्न मिलेन।

६. अतः विपक्षीमध्येको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो क्षेत्राधिकार नाघी निर्णय गरी पत्राचार गरेको देखिएको, मालपोत कार्यालयले निर्णय गर्दा रिट निवेदकलाई बुझेको वा सुनुवाइको मौका प्रदान गरेको नदेखिएको र विवादित निर्णय गर्दा मालपोत कार्यालयले न्यायिक मन प्रयोग नगरी निर्देशित कार्यसम्म गरेको देखिएको हुँदा विपक्षीहरूको काम कारवाही कानूनत: प्रक्रियागतरूपमा त्रुटिपूर्ण देखिन आएकाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।५।१८ को निर्णय, मालपोत कार्यालयको मिति २०६५।६।९ को निर्णय तथा तत् सम्बन्धमा भए गरिएका काम कारवाही र लेखिएका पत्रहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ।

७. सरकारी वा सार्वजनिक सम्पत्ति व्यक्तिको नाउँमा दर्ता हुन हुँदैन। सार्वजनिक सम्पत्ति सार्वजनिक नै कायम रहनु पर्दछ। कुनै सन्दर्भमा कुनै अमुक स्रेस्ता खडा हुन पुगेको कुराको आडमा कानूनको छिद्राण्वेषण गरी सार्वजनिक सम्पत्तिलाई निजी सम्पत्तिमा परिणत हुन दिनु आपत्तिजनक कुरा हो। विवादित कि.नं. ११२ को ११-१-०-० जग्गा बागमती नदी छेउमा रहेको देखिन्छ। रिट निवेदकले आफ्नो हकको साबिक स्रोतको रूपमा कि.नं. ९८ र ९९ मा क्रमशः ३-१३-२-० र २-२-०-० गरी कूल ५-१५-२-० जग्गा रहेको भन्ने देखाएको पाइन्छ। हालको नापीबाट कि.नं. ११२ मा निवेदकले देखाएको साबिक स्रोतभन्दा लगभग दोब्बर क्षेत्रफलको जग्गा देखिएको छ। जग्गाको नापी हुँदा साबिक स्रेस्ताभन्दा केही नरबढी वा नरघटी हुनु स्वाभाविक मानिए पनि लगभग दोब्बर क्षेत्रफल देखिनु स्वाभाविक हुँदैन। जग्गाको चार किल्ला अर्थात् साँध सिमाना साबिकअनुसार उही यथावत् कायम रहेको अवस्थामा जग्गाको क्षेत्रफलसम्म पछि नापी हुँदा केही सामान्य रूपमा फरक पर्नुलाई नरबढी वा नरघटी मान्न सकिन्छ। आधारभूत रूपमा नै क्षेत्रफल धेरै देखिएकोलाई नरबढी भन्न मिल्दैन। जग्गा बागमती नदी उकास हो भनी विपक्षीहरूबाट जिकिर गरिएको पाइन्छ। वस्तुतः नक्साबाट पनि विवादित जग्गा बागमती नदी किनारमा रहेको देखिन्छ। बागमती नदी किनारका जग्गा क्रमश: मानव वस्तीमा परिणत हुँदै आएको र नदीको क्षेत्रलाई साँघुरो पारिएको कुरा एउटा कटु यथार्थ हो। नरबढीको नाउँमा सार्वजनिक जग्गालाई निजी जग्गामा घुसाएर हडप्ने गरिएका दृष्टान्तहरू पनि कतिपय विवादका सन्दर्भमा देखिने गरेका छन्। "किल्ला देखाएर जिल्ला नै हडप्ने" लोकोक्ति चरितार्थ नहोस् भन्नेतर्फ पनि जग्गा प्रशासन गर्ने निकायहरूको समुचित ध्यानाकर्षण हुन वाञ्छनीय देखिन्छ। सम्भवत: बागमती नदी किनारका जग्गा अनियमित तवरबाट दर्ता भएका तथ्यलाई विश्लेषण गरेर नै रावल आयोगले जग्गा रोक्का राख्ने प्रक्रिया अपनाई प्रतिवेदन दिएको हुन सक्तछ। यी सबै पक्षमा समयमै समग्रमा दृष्टिगत गरी सार्वजनिक सम्पत्तिको समुचित व्यवस्थापन गरिनु आवश्यक देखिन्छ। जग्गा दर्ता गर्ने कार्य कानूनी औपचारिकताको विषय मात्र नभएर उत्तरदायित्व वा जवाफदेहिताको विषय पनि

हो। सरकारी वा सार्वजनिक जग्गा व्यक्तिका नाउँमा दर्ता गरिएमा स्वभावतः त्यस कुराको कानूनी उत्तरदायित्व पनि निर्णय गर्ने अधिकारीमा रहन्छ । उल्लिखित समग्र पक्षमा गम्भीरतापूर्वक विचार गरी अब यसमा जे जो बुझ्नुपर्ने हो बुझी, रिट निवेदकलाई सुनुवाइको अवसरसमेत प्रदान गरी, विवादित जग्गा, खोलाको साबिक र हालको बहाव स्थिति, नक्सा, स्रेस्ता, जग्गाको भौतिक स्थिति, हालको भोगाधिकारको अवस्था आदि सबै पक्षमा प्रमाण बुझी, विपक्षीमध्येको भीमसेनगोलास्थित जागृतिनगर विकास समितिका पदाधिकारीहरू सहित स्थानीय भद्रभलाद्मीहरू समेतलाई बुझी, आवश्यकतानुसार सर्जमिनसमेत गराई सबै तथ्य र प्रमाणहरूको न्यायोचित मुल्याङ्कन गरी सरकारी वा सार्वजनिक जग्गा कुनै व्यक्तिका नाउँमा दर्ता भई नजाने, सार्वजनिक जग्गा सार्वजनिक नै कायम रहने अवस्था सुनिश्चित हुने गरी मालपोत ऐन, २०३४ को दफा २४ समेतलाई मध्येनजर राखी यो आदेशको जानकारी प्राप्त भएको मितिले ६ महिनाभित्र विवादित जग्गाको दर्ता सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु गराउनु भनी मालपोत कार्यालय, काठमाडौंसमेतका विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ ।यो आदेशको कार्यान्वयनको लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत मालपोत कार्यालय काठमाडौंसमेतका विपक्षीहरूलाई जानकारी दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृत :
इति संवत् २०७३ साल आश्विन ९ गते रोज १ शुभम्।

निर्णय नं. ९८६७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७४।०२।१६
०७१-WO-०१५४

मुद्दाः उत्प्रेषण / परमादेश

निवेदक : उदयपुर जिल्ला, पंचावती गाउँ विकास समिति वडा नं. २ घर भई हाल परराष्ट्र मन्त्रालय अन्तर्गत नेपाली राजदुतावास नयाँ दिल्लीमा नेपाल परराष्ट्र सेवा, राजपत्र अनङ्कित प्रथम श्रेणी, तृतीय सचिव (नायब सुब्बासरह) पदमा कार्यरत बाबुराम सिग्द्यालसमेत

विरूद्ध

विपक्षी : लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत

- **निश्चित समूह वा वर्गका कर्मचारीहरूका बीच हुने (आन्तरिक) प्रतिस्पर्धा र खुल्ला प्रतिस्पर्धाका बीच आधारभूतरूपमा नै भिन्नता रहन्छ। यस प्रकारको भिन्नतातर्फ विचार नगरी सबैको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २२ (घ) र दफा २६ को व्यवस्था लागू हुन्छ भन्नु उचित नहुने।**
- **खुल्ला प्रतियोगिता र सेवा परिवर्तनका लागि गरिने आन्तरिक प्रतियोगिताको कुरामा गुणात्मकरूपमा पनि फरक अवस्था रहन्छ । खुल्ला प्रतिस्पर्धाको आधारमा नियुक्ति भएका कर्मचारीले पहिले गरेको सेवालाई निरन्तरता दिएको अवस्थामा त्यसलाई बढुवा प्रयोजनका लागि सेवा अवधिको रूपमा गणना गर्न नमिल्ने भनी**

कुनै कानूनले निषेध गरेको देखिँदैन । कानूनले बन्देज नलगाएको अवस्था हुँदा निर्धारित प्रक्रियाअनुसार सेवा परिवर्तन गर्ने कर्मचारीहरूका हकमा आकर्षित हुने ऐनको दफा २२(घ) र दफा २६ अनुसारकै बन्देज खुल्ला प्रतिस्पर्धाका आधारमा नियुक्ति भएका कर्मचारीका हकमा पनि लागू हुन्छ भन्नु मनासिब नदेखिने ।

- **निजामती सेवा ऐनको दफा २४घ१क अनुसार गरिने बढुवा समयबद्ध पदोन्नती (Time bound promotion) सम्बन्धी व्यवस्था भएकाले यसलाई अन्य प्रकारको बढुवा प्रक्रियाभन्दा फरक अर्थमा कर्मचारीलाई लामो अवधि सेवा गरेबापत प्रोत्साहन स्वरूप गरिने बढुवाको रूपमा हेरिनु पर्ने ।**

(प्रकरण नं. ६)

- **पछिल्लो मितिमा बढुवा भयो भन्दैमा अनुचित र गैरकानूनी तवरबाट पहिले बढुवा हुनबाट वञ्चित गरिएको कुराको समुचित उपचार प्राप्त भएको सम्झन मिल्दैन । त्यसो गरिएमा निवेदकको वृत्ति विकासको वैद्य अपेक्षामा प्रतिकूल असर पर्न जाने अवस्था रहन्छ । समन्यायिक दृष्टिले हेर्दा पनि त्यस प्रकारको स्थिति कायम रहन दिनु उचित नहुने ।**

(प्रकरण नं. ९)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, हरिप्रसाद उप्रेती तथा विद्वान् अधिवक्ता नारायणप्रसाद पराजुली

विपक्षीको तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- निजामती सेवा ऐन, २०४९ को दफा २१(१)

आदेश

न्या. ईश्वरप्रसाद खतिवडा : तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर आदेश यसप्रकार छः

हामी निवेदकहरूको निजामती सेवामा प्रवेश निवेदक बाबुराम सिग्द्यालको मिति २०५९/४/२६, ओमकुमार भण्डारीको मिति २०६०/१/३० र भोजराज भुसालको मिति २०६०/२/१ मा भएको र समान तहको परीक्षामा सहभागी हुन पाउने कानूनी व्यवस्थाअनुसार खुला प्रतियोगिता मार्फत निवेदक बाबुराम सिग्द्याल मिति २०६६/८/१८ मा, ओमकुमार भण्डारी मिति २०६७/९/२९ मा र भोजराज भुसाल मिति २०६५/११/१५ मा परराष्ट्र सेवाको रा.प.अनं. प्रथम श्रेणीको पदमा नियुक्ति पाएको कुरामा विवाद छैन । यसैबीच आयोगद्वारा मिति २०७०/८/२६ गते सूचना नं. ४४९/०७०-०७१ मा प्रकाशित बढुवा सूचना नं. २२२/०७०-०७१ मा परराष्ट्र सेवा रा.प. तृतीय श्रेणीको पदसंख्या ३(तीन) जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनका आधारमा बढुवा गर्ने गरी विज्ञापन प्रकाशन भई सम्भाव्य उम्मेदवारको हैसियतले दरखास्त फारम बुझाएका र विपक्षीहरू समेत प्रतिस्पर्धी थियौं । बढुवा समितिले मिति २०७१/२/१३ गते निर्णय गरी उक्त विज्ञापित ३ (तीन) पदमा विपक्षीहरू श्रीकृष्ण थापा, थानप्रसाद शर्मा र हरिप्रसाद अर्यालको नाम सिफारिस गरी मिति २०७१/२/१४ को गोरखापत्रमा सूचना प्रकाशित गरियो । उक्त बढुवा सिफारिसमा चित्त नबुझी लोक सेवा आयोगमा उजुरी गर्दा "...उजुरकर्ताहरूको प्रशासन सेवाबाट तत्कालीन कुटनीतिक समूह अर्थात् हालको परराष्ट्र सेवामा सेवा परिवर्तन भएको देखिएको, एउटा सेवा समूहबाट समान श्रेणीको अर्को सेवा समूहमा सेवा परिवर्तन भएका कर्मचारीको हकमा हाल कार्यरत सेवा समूहको पदमा ५ वर्ष सेवा अवधि नपुगी बढुवाको लागि सम्भाव्य

उम्मेदवार बन्न सक्ने अवस्था विद्यमान नरहेको स्थितिमा बढुवा समितिले उजुरकर्ताहरू हाल कार्यरत सेवा समूहको पदमा ५ वर्ष सेवा अवधि नपुगेको कारण निजहरूको बढुवा नगर्ने गरी मिति २०७१/२/१३ मा गरेको निर्णय मिलेकै देखिँदा उजुरकर्ताहरूको उजुरी जिकिर पुग्न नसक्ने...." भनी निर्णय गरेको रहेछ। हाम्रो जेष्ठताको गणना सुरू नियुक्ति मितिबाटै हुनुपर्नेमा निजामती सेवाऐनको दफा २१ र २४घ१क ले तोकेको बढुवाको लागि चाहिने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता निवेदकहरूसँग रहेको अवस्थामा त्यसको उपेक्षा गर्दै कानूनमा कतै व्यवस्था नभएको बढुवा हुने पदकै सेवा समूहमा रही न्यूनतम सेवा अवधि पूरा गरेको हुनुपर्छ भन्ने सर्त राखी परराष्ट्र सेवामा ५ वर्ष सेवा अवधि नै नपुगेको भनी विपक्षीहरूबाट भएको निर्णय गैरकानूनी र बदरभागी छ।

निजामती सेवा ऐनको दफा २४ घ१क को व्यवस्था नै जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवाका लागि गरिएको मूल व्यवस्था हो। उक्त दफाको उपदफा (१) ले "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहायबमोजिमको आधारमा बढुवाको सिफारिस गर्नेछ" भन्ने व्यवस्था गरेको छ। उक्त दफाको जन्म नै मिति २०६९/१२/२९ को अध्यादेशले गरेको संशोधनबाट भएको हो। तसर्थ, विपक्षी आयोगले मिति २०७१/५/५ को निर्णयमा उल्लेख गरेको यो व्यवस्था प्रारम्भ हुनुपूर्वका अरू बढुवा सम्बन्धमा भएका कानूनका व्यवस्था, आयोगका वा अदालतका निर्णय यस बढुवामा आकर्षित हुँदैनन्।

निवेदकहरू निजामती सेवा ऐनको दफा २६ अनुसार सेवा, समूह वा उपसमूह परिवर्तन गरी परराष्ट्र सेवामा आएका कर्मचारी होइनौं। हाम्रो हकमा निजामती सेवा ऐनको दफा २२ को खण्ड (घ) आकर्षित हुन सक्दैन। उक्त दफा २२ को खण्ड (घ) को व्यवस्था सेवा, समूह परिवर्तन गरी आउने कर्मचारीको हकमा लागू हुने व्यवस्था हो। हाम्रो परराष्ट्र सेवामा भएको नियुक्ति दफा २६ अन्तर्गतको प्रक्रियाबाट पाएको नियुक्ति होइन। निजामती सेवा ऐनको दफा २१ मा पनि बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता र रा.प. पदको निमित्त पाँच वर्ष सेवा अवधि पुगेको हुनुपर्ने व्यवस्था रहेको छ। विपक्षीले निर्णयमा उल्लेख गरेजस्तो बढुवा हुने पदकै सेवा समूहअन्तर्गतको न्यूनतम सेवा अवधि पुगेको हुनुपर्ने व्यवस्था उक्त दफाले गरेको छैन। यसरी हाम्रो बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदमा कार्य गरेको सेवा अवधि उक्त दरखास्त गर्ने अन्तिम मितिसम्म हाल बढुवा सिफारिस गरिएका विपक्षीहरू तीनै जनाको सेवा अवधि हामी निवेदकहरूको भन्दा कम रहेको निर्विवाद छ। विपक्षी आयोगले मिति २०७०/८/२६ मा प्रकाशित सूचना नं. ४४९/०७०-०७१ को सूचनामा निजामती सेवा नि. को नियम ७६ को व्यवस्था लागू हुने पनि होइन। यसरी सूचनामा पनि नभएको र अर्कै बढुवा (कार्य क्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवा) को लागि व्यवस्थित कानूनी व्यवस्थाका सर्त यस बढुवामा आकर्षित हुने पनि होइन। हाम्रो जस्तै अवस्था र स्थितिका शरदराज आरणलाई विपक्षी आयोगले परराष्ट्र सेवामा आउनुभन्दा अगाडिको नोकरी अवधिलाई समेत गणना गरी बढुवाको लागि सिफारिस गर्ने निर्णय मिति २०७१/३/५ (२३३/०७०-०७१) मा गरेको कुरा उक्त हामीसँग सम्बन्धित मिति २०७१/५/४ को निर्णयमा समेत उल्लेख गरेको छ। तर सो अघिल्लो निर्णय परिवर्तन गर्नुपर्ने कारण र आधारसमेत खुलाउन सकेको छैन।

माथि उल्लिखित तथ्य र कानूनको आधारमा विपक्षी बढुवा समितिको मिति २०७१/२/१३ को निर्णय र मिति २०७१/२/१४ को सूचना आयोगबाट मिति २०७१/५/४ मा भएको निर्णय तथा सो निर्णयका आधारमा विपक्षीहरू श्रीकृष्ण थापा,

थानप्रसाद शर्मा र हरिप्रसाद अर्याललाई नियुक्ति दिइएको भए त्यस्तो बढुवा नियुक्ति लगायत हामी निवेदकलाई प्रतिकूल असर पर्ने गरी भएका अन्य काम कारवाहीसमेत सम्पूर्ण उत्प्रेषणको आदेशले बदर गरी उक्त स्थानमा निवेदकहरूलाई सिफारिस गरी हाल विपक्षीहरूलाई बढुवा गरेकै मितिबाट जेष्ठता कायम हुने गरी निवेदकहरूलाई बढुवा नियुक्ति लगायत अन्य सुविधाहरू समेत दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेशसहित सुनुवाइमा अग्राधिकार दिई परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन।

यसमा के कसो भएको हो ? निवदेकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार, कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघपछि नियमानुसार पेस गर्नू। प्रस्तुत रिट निवेदन कर्मचारीको वृत्ति विकाससँग सम्बन्धित भई छिटो किनारा गर्न आवश्यक देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार दिइएको छ भन्ने यस अदालतको मिति २०७१/५/१९ को आदेश।

निजामती सेवा ऐन, २०४९ को दफा २२ को खण्ड (घ) ले सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्ष र आफैंले निवेदन दिई सेवा र समूह परिवर्तन गरेको भए त्यसरी सेवा समूह परिवर्तन गरेको मितिले पाँच वर्षको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने गरी व्यवस्था गरेको छ । निवेदकहरूले तत्कालीन अवस्थामा विद्यमान कानूनका प्रावधानलाई स्वीकार गरी आफैंले निवेदन दिई लोक सेवा आयोगको परीक्षामा सामेल भई प्रशासन सेवा, सामान्य प्रशासन समूहको रा.प.अनं.प्रथम श्रेणीको पदबाट परराष्ट्र सेवामा सेवा परिवर्तन गरेको अवस्थामा अहिले परराष्ट्र सेवाको रा.प.तृतीय श्रेणीमा बढुवा समितिले बढुवामा समावेश नगराएकोले बढुवा हुन पाउँ भनी मागदाबी लिई निवेदन दिनु आफैँमा विरोधाभाषपूर्ण देखिन्छ। बढुवा समितिले म्यादभित्र प्राप्त भएका कागजातहरूको मूल्याङ्कन गरी कानूनको अधिनमा रही कानूनसम्मत् गरेको बढुवाको निर्णयका सम्बन्धमा निवेदकहरूको हक अधिकार, सेवा सुविधा तथा वृत्ति विकासमा असर पर्ने गरी यस मन्त्रालयबाट कुनै काम कारवाही तथा निर्णय नभएकोले निवेदन व्यहोरा झुठ्ठा हुँदा खारेज गरिपाउँ भन्ने सामान्य प्रशासन मन्त्रालयको तर्फबाट प्रस्तुत लिखित जवाफ।

निजामती सेवा ऐन, २०४९ को दफा २२ (घ) मा दफा २६ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्ष र आफैंले निवेदन दिई सेवा वा समूह परिवर्तन गरेको भए त्यसरी सेवा वा समूह परिवर्तन गरेको मितिले पाँच वर्षको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था भएको देखिन्छ । रिट निवेदकहरूमध्ये ओमकुमार भण्डारी मिति २०६७/९/२९ मा, भोजराज भुसाल मिति २०६५/११/१५ मा र बाबुराम सिग्याल मिति २०६६/८/१८ मा नेपाल परराष्ट्र सेवाको ना.सु. पदमा नियुक्त भएको देखिन्छ । रिट निवेदकहरू स्वयम्ले समान पदमा सेवा परिवर्तन गर्न चाहेको र परीक्षाको माध्यमद्वारा समान पदमा कार्यरत रहेको भन्ने देखिएको, ऐनको दफा २४घ१क बमोजिम बढुवा हुन पनि ऐनको दफा २१ तथा निजामती सेवा नियमावली, २०५० को नियम ७६ बमोजिम राजपत्रांकित पदको निमित्त सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा ५ वर्ष सेवा अवधि पुगेको हुनुपर्ने देखिन्छ । निवेदकहरूको प्रशासन सेवाको ना.सु. पदमा नियुक्ति भएको मितिबाट सेवा अवधि गणना गर्दा ५ वर्षभन्दा बढी सेवा अवधि देखिए तापनि नेपाल परराष्ट्र सेवाको ना.सु. पदमा नियुक्ति भएको मितिले सो अवधि पुगेको देखिँदैन। एउटा सेवा समूहबाट समान श्रेणीको अर्को सेवा समूहमा सेवा परिवर्तन भएका कर्मचारीहरूको

हकमा हाल कार्यरत सेवा समूहको पदमा ५ वर्ष सेवा अवधि नपुगी बढुवाको लागि सम्भाव्य उम्मेदार बन्न सक्ने अवस्था विद्यमान नरहेको स्थितिमा बढुवा समितिले उजुरकर्ताहरू हाल कार्यरत सेवा समूहको पदमा ५ वर्ष सेवा अवधि नपुगेको कारण निजहरूको बढुवा नगर्ने गरी मिति २०७१/२/१३ मा निर्णय गरेको र सो निर्णय प्रचलित कानूनबमोजिम नै भएकोले प्रस्तुत निवेदन जिकिरबमोजिम आदेश जारी हुनुपर्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लोक सेवा आयोग, केन्द्रिय कार्यालयको तर्फबाट प्रस्तुत लिखित जवाफ।

प्रकाशित सूचनाबमोजिम जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि लोक सेवा आयोगमा दरखास्त दिएका ११ जना उम्मेदवारमध्येबाट मिति २०७१/२/१३ को निर्णयानुसार बढुवा समितिले बढुवा सिफारिस गरेअनुरूप मिति २०७१/५/४ मा यस मन्त्रालयबाट बढुवा नियुक्ति दिइएको हो। निवेदकहरू बाबुराम सिग्द्याल मिति २०६६/८/१८ मा, ओमकुमार भण्डारी मिति २०६७/९/२९ मा र भोजराज भुसाल मिति २०६५/११/१५ मा परराष्ट्र सेवाको राजपत्र अनंकित प्रथम श्रेणीको पदमा लोक सेवा आयोगबाट लिइएको समान तहको पदको लागि भएको खुल्ला प्रतियोगितात्मक परीक्षाबाट छनौट भई नियुक्ति पाएको कुरामा विवाद छैन। निजामती सेवा नियमावली, २०५० को नियम ७६ बमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन रिक्त पदभन्दा एक श्रेणी मुनिका सम्बन्धित सेवा, समूह वा उपसमूहअन्तर्गत निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) को खण्ड (ख) बमोजिम सेवा अवधि पुगेका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुने व्यवस्था रहेको छ। बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधि र सम्भाव्य उम्मेदवार हुनको लागि जेष्ठता गणना गरिने (असार मसान्तको हिसाबले) अवधिसमेतको व्यवस्था निजामती सेवा नियमावली, २०५० को नियम ७४ को उपनियम (२) मा उल्लेख भएको देखिन्छ। निजहरू सम्भाव्य उम्मेदवार हुन जेष्ठता गणना गरिने अवधि ०७० असार मसान्तसम्ममा नेपाल परराष्ट्र सेवा, रा.प.अनं. प्रथम श्रेणीमा निजामती सेवा ऐनको दफा २१ बमोजिम तोकिएको सेवा अवधि ५ वर्ष नपुगेको कारणले बढुवाको लागि सम्भाव्य उम्मेदवार नै नभएको अवस्थामा रिट निवेदकहरूको बढुवा हुने भन्ने प्रश्न नै रहेको छैन। बढुवा समितिले रिट निवेदनमा विपक्षी बनाइएका श्रीकृष्ण थापा, हरिप्रसाद अर्याल र थानप्रसाद शर्मासमेतका जम्मा ८ जना सम्भाव्य उम्मेदवारहरूमध्ये निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क को उपदफा (१) को खण्ड (क) र (ग) मा उल्लिखित आधारहरू पूरा गरेका, जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा तयार पारिएको योग्यताक्रम अनुसार नं. १, २, ३ मा परेका उम्मेदवारहरूलाई बढुवा समितिले बढुवाको लागि सिफारिस गरेको हुँदा रिट निवेदन खारेज भागी छ। बढुवाको सम्भाव्य उम्मेदवारको लागि दफा २१ बमोजिम योग्यता हुनुको अलावा नियम ७६ बमोजिम सम्बन्धित समूहमा जोडिएको सेवा अवधि अर्थात् समूहीकृत भएको अवधिको योग्यतासमेत हुनुपर्ने अनिवार्यता देखिएको प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारमा निवेदकहरू सम्भाव्य उम्मेदवार नै बन्न सक्ने स्थिति नदेखिएको हुँदा रिट खारेज गरिपाउँ भन्ने बढुवा समिति, बढुवा समितिको सचिवालय, परराष्ट्र मन्त्रालयको तर्फबाट प्रस्तुत लिखित जवाफ।

म नेपाल प्रशासन सेवा, परराष्ट्र समूहको रा.प.अनं. तृतीय श्रेणीमा मिति २०३६/२/९ मा र सोही समूहको रा.प.अनं. द्वितीय श्रेणी खरिदार पदमा मिति २०३८ साल कार्तिकदेखि सेवा प्रवेश गरी मिति २०६३/६/१३ देखि जेष्ठता कायम हुने गरी परराष्ट्र मन्त्रालयको मिति २०६३/७/१६ को निर्णयअनुसार सोही मितिमा बढुवा नियुक्ति पाई सोही सेवा समूहको रा.प.अनं. प्रथम श्रेणी नायब सुब्बा पदमा कार्य गरी आएको थिएँ। नेपाल परराष्ट्र सेवा रा.प.अनं. प्रथम श्रेणी नायब सुब्बा पदमा रिट निवेदकहरू मभन्दा धेरै पछाडी नियुक्ति हुनु भएको हो। प्रस्तुत बढुवाको सूचना

प्रकाशित हुँदाका बखत सम्भाव्य उम्मेदवार हुन जेष्ठता गणना गरिने अवधि २०७० असार मसान्तसम्ममा विपक्षी रिट निवेदकहरूको निजामती सेवा नियमावली, २०५० को नियम ७४(२) को कानूनी व्यवस्थाअनुसार निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) को खण्ड (ख) र ऐजनको दफा २२ बमोजिम बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधि र सम्भाव्य उम्मेदवार हुन जेष्ठता गणना गरिने अवधि नै पुगेको छैन । विपक्षी निवेदकहरूको सेवा अवधि नै नपुगेको कारणले बढुवा समितिबाट मलगायतका हरिप्रसाद अर्याल, श्रीकृष्ण थापाको सिफारिस भई मिति २०७१/३/१८ देखि जेष्ठता कायम हुने गरी नेपाल परराष्ट्र सेवा, राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत पदमा मिति २०७१/५/४ मा बढुवा नियुक्ति पाई पदस्थापनासमेत भइसकेको अवस्था छ।

विपक्षीहरूको नेपाल परराष्ट्र सेवाको रा.प. अनं. प्रथम श्रेणीको पदमा सेवा अवधि ५ वर्ष नपुगेको र अन्य सेवा समूहमा गरेको सेवा अवधिलाई गणना गरी परराष्ट्र सेवाको बढुवाको लागि सेवा अवधि कायम गर्न मिल्दैन । निजामती सेवा ऐन, २०४९ को दफा २१ को व्याख्या गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ७६ र ऐजनको नियम ७४(२) समेतलाई हेरी गर्नुपर्दछ । ऐनको दफा २४घ१क बमोजिमको बढुवाको लागि पनि सम्बन्धित सेवा समूहमा रही दफा २१(१) को खण्ड (ख) बमोजिमको सेवा अवधि पूरा गरेको हुनुपर्दछ । नियम ७६ को बनोटले नै जेष्ठता र कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुनको निम्ति सम्बन्धित सेवामा मात्र नभई सम्बन्धित समूह, उपसमूहअन्तर्गत ऐनको दफा २१(१) को खण्ड (ख) बमोजिम सेवा अवधि पुगेको हुनुपर्दछ । विपक्षीहरूले निजामती सेवा ऐन, २०४९ को दफा २६ बमोजिम सेवा परिवर्तन गर्नुभएको होइन । निजामती सेवा ऐन, २०४९ को दफा २२ को खण्ड (घ) मा दफा २६ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारीहरू त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्ष र आफैँले निवेदन दिई सेवा वा समूह परिवर्तन गरेको भए त्यसरी सेवा वा समूह परिवर्तन गरेको मितिले ५ वर्षको अवधिभर बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने कानूनी व्यवस्था गरेको हुँदा विपक्षीहरू दफा २६ बमोजिम सेवा परिवर्तन गरेको नभई आफ्नै स्वइच्छाले खुला प्रतिस्पर्धात्मक परीक्षामा समान तहमा परीक्षा दिनु भई नेपाल परराष्ट्र सेवामा प्रवेश गर्नु भएको हुँदा सेवा वा समूह परिवर्तन गरेको ५ वर्षको अवधिसम्म विपक्षीहरू बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने अवस्था नै रहँदैन । निजामती सेवा ऐन, २०४९ को (तेस्रो संशोधन) अध्यादेश २०६९ को दफा २४घ१क को व्यवस्था बमोजिम बढुवा हुनको लागि दफा २१ बमोजिम सेवा अवधि र दफा २२ बमोजिम अयोग्य नभएको हुनुपर्ने कानूनी व्यवस्था छ । दफा २४घ१क को व्याख्या गर्दा दफा २१, दफा २२ र निजामती सेवा नियमावली, २०५० को नियम ७६ को व्यवस्थालाई अलग गरी व्याख्या गर्न मिल्दैन । रिट निवेदकले उल्लेख गरेको गोविन्दराज पौडेलको मुद्दामा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा आकृष्ट हुन सक्दैन । सो मुद्दाको तथ्य र निरूपण गर्ने विषय फरक रहेको छ । निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क को उपदफा (१) को खण्ड (क) बमोजिम आवश्यक पर्ने कार्यसम्पादन मूल्याङ्कनबापत अंक विपक्षीहरूको रहेको छैन । नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहमा रहँदा गरेको कार्यसम्पादन मूल्याङ्कनलाई नेपाल परराष्ट्र सेवाको बढुवामा गणना गर्न मिल्दैन । सेवा समूह परिवर्तन हुने वित्तिकै कार्य क्षमताको आधारमा हुने बढुवामा सो सेवामा कार्य गरी अनुभव नै प्राप्त नगरेको अवस्थामा अर्कै सेवा समूहमा गरेको जेष्ठता र कार्य क्षमताको मूल्याङ्कनको आधारमा बढुवा हुनुपर्दछ भनी दाबी गर्नु कुनै पनि हालतमा न्यायोचित हुन सक्दैन ।

मैले परराष्ट्र मन्त्रालयको मिति २०७१/५/४ को बढुवा नियुक्ति पाई नेपाल परराष्ट्र सेवा राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत पदमा नियुक्ति भई सोही मितिमा पदस्थापनासमेत भई हाल अनिवार्य अवकास पाइसकेको छु । विपक्षीहरूले मिति २०७१/५/१६ मा

प्रस्तुत रिट निवेदन गर्नुभएको रहेछ । बढुवा समिति र संवैधानिक निकाय लोक सेवा आयोगबाट भएको निर्णय कानूनसम्मत रहेको र बढुवा समिति एवम् लोक सेवा आयोगबाट भएको निर्णयबाट विपक्षीहरूको कुनै कानूनी तथा संवैधानिक हकको हनन नभएको हुँदा विपक्षीहरूको रिट निवेदन खारेज गरी बढुवा समितिको मिति २०७१/२/१३ को निर्णय र मिति २०७१/२/१४ को सूचना तथा लोक सेवा आयोगबाट मिति २०७१/५/४ मा भएको निर्णय र मिति २०७१/५/४ मा परराष्ट्र मन्त्रालयबाट भएको मेरो बढुवा नियुक्ति लगायतका निर्णय, पत्राचार यथावत् कायम गरी विपक्षीहरूको झुट्टा रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी थानप्रसाद शर्माको तथा हरिप्रसाद अर्याल र श्रीकृष्ण थापाको सोही मिलान व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ।

लोक सेवा आयोगबाट प्रकाशित बढुवा सूचना नं. २२२/०७०-०७१ को नेपाल परराष्ट्र सेवा, राजपत्रांकित तृतीय श्रेणी, रिक्त पद संख्या ३, जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि लोक सेवा आयोगमा दरखास्त दिएका ११ जना उम्मेदवारमध्येबाट निजामती सेवा ऐन, २०४९ को दफा २०(१क) बमोजिम गठित बढुवा समितिको मिति २०७१/२/१३ को निर्णयानुसार देहायबमोजिमको योग्यताक्रमको उम्मेदवारहरूलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भई निजामती सेवा ऐन, २०४९ को दफा २०(४) र दफा २४च को प्रयोजनको लागि प्रकाशित मिति २०७१/२/१४ को सूचनाबमोजिम श्री कृष्ण थापा, थानप्रसाद शर्मा र हरिप्रसाद अर्याललाई बढुवा सिफारिस गरेअनुरूप निजहरूलाई मिति २०७१/५/४ मा यस मन्त्रालयबाट बढुवा नियुक्ति दिइएको हो । निजामती सेवा नियमावली, २०५० को नियम ७६ बमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन रिक्त पदभन्दा एक श्रेणीमुनिका सम्बन्धित सेवा, समूह वा उपसमूहअन्तर्गत निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) को खण्ड (ख) बमोजिम सेवा अवधि पुगेका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुने व्यवस्था रहेको छ । बढुवा गरिने जेष्ठता गणना गरिने (असार मसान्तको हिसाबले) अवधिसमेतको व्यवस्था निजामती सेवा नियमावली, २०५० को नियम ७४ को उपनियम (२) मा उल्लेख भएको देखिन्छ । विपक्षी रिट निवेदकहरू नेपाल परराष्ट्र सेवाको रा.प.अनं. प्रथम श्रेणीमा क्रमशः मिति २०६६/८/१८, २०६७/९/२९ र २०६५/११/१५ मा नियुक्ति भएका र निजहरूको नेपाल परराष्ट्र सेवामा निजामती सेवा ऐनको दफा २१ बमोजिम तोकिएको सेवा अवधि ५ वर्ष नपुगेको कारणले बढुवाको लागि सम्भाव्य उम्मेदवार नै नभएको अवस्थामा बढुवा हुने भन्ने प्रश्न नै नरहेको हुँदा यस्तै प्रकृतिको विवाद रहेको मणिप्रसाद भट्टराई रिट निवेदक भएको मुद्दामा प्रतिपादित नजिर सिद्धान्तसमेतका आधारमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार, परराष्ट्र मन्त्रालयको तर्फबाट प्रस्तुत लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल कागजात अध्ययन गरी रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री हरिप्रसाद उप्रेती तथा विद्वान् अधिवक्ता श्री नारायणप्रसाद पराजुलीले रिट निवेदकहरू निजामती सेवामा बहालवाला कर्मचारी भएको र तत्कालीन कानूनी व्यवस्थाअन्तर्गत समान तहको पदमा खुल्ला प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी अर्को सेवामा प्रवेश गरेका व्यक्तिहरू हुन् । निजामती सेवा ऐनको दफा २६ को व्यवस्थाअनुसार बहालवाला कर्मचारीहरूले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी सञ्चालन भएको परीक्षामा सामेल भई निजहरूले सेवा परिवर्तन गरेको अवस्था नभएको हुँदा निजहरूको हकमा यो दफा आकर्षित हुन सक्दैन । सेवा समूह रोज्न पाउने गरी कानूनमा व्यवस्था भएअनुसार नै समान तहको परीक्षा उत्तीर्ण गरी अटुट रूपमा सेवा गर्दै आएका यी निवेदकहरूलाई निजामती सेवाकै अर्को सेवा समूहमा सेवा गरेको अवधि गणना नहुने गरी निर्णय गर्दा निजहरूको वृत्ति विकासमा नै असर पर्ने र निजहरूको योग्यता, क्षमताको

समेत कदर नहुने हुँदा विपक्षीहरूको निर्णय बदर गरी रिट निवेदकहरूको अनुभव, काम गरेको अवधिलाई गणना गरी बढुवा मिति कायम गर्न परमादेशलगायतका जो चाहिने आज्ञा आदेश जारी हुनुपर्छ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

अब यसमा रिट निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो, होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकहरूले निजामती सेवाको नेपाल प्रशासन सेवामा सेवा प्रवेश गरी सोपश्चात् कानूनमा व्यवस्था भएबमोजिम समान तहको पदमा खुला प्रतियोगितामा समावेश भई परीक्षा उत्तीर्ण गरी हाल कार्यरत रहेको नेपाल परराष्ट्र सेवामा प्रवेश गरेको तथ्यमा विवाद देखिएन। निवेदकहरू कार्यरत परराष्ट्र सेवामा रिक्त पदपूर्तिका लागि प्रकाशित सूचनाअनुसारको पदमा उम्मेदवार हुन दिनबाट वञ्चित गरी प्रशासन समूहमा सेवा गरेको कार्यकाललाई मान्यता नदिई माथिल्लो श्रेणीमा बढुवा हुने अवस्थाबाट वञ्चित गर्ने गरी भएका निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएका निर्णयबाट आफ्नो बढुवा हुन पाउने हक अधिकारमा आघात परेको भन्ने नै निवेदन जिकिर रहेको देखिन्छ। निवेदकहरू बाबुराम सिग्द्याल मिति २०५९/४/२६ मा, ओमकुमार भण्डारी मिति २०६०/१/३० मा र भोजराज भुसाल मिति २०६०/२/१ मा निजामती सेवा सामान्य प्रशासन समूहको रा.प.अनं. प्रथम श्रेणीको पदमा सेवा प्रवेश गरी क्रमशः मिति २०६६/८/१८, २०६७/९/२९ र २०६५/११/१५ मा निजामती सेवाकै समान तहको परराष्ट्र सेवाको रा.प.अनं. प्रथम श्रेणीको पदमा कानूनमा व्यवस्था भएबमोजिम खुला प्रतियोगितामा सामेल भई उत्तीर्ण भएको र नियुक्ति प्राप्त गरी सेवारत रहेको तथ्यमा विवाद छैन।

३. लोक सेवा आयोगद्वारा मिति २०७०/८/२६ गते सूचना नं. ४४९/०७०-०७१ मा प्रकाशित बढुवा सूचना नं. २२२/०७०-०७१ मा परराष्ट्र सेवा, रा.प. तृतीय श्रेणीको पदसंख्या ३ जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा बढुवा गर्ने गरी विज्ञापन प्रकाशन भएकोमा यी निवेदकहरू समेतले सम्भाव्य उम्मेदवारका हैसियतले दरखास्त फाराम बुझाएको देखिन्छ। तत्पश्चात् बढुवासम्बन्धी निर्णय गर्दा निवेदकहरू बाहेकका अन्य विपक्षीहरूको नाम सिफारिस भएकोमा चित्त नबुझी लोक सेवा आयोगमा उजुरी दिएको पाइयो। सो उजुरी सम्बन्धमा निर्णय गर्दा निवेदकहरूको हाल कार्यरत सेवा समूहको पदमा ५ वर्षको सेवा अवधि नपुगेको कारण जनाई निजहरूको बढुवा नगर्ने गरी बढुवा समितिले गरेको निर्णय लोक सेवा आयोगबाट सदर भएको भन्ने लिखित जवाफको व्यहोराबाट समेत देखियो।

४. निजामती सेवा ऐन, २०४९ को दफा २१(१) मा "बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदको लागि तोकिएको शैक्षिक योग्यता र राजपत्र अनंकित पदको निमित्त तीन वर्ष, राजपत्रांकित पदको निमित्त पाँच वर्ष न्यूनतम सेवा अवधि पुगेको हुनुपर्ने" व्यवस्था रहेको देखिन्छ। सोही ऐनको दफा २२ को खण्ड (घ) मा "दफा २६ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्ष र आफैंले निवेदन दिई सेवा वा समूह परिवर्तन गरेको भए त्यसरी सेवा वा समूह परिवर्तन गरेको मितिले ५ वर्षको अवधिभर" बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था रहेको पाइयो। ऐनको दफा २६ मा "नेपाल सरकारलाई निजामती सेवाको कुनै सेवा, समूह वा उपसमूहको कुनै श्रेणीको कुनै विशेष योग्यता भएको कर्मचारीको आवश्यकता परी यो सेवा, समूह वा उपसमूहभित्रैबाट सरूवा र बढुवाद्वारा पूर्ति गर्न नसकिने भई अन्य निजामती सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पदपूर्ति गर्नुपर्ने भएमा नेपाल सरकारले सोको माग गरी लोक सेवा आयोगमा पठाउनु पर्नेछ। लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनमा तोकिएको योग्यता भएका समान श्रेणीका निजामती कर्मचारीहरूको

बीचमा प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका निजामती कर्मचारीको नेपाल सरकारले सेवा,समूह वा उपसमूह परिवर्तन गर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ।

५. पदपूर्ति गर्ने प्रक्रिया सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम कार्यक्षमताको मूल्याङ्कन, आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा प्रतिशत निर्धारण भई रिक्त पदपूर्ति गरिने गरी व्यवस्था गरेको पाइयो । दफा २० ले विभिन्न पदहरूमा बढुवाको लागि सिफारिस गर्न बढुवा समितिको व्यवस्था गरेको देखियो। दफा २४घ१क मा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धमा व्यवस्था रहेको देखिन्छ । उक्त दफा २४घ१क मा बढुवा समितिले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहायबमोजिमको आधारमा बढुवा सिफारिस गर्नेछ भनी उल्लेख भएको र देहायको खण्ड (क) मा "बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको भनी उल्लेख भएको देखिन्छ।

६. माथि उल्लिखित कानूनी प्रावधानको सन्दर्भमा रिट निवेदकहरूको सेवा प्रवेश स्थितिको मूल्याङ्कन गरिनु आवश्यक देखिन्छ । निजामती सेवाको सामान्य प्रशासन समूहको रा.प. अनंकित प्रथम श्रेणीको पदमा निवेदकहरू मध्येका बाबुराम सिग्द्याल मिति २०५९/४/२६ मा, ओमकुमार भण्डारी मिति २०६०/१/३० मा र भोजराज भुसाल मिति २०६०/२/१ मा नियुक्ति भएको तथ्यमा विवाद छैन । निजहरूको सेवा अवधिबीचमा कुनै व्यहोराले टुटेको भन्ने पनि देखिँदैन। यसरी गणना गर्दा विज्ञापित पदमा उम्मेदवार हुँदाको अवस्थामा निजहरूको रा.प. अनं. प्रथम श्रेणीको पदमा १० वर्षभन्दा बढी नै सेवा अवधि रहेको देखिन आउँदछ । निवेदकहरू परराष्ट्र सेवा समूहतर्फको पदमा निजामती सेवा ऐन, २०४९ को दफा २६ बमोजिम सेवा, समूह परिवर्तन गरी गएको नभएर खुल्ला प्रतिस्पर्धाबाट छनौट भई गएको देखिन्छ। निश्चित समूह वा वर्गका कर्मचारीहरूका बीच हुने (आन्तरिक) प्रतिस्पर्धा र खुल्ला प्रतिस्पर्धाकाबीच आधारभूत रूपमा नै भिन्नता रहन्छ । यस प्रकारको भिन्नतातर्फ विचार नगरी सबैको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २२ (घ) र दफा २६ को व्यवस्था लागू हुन्छ भन्नु उचित हुँदैन । खुल्ला प्रतियोगिता र सेवा परिवर्तनका लागि गरिने आन्तरिक प्रतियोगिताको कुरामा गुणात्मक रूपमा पनि फरक अवस्था रहन्छ। खुल्ला प्रतिस्पर्धाको आधारमा नियुक्ति भएका कर्मचारीले पहिले गरेको सेवालाई निरन्तरता दिएको अवस्थामा त्यसलाई बढुवा प्रयोजनका लागि सेवा अवधिको रूपमा गणना गर्न नमिल्ने भनी कुनै कानूनले निषेध गरेको देखिँदैन । कानूनले बन्देज नलगाएको अवस्था हुँदा निर्धारित प्रक्रियाअनुसार सेवा परिवर्तन गर्ने कर्मचारीहरूका हकमा आकर्षित हुने ऐनको दफा २२(घ) र दफा २६ अनुसारकै बन्देज खुल्ला प्रतिस्पर्धाका आधारमा नियुक्ति भएका कर्मचारीका हकमा पनि लागू हुन्छ भन्नु मनासिब देखिँदैन । ऐनको दफा २४घ१क अनुसार गरिने बढुवा समयबद्ध पदोन्नती (Time bound promotion) सम्बन्धी व्यवस्था भएकाले यसलाई अन्य प्रकारको बढुवा प्रक्रियाभन्दा फरक अर्थमा कर्मचारीलाई लामो अवधि सेवा गरेबापत प्रोत्साहन स्वरूप गरिने बढुवाको रूपमा हेरिनु पर्दछ।

७. माथि विवेचना गरिएअनुसार खुला प्रतिस्पर्धात्मक परीक्षाका लागि भरिएको दरखास्त फारामलाई सेवा परिवर्तनका लागि दफा २६ अनुसार दिइने सरह कै निवेदन हो भन्न मिल्दैन। निवेदकहरू निजामती सेवा ऐन, २०४९ को दफा २६ बमोजिम लोक सेवा आयोगबाट प्रकाशित सूचनाबमोजिम वा आफैंले निवेदन दिई निजामती कर्मचारीहरूका बीचमा आन्तरिक प्रतिस्पर्धा गरी परराष्ट्र सेवामा प्रवेश गरेका

नभई तत्कालीन कानूनी व्यवस्थाबमोजिम समान तहको परराष्ट्र सेवाको राजपत्र अनंकित प्रथम श्रेणीको पदमा खुल्ला प्रतिस्पर्धात्मक परीक्षाको प्रक्रियाबाट समान तहमा प्रवेश गरेको भन्ने देखिएको छ । तसर्थ, निजहरूको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २२ को खण्ड (घ) को व्यवस्था आकर्षित हुन सक्ने अवस्था देखिएन। दफा २६ मा निर्धारित प्रक्रियाबाहेक अन्य प्रक्रियाबाट निजामती सेवाको एक सेवाबाट अर्को सेवा, समूहमा प्रवेश गरेका कर्मचारीको हकमा बढुवाको उम्मेदवार हुनका लागि दफा २२ को खण्ड (घ) ले बन्देज गरेको भनी अर्थ गर्नु मनासिब हुँदैन। यस सम्बन्धमा निवेदक परशुराम दाहाल विपक्षी लोक सेवा आयोग, केन्द्रिय कार्यालय, अनामनगर काठमाडौंसमेत भएको ०६९-wo-१०४५ को निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०७१/६/२९/४ मा विवेचना भई सिद्धान्त कायम भएको छ । यसरी प्रतिपादित सिद्धान्तका दृष्टिले विचार गर्दासमेत निवेदकहरूलाई बढुवा प्रक्रियामा समावेश नगर्ने गरी भएको निर्णय त्रुटिपूर्ण देखिन आयो।

८. अब निवेदन मागबमोजिम बढुवा सूचना नं. २२२/०७०-०७१ अनुसार श्रीकृष्ण थापासमेतका विपक्षीहरूलाई परराष्ट्र सेवाको रा.प. तृतीय श्रेणीको पदमा बढुवा गर्ने गरी भएको निर्णय बदर गरी यी निवेदकहरूलाई बढुवा गर्नु भनी आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने प्रश्नमा विचार गर्नुपर्ने हुन आएको छ । माथिका प्रकरणहरूमा विवेचना गरिएअनुसार यी निवेदकहरूलाई कानूनप्रतिकूल बढुवा प्रक्रियामा सामेल नगरी अनुचित तबरबाट वञ्चित गरिएको देखिएको छ । तथापि निवेदकहरूको बढुवा अहिले भइसकेको र निजहरू रा.प. तृतीय श्रेणीको अधिकृत पदमा कार्यरत रहेको भन्ने देखिन आएको छ । बढुवा नियुक्ति पाइसकेका व्यक्तिका हकमा उही पदमा बढुवा गर्नुपर्ने अवस्था र प्रयोजन रहँदैन । निवेदकहरूको बढुवा हुने प्रयोजन पूरा भइसकेको हुँदा श्रीकृष्ण थापासमेतका विपक्षीहरूलाई बढुवा गर्ने गरी भएको काम कारवाही र निर्णयहरू बदर गरिरहन परेन। तसर्थ, निवेदन मागबमोजिम विवादित निर्णयहरू उत्प्रेषणको आदेशबाट बदर गर्नुको औचित्य देखिन आएन।

९. रिट निवेदकहरू विवादित विज्ञापन नं. २२२/०७०-०७१ बमोजिम बढुवा भएका श्रीकृष्ण थापासमेतका विपक्षीहरू भन्दा रा.प. अनंकित प्रथम श्रेणीको पदमा पछि नियुक्त भएका कनिष्ठ कर्मचारी हुन् भन्ने देखिएको छैन । निवेदकहरू नै वरिष्ठ हुन भन्ने तथ्य खुल्न आएको छ । शैक्षिक योग्यता, कार्य सम्पादन मूल्याङ्कन, तालिम, भौगोलिक क्षेत्रमा काम गरेको अनुभवलगायत बढुवाका लागि आवश्यक योग्यताका दृष्टिले यी निवेदकहरूलाई बढुवा गर्नु नपर्ने वा नहुने कुनै कारण थियो भन्ने पनि विपक्षीहरू तर्फबाट जिकिर गरिएको पाइएन। यी निवेदकहरूमध्ये बाबुराम सिग्द्याल र ओम कुमार भण्डारी मिति २०७२/३/२६ मा तथा भोजराज भुसाल मिति २०७३/१/१३ देखि जेष्ठता कायम हुने गरी नेपाल परराष्ट्र सेवा, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत पदमा बढुवा नियुक्ति तथा पदस्थापनासमेत भएको भन्ने निजहरूका सम्बन्धमा पेस भएका मिसिल संलग्न बढुवा नियुक्ति पत्रको प्रतिलितपबाट देखिएको छ । निवेदकहरू बढुवाका लागि योग्य भएर नै अर्को विज्ञापनअनुसार निजहरूलाई बढुवा गरिएको देखिन्छ। यस अवस्थामा पछि भएको विज्ञापनअनुसार निवेदकहरूको बढुवा भएको मिति कायम राख्दा निजहरूको वृत्ति विकासमा अनुचित असर पर्न जाने देखियो । पछिल्लो मितिमा बढुवा भयो भन्दैमा अनुचित र गैरकानूनी तवरबाट पहिले बढुवा हुनबाट वञ्चित गरिएको कुराको समुचित उपचार प्राप्त भएको सम्झन मिल्दैन। त्यसो गरिएमा निवेदकको वृत्ति विकासको वैद्य अपेक्षामा प्रतिकूल असर पर्न जाने अवस्था रहन्छ। समन्यायिक दृष्टिले हेर्दा पनि त्यस प्रकारको स्थिति कायम रहन दिनु उचित हुँदैन । निवेदक परशुराम दाहाल विपक्षी लोक सेवा आयोगसमेत (०६९-WO-१०४५) को निवेदनमा मिति २०७१/६/२९ मा भएको आदेश र निवेदन टेकनाथ हुमागाई विपक्षी लोक सेवा आयोगसमेत (०६९-WO-०९०१) को निवेदनमा मिति २०७३/१०/४ मा भएको

आदेशका सन्दर्भमा यस अदालतबाट भएको व्याख्या र प्रतिपादित सिद्धान्तसमेतका दृष्टिले पनि यी निवेदकहरूको जेष्ठता प्रयोजनका लागि बढुवा मिति न्यायोचितरूपमा निर्धारण गर्नु मनासिब देखियो।

१०. अतः यसमा निवेदकहरूलाई अनुचित र गैरकानूनी तवरबाट बढुवा प्रक्रियामा सामेल हुनबाट वञ्चित गरी विपक्षीहरू श्रीकृष्ण थापा, हरिप्रसाद अर्याल र थानप्रसाद शर्माको बढुवा कायम हुने गरी निर्धारण गरिएको मिति २०७१/३/१८ लाई नै जेष्ठता प्रयोजनका लागि यी रिट निवेदकहरू रा.प. तृतीय श्रेणीको अधिकृत पदमा नियुक्त भएको मिति कायम गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
इति संवत् २०७४ साल जेठ १६ गते रोज ३ शुभम्।

निर्णय नं. ९८६८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा.आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७४।०४।२७
०७२-CR-०८७९

मुद्दाः- मानव बेचबिखन तथा ओसारपसार

पुनरावेदक / वादी : परिवर्तित नाम अप्सराको जाहेरीले नेपाल सरकार

विरूद्ध

विपक्षी / प्रतिवादी : जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं.१३ शान्ति वि.क.

- **पीडितलाई न्यायको अनुभूत गराउन राज्यले पनि जिम्मेवारी लिनु पर्दछ भन्दै क्षतिपूर्तिमा सरकारको दायित्व अन्तर्राष्ट्रिय कानूनी मापदण्डलाई नेपालको संविधान तथा कानूनले केही हदसम्म आत्मसात् गरिसकेको अवस्थामा सोको कार्यान्वयनको लागि राज्य तथा राज्यका हरेक संरचना संवेदनशील र गम्भीर हुनुपर्ने।**
- **विद्यमान कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिँदाको परिवेशलाई कानून व्याख्या गर्दा हेरिनु पर्दछ। सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फतबाट के कस्ता उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुनुपर्ने।**
- **न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाई समेत फरक गरी हेर्न आवश्यक छ । जरिवाना पीडकबाट भराइने र सजायको**

सर्वोच्च अदालत

एउटा रूप हो । जरिवाना राज्यको कोषमा जान्छ। अभियुक्तले जरिवाना तिर्न नसकेको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति पीडितलाई न्यायको अनुभूति गराउने पुनर्स्थापना र परिपूरणको एउटा माध्यम हो । क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नुपर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो । क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हुने ।

(प्रकरण नं. ५)

पुनरावेदक वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता टिकेन्द्र दाहाल
विपक्षी प्रतिवादीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७

सुरू तहमा फैसला गर्ने:

माननीय न्यायाधीश श्री कविप्रसाद न्यौपाने

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्यायाधीश श्री प्रकाशचन्द्र गजुरेल
मा.न्यायाधीश श्री अव्दुल अजीज मुसलमान

फैसला

न्या. सपना प्रधान मल्ल : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पुनरावेदन अदालत, बुटवलको मिति २०७१/०७/१८ को फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट दोहोऱ्याई पाउँ भनी परेको निवेदनमा मिति २०७२।६।१४ मा निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार रहेको छः-

मिति २०६९।७।२ गते पुजा डाँगी घर्ती मगर र यमी डाँगीसमेतको मिलेमतोमा वैदेशिक रोजगारको लागी कुवेत पठाइदिन्छु भनी शान्ति वि.क.ले भारततर्फ लिई जाने क्रममा भैरहवा बसपार्क स्थित एवीसी नेपालको शाखा कार्यालय सूचना तथा परामर्श केन्द्रका कर्मचारीले सोधपुछ गर्दा प्रतिवादी शान्ति वि.क.ले मलाई छाडी भागेको हुँदा निज प्रतिवादीहरूले वैदेशिक रोजगारको बहाना बनाई भारतमा लगी बिक्री गर्न लिई आएको विश्वास लागेकोले निजहरूलाई कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको नाम परिवर्तित अप्सराको जाहेरी दरखास्त ।

आवश्यक कारवाहीको लागी मानिस पक्राउ गरी दाखिला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०६९।६।११ गते पुजा डाँगी घर्ती मगरले वैदेशिक रोजगारको लागि कुवेत पठाईदिन्छु भनी भनेकाले मिति २०६९।६।१२ गते पासपोर्ट बनाउन भनी निजसँगै पुष्पा भण्डारीसमेत भई काठमाडौं गई सो दिन महालक्ष्मी होटलमा राखी निज पैसा लिई आउँछु भनी तुलसीपुरतिर गएका हुन् । मिति २०६९।६।१४ गते पुजा डाँगी घर्ती मगर आई मसमेतलाई लिई पासपोर्ट बनाउन गएकोमा मिति २०६९।६।२१ गते पासपोर्ट बन्छ भनी भनेकाले पुनः हामी सोही होटलमा आई बसेका हौं र मिति २०६९।६।२८ गते म समेतले आ–आफ्नो पासपोर्ट लिई आएका हौं र यमी डाँगीले महिलाहरूलाई काठमाडौंबाट कुवेत पठाउन प्रतिबन्ध छ भारतको दिल्ली हुँदै जानुपर्छ भनी मसमेत भई निज यमी डाँगीसँग बुटवल आएको हुँ। बुटवल आई निज यमी डाँगीले मलाई शान्ति वि.क. को जिम्मा दिई निजले अन्यलाई लिई कहाँ गए थाहा भएन । मिति २०६९।६।२९ गते निज शान्ति वि.क. सँग भैरहवा हुँदै जाने क्रममा भैरहवा बसपार्क स्थित एवीसी नेपालको शाखा कार्यालय सूचना तथा परामर्श केन्द्रका कर्मचारीले सोधपुछ गर्दा प्रतिवादी शान्ति वि.क.ले मलाई छाडी भागेकोले निज प्रतिवादीहरूले मलाई वैदेशिक रोजगारको सिलसिलामा कुवेत पठाई दिन्छु भनी झुक्यानमा पारी भारतको दिल्लीमा लगी बेचबिखन गर्नको लागि लिई गएकोमा पूर्ण विश्वास

लाग्छ भन्नेसमेत व्यहोराको पीडित नाम परिवर्तित अप्सराले गरेको बयान कागज।

मिति २०६९।६।२० गते म आफ्नो माइती घरबाट पुजा डाँगी घर्ती मगरको घरमा बसी मिति २०६९।६।२८ गते बुटवलसम्म आउँदा निज पुजा डाँगी घर्ती मगरकी आमा यमी डाँगीले ९८१६२१४९३१ नं. बाट फोन गरी तिमी बुटवलमा नै बस्नु मैले केटीहरू लिई आएको छु सँगै जाउला भनी भनेकाले म सो दिन बुटवलमा नै बसेको हुँ। मिति २०६९।६।२९ गते निज यमी डाँगीले ४ जना केटीहरू लिई आई ३ जनालाई निजले नै लिई गई नाम परीवर्तित अप्सरालाई मैले लिई जाने क्रममा भैरहवा बसपार्कस्थित एवीसी नेपालको कर्मचारीहरूले हामी २ जनालाई रोकी सोधपुछ गर्दा म उक्त स्थानबाट भागी गएको हुँ। निज पुजा डाँगी घर्ती मगर, यामी डाँगीसमेतसँग मेरो साउदी जाने क्रममा चिनजान भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी शान्ति वि.क. ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मिति २०६९।६।२९ गते पछि नाम थाहा भएका नाम परिवर्तित अप्सरालाई प्रतिवादी शान्ति वि.क.ले यमी डाँगी, पुजा डाँगी घर्ती मगरसमेतको मिलेमतोमा वैदेशिक रोजगारको बहाना गराई लैजाँदै गर्दा भैरहवा बसपार्कस्थित एवीसी नेपालको कर्मचारीहरूले सोधपुछ गर्दा प्रतिवादी शान्ति वि.क. भागी गएका हुन्। पीडितलाई निज शान्ति वि.क.समेतले वैदेशिक रोजगारको बहाना बनाई भारततर्फ बिक्री वितरण गर्न लिई गएको हुनुपर्दछ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का।

मिति २०६९।६।२९ गते नाम परिवर्तित अप्सरालाई तत्काल नाम थाहा नभएका महिलाले संकित अवस्थामा लिई आएको देखी निज अप्सरालाई रोकी सोधपुछ गर्दा निजलाई लिई आएकी प्रतिवादी शान्ति वि.क. भागी गएकी हुन्। निज अप्सरालाई सोधपुछ गर्दा यमी डाँगी र पुजा डाँगी घर्ती मगरले वैदेशिक रोजगारको लागि पठाई दिन्छु भनी निज शान्ति वि.क.को जिम्मा लगाई पठाई दिएको भनी बताई दिएकी हुँदा निज अप्सरालाई भारतको दिल्लीमा लगी बिक्री गर्न प्रतिवादी शान्ति वि.क. समेतले लिई गएकोमा शंका लाग्छ भनी एविसी नेपाल शाखा भैरहवाकी सहजकर्ता गीता जोशीले गरेको घटना विवरण कागज।

प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ को दफा ३ को विपरीत दफा ४ (२) को (ख) बमोजिम कसुर अपराध गरेको हुँदा निजहरूलाई सोही ऐनको दफा १५ को उपदफा (२) को कसुर गरेकाले उक्त कसुरमा प्रतिवादी पुजा डाँगी मगर र यमी डाँगीलाई सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम र प्रतिवादी शान्ति वि.क.लाई ऐ.को दफा १५(१)(ज) बमोजिम सजाय गरी ऐ.को दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउँ साथै प्रतिवादी पुजा डाँगी घर्ती मगर र यमी डाँगी घर्ती मगरको नाममा म्याद जारी गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र।

नाम परिवर्तित अप्सरालाई चिनेको छैन, सहप्रतिवादीहरूलाई चिनेको छु, रिसइवी केही छैन, पहिला मैले सह-प्रतिवादी पुजा डाँगी र यमी डाँगीलाई चिनेको थिएँ, म विदेश जाने आउने गरेको थिएँ, म ४ महिना विदेश कुवेत बसी बिरामी भएर डेढ महिना पहिला नेपाल आएको थिएँ, पुनः मेरो साउदीमा भिसा आएपछि म भारतको बाटो साउदी जाने भनी तयारीसाथ हिँडेको छु, म यसरी बाहिर जाने कुरा पुजा डाँगीलाई थाहा थियो, बाहिर जाने क्रममा बुटवल देउराली होटलमा आई बसेकी थिएँ, पुजा डाँगीले म पनि जाँदैछु सँगै जाउँला भनेकीले फोन गरेर बसपार्क लिन आउँदा आमा यमी डाँगी र नचिनेका २ वटी केटी थिए, यमी डाँगीले तिमी र २ वटा केटी सँगै सुनौली पारी बसपार्क निर आउ त्यहीँ खाना खाएर जाउँला भन्नुभयो, २ वटी केटीसमेत बस चढी भैरहवा बसपार्कमा आउँदा एबिसी नेपालले मसमेत २ जनालाई समाए। मलाई जि.प्र.का.मा बुझाए, म वैदेशिक रोजगारीमा जान भनी हिँडेको छु, मेरो आरोपित कसुरमा कुनै संलग्नता र भूमिका छैन, मलाई किन जाहेरी दिए थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी शान्ति वि.क.ले सुरू

अदालतसमक्ष गरेको बयान।

मिति २०६९।६।२९ गते बिहान १० बजेको समयमा ड्युटीमा भैरहवा बसपार्कमा थिएँ सो समयमा शंकास्पद अवस्थामा दुईवटा केटीहरू देखेपछि सोधपुछ गर्दा परिवर्तित नाम अप्सरालाई भारतमा लगी बेचबिखन गर्ने उद्देश्यले शान्ति वि.क.ले लिएर आएको रहेछ, त्यसपछि पीडित अप्सरालाई हाम्रो संस्थामा राखी शान्ति वि.क.लाई सोधपुछ गर्दा हामी सुनौली बजार जाने हो भनेकी थिइन्, निजलाई सोही दिन प्रहरीसमक्ष बुझाएका हौं भन्नेसमेत व्यहोराको ए.वि.सी नेपालकी कर्मचारी गिता जोशीले सुरू अदालतसमक्ष आई गरेको बकपत्र।

मिसिल संलग्न किटानी जाहेरी, पीडितलाई शान्ति वि.क.समेतले वैदेशिक रोजगारीको बहाना बनाई भारततर्फ बिक्री वितरण गर्न लिई गएको हुनुपर्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का, घटना विवरण कागज, पीडितको प्रमाणित बयानसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी शान्ति वि.क.लाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्छ। पीडितलाई क्षतिपूर्ति भराई पाउँ भन्ने हदसम्मको वादी नेपाल सरकारको अभियोग दाबी रहेकोमा मूल योजनाकार प्रतिवादीहरूको वतनसमेत नखुलाई यी प्रतिवादीको सम्पत्तिसमेत नखुलाई मूल योजनाकारकै सन्दर्भमा निजहरूको हकमा तामेलीमा रहेको परिप्रेक्ष्यसमेतबाट वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन। फरार प्रतिवादीहरू पुजा डाँगी र यमी डाँगीको हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९ क ४ अनुसार तामेलीमा राखिदिने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।५।२४ मा भएको फैसला।

पीडित भनिएकी अप्सराले दिएको जाहेरीमा कुनै सत्यता छैन। मैले निजलाई बिक्री गर्ने उद्देश्यले लिई हिँडेको होइन। पुजा डाँगीसमेतले भैरहवा बसपार्कसम्म पुऱ्याई दिनु भनेकाले त्यहाँसम्म आफू जाँदा सँगै लगी दिएको हो। जाहेरवालीले के कुराको सल्लाह गरी पुजा र यमीका साथमा आएकी हुन्। निजले नै जान्ने कुरा हो। स्पष्टरूपमा सल्लाह षड्यन्त्रमा म सामेल भएको पुष्टि हुने अवस्था नहुँदा र मेरो व्यक्तिगत स्वार्थसमेत प्रमाणित हुने अवस्था नरहेको स्थितिमा केवल सँगै गएको कारणले मात्र म दोषी प्रमाणित हुने होइन। बनावटी जाहेरी र प्रमाणित बयान मेरो विरूद्ध प्रमाण लाग्ने होइन। म पुनरावेदिका पटक पटक विदेश गएकी हुँदा मेरो साथमा पासपोर्टसमेतका कागज नहुने कुरै हुँदैन। अधिकारप्राप्त अधिकारीको बयान प्रमाणमा लिने र सो बयानमा पटक पटक विदेश गएको कुरा लेखिएकोमा त्यस्तो व्यक्तिसँग पासपोर्ट हुन्छ भन्ने अनुमान गर्न नसकेको, वस्तुस्थितिका कुनै पनि व्यक्तिले अदालतमा बकपत्र नगरेको हुँदा प्रमाण ऐन, २०३१ ले त्यस्ता कुरा प्रमाणमा लिन मिल्दैन। मौकामा कागज गर्ने ए.वि.सी. नेपालकी गिता जोशीले बकपत्र गर्दा घटना मिति २०६९।६।२ मा भएको र मलाई सोही दिन प्रहरी कार्यालयमा बुझाएको भनी उल्लेख गरेकी छन्। मौकाको कागजमा घटना २०६९।६।२९ मा भएको भन्ने र अदालतमा २०६९।६।२ मा घटना भएको भन्ने व्यहोरा उल्लेख गरी परस्पर बाझिएको कागज र बकपत्रलाई आधारमानी भएको फैसला गम्भीर त्रुटिपूर्ण हुँदा रूपन्देही जिल्ला अदालतको उक्त फैसला बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी शान्ति वि.क.को पुनरावेदन पत्र।

प्रतिवादी शान्ति वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत गरेको बयानबाट पीडितलाई सहप्रतिवादीहरूको मिलोमतोमा बुटवलबाट भैरहवा बसपार्कसम्म ल्याई सोधपुछको क्रममा भागेको देखिँदा वारदातमा निजको संलग्नता रहेको पुष्टि हुन्छ। फरार सहप्रतिवादीहरूको भनाईमा लागेर आफूले नचिनेका पीडितलाई भैरहवासम्म लैजानु पर्ने कुनै कारण रहेको भन्न नसक्ने प्रतिवादीउपरको आरोपित कसुर ठहर भई सजायसमेत भइसकेको यस्तो स्थितिमा क्षतिपूर्ति भराउने तर्फको दाबी नपुग्ने गरी

सुरू अदालतबाट भएको फैसला कानूनसङ्गत छैन। फैसलामा मूल प्रतवादीहरूको वतन र यी प्रतिवादीको सम्पत्ति नखुलेको कारण देखाई क्षतिपूर्तितर्फको दाबी पुग्दैन भनिएको छ। क्षतिपूर्तिको अन्य प्रतिवादीहरूको वतन वा सम्पत्तिसँग कुनै सम्बन्ध हुँदैन। क्षतिपूर्तिको रकम ऐनमा व्यवस्था भएबमोजिम अदालतले कसुरदारलाई भएको जरिवानाको ५०% मा नघट्ने गरी कसुरदारबाट पीडितलाई भराई दिनुपर्ने हुन्छ। सुरूले यी प्रतिवादीलाई कसुरदार ठहऱ्याई दाबीबमोजिम सजाय गरी सकेपछि ऐनमा भएको व्यवस्थाअनुसार भएको जरिवानाको ५०% मा नघट्ने गरी क्षतिपूर्ति निर्धारण गरी भराई दिनुपर्नेमा सो नगरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकाले बदर गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र।

सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७०।५।२४ को फैसला उपर प्रतिवादी शान्ति वि.क.को तर्फबाट ०७०-CS-०३७५ नं. को पुनरावेदनपत्र र वादी नेपाल सरकारका तर्फबाट ०७०-CS-०३७५ नं. को पुनरावेदनपत्र दर्ता भई दोहोरो पुनरावेदन परेको देखिँदा नेपाल सरकारबाट परेको पुनरावेदन प्रतिवादीलाई सुनाई र प्रतिवादीबाट परेको पुनरावेदनको जानकारी वादी नेपाल सरकारलाई दिई अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०७१।५।२९ को आदेश।

प्रतिवादी शान्ति वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।– (पच्चीस हजार) जरिवाना हुने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार र प्रतिवादी शान्ति वि.क.को पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०७१।७।१८ को फैसला।

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) मा अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको रकम भराई दिनुपर्ने कानूनी व्यवस्था रहेकोमा सुरू अदालतले यी प्रतिवादीलाई कसुरदार कायम गरी सकेपछि क्षतिपूर्ति दिलाउनु पर्ने भन्ने कानूनी व्यवस्था रहेको र मुख्य कसुरदारबाट मात्र क्षतिपूर्ति भराउने व्यवस्था नभएको तथा कसुरदारलाई वर्गीकरणसमेत नगरेको अवस्थामा प्रतिवादी शान्ति वि.क.को आर्थिक स्थिति खुलाई दाबी गर्न नसकेको आधारमा क्षतिपूर्ति नभराउने गरी पुनरावेदन अदालत बुटवलबाट फैसलाको भएको छ। ऐनको दफा १७ मा अभियोग दाबी लिँदा प्रतिवादीको आर्थिक स्थितिसमेत खुलाउनु पर्ने स्पष्ट व्यवस्था नभएको र उक्त कानूनमा पीडितका लागि प्रदान गरिने क्षतिपूर्ति रकम कसुरदार भएको जरिवाना रकमबाट भराउने स्पष्ट व्यवस्था भएको हुँदा कैद जरिवाना गर्ने तर जरिवानाको रकमबाट क्षतिपूर्ति प्रदान नगर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।७।१८ को फैसला त्रुटिपूर्ण हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोऱ्याई हेरी सो हदसम्म बदर गरी पीडितलाई अभियोग माग दाबीबमोजिम क्षतिपूर्ति भराइ पाउँ भन्ने वादी नेपाल सरकारको निवेदन पत्र।

यसमा प्रतिवादीलाई दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर भएकोमा सोही ऐनको दफा १७ बमोजिम समेत भराई दिनुपर्नेमा सो नगरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।७।१८ को फैसलामा उक्त ऐनको दफा १५(१)(ङ)२, ऐ. १७ नं. तथा प्रमाण ऐन, २०३१ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरी दिएको छ। नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।६।१४ को आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी

सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री टिकेन्द्र दाहालले प्रतिवादीहरू पुजा डाँगी घर्ती मगर र यमी डाँगीको हकमा मुद्दा तामेलीमा रहेको र प्रतिवादी शान्ति वि.क.लाई कसुर ठहर गरेपछि ठहरेको जरिवानाको कम्तिमा पनि आधा क्षतिपूर्ति पीडितलाई भराउनु पर्ने कानूनी व्यवस्थाविपरीत भएको त्रुटिपूर्ण हुँदा उल्टी गरी क्षतिपूर्ति भराउने गरी फैसला हुनु पर्दछ भनी गर्नुभएको बहससमेत सनियो।

प्रस्तुत मुद्दामा सुरू, रेकर्ड र पुनरावेदनसहितको सक्कल मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ३ को विपरीत दफा ४ (२) को (ख) बमोजिम कसुर अपराध गरेको हुँदा निजहरूलाई सोही ऐनको दफा १५ को उपदफा (२) को कसुर गरेकाले उक्त कसुरमा प्रतिवादी पुजा डाँगी मगर र यमी डाँगीलाई सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम र प्रतिवादी शान्ति वि.क.लाई ऐ.को दफा १५(१)(ज) बमोजिम सजाय गरी ऐ.को दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भन्ने अभियोग माग दाबी रहेकोमा प्रतिवादी शान्ति वि.क.लाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।– (पच्चीस हजार) जरिवाना हुने पीडितलाई क्षतिपूर्ति भराई पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन। फरार प्रतिवादीहरू पुजा डाँगी र यमी डाँगीको हकमा जिल्ला अदालत नियमावली २०५२ को नियम १९क (४) अनुसार तामेलीमा राखिदिने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।५।२४ मा फैसला भएकोमा सो फैसलाउपर प्रतिवादी शान्ति वि.क. र वादी नेपाल सरकारको पुनरावेदन परेकोमा प्रतिवादी शान्ति वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।– (पच्चीस हजार) जरिवाना हुने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार र प्रतिवादी शान्ति वि.क.को पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।७।१८ मा फैसला भएको र सो फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन परी यस अदालतबाट मिति २०७२।६।१४ मा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भई प्रस्तुत मुद्दा पेस हुन आएको देखियो।

उल्लिखित बहस जिकिर र तथ्य भएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।७।१८ मा भएको फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. सो सन्दर्भमा हेर्दा, नेपालको संविधानको धारा २१(२) ले "अपराध पीडितले कानूनबमोजिम सामाजिक पुनःर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ ।" भन्ने मौलिक हकको व्यवस्था गरेको छ।

३. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा क्षतिपूर्ति सम्बन्धमा निम्न व्यवस्था रहेको छः

> "दफा १७(१) अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ।"
>
> "दफा १७(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसुरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ।"

४. नेपालको संविधानले नै पीडितमुखी न्याय प्रणालीको परिकल्पना गरेको देखिन्छ । न्याय गरेर मात्र हुँदैन, गरेको जस्तो पनि देखिनु पर्छ भन्ने न्यायको सिद्धान्त र मर्मलाई पनि न्यायकर्ताले हेक्का राख्नु पर्ने हुन्छ । पीडकलाई सजाय दिएर मात्र न्यायको सुनिश्चितता हुन सक्दैन भनी दण्डनात्मक न्याय प्रणाली (Retributive justice system) सँगै अब पुनःस्थापकीय न्याय प्रणाली (Restorative justice system) तिर हाम्रो न्याय प्रणाली उन्मुख भइरहेको छ । सोही अनुसार हाल मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी ऐन, २०६४ तथा मुलुकी ऐन, जबर्जस्ती करणीको महलमा संशोधनहरू भएर गरिएको छ । यसले गर्दा, अब न्यायको सुनिश्चितताको निम्ति पीडितलाई प्रमाणको साक्षीको रूपमा मात्र हेर्ने पद्वतिलाई परित्याग गर्नु आवश्यक छ । मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी ऐन, २०६४ को दफा १७ ले कसुरदारबाट क्षतिपूर्ति भराउने व्यवस्था गरेको छ भने अनुसन्धान गर्ने निकायले अदालतलाई "मनासिब माफिकको क्षतिपूर्ति" भराउनको लागि आवश्यक सूचनाहरू उपलब्ध गराउनु पर्छ । जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी क्षतिपूर्ति भराउने भन्नुको अर्थ जरिवानाबाटै क्षतिपूर्ति भराउने भन्ने होइन । यो जरिवानाको अतिरिक्त भराइनु पर्ने कुरा हो । जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी भनेर विधायिकाले न्यूनतम रकमको सीमा औंल्याउन खोजेको हो । पीडितलाई न्यायको अनुभूत गराउन राज्यले पनि जिम्मेवारी लिनु पर्दछ भन्दै क्षतिपूर्तिमा सरकारको दायित्व अन्तर्राष्ट्रिय कानूनी मापदण्डलाई नेपालको संविधान तथा कानूनले केही हदसम्म आत्मसात् गरिसकेको अवस्थामा सोको कार्यान्वयनको लागि राज्य तथा राज्यका हरेक संरचना संवेदनशील र गम्भीर हुनुपर्छ । विद्यमान कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिँदाको परिवेशलाई कानून व्याख्या गर्दा हेरिनु पर्दछ । सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फतबाट के कस्ता उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुनुपर्दछ ।

५. न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाई समेत फरक गरी हेर्न आवश्यक छ । जरिवाना पीडकबाट भराइने र सजायको एउटा रूप हो । जरिवाना राज्यको कोषमा जान्छ । अभियुक्तले जरिवाना तिर्न नसकेको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति चाहीँ पीडितलाई न्यायको अनुभूति गराउने पुनर्स्थापना र परिपूरणको एउटा माध्यम हो । क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नु पर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो । क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हो ।

६. माथि उल्लिखित कानूनी व्यवस्थाको सम्बन्धमा प्रस्तुत मुद्दामा हेर्दा, प्रतिवादी शान्ति वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्‍याई सुरू र पुनरावेदन अदालतबाट फैसला गरिएको छ । तर अभियोग दाबीबमोजिमको प्रतिवादी शान्ति वि.क.बाट निजलाई गरिएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराउने गरी फैसला गर्नुपर्नेमा सो गरिएको पाइएन । यदि कसुरदारको आर्थिक हैसियत कमजोर भएको कारणबाट भराउन नसक्ने अवस्था भएमा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ बमोजिम स्थापना भएको राज्यको कोषबाट ऐ. ऐनको दफा १७(१क) बमोजिम क्षतिपूर्ति भराउने गरी फैसला गर्न सक्ने कानूनी व्यवस्था हुँदाहुँदै सोतर्फ विचार नगरी प्रतिवादी शान्ति वि.क.को आर्थिक स्थिति खुलाई दाबी गर्न नसकेको भन्ने आधारमा क्षतिपूर्ति नभराउने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला कानून र न्याय सङ्गत देखिएन ।

७. अतः माथि विवेचित आधार, प्रमाणसमेतबाट प्रतिवादी शान्ति वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्‍याई

सकेपछि ऐ. ऐनको दफा १७(१) र १७(१क) बमोजिम निज प्रतिवादीलाई ठहरेको जरिवानाको पचास प्रतिशतमा नघटाई पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने गरी फैसला गर्नुपर्नेमा क्षतिपूर्तितर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१/०७/१८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) बमोजिम प्रतिवादी शान्ति वि.क.बाट पीडितले क्षतिपूर्तिबापत रू.१५,०००।– भराई लिन पाउने र त्यसरी भराउनु पर्ने क्षतिपूर्तिको रकम कसुरदारको आर्थिक हैसियत कमजोर भएको कारणबाट भराउन नसक्ने अवस्था भएमा ऐ. ऐनको दफा १७(१क) बमोजिम पुनर्स्थापना कोषबाट पीडित दिने ठहर्छ।

८. अनुसन्धान र अभियोजनको दौरानमा क्षतिपूर्तिको सुनिश्चितता गर्ने सन्दर्भमा खुलाउनु पर्ने कुराबारे स्पष्ट कानूनी व्यवस्था भएको नदेखिएकाले त्यस सम्बन्धमा आवश्यक कानून बनाउनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ । संसद्बाट कानून नबनाएसम्म निम्न निर्देशिकालाई आधार मानी मुद्दाको अनुसन्धान तथा अभियोजन गर्नसमेत आदेश जारी गरिदिएको छ । सोको जानकारी सबै मुद्दा अनुसन्धान गर्ने प्रहरी कार्यालयहरू, सरकारी वकिल कार्यालयहरूलाई गराउन भनी महान्यायाधिवक्ताको कार्यालयलाई र सबै अदालतहरूलाई जानकारी गराउनु भनी यस अदालतका रजिष्ट्रारलाई फैसलाको प्रतिलिपिसहित जानकारी गराउनु। अरू तपसिलबमोजिम गर्नू।

अनुसन्धान र अभियोजनको प्रक्रियामा नै पीडितलाई सामाजिक, मानसिक र शारीरिक रूपमा परेको हिंसा वा क्षतिको उल्लेख गर्नुका साथै पुनर्स्थापनाका आवश्यकताबारे समेत उल्लेख गरिनु पर्ने।

अनुसन्धान र अभियोजनको क्रममा नै पीडक वा अभियुक्तको आर्थिक हैसियत खुल्ने विवरणहरू खुलाई अभियोगपत्रमा स्पष्ट गरिनु पर्ने।

कसुरदारको आर्थिक हैसियत कमजोर रही क्षतिपूर्ति भराउन नसक्ने अवस्थामा के कति क्षतिपूर्ति कसुरदारबाट र के कति क्षतिपूर्ति दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट भराउने हो ? फैसलामा उल्लेख गर्नुपर्ने।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम क्षतिपूर्तितर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७१/०७/१८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) बमोजिम प्रतिवादी शान्ति वि.क.बाट पीडितले क्षतिपूर्ति बापत रू.१५,०००।–भराई लिन पाउने र त्यसरी भराउनु पर्ने क्षतिपूर्तिको रकम कसुरदारको आर्थिक हैसियत कमजोर भएको कारणबाट भराउन नसक्ने अवस्था देखिन आएमा ऐ. ऐनको दफा १७(१क) बमोजिम पुनर्स्थापना कोषबाट पीडितलाई भराई दिनू १

प्रस्तुत फैसला अन्तिम भएकाले पीडितलाई यो फैसलाको जानकारी दिई पीडितले प्रतिवादी शान्ति वि.क.बाट भराई लिन पाउने ठहरेको उक्त क्षतिपूर्ति रकम निज प्रतिवादीबाट भराई दिन सकिने भए निजबाट भराई दिनु र निजबाट भराउन नसक्ने भए पुनर्स्थापना कोषबाट भराई दिन भनी महिला तथा बालबालिका कार्यालय, रूपन्देहीमा लेखी पठाउनु भनी सुरू अदालतमा लेखी पठाउनू २

प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू ३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ४

उक्त रायमा सहमत छु।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत : शिवलाल पाण्डेय
इति संवत् २०७४ साल श्रावण २७ गते रोज ६ शुभम्।